# न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता वा भ्रष्टाचार एवम् बिचौलियाबाट हुनसक्ने क्रियाकलापहरू र त्यसको रोकथामको लागि चाल्नुपर्ने उपायहरूको सम्बन्धमा पेस गरेको प्रतिवेदन

२०७८

सर्वोच्च अदालत

काठमाडौं, नेपाल

**सम्माननीय प्रधान न्यायाधीशज्यू,**
**सर्वोच्च अदालत, काठमाडौं।** **मितिः २०७८।०४।१४**

**विषयः प्रतिवेदन पेस गरिएको सम्बन्धमा।**

सम्माननीयज्यूको मिति २०७७।४।३० को निर्णयानुसार न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता वा भ्रष्टाचार एवम् बिचौलियाबाट हुनसक्ने क्रियाकलापहरू रोकथामका लागि कानूनी, संरचनागत लगायतका उपायहरू सहितको प्रतिवेदन र सुझावहरूको कार्यान्वयनका लागि जिम्मेवारी सहितको कार्ययोजना प्रस्ताव गर्न समिति गठन भएको थियो। समितिलाई सुम्पिएको कार्यदिशबमोजिम यस सम्बन्धमा भएका पूर्व प्रतिवेदनहरूको अध्ययन र न्यायक्षेत्रका सरोकारवालाहरूसँग अन्तरक्रिया एवम् छलफल सम्पन्न गरी प्राप्त राय सुझाव एवम् विभिन्न स्रोत सामग्रीबाट प्राप्त तथ्याङ्क एवम् विवरणहरू संकलन गरी तिनीहरूको विश्लेषण समेतका आधारमा न्यायपालिकामा भइरहेका र हुनसक्ने विकृति, विसङ्गति, अनियमितता वा भ्रष्टाचार एवम् बिचौलियाबाट हुनसक्ने क्रियाकलापहरू रोकथामका लागि चाल्नुपर्ने उपायहरू सहितको सुझाव र ती सुझावहरूको कार्यान्वयनका लागि कार्ययोजनासमेत तयार गरी प्रतिवेदन पेस गरेका छौं।

| | |
|---|---|
| ........................<br>प्रकाशमान सिंह राउत<br>सदस्य | ........................<br>हरिकृष्ण कार्की<br>संयोजक |
| ........................<br>पदमप्रसाद पाण्डेय<br>सदस्य | ........................<br>चण्डेश्वर श्रेष्ठ<br>सदस्य |
| ........................<br>निर्मला पौडेल भट्टराई<br>सदस्य | ........................<br>पूर्णमान शाक्य<br>सदस्य |
| ........................<br>नारायणप्रसाद रेग्मी<br>सदस्य सचिव | ........................<br>लिलामणि पौडेल<br>सदस्य |
| | ........................<br>ऋषिराम घिमिरे<br>सदस्य |

**आमन्त्रित**

| | |
|---|---|
| ........................<br>लालबहादुर कुँवर<br>(हाल मुख्य रजिस्ट्रार) | ........................<br>खगेन्द्रप्रसाद अधिकारी<br>(निवर्तमान अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन) |
| ........................<br>नारायणप्रसाद पौडेल<br>(हाल न्यायाधीश - उच्च अदालत) | ........................<br>शुभनराज आचार्य<br>(निवर्तमान सचिव, सर्वोच्च अदालत बार एसोसिएसन) |

## भूमिका

स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका न्यायको प्रत्याभूतिका लागि अपरिहार्य मानिन्छ। छिटो, छरितो, सर्वसुलभ, पारदर्शी एवम् प्रभावकारी न्याय सम्पादन गर्नु न्यायपालिकाको मुख्य उद्देश्य हो। न्यायपालिकालाई लोकतन्त्रको आधार स्तम्भको रुपमा लिइन्छ। न्यायपालिकाले स्थापित न्यायिक मूल्य मान्यतालाई आत्मसात् गर्दै समयसापेक्ष न्याय प्रदान गर्न सकेमा मात्र न्यायपालिकाप्रतिको जनआस्था र गरिमा अभिवृद्धि हुन सक्दछ। समय, विकासको गति तथा आन्तरिक र बाह्य वातावरणीय प्रभावले न्याय सम्पादन कार्यमा विभिन्न किसिमका समस्या एवम् चुनौतीको सामना गरिरहेको हुन्छ। यसरी सामना गर्नुपर्ने समस्या र चुनौतीहरूको पहिचान गरी समाधानका उपयुक्त उपायहरू अवलम्बन गर्दै उद्देश्य प्राप्तिका लागि क्रियाशील रहनुपर्ने हुन्छ। न्यायपालिका सामु देखिएका विभिन्न किसिमका विकृति, विसङ्गति एवम् समस्याहरूको समाधान गरी सुदृढ र सक्षम न्यायपालिका विकासका लागि विगत लामो समयदेखि विभिन्न प्रयासहरू हुँदै आएका छन्। न्यायपालिकामा विभिन्न किसिमका विकृति, विसङ्गति, अनियमितता रहेका र बिचौलियाबाट न्याय सम्पादन र न्याय प्रशासनमा प्रभाव परिरहेको भन्ने कुरा पूर्व प्रतिवेदनहरू र विभिन्न स्रोतबाट देखिएको सन्दर्भमा त्यस्ता क्रियाकलापहरूको नियन्त्रण गरी न्यायिक सुशासन प्रवर्द्धन गर्नुपर्दछ भन्ने तथ्यलाई आत्मसात् गरी यस सम्बन्धमा भएका पूर्व प्रतिवेदनका सुझावहरू समेतको अध्ययन गरी न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता वा भ्रष्टाचार एवम् बिचौलियाबाट हुन सक्ने क्रियाकलापहरू रोक्नका लागि कानूनी, संरचनागत लगायतका प्रभावकारी उपायहरू सहितको प्रतिवेदन पेस गर्न र प्रतिवदेनका सुझावहरू कार्यान्वयनका लागि कार्ययोजना समेत प्रस्ताव गर्न मेरो संयोजकत्वमा समिति गठन भएको थियो।

न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता वा भ्रष्टाचार एवम् बिचौलियाहरूबाट हुनसक्ने क्रियाकलापहरूको पहिचानका लागि समितिले यस सम्बन्धमा भएका पूर्व अध्ययन प्रतिवेदनहरूमा उल्लेख गरिएका समस्या र सुझाव तथा सरोकारवालाहरूसँगको छलफल / अन्तरक्रियाबाट प्राप्त सुझाव तथा अन्य विभिन्न स्रोतबाट सूचना संकलन गरी तिनीहरूको विश्लेषण गरिएको छ। पूर्व अध्ययन प्रतिवेदनहरूमा औंल्याइएका समस्या तथा प्रस्ताव गरिएका सुझाव, सरोकारवालाहरूबाट प्राप्त पृष्ठपोषण एवम् अन्य स्रोतबाट प्राप्त सूचनाहरू समितिको अध्ययनका लागि महत्त्वपूर्ण स्रोत भएका छन्। प्रस्तुत प्रतिवेदनमा न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति क्रियाकलापका सम्बन्धमा कुन निकायसँग कस्तो विषयले सान्निध्यता राख्दछ? कुन निकायको के कस्तो भूमिका रहन्छ? नीतिगत एवम् कानूनी, संरचनागत, कार्यगत तथा वातावरणजन्य समस्याहरू कस्ता छन्? ती समस्याहरूको समाधानका लागि कुन निकाय र पदाधिकारीले के कस्ता उपायहरू

अवलम्बन गर्नुपर्दछ भन्ने सम्बन्धमा सुझावहरू र तिनको कार्यान्वयनका लागि योजनासमेत प्रस्तुत गरिएको छ। यी सुझावहरू कार्यान्वयन हुन्छन् भन्नेमा समिति विश्वस्त छ।

न्यायिक सुधारका लागि समिति गठन गरी अध्ययनको जिम्मेवारी प्रदान गर्नुभएकोमा सम्माननीय प्रधान न्यायाधीशज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

समितिलाई प्राप्त कार्यादेश अनुरूपको कार्य सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने समितिका आमन्त्रित सदस्य मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, माननीय न्यायाधीश श्री नारायणप्रसाद पौडेल, वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी एवम् अधिवक्ता श्री शुभनराज आचार्यले पुऱ्याउनु भएको योगदानका लागि समिति आभार प्रकट गर्दछ। महत्त्वपूर्ण सुझाव प्रस्तुत गर्नुहुने सर्वोच्च अदालतका माननीय न्यायाधीशहरू लगायत छलफल एवम् अन्तरक्रिया कार्यक्रममा सहभागी भई अमूल्य रायसुझाव दिनुहुने सबैमा यो समिति आभार प्रकट गर्दछ।

प्रतिवेदन लेखन कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउनु भएकोमा सर्वोच्च अदालतका सहरजिस्ट्रार श्री विमल पौडेल र श्री भद्रकाली पोखरेललाई विशेष धन्यवाद व्यक्त गर्दछु। रायसुझाव एवम् अन्तरक्रिया कार्यक्रममा प्रतिवेदकको भूमिकाका लागि सर्वोच्च अदालतका सहरजिस्ट्रार श्री नेत्रप्रकाश आचार्य, न्याय परिषद्का सहसचिव श्री भीमकुमार श्रेष्ठ, उपरजिस्ट्रार श्री तारादत्त बडु, उपरजिस्ट्रार श्री ऋतबहादुर पुलामी मगर, श्री मानबहादुर विष्ट, श्री हेमराज शर्मा, शाखा अधिकृतहरू दीपिका थापा मगर र श्री रोशन कुमार झालाई समेत धन्यवाद व्यक्त गर्दछु। प्रतिवेदन टाइप तथा सेटिङ गर्ने कार्यमा संलग्न कम्प्युटर अपरेटरहरू श्री सन्तोष अवाल, श्री मिनु शाही र श्री अञ्जयकुमार पोखरेल एवम् सहयोग पुऱ्याउनुहुने अन्य सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

श्रावण, २०७८

हरिकृष्ण कार्की
संयोजक

# विषय सूची


**कार्यकारी सारांश** ........ १
**परिच्छेद - एक** ........ ६
प्रारम्भिक ........ ६
१.१ पृष्ठभूमि ........ ६
१.२ अध्ययन समितिको गठन र कार्यदिश ........ ९
१.३ अध्ययनको सीमा ........ ११
१.४ अध्ययनको उद्देश्य ........ १२
१.५ अध्ययनको विधि र प्रक्रिया ........ १३
१.६ अध्ययन प्रतिवेदनको संरचना ........ १६
**परिच्छेद - दुई** ........ १८
पूर्व अध्ययन प्रतिवेदनहरूको समीक्षा ........ १८
२.१ न्यायपालिकाको विकृति, विसङ्गतिसम्बन्धी पूर्व अध्ययन प्रतिवेदनहरूको सङ्क्षिप्त विश्लेषण १८
२.१.१ सर्वोच्च अदालत बार एसोसिएसनको अध्ययन प्रतिवेदन, २०६४ ........ १८
२.१.२ विकृतिविहीन न्यायपालिकाको विकास अध्ययन प्रतिवेदन, २०६६ ........ २५
२.१.३ सर्वोच्च अदालतद्वारा गठित न्यायपालिकामा हुने विकृति विसङ्गति अध्ययन समितिको अध्ययन प्रतिवेदन, २०७२ ........ ३६
२.२ पूर्व प्रतिवेदनहरूका सुझावहरूको कार्यान्वयन अवस्था ........ ४८
२.३ पूर्व अध्ययन प्रतिवेदनहरूको कार्यान्वयनको सन्दर्भमा देखिएका समस्या, चुनौती र प्रमुख सवालहरू: ........ ५२
२.४ पूर्व प्रतिवेदनका सुझावहरूको सान्दर्भिकता र निरन्तरताको औचित्य ........ ५६
**परिच्छेद - तीन** ........ ५९
सरोकारवालाहरूबाट प्राप्त सुझाव तथा अन्य जानकारी एवम् सूचनाहरूको विश्लेषण ........ ५९
**परिच्छेद - चार** ........ ८०
न्यायिक सदाचार र न्यायिक सुशासन ........ ८०
४.१ न्यायिक सुशासन र सदाचारका आधारभूत पक्षहरू ........ ८०
४.१.१ स्वतन्त्र न्यायपालिका ........ ८१
४.१.२ शक्तिपृथकीकरणको सिद्धान्त ........ ८२
४.१.३ कानूनी शासनको अवधारणा ........ ८४
४.१.४ सुशासनको अवधारणा ........ ८५

४.१.५ सूचनाको हकसम्बन्धी अवधारणा ........ ८६
४.१.६ न्यायिक सुशासन ........ ८७
४.१.७ न्यायिक सदाचार र इमान्दारिता ........ ८८
४.१.८ सदाचार उल्लङ्घन ........ ९०
४.१.९ सदाचार विघ्नकर्ता ........ ९१
४.१.१० विकृति र विसङ्गति ........ ९२
४.१.११ अनियमितता र भ्रष्टाचार ........ ९३
४.१.१२ बिचौलिया र विचलनजन्य कार्यहरू ........ ९६
४.२ आन्तरिक वातावरणको विश्लेषण ........ ९८
४.२.१ न्याय प्रशासन र न्याय सम्पादन ........ ९९
४.२.२ कानून र कार्यविधि ........ १०४
४.२.३ आन्तरिक कार्यप्रणाली ........ १०५
४.२.४ सेवाप्रवाह र सेवाग्राहीसँगको व्यवहार ........ १०६
४.२.५ अनुगमन र नियन्त्रण प्रणाली ........ १०७
४.३ बाह्य वातावरण विश्लेषण ........ १०९
४.३.१ न्यायपालिकाको सरोकारवाला र तिनको कार्य संस्कृति ........ १०९
४.३.२ न्यायपालिकाप्रतिको सोंच दृष्टिकोण र स्थानीय परिवेश ........ ११२
४.३.३ न्यायपालिकाप्रतिको आस्था र विश्वास ........ ११४
**परिच्छेद - पाँच** ........ ११६
न्यायपालिकामा विकृति, विसङ्गति, अनियमितता तथा भ्रष्टाचार एवम् बिचौलियाको अवस्था विश्लेषण ........ ११६
५.१ विकृति, विसङ्गति, अनियमितता तथा भ्रष्टाचार एवम् विचलनका क्षेत्रहरू ........ ११६
५.१.१ न्यायाधीश नियुक्तिः ........ १२०
५.१.२ न्यायाधीशहरूको सरुवा तथा काजः ........ १२१
५.१.३ न्यायाधीशहरूउपरको कारबाहीमा असमानताः ........ १२१
५.१.४ भ्रष्टाचार र बिचौलियाको भूमिकाः ........ १२२
५.१.५ न्यायिक काम कारबाहीमा हुने ढिलाइः ........ १२३
५.१.६ न्यायिक प्रक्रियामा हुने अनियमितताः ........ १२४
५.१.७ सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजनमा हुने कमजोरीः ........ १२५
५.१.८ न्याय सम्पादन प्रक्रियामा देखिएका समस्याहरूः ........ १२६
५.१.९ फैसला कार्यान्वयनसम्बन्धी समस्याहरूः ........ १२९

५.१.१० कानून व्यवसायीको सम्बन्धमाः ......................................................... १३०
५.१.११ कर्मचारी व्यवस्थापन सम्बन्धमाः ......................................................... १३१
५.२ न्यायपालिकामा विकृति, विसङ्गति, अनियमितता तथा भ्रष्टाचार एवम् विचलनको अवस्था र कारणहरूः ......................................................... १३२
५.३ न्यायपालिकामा विकृति, विसङ्गति, अनियमितता तथा भ्रष्टाचार एवम् विचलनको रोकथाम र नियन्त्रणका लागि विद्यमान समस्या र चुनौतीहरू ......................................................... १३३
५.३.१ नीतिगत र कानूनी समस्याः ......................................................... १३३
५.३.२ संचरनागत समस्याः ......................................................... १३५
५.३.३ कार्यगत समस्याः ......................................................... १३६
५.३.४ वातावरणीय समस्याः ......................................................... १३७
५.३.५ न्यायपालिकामा विकृति, विसङ्गति, अनियमितता तथा भ्रष्टाचार एवम् विचलनको रोकथाम र नियन्त्रणसम्बन्धी प्रमुख सवालहरूः ......................................................... १३९
**परिच्छेद - छ** ......................................................... १४२
न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता, भ्रष्टाचार एवम् बिचौलियाको रोकथाम तथा नियन्त्रणका उपायसम्बन्धी सुझावहरू ......................................................... १४२
६.१ सर्वोच्च अदालतः ......................................................... १४२
६.१.१ नीतिगत र कानूनी सुधार ......................................................... १४२
६.१.२ संरचनागत सुधार ......................................................... १४८
६.१.३ कार्यगत सुधार ......................................................... १४८
६.१.४ वातावरणीय सुधार ......................................................... १५४
६.२ न्याय परिषद् ......................................................... १५६
६.२.१ नीतिगत र कानूनी सुधार ......................................................... १५६
६.२.२ संरचनागत सुधार ......................................................... १५७
६.२.३ कार्यगत सुधार ......................................................... १५८
६.३ न्याय सेवा आयोग ......................................................... १५९
६.४ महान्यायाधिवक्ताको कार्यालय ......................................................... १६०
६.४.१ नीतिगत र कानूनी सुधार ......................................................... १६०
६.४.२ कार्यगत सुधार ......................................................... १६०
६.५ अनुसन्धान गर्ने निकाय ......................................................... १६१
६.६ नेपाल बार एसोसिएसन ......................................................... १६२
६.६.१ कार्यगत सुधार ......................................................... १६२

६.७ नेपाल कानून व्यवसायी परिषद्....................................................................१६३

६.७.१ नीतिगत र कानूनी सुधार ........................................................................१६३

६.७.२ कार्यगत सुधार ....................................................................................१६४

६.८ नेपाल सरकार तथा अन्य निकाय..................................................................१६४

६.८.१ नीतिगत र कानूनी सुधार.........................................................................१६४

**अनुसूची -१** ..................................................................................................१६६

राय सुझाव पेस गर्ने संस्था तथा व्यक्तिहरू......................................................................१६६

**अनुसूची -२** ..................................................................................................२२२

कार्ययोजना....................................................................................................२२२

**सन्दर्भ सामग्री**................................................................................................२३३

# कार्यकारी सारांश

न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले न्यायपालिकामा हुनसक्ने अनियमितता र भ्रष्टाचार नियन्त्रणका लागि निरोधात्मक र दण्डात्मक उपायहरूको प्रभावकारी कार्यान्वन गर्ने तथा बिचौलियाबाट हुनसक्ने क्रियाकलाप रोकथाम गर्न आवश्यक कानूनी तथा संस्थागत संरचना निर्माण गर्ने लक्ष्य लिएको छ। यस सम्बन्धमा भएका पूर्व अध्ययन समितिका प्रतिवेदनहरूको सुझाव कार्यान्वयन गर्ने समेतका कार्यहरू तय गरी न्यायपालिकाप्रतिको आस्था एवम् विश्वास अभिवृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सकियोस् भनी यस समितिको गठन भई आवश्यक अध्ययन एवम् विश्लेषण सहित प्रस्तुत प्रतिवेदन तयार गरिएको छ। समितिलाई यस सम्बन्धमा भएका पूर्व अध्ययन प्रतिवेदनका सुझावहरूसमेतको अध्ययन गरी न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता वा भ्रष्टाचार एवम् बिचौलियाबाट हुनसक्ने क्रियाकलापहरू रोक्न कानूनी, संरचनागत लगायतका उपयुक्त र प्रभावकारी उपायहरू पहिचान गर्ने, पहिचान गरिएका उपाय एवम् सुझावहरूको कार्यान्वयनका लागि जिम्मेवारीसहितको कार्ययोजना प्रस्ताव गर्ने समेतको कार्यादेश प्राप्त भएको थियो।

प्रस्तुत प्रतिवेदन ६ परिच्छेदमा विभाजन गरिएको छ। पहिलो परिच्छेदमा अध्ययन विधिको बारेमा चर्चा गरिएको छ। जसअनुसार प्रस्तुत प्रतिवेदन मूलतः सैद्धान्तिक र प्रयोगात्मक (अन्तरक्रिया, छलफल, पृष्ठपोषण र प्रश्नावली) दुबै विधि प्रयोग गरी तयार गरिएको छ। परिच्छेद २ मा पूर्व अध्ययन प्रतिवेदनहरूको समीक्षा गर्ने क्रममा सर्वोच्च अदालतबाट २०६६ र २०७२ सालमा भएका अध्ययन र सर्वोच्च अदालत बार एसोसिएसनबाट २०६४ सालमा भएका अध्ययन प्रतिवेदनहरूको समीक्षा गरिएको छ। परिच्छेद ३ मा सुझाव सङ्कलनका क्रममा देशका विभिन्न ठाउँमा आयोजना गरिएका छलफल एवम् अन्तरक्रिया कार्यक्रमबाट प्राप्त सुझाव एवम् अन्य माध्यमबाट प्राप्त जानकारी एवम् सूचनाहरूको विश्लेषण गरिएको छ। परिच्छेद ४ मा अध्ययन प्रतिवेदनलाई सैद्धान्तिक आधारबाट पनि मजबूत बनाउन न्यायिक सदाचार एवम् न्यायिक सुशासनका विविध आयामहरूका बारेमा चर्चा गरिएको छ। परिच्छेद ५ मा सरोकारवालाहरूले व्यक्त गरेका धारणा एवम् विभिन्न स्रोतबाट प्राप्त जानकारी एवम् सूचनाहरूका आधारमा न्यायपालिकामा विद्यमान विकृति, विसङ्गति, अनियमितता एवम् भ्रष्टाचारको अवस्थाको विश्लेषण गरिएको छ। अन्तिम अर्थात् परिच्छेद ६ मा न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता, भ्रष्टाचार एवम् बिचौलियाको रोकथाम एवम् नियन्त्रणाका लागि निकायगत रूपमा चाल्नुपर्ने नीतिगत र कानूनी सुधार, संरचनागत सुधार, कार्यगत सुधार तथा वातावरणीय सुधारहरूको प्रस्ताव गरिएको छ। यी सुझावहरू कार्यान्वयन गर्नका लागि तयार गरिएको कार्य योजनालाई प्रतिवेदनको अनुसूचीमा समावेश गरिएको छ।

प्रस्तुत प्रतिवेदनमा न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता, भ्रष्टाचार एवम् बिचौलियाको रोकथामको विषयलाई प्राथमिकताका साथ उठाइएको छ। न्यायपालिकामा हुने न्यायाधीशको नियुक्ति, न्यायाधीशहरूको सरुवा तथा काज, न्यायाधीशहरूउपरको कारबाहीमा रहेको असमानता, भ्रष्टाचार एवम् बिचौलियाको प्रभाव, न्यायिक कामकारबाहीमा हुने ढिलाइ, न्यायिक प्रक्रियामा हुने अनियमितता, सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजनमा हुने कमजोरी, न्याय सम्पादनका क्रममा देखिएका विविध समस्याहरू जस्तैः तोकिएको दिनमा पेसीमा चढेपनि पालो नआउने, एउटै मुद्दामा धेरै कानून व्यवसायी रहने गरेका कारण न्याय सम्पादनको कार्यमा विलम्ब हुन गएको, स्वविवेकीय अधिकारको दुरुपयोग हुने, कार्यविधि कानूनको प्रयोगमा विविधता हुने, विचाराधीन विषयमा सञ्चार माध्यममा अनावश्यक टिकाटिप्पणी हुने आदि तथा फैसला कार्यान्वयनमा देखिएका कमी कमजोरीहरू, कानून व्यवसायी तथा कर्मचारीको भूमिका, राजनीतिक दल तथा ती सम्बद्ध नेता तथा कार्यकर्ताबाट हुने गरेका गतिविधिका विषयहरू नै न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता, भ्रष्टाचार एवम् बिचौलियाले प्रभाव पार्नसक्ने क्षेत्र रहेको कुरालाई उल्लेख गरिएको छ।

यसरी पहिचान गरिएका क्षेत्रहरूमा के कस्ता कारणले यस्ता समस्याहरू सिर्जना भएका हुन् भनी विश्लेषण गर्दा यसका विविध कारणहरू पहिचान गरिएको छ जुन निम्नबमोजिम छन्: कानूनी व्यवस्थाको कमजोर पालना एवम् कार्यान्वयन, न्यायपालिका र नियामक निकायमा नातावाद, कृपावाद, संरक्षणवाद, भागबण्डा तथा राजनीतिक प्रभाव हावी हुनु, कामको आधारमा पुरस्कृत र दण्डित नगरिनु, कर्मचारीलाई उसको कामको आधारमा मूल्याङ्कन नगरिनु, कानून व्यावसायी व्यावसायिक हुन नसक्नु र जसरी पनि मुद्दा जित्नुपर्छ भन्ने भावना विकास हुँदै जानु, कर्मचारीहरूमा अत्यधिक राजनीतिकरण हुनु, नैतिक शिक्षाको अभाव तथा आचरणका नियमहरूको पालना नगरिनु तथा आचार संहिता उल्लङ्घनकर्तालाई कारबाही नगरिनु, सदाचार एवम् निष्ठामा कमी हुनु, भ्रष्टाचारजन्य कार्य गर्न उक्साउने खालको सामाजिक बनोट हुनु, न्यायाधीश एवम् कर्मचारीहरूलाई प्रोत्साहनको कमी हुनु, इमान्दारिता, योग्यता, निष्ठा, अनुभव र वरिष्ठताको परीक्षण वस्तुगत आधारमा गरी न्यायाधीशको नियुक्ति नहुनु आदिजस्ता नीतिगत, कानूनी, संरचनागत, कार्यगत एवम् वातावरणीय समस्याहरूको विद्यमानताको कारणले गर्दा न्यायपालिकामा विकृति, विसङ्गतिले स्थान पाएको देखिन्छ।

उल्लिखित विभिन्न क्षेत्र एवम् विषयहरूमा हुने र हुनसक्ने विकृति, विसङ्गति रोकथामको लागि विभिन्न निकायहरूले विविध किसिमका नीतिगत एवम् कानूनी, संरचनागत, कार्यगत एवम् वातावरणीय सुधार गर्नुपर्ने गरी सुझावहरू प्रस्तुत गरिएको छ। ती सुझावहरूमध्ये सर्वोच्च अदालतमा मुद्दाको चापका कारण कार्यबोझ बढी भएकाले पनि कतिपय विकृति, विसङ्गति हुने वा हुनसक्ने देखिएको हुदाँ सर्वोच्च अदालतको क्षेत्राधिकारमा पुनरावलोकन गर्नुपर्ने, अनलाइनमार्फत मुद्दा दर्ता गर्ने गरी आवश्यक पुर्वाधार तयार एवम् व्यवस्थापन गर्नुपर्ने, दैनिक रुपमा सुनुवाइ गर्न सम्भव हुने मुद्दाको

मात्र पेसी चढाई पेसी चढेका सबै मुद्दाको सुनुवाइको सुनिश्चितता गर्ने प्रणाली विकास गर्नुपर्ने, स्वचालित रुपमा पेसी सूची तोकिने प्रणाली लागू हुनुपर्ने र उक्त प्रणाली लागू नहुँदासम्म गोलाप्रथा (राफल प्रणाली) बाट पेसी सूची प्रकाशन गर्नुपर्ने, औचित्य समाप्त भइसकेका रिट निवेदनहरूको एकमुष्ठ फछ्र्यौट गर्ने गरी व्यवस्थापन गर्नुपर्ने, अन्तरप्रभावी मुद्दाहरूको शीघ्र फर्छ्यौट हुनुपर्ने, म्याद तामेलीको कार्यलाई प्रभावकारी बनाउने, टिपोट प्रणाली लागू गर्ने, न्यायाधीशहरूको सामूहिक आवासको व्यवस्था गर्ने तथा फैसला कार्यान्वयनमा जोड दिनुपर्ने जस्ता सुझावहरू उल्लेख गरिएको छ।

यसैगरी, सञ्चार माध्यममा न्यायपालिकाको समाचार प्रकाशन गर्दा न्यायपालिका प्रतिको जनआस्था तथा विश्वसनीयतामा प्रतिकूल असर नपर्ने गरी गर्नुपर्ने, बिचौलिया नियन्त्रणमा सबैभन्दा ठूलो कडी भनेको जिम्मेवार पदाधिकारीहरूको सजगता तथा निष्ठा नै हो भन्ने कुरामा जोड दिंदै बिचौलियाको गतिविधिलाई सुक्ष्म निगरानी गर्ने तथा बिचौलियाको प्रभावबाट प्रभावित हुने न्यायाधीशहरूको पहिचान गरी कारबाहीको दायरामा ल्याउनुपर्ने समेतको काम गर्नको लागि अनुसन्धानसम्बन्धी विज्ञको संलग्नतामा बिचौलिया नियन्त्रणसम्बन्धी छुट्टै संयन्त्र गठन गर्ने तथा आवश्यक्तानुसार छुट्टै कानून पनि निर्माण गर्न सुझाइएको छ। यसैगरी, न्याय सम्पादनसँग सम्बन्धित समितिहरूमा मात्र न्यायाधीशहरूको संलग्नता हुनेगरी नियमावलीमा व्यवस्था गर्नुपर्ने कुराको ध्यानाकर्षण गरिएको छ। संविधान बमोजिम न्याय सेवा एवम् सरकारी वकीलसम्बन्धी छुट्टै कानून बनाउनुपर्ने, कर्मचारीको सरुवा गर्दा पारदर्शी ढँगबाट गर्नुपर्ने, उजूरी एवम् गुनासोको प्रभावकारी सम्बोधन गर्नुपर्ने, करार नियुक्तिलाई व्यवस्थित गर्नुपर्ने लगायतका सुझावहरू उल्लेख गरिएको छ।

न्यायिक नेतृत्वमा इमान्दारिता भए मात्र पनि न्यायपालिकामा देखिएका अधिकांश समस्या समाधान हुने देखिएकोले न्यायपालिकामा हुने विकृति, विसङ्गति, अनियमितता र भ्रष्टाचार नियन्त्रणमा न्यायिक नेतृत्वको प्रतिबद्धता र सोअनुरूपको इमान्दार प्रयास र व्यवहारले अहम् भूमिका निर्वाह गर्ने ठम्याई रहेको छ। साथै, प्रधान न्यायाधीश, मुख्य न्यायाधीश तथा प्रमुख भई काम गर्ने न्यायाधीशले अन्य न्यायाधीशहरूसँग समान मध्येको पहिलो (first among the equals) को अवधारणा अनुसारको कार्य गरी संस्थागत सुधार र सुदृढीकरणमा सकारात्मक भूमिका खेल्न सक्नेतर्फ इङ्गित गरिएको छ। साथै, निर्धारित समयमा इजलास बस्नुपर्ने, एउटै विषयमा सार्वजनिक सरोकारका धेरै निवेदन दर्ता नगर्ने तथा सस्तो लोकप्रियताको लागि रिट दर्ता गरिएको देखिएमा निवेदकका नाममा स्ट्रिक्चर जारी गर्ने, बहसको समय निर्धारण गर्ने तथा lead lawyer सम्बन्धी अवधारणालाई कार्यान्वयन गर्ने, पेसी स्थगन सम्बन्धी नियमावलीको व्यवस्थालाई प्रभावकारी रुपमा लागू गर्नुपर्ने, सि.सि.टिभी.बाट काम कारबाहीको निगरानी गर्नुपर्ने, टोकन प्रणाली लागू गरिनुपर्ने लगायतका काम कारबाही गर्नुपर्ने गरी औंल्याइएको छ। अदालत निरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्नुपर्ने, फैसला लेखन कार्यलाई कानूनले निर्धारण गरेको अवधिभित्रै सम्पन्न गर्नको लागि फैसला लेख्ने प्रयोजनका लागि समय छुट्ट्याउनुपर्ने, अदालतमा जेथा

जमानत लिंदा तथा दिंदा पर्याप्त ध्यान पुऱ्याउनुपर्ने, न्यायाधीशहरूलाई आर्थिक तथा कर्मचारी व्यवस्थापनबाट अलग गरिनुपर्ने, संयुक्त राष्ट्र संघ वा सो सरहका अन्य निकाय बाहेक अन्य गैरसरकारी संस्थासँगको सहयोग स्वीकार गर्न नहुनेसमेत सुझाइएको छ।

राजनीतिक विवाद मिश्रित संवैधानिक प्रश्नको निरुपणको क्रममा राजनीतिज्ञबाट वा दलसम्बद्ध व्यक्तिहरूबाट हुनसक्ने हस्तक्षेपलाई रोकी न्यायपालिकाको स्वतन्त्रतालाई अक्षुण्ण राख्न न्यायिक नेतृत्वले सदा सचेत रही सशक्त र प्रभावकारी भूमिका खेल्नुपर्ने गरी औंल्याइएको छ।

न्यायाधीशहरूको नियुक्तिको विषय अक्सर विवादमा पर्ने देखिएकोले उत्कृष्ट मध्येको सर्वोत्कृष्ट व्यक्तिलाई न्यायाधीशको पदमा नियुक्तिको लागि सम्भावित व्यक्तिको सूची (roster) तयार गरी सार्वजनिक परीक्षण (public audit) समेतको आधारमा गर्नुपर्ने, कानूनले तोकेको समयावधिभित्र नियुक्तिको सिफारिस गर्नुपर्ने, न्यायाधीश उपरको उजूरीको छानविन र कारबाहीलाई प्रतिशोध र संरक्षणको भावना नलिई निष्पक्ष एवम् पारदर्शी ढँगबाट गरिनुपर्ने तथा आचार संहिता पालना भए नभएको कुराको प्रभावकारी अनुगमन र निरन्तर निगरानी गरी उल्लङ्घन गरेको पाइएमा कारबाहीको दायरामा ल्याउनुपर्ने कुरा समेत सुझाइएको छ।

न्यायपालिकाको सुधारमा प्रत्येक कानून व्यवसायीले व्यक्तिगत एवम् संस्थागत रुपमा सकारात्मक भूमिका निर्वाह गर्दै न्यायपालिकामा हुने वा हुनसक्ने विकृति, विसङ्गति एवम् भ्रष्टाचार नियन्त्रणको लागि पहरेदार (watchdog) को भूमिका निर्वाह गर्नुपर्ने, कानून व्यवसायीहरूको व्यावसायिकता र सक्षमतामा न्यायपालिका सुदृढ र सशक्त हुने कुरालाई आत्मसात गर्दै कानून व्यवसाय पेशाको मर्यादा, गरिमा र गुणस्तरियता अभिवृद्धि गर्नमा नेपाल कानून व्यवसायी परिषद् र नेपाल बार एसोसिएसनका तर्फबाट सार्थक भूमिका निर्वाह हुनुपर्ने, न्याय सम्पादनलाई गुणस्तरीय बनाउनका लागि फैसलाहरूको विश्लेषणात्मक अध्ययन गरी स्वस्थ र रचनात्मक टिप्पणी नियमितरूपमा गरिनुपर्ने तथा न्यायपालिकाले योजना तर्जुमा तथा कार्यक्रमहरू सञ्चालन गर्दा सम्बद्ध बार एसोसिएसनहरूसँगको समन्वयमा गर्नुपर्ने समेत औंल्याइएको छ।

कानून व्यवसायलाई नियमन गर्ने नेपाल कानून व्यवसायी परिषद्ले आचार संहितालाई समयानुकूल बनाई आचार संहिता उल्लङ्घन गर्ने कानून व्यवसायीलाई कारबाहीको दायरामा ल्याई प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने, व्यावसायिकता एवम् दक्षता अभिवृद्धिको लागि क्षमता अभिवृद्धि तथा आचार संहिताको पालना सम्बन्धमा आवधिक एवम् निरन्तर कानूनी शिक्षा (continuing legal education) को व्यवस्थाको लागि सक्रिय भूमिका निर्वाह गर्नुपर्ने औंल्याइएको छ।

न्यायपालिकाको सुधारको लागि न्यायपालिका आफैंले निर्माण गरेको रणनीतिक योजना प्रभावकारी कार्यान्वयनको लागि राष्ट्रिय बजेटको कम्तिमा १ प्रतिशत बजेट न्यायपालिकालाई उपलब्ध गराई वित्तिय स्वायत्तता समेतको प्रत्याभूती गर्नुका साथै न्यायपालिकामा कार्यरत न्यायाधीश एवम्

कर्मचारीको तलब सुविधाको निर्धारणको लागि स्वतन्त्र judicial pay commission गठन गरी सो आयोगले सुझाए बमोजिमको सेवा सुविधाको सुनिश्चितता समेत हुनुपर्दछ भन्ने निष्कर्ष निकालिएको छ।

यस अध्ययन प्रतिवेदनले थप अध्ययन गरेर निष्कर्षमा पुग्नको लागि पहिचान गरेका केही संवैधानिक तथा नीतिगत विषयहरूमध्ये मूलतः संवैधानिक परिषद्मा प्रधान न्यायाधीशको संलग्नता, संवैधानिक इजलास वा संवैधानिक अदालतको औचित्य, प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशहरू उपर पर्ने उजूरीहरूको छानवीनसम्बन्धी व्यवस्था, संसदीय सुनुवाइसम्बन्धी व्यवस्था, न्याय परिषद्को संरचना, न्यायाधीशहरूको नियुक्तिको प्रणाली र योग्यता सम्बन्धी सवालहरू पहिचान गरिएको छ।

# परिच्छेद - एक
# प्रारम्भिक

## १.१ पृष्ठभूमि

मानव अधिकारको संरक्षण एवम् प्रवर्द्धन र न्यायमा सहज पहुँचको सुनिश्चिततामार्फत न्यायपूर्ण समाजको स्थापना गर्न स्वतन्त्र, निष्पक्ष, सक्षम र प्रभावकारी न्यायपालिका अपरिहार्य मानिन्छ। न्यायिक सुशासन, पारदर्शीता र जवाफदेहिता सक्षम र प्रभावकारी न्यायपालिकाको लागि त्यत्तिकै महत्त्वपूर्ण पक्षका रूपमा रहन्छन्। न्यायपालिकाभित्र कुनै पनि किसिमको विकृति, विसङ्गति, अनियमितता वा विचलनको अवस्था रहनु हुँदैन। यस्तो अवस्था दबाब, प्रभाव, भ्रष्टाचार वा अन्य कुनै पनि किसिमका विकृतिजन्य कार्यबाट उत्पन्न हुने गर्दछ। यस किसिमका गतिविधिहरू न्यायपालिकामा विद्यमान छन् भन्ने प्रश्न उठ्नु मात्रै पनि न्यायपालिकाको गरिमा र मर्यादाको लागि अशोभनीय मानिन्छ। यस प्रकारको अवस्था विद्यमान रहेमा न्यायिक निष्पक्षता र स्वच्छता समाप्त भई न्यायपालिकाको मूल मर्मको रूपमा रहेको न्यायपालिकाको स्वतन्त्रता, निष्पक्षता र सक्षमता एवम् विधिको शासन प्रभावित हुन पुग्दछ। यसबाट न्यायालयप्रतिको आम नागरिकको आस्था र विश्वासमा कमी आउनुका साथै अन्ततः लोकतान्त्रिक पद्धति नै कमजोर हुने मान्यता रहिआएको छ।

विश्वका प्रायः विकासशील र कम विकसित देशका न्यायपालिकामा न्यायिक सुशासनको विषय चुनौतीका रूपमा रहेको विभिन्न अध्ययनहरूले औंल्याएका छन्। मुलुकको न्याय प्रशासन सार्वजनिक प्रशासनकै एउटा आयाम रहेकोले मुलुकको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायतका पक्ष र मूल्य मान्यताहरूको प्रभाव स्वभावतः न्याय प्रशासनमा पनि पर्न जान्छ। त्यसर्थ, न्यायिक सुशासनको प्रवर्द्धनका विषयमा कुरा गर्दा त्यसका बहुआयामिक पक्षहरूको समग्र अध्ययन अनुसन्धान हुनु जरुरी छ। न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता वा विचलनजन्य अवस्थाको रोकथाम र नियन्त्रणका लागि विश्वका प्रायः लोकतान्त्रिक मुलुकका न्यायपालिकाहरू विशेष रूपमा संवेदनशील रहँदै आएको र विभिन्न अध्ययन अनुसन्धानहरूमार्फत त्यसप्रकारका समस्याको पहिचान र सम्बोधनको प्रयाससमेत गर्दै आएको देखिन्छ।

मूलतः विधिको शासनको सुनिश्चितताको लागि न्यायिक सुशासनको प्रवर्द्धन गर्नु वाञ्छनीय रहेको तथ्यप्रति विश्वका अधिकांश राष्ट्रहरू (लेटिन अमेरिका, युरोपलगायतका) सन् १९६० र १९७० को दशकतिर नै विशेष संवेदनशील रहेको देखिन्छ। न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति तथा अनियमितता र तिनको सामना गर्न अबलम्बन गरिनुपर्ने उपायसमेतका बारेमा संयुक्त राष्ट्र संघ, विश्व बैंक, युरोपियन परिषद्लगायत भ्रष्टाचार निवारणका सम्बन्धमा निर्माण भएका विभिन्न सञ्जालका

प्रतिवेदनहरूमा औँल्याइँदै आएको पाइन्छ।[१] सन् २००६ मा संयुक्त राष्ट्र संघले United Nations Office on Drugs and Crime (UNODC) लाई न्यायिक सदाचार र संस्थागत सुदृढीकरण गर्न आह्वान गरेको थियो।[२] साथै, सदस्य राष्ट्रहरूलाई आफ्नो राष्ट्रिय कानूनी प्रणालीमा आधारित रही बेंगलुरु न्यायिक आचरणसम्बन्धी सिद्धान्तहरूलाई ध्यानमा राखी न्यायिक सदाचार संस्थागत क्षमता अभिवृद्धि गर्न अनुरोध गरेको थियो।[३] सन् २००७ मा न्यायिक सदाचार र संस्थागत क्षमता अभिवृद्धि गर्न प्राविधिक सहयोग पुऱ्याउनको लागि UNODC ले एक अन्तर सरकारी विज्ञहरूको समूहसमेत स्थापना गरेको थियो।[४] उक्त समूहले न्यायिक नियुक्ति, छनौट र मूल्याङ्कन; न्यायिक नैतिकता र अनुशासन; अदालतको कार्यसम्पादनको मूल्याङ्कन; मुद्दा व्यवस्थापन; न्यायमा पहुँच; अदालतका कर्मचारीहरूको कार्य व्यवस्थापन; न्यायिक स्रोत तथा पारिश्रमिक; न्याय सम्पादनमा एकरूपता, सुसंगतता र समानता; र न्यायपालिकामा सर्वसाधारणको विश्वास प्रवर्द्धन गर्ने सम्बन्धमा विभिन्न राष्ट्रका अभ्यासहरू प्रस्तुत गरेको थियो।[5]

न्यायपालिका भित्रबाट पनि न्यायपालिकामा हुने विकृति, विसङ्गति, अनियमितता जस्ता विषयमा पटक पटक चासो व्यक्त गरिएको देखिन्छ। न्यायाधीशहरूको अन्तर्राष्ट्रिय समूह (International Association of Judges) को एक Supreme Court of Queensland, Australia का तत्कालीन न्यायाधीश Hon. Justice RG Atkinson AO ले अदालतहरूमा साधन स्रोतको कमीले गर्दा न्यायाधीशहरूको लागि अपर्याप्त कार्य अवस्था सिर्जना गरी अनियमितता बढेको[6] र अदालती कार्यबाहीमा बाहिरी हस्तक्षेपले न्यायिक सदाचार र न्यायिक पारदर्शीतामा खतरा पुऱ्याएको धारणा प्रस्तुत गर्नुभएको थियो।[7]

नेपाल अधिराज्यको संविधान, २०४७ ले लोकतान्त्रिक शासन व्यवस्थाका साथै स्वतन्त्र र सक्षम न्यायपालिकाको परिकल्पना गरेपश्चात् न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गतिका सम्बन्धमा चासो र सरोकार व्यक्त हुन थालेको र सोसम्बन्धी अध्ययन भई सुधारका प्रयासहरू भएका देखिन्छन्। वि.सं २०६४ सालमा न्यायपालिकाप्रतिको जनआस्थालगायतका विषयमा सर्वोच्च अदालत बार एसोसिएसनले अध्ययन गरी प्रतिवेदन प्रकाशित गरेको थियो। सर्वोच्च अदालतबाट २०६६ र

---

[१] Amélie Arvidsson, Emelie Folkesson; Corruption in the Judiciary: Balancing Accountability and Judicial Independence, Örebro University Department of Law, Psychology and Social Work Legal Science Programme with International Approach Spring 2010, p. 2

[२] UN Economic and Social Council (ECOSOC), UN Economic and Social Council Resolution 2006/23: Strengthening Basic Principles of Judicial Conduct, 27 July 2006, E/RES/2006/23, available at: *https://www.refworld.org/docid/46c455ab0.html* [accessed 31 March, 2021], p. 2

[३] UN Economic and Social Council (ECOSOC), UN Economic and Social Council Resolution 2006/23: Strengthening Basic Principles of Judicial Conduct, 27 July 2006, E/RES/2006/23, available at: *https://www.refworld.org/docid/46c455ab0.html* [accessed 31 March, 2021], p. 2

[४] Resource Guide on Strengthening Judicial Integrity and Capacity, UNITED NATIONS OFFICE ON DRUGS AND CRIME Vienna, United Nations New York, 2011, p. 1,

[५] Resource Guide on Strengthening Judicial Integrity and Capacity, UNITED NATIONS OFFICE ON DRUGS AND CRIME Vienna, United Nations New York, 2011, p. 1

[६] Measures to promote integrity and combat corruption within the judiciary: address to the delegation from Kenya, The Hon Justice RG Atkinson AO, Supreme Court of Queensland, Australia, p. 5

[७] Measures to promote integrity and combat corruption within the judiciary: address to the delegation from Kenya, The Hon Justice RG Atkinson AO, Supreme Court of Queensland, Australia, p. 6

२०७२ सालमा गरी यससम्बन्धमा दुईवटा अध्ययन भई प्रतिवेदनहरूले औंल्याएका सुझावहरूको कार्यान्वयनको प्रयाससमेत हुँदै आएको अवस्था छ।

नेपालको संविधानको प्रस्तावनामा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको परिकल्पना गरी धारा ५१ मा राज्यले अवलम्बन गर्ने नीतिहरू अन्तर्गत खण्ड (ट) मा न्याय र दण्ड व्यवस्थासम्बन्धी नीति उल्लेख भएको र सो अन्तर्गत न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने, र राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिकलगायत सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने व्यवस्था गरिएको छ।

नेपालले भ्रष्टाचार विरूद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिलाई सन् २०११ मा अनुमोदन गरी सो सन्धिको पक्ष राष्ट्र बनिसकेको छ। उक्त सन्धिको धारा ११ को उपधारा (१) बमोजिम न्यायपालिकाको स्वतन्त्रताको प्रवर्द्धन र न्यायपालिकाका सदस्यहरूबाट हुनसक्ने सम्भावित भ्रष्टाचार नियन्त्रणका लागि आफ्नो कानूनी पद्धतिका आधारभूत सिद्धान्तहरू अनुरूप हुने र न्यायपालिकाको स्वतन्त्रताको प्रतिकूल नहुने गरी न्यायपालिकाका सदस्यहरूको निष्ठा बढाउन आचार संहिता लगायतका उपयुक्त उपायहरू अवलम्बन गर्नुपर्ने दायित्व पक्ष राष्ट्रको रहेको छ।

उल्लिखित अन्तर्राष्ट्रिय दस्तावेज, असल अभ्यास र हाम्रो संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थाबमोजिम नेपालको न्यायपालिकाले पनि न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता वा विचलनजन्य कार्यको पहिचान, रोकथाम र नियन्त्रणका लागि विभिन्न प्रयासहरू गर्दै आएको छ। न्यायपालिकाका रणनीतिक योजनाहरू खासगरी, दोस्रो योजनादेखि न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता वा विचलनजन्य कार्यको रोकथाम र नियन्त्रणका लागि आवश्यक रणनीतिक कार्यक्रमहरू निर्धारण गरी कार्यान्वयन हुँदै आएका छन्। न्यायिक नेतृत्वको सुधारसम्बन्धी कार्ययोजनामा समेत यी विषयहरू समाहित भई यससम्बन्धमा स्पष्ट प्रतिबद्धताहरूसमेत व्यक्त हुँदै आएका छन्। साथसाथै, सो अनुरूप सुधारका प्रयासहरूसमेत हुँदै आएका छन्। विशेषत: न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०७६-२०८१) मा पहिलो पटक योजनाको लक्ष्य अन्तर्गत न्यायिक सुशासनको प्रवर्द्धन गर्ने विषयलाई समेत समावेश गरी विभिन्न रणनीतिक कार्यक्रमहरू निर्धारण गरेको छ। त्यसअन्तर्गत अन्य कार्यक्रमहरूका अतिरिक्त न्यायपालिकामा हुनसक्ने अनियमितता र भ्रष्टाचार नियन्त्रणका लागि न्याय परिषद्लगायतका सम्बन्धित निकायहरूसँग छलफल र समन्वय गरी निरोधात्मक र दण्डात्मक उपायहरूको प्रभावकारी कार्यान्वयन गर्ने, अदालतमा बिचौलियाबाट हुनसक्ने क्रियाकलाप रोकथाम गर्न आवश्यक कानूनी तथा संस्थागत संरचना निर्माणको लागि अध्ययन गरी लागू गर्न पहल गर्ने र न्यायपालिकाको विकृति, विसङ्गतिका सम्बन्धमा भएका पूर्व अध्ययन प्रतिवेदनहरूका सुझावहरूको प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्नेलगायतका विषयहरू रहेका छन्।

यसप्रकार, विभिन्न अध्ययन समितिहरूबाट अध्ययन भई न्यायपालिकामा भइरहेका अनियमितता, विकृति, विसङ्गति र भ्रष्टाचारजन्य कार्यहरूको पहिचान गरी समाधानको दिशा पहिल्याउनुपर्ने तथ्यलाई महसुस गरी न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनामा न्यायिक सुशासन प्रवर्द्धन गर्ने लक्ष्य निर्धारित गरी सोको कार्यान्वयनका लागि विभिन्न क्रियाकलापहरू निर्धारण गरिएका छन्। तथापि, न्यायपालिकाले सम्पादन गर्ने कार्यमा अनियमितता, विकृति, विसङ्गति र भ्रष्टाचारजन्य कार्यहरू भइरहेका छन् भन्ने चासो र सरोकार नेपाल बार एसोसिएसन लगायत विभिन्न क्षेत्रबाट उठिरहेको सन्दर्भमा उल्लिखित कार्यक्रमहरूको कार्यान्वयन गर्नुपर्ने अवस्थाका साथै विकृति, विसङ्गति, अनियमितता वा विचलनको विषयमा यसपूर्व भएका अध्ययनहरूको कार्यान्वयन र न्याय सम्पादनको विषयलाई लिएर समय समयमा व्यक्त हुने गरेका चासो एवम् यससम्बन्धमा थप अध्ययन अनुसन्धान गर्नुपर्ने विषयमा सरोकारवालाहरूबाट प्राप्त सुझाव र सरोकार समेतको पृष्ठभूमिमा यस समितिको गठन भई प्रस्तुत अध्ययन भएको हो।

## १.२ अध्ययन समितिको गठन र कार्यादेश

### समितिको गठन

उल्लिखित अध्ययनका लागि सम्माननीय प्रधान न्यायाधीशज्यूको मिति २०७७।०४।३० को निर्णयबाट सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री हरिकृष्ण कार्कीज्यूको संयोजकत्वमा सरोकारवाला निकायहरूको प्रतिनिधित्व र सहभागितामा देहायबमोजिमको अध्ययन समिति गठन भएको हो।

| | | |
|---|---|---|
| क. माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की | - | संयोजक |
| ख. माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत | - | सदस्य |
| ग. माननीय सदस्य श्री लक्ष्मी बहादुर "निराला" खड्का | - | सदस्य |
| घ. रजिस्ट्रार, सर्वोच्च अदालत | - | सदस्य |
| ङ. महान्यायाधिवक्ताले तोकेको नायब महान्यायाधिवक्ता | - | सदस्य |
| च. नेपाल बार एसोसिएसनका महासचिव | - | सदस्य |
| छ. सर्वोच्च अदालत बार एसोसिएसनका सचिव | - | सदस्य |
| ज. प्रशासन महाशाखा प्रमुख, सर्वोच्च अदालत | - | सदस्य सचिव |

समितिलाई प्राप्त कार्यादेश बमोजिम मिति २०७७।०५।१५ मा नेपाल बार एसोसिएसनबाट समितिमा नेपाल बार एसोसिएसनका अध्यक्ष तथा सर्वोच्च अदालत बार एसोसिएसनका अध्यक्षसमेतको सहभागिता हुने व्यवस्था मिलाउन माग भएको र उक्त मागउपर समितिको सकारात्मक सोच रहेको भनी मिति २०७७।०६।०२ मा सम्माननीय प्रधान न्यायाधीशज्यूसमक्ष निकासा प्रदान गर्नका लागि पेस गर्ने निर्णय भएको थियो। सो अनुरूप सम्माननीय प्रधान न्यायाधीशज्यूबाट मिति

२०७७।०६।०५ मा निर्देशन भई अध्ययन समितिमा देहायबमोजिमका सदस्यहरू थप भएको थियो।

क. नेपाल बार एसोसिएसनको अध्यक्ष - सदस्य

ख. सर्वोच्च अदालत बार एसोसिएसनको अध्यक्ष - सदस्य

सर्वोच्च अदालत बार एसोसिएसनको अध्यक्ष पदमा वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी र सचिव पदमा अधिवक्ता श्री शुभन राज आचार्य रही समितिमा वहाँहरूबाट प्रतिनिधित्व भइरहेकोमा सर्वोच्च अदालत बार एसोसिएसनको निर्वाचनबाट अध्यक्ष पदमा वरिष्ठ अधिवक्ता श्री पूर्णमान शाक्य र सचिवमा अधिवक्ता श्री ऋषिराम घिमिरे निर्वाचित हुनुभएको पृष्ठभूमिमा मिति २०७७।१०।१९ को सर्वोच्च अदालत बार एसोसिएसनको पत्रसमेतको आधारमा नयाँ कार्य समितिका अध्यक्ष तथा सचिवले समितिमा सदस्यको रूपमा प्रतिनिधित्व गर्न व्यवस्था हुन अनुरोध भई आएबमोजिम समितिको मिति २०७७।११।१९ को बैठकको निर्णयबाट सो बैठकपश्चात् समितिमा नयाँ कार्यसमितिका अध्यक्ष र सचिवले प्रतिनिधित्व गर्ने, समितिमा रही हालसम्म पुऱ्याउनुभएको योगदानका लागि निवर्तमान अध्यक्ष तथा सचिवज्यूलाई धन्यवाद दिँदै समितिमा आमन्त्रितको रूपमा सहयोगको निरन्तरताका लागि अनुरोध गर्ने निर्णय भएअनुरूप वहाँहरूबाट समितिलाई निरन्तर सहयोग प्राप्त भएको अवस्था छ।

यसका साथै, उक्त गठित समितिमा सर्वोच्च अदालतका रजिस्ट्रार श्री लालबहादुर कुँवरज्यू सदस्य रहनुभएकोमा नेपाल सरकारको मिति २०७७।१०।२९ गतेको निर्णयानुयसार वहाँ मुख्य रजिस्ट्रार पदमा बढुवा हुनुभएकोले मिति २०७७।१२।०३ मा उक्त समितिको रिक्त रजिस्ट्रार सदस्यमा सर्वोच्च अदालतका रजिस्ट्रार श्री निर्मला पौडेलज्यूलाई तोकिएको थियो। यसका साथै, उक्त गठित समितिमा महान्यायाधिवक्ताको कार्यालयबाट नायब महान्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेलज्यू सदस्य रहनुभएकोमा न्याय परिषद्को मिति २०७७।११।२८ गतेको सिफारिस एवम् सम्माननीय प्रधान न्यायाधीशज्यूबाट मिति २०७७।१२।०२ गते उच्च अदालतको न्यायाधीश पदमा नियुक्ति भई रिक्त हुन आएको सदस्य पदमा नायब महान्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डेयले प्रतिनिधित्व गर्नुभएको थियो।

यस समितिका सदस्य एवम् न्याय परिषद्का सदस्य वरिष्ठ अधिवक्ता माननीय लक्ष्मी बहादुर "निराला" खड्काज्यूको मिति २०७८।१।२१ मा असामयिक निधन भएको कारणबाट यस समितिको कार्यमा निरन्तरता हुन नसके तापनि यस समितिमा रहँदा प्रदेश स्तरीय छलफलहरूमा समेत सक्रिय सहभागिता जनाई समितिका प्रत्येक छलफल र निर्णय प्रक्रियामा अन्तिमसम्म पुऱ्याउनु भएको योगदान सह्रानीय एवम् अविस्मरणीय रहेको छ।

समितिको सदस्यको रूपमा रहेर कार्यसम्पादन गर्नुभएका मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर र उच्च अदालतका माननीय न्यायाधीश श्री नारायणप्रसाद पौडेलबाट आमन्त्रित सदस्यको रूपमा

निरन्तर सहयोग प्राप्त भएको छ। समितको सदस्य-सचिवको रूपमा सर्वोच्च अदालत प्रशासन महाशाखा प्रमुख श्री नारायणप्रसाद रेग्मीले र प्रतिवेदन लेखन कार्यमा सहरजिस्ट्रार श्री विमल पौडेल र भद्रकाली पोखरेलले महत्त्वपूर्ण योगदान गर्नुभएको छ।

<u>**समितिको कार्यदिश**</u>

१. यस सम्बन्धमा भएका पूर्व अध्ययन प्रतिवेदनका सुझावहरूसमेतको अध्ययन गरी न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता वा भ्रष्टाचार एवम् बिचौलियाबाट हुनसक्ने क्रियाकलापहरू रोक्न कानूनी, संरचनागतलगायतका उपयुक्त र प्रभावकारी उपायहरूसहितको प्रतिवेदन पेस गर्ने;

२. अध्ययन प्रतिवेदनका सुझावहरूको कार्यान्वयनका लागि जिम्मेवारीसहितको कार्ययोजना प्रस्ताव गर्ने;

३. समितिको कार्यावधि कार्य प्रारम्भ गरेको मितिले ३ (तीन) महिनाको हुने र उक्त अवधिमा कार्य सम्पन्न हुन नसकेमा आवश्यक समयावधि थपका लागि अनुरोध गर्न सकिने।

अध्ययन समितिले मिति २०७७।०६।०८ देखि कार्यारम्भ गरी सो समितिको म्याद मिति २०७७।०९।०८ गते समाप्त हुने तथा यस अवधिमा कोभिड-१९ को प्रभाव, दशैं, तिहार, छठ लगायतका सार्वजनिक बिदाका कारण अपेक्षाअनुरूपको कार्य हुन नसकेको, थप सरोकारवालाहरूसँगको पृष्ठपोषण लिने कार्य बाँकी रहेको र पूर्व प्रतिवेदनमा औंल्याइएका सुझावहरूको कार्यान्वयन अवस्थाको विश्लेषण गरी कार्यदिश बमोजिमको प्रतिवेदन तयार गरी पेस गर्न थप समय आवश्यक रहेको कारण मिति २०७७।०९।०८ मा म्याद समाप्त भएको मितिले थप २ (दुई) महिनाका लागि, मिति २०७७।११।११ को निर्णयानुसार मिति २०७७ चैत्र मसान्तसम्म, यसैगरी मिति २०७८।१।५ को निर्णयानुसार मिति २०७८।१।१५ सम्म, मिति २०७८।१।१९ को निर्णयबाट मिति २०७८।२।१५ सम्म तथा मिति २०७८।२।१६ को निर्णयबाट मिति २०७८।४।१५ सम्म म्याद थप गरी समितिको समयावधि थप गरिएको थियो।

## १.३ अध्ययनको सीमा

प्रस्तुत अध्ययनका लागि प्राप्त कार्यदिश, सो सम्बन्धमा समितिले निर्धारण गरेको अध्ययनको दायरा र क्षेत्र तथा समितिलाई उपलव्ध गराइएको समयावधिसमेतलाई दृष्टिगत गरी प्रस्तुत अध्ययनलाई सकेसम्म छोटो एवम् अध्ययनको शीर्षकसँग मात्र केन्द्रित गरिएको छ। साथै, कोभिड-१९ का कारण सिर्जित हालको विषम परिस्थितिमा सरोकारवालाहरूसँगको छलफल, परामर्श तथा राय सुझाव सङ्कलनको दायरालाई केही सीमित बनाइएको छ।

## १.४ अध्ययनको उद्देश्य

नेपालको संविधानको धारा ५१ को खण्ड (ट) को न्याय र दण्ड व्यवस्थासम्बन्धी नीति अन्तर्गत रहेको यससम्बन्धी सान्दर्भिक व्यवस्था, न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनामा रहेको न्यायिक सुशासनको प्रवर्द्धनसम्बन्धी लक्ष्य र योजनामा निर्धारित रणनीतिक कार्यक्रमहरूको कार्यान्वयन र समिति गठनको पृष्ठभूमि र कार्यदिशसमेतका आधारमा प्रस्तुत अध्ययनको उद्देश्यहरूलाई देहायबमोजिम स्पष्ट गरिएको छ;

क. विकृति, विसङ्गति, अनियमितता र विचलन तथा बिचौलियालगायतका अध्ययनका आधारभूत पक्ष र विषयहरूलाई परिभाषित गरी तिनको दायरा यकीन गर्ने,

ख. न्यायिक सुशासन र सदाचार तथा उल्लिखित पक्षहरूसँगको अन्तरसम्बन्धका बारेमा आवश्यक चर्चा गर्ने,

ग. न्यायपालिकाको जनआस्थाको रोहबाट उल्लिखित पक्षहरूसँग सम्बन्ध राख्ने न्यायपालिकाको काम कारबाही, सेवा प्रवाह र सेवाग्राहीहरूको सन्तुष्टि तथा न्यायाधीश र कर्मचारीको आचरणलगायतका विषयका अन्तर्वस्तुहरूको पहिचान गरी तिनको दायरा र अन्तरसम्बन्धका बारेमा विश्लेषण गर्ने,

घ. विकृति, विसङ्गति, अनियमितता र विचलन हुनसक्ने प्रमुख क्षेत्र र विषयको पहिचान गर्ने,

ङ. विकृति, विसङ्गति, अनियमितता र विचलनको प्रकृति र दायरा यकीन गर्ने,

च. प्रस्तुत अध्ययनका सन्दर्भमा अनुसन्धान, अभियोजन, पुर्पक्ष र प्रतिरक्षा तथा सेवा प्रवाहसमेतको क्षेत्रगत दायरा निर्धारण गरी सम्बद्ध विषयहरूको अध्ययन गर्ने,

छ. विकृति, विसङ्गति, अनियमितता र विचलन हुनसक्ने मुख्य मुख्य कारणहरूको पहिचान गर्ने,

ज. यससम्बन्धी नीतिगत, कानूनी संरचनागत र कार्यगत अवस्थालाई अध्ययनको दायरामा समावेश गर्ने,

झ. मूलतः सबै तहका अदालत, न्यायाधीकरण, न्याय परिषद् तथा नेपाल बार एसोसिएसन अनुसन्धान तथा अभियोजनसम्बन्धी निकाय तथा अन्य सम्बद्ध निकाय र संस्थाहरू प्रस्तुत अध्ययनको निकायगत दायरा अन्तर्गत समावेश गरिने,

ञ. यससम्बन्धी पूर्व अध्ययनहरूको समीक्षा गरी सुझावहरूको कार्यान्वयन अवस्था तथा मुख्य सवालहरूको पहिचान गरी थप अध्ययन विश्लेषणका आधारमा प्रस्तुत अध्ययनमा समावेश गर्ने,

ट. प्रतिवेदनमा औंल्याइने सुझावहरूको कार्यान्वयनको जिम्मेवारीसहितको कार्यान्वयन योजनाको स्पष्ट खाका प्रस्तुत गर्ने।

## १.५ अध्ययनको विधि र प्रक्रिया

अध्ययनको उपयुक्त विधि, पद्धति र प्रक्रियाले नै समग्र अध्ययनको वैधता र विश्वसनीयता प्राप्त गर्ने भएकोले प्रस्तुत अध्ययनमा यस विषयमा विशेष ध्यान दिइएको छ। प्रस्तुत अध्ययनमा समितिको अध्ययनका क्षेत्र र विषयहरूको अवधारणात्मक पक्षमा आवश्यक विश्लेषण गरिएको छ। यससम्बन्धी पूर्व अधययन प्रतिवेदनहरूलाई समितिको कार्यादिशको आधारमा उद्देश्यमूलक ढङ्गबाट समीक्षा र विश्लेषण गरिएको छ। प्रस्तुत अध्ययनमा मूलतः सैद्धान्तिक (विवरणात्मक, विश्लेषणात्मक र तुलनात्मक) र प्रयोगात्मक (अन्तरक्रिया, छलफल, पृष्ठपोषण र प्रश्नावली) दुवै किसिमको विधि अवलम्बन गरिएको छ।

साथै, प्रस्तुत अध्ययनमा आवश्यक पर्ने तथ्याङ्क, सुचना र विवरणहरू प्राथमिक र सहायक दुवै स्रोतबाट सङ्कलन गरिएको छ। प्राथमिक स्रोत अन्तर्गत संविधान, संहिता कानूनहरू, विभिन्न ऐन तथा नियमावलीहरू, विभिन्न आचारसंहिताहरू, पन्ध्रौं योजनाको आधारपत्र, न्यायपालिकाको चौंथो पञ्चवर्षीय रणनीतिक योजना, सर्वोच्च अदालतको आ.व. २०७७।७८ को वार्षिक कार्ययोजना, न्यायाधीशहरूको राष्ट्रिय सम्मेलनबाट जारी घोषणापत्रहरू, नेपाल बार एसोसिएसनबाट प्राप्त सुझावहरू, सरोकारवाला निकायहरूसँगको परामर्श, छलफल, अन्तरक्रिया समेतबाट प्राप्त सूचना, विवरण वा जानकारीहरूसमेत समावेश भएका छन्। त्यसैगरी, सहायक स्रोत अन्तर्गत पूर्व अध्ययन प्रतिवेदनहरू, सम्बद्ध पुस्तक तथा लेखहरू, अन्य मुलुकका सान्दर्भिक अध्ययन प्रतिवेदनहरू, समाचारहरू, सरोकारवाला निकायका सुझावहरूलगायतका सामग्रीहरू रहेका छन्। त्यसका साथै, सर्वोच्च अदालतबाट हुने निरीक्षण अनुगमनसम्बन्धी प्रतिवेदनहरू, अनुगमन निगरानीसम्बन्धी प्रतिवेदनहरू, न्याय परिषद्मा प्राप्त उजूरी तथा सोसम्बन्धमा भएका कारबाहीहरू आदिका माध्यमबाट समेत सूचना सङ्कलन गरिएको छ।

समितिले मिति २०७७।०६।०८ मा न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, र अनियमितता तथा बिचौलियाबाट हुनसक्ने क्रियाकलाप र त्यसको रोकथामको लागि चाल्नुपर्ने प्रभावकारी उपायहरूका सम्बन्धमा २०७७ साल कार्तिक २५ गतेभित्र आफ्नो राय सुझाव पेस गर्न सबैको जानकारीका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरी सोसम्बन्धी सूचना प्रकाशन गरेको थियो। साथै, समितिको कार्य अगाडि बढाउन गर्नुपर्ने तयारी, तथ्याङ्क सङ्कलन तथा प्रतिवेदन लेखनसमेतको कार्यगत सहजताको लागि देहायबमोजिमको सदस्य रहेको सचिवालय गठन गरी सचिवालयले आवश्यकतानुसार अन्य जनशक्तिको सहयोग लिनसक्ने निर्णय गरेको थियो।

क. रजिस्ट्रार, सर्वोच्च अदालत

ख. नायब महान्यायाधिवक्ता महान्यायाधिवक्ताको कार्यालय

ग. सचिव, सर्वोच्च अदालत बार एसोसिएसन

घ. सहरजिस्ट्रार, सर्वोच्च अदालत

समितिलाई प्राप्त पहिलो कार्यदिश बमोजिमको कार्यका लागि समितिले सर्वोच्च अदालत बार एसोसिएसनको २०६४ सालको र सर्वोच्च अदालतबाट २०६६ र २०७२ सालमा गठित समितिका प्रतिवेदनहरूमा न्याय सम्पादन र न्याय प्रशासनसम्बन्धी विषयमा सर्वोच्च अदालत, न्याय परिषद, नेपाल कानून व्यवसायी परिषद, बार एसोसिएसन तथा अनुसन्धान र अभियोजन सम्बद्ध निकायका बारेमा औंल्याइएका समस्या र सुझावहरूको विवरण तयार गरी समस्याहरूको सम्बोधन एवम् सुझावहरूको कार्यान्वयनको अवस्थाका सम्बन्धमा न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना, वार्षिक कार्ययोजना तथा सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनसमेतका आधारमा सचिवालयबाट विश्लेषणात्मक र तुलनात्मक अध्ययन गरी सोको विवरण समितिसमक्ष पेस गर्ने निर्णय अनुरूप सचिवालयबाट सो अनुरूप कार्यसम्पन्न गरी समितिका विभिन्न मितिमा बसेका बैठकहरूमा गहन रूपमा छलफल गरिएको थियो।

समितिको कार्यदिशबमोजिम पूर्व अध्ययन प्रतिवेदनहरूको कार्यान्वयन अवस्था तथा न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता वा भ्रष्टाचार एवम् बिचौलियाबाट हुनसक्ने क्रियाकलापहरू तथा र तिनको सम्बोधनका उपायहरूको बारेमा न्याय क्षेत्रका विभिन्न सरोकारवालाहरूसँग विभिन्न मितिमा छलफल, अन्तरक्रिया र रायसुझाव लिएको र त्यसउपर समितिमा छलफल गरिएको थियो। उपत्यकाभित्र र उपत्यकाबाहिर भएका त्यसप्रकारका परामर्श कार्यक्रमहरूको सूची मूलतः देहायबमोजिम रहेको छः

- मिति २०७७।०७।२२ देखि ऐ. २५ गतेसम्म उच्च अदालत तुलसीपुर तथा उच्च अदालत तुलसीपुर, बुटवल इजलास अन्तर्गत।
- मिति २०७७।०८।०२ देखि ऐ. ०७ सम्म उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गा र अन्तर्गतका जिल्ला अदालतहरू, उदयपुर, खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बु।
- मिति २०७७।०८।१५ देखी ऐ. २० सम्म उच्च अदालत विराटनगर, उच्च अदालत जनकपुर तथा अन्तर्गतका राजविराज इजलास, वीरगंज इजलास।
- मिति २०७७।०८।१६ देखी ऐ. १९ सम्म उच्च अदालत पोखरा र अन्तर्गतका बागलुङ इजलास।
- मिति २०७७।१०।१६ गते उच्च अदालत सुर्खेत अन्तर्गत दैलेख जिल्ला अदालत र सो जिल्लाका सरोकारवालाहरूसँग।
- मिति २०७७।१०।१७ देखि ऐ.२० गतेसम्म उच्च अदालत सुर्खेत र अन्तर्गतका जिल्ला अदालतहरूमा।
- मिति २०७७।१०।१८ देखि ऐ.२१ गतेसम्म उच्च अदालत दिपायल र अन्तर्गतका अदालतहरूसँग तथा उच्च अदालत दिपायल, महेन्द्रनगर इजलास र अन्तर्गतका अदालतहरूमा।

- मिति २०७७।१०।२२ मा उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलास र बाँके जिल्ला अदालतका सरोकारवालाहरूसँग।

साथै, समितिले देहायका सरोकारवालाहरूसँग सर्वोच्च अदालतमा देहायको मितिमा भएका कार्यक्रममार्फत राय सुझाव सङ्कलन गर्ने कार्य गरेको थियो।

- मिति २०७७।०६।१८ मा वरिष्ठ अधिवक्ताहरूसँग;
- मिति २०७७।०८।२५ मा काठमाडौं जिल्ला अदालतसँग;
- मिति २०७७।०८।२६ मा उच्च अदालत पाटनसँग;
- मिति २०७७।०८।२९ मा ललितपुर जिल्ला अदालत, भक्तपुर जिल्ला अदालत, काभ्रपलाञ्चोक जिल्ला अदालतसँग;
- मिति २०७७।०९।०२ मा विशेष अदालत, श्रम अदालत, प्रशासकीय अदालत, वैदेशिक रोजगार न्यायाधीकरण, राजश्व न्यायाधीकरणसँग;
- मिति २०७७।०९।०३ मा नेपाल बार एसोसिएसनसँग;
- मिति २०७७।०९।०९ मा निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनका पदाधिकारीसँग;
- मिति २०७७।१०।१३ मा पत्रकारहरूसँग;
- मिति २०७७।१०।१४ मा प्रहरी प्रधान कार्यालयसँग;
- मिति २०७७।१२।१७ मा महान्यायाधिवक्ताको कार्यालयसँग;
- मिति २०७७।१२।१८ मा उपत्यकास्थित बार एसोसिएसनका पदाधिकारीहरूसँग;
- मिति २०७७।१२।१९ मा मानव अधिकार सम्बद्ध संघ संस्थाहरूसँग;
- मिति २०७७।१२।२० मा नेपाल कानून व्यवसायी परिषद्सँग;
- मिति २०७७।१२।२६ मा न्याय परिषद्सँग;
- मिति २०७७।१२।२६ मा सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरूसँग।

**उपत्यकाका सेवाग्राहीसँग**

- मिति २०७७।०८।१७ मा काठमाडौं जिल्ला अदालत, मिति २०७७।०८।१८ मा उच्च अदालत पाटन र ललितपुर जिल्ला अदालतका सेवाग्राहीहरूसँग।

यसरी विभिन्न सरोकारवालाहरूसँग भएका अन्तरक्रिया, छलफल र परामर्श कार्यक्रमहरूबाट राय सुझाव एवम् पृष्ठपोषण प्राप्त गरी सोसमेतका आधारमा समितिको निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ।

## १.६ अध्ययन प्रतिवेदनको संरचना

प्रस्तुत अध्ययन प्रतिवेदनलाई आवश्यक भाग, परिच्छेद, शीर्षक, र उपशीर्षकमा विभाजन गरी सिलसिलाबद्ध ढङ्गबाट संरचना गरी प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदनको पहिलो भागमा विषय सूची, सम्माननीय प्रधान न्यायाधीशज्यू समक्ष समितिले प्रतिवेदन प्रस्तुत गरेको पत्र र अनुसन्धानको भूमिकाहरू प्रस्तुत गरिएको छ। दोस्रो भाग विषयवस्तुसँग सम्बन्धित रहेको छ। त्यसैगरी, तेस्रो भागमा अनुसूचीहरू र सन्दर्भ सामग्रीहरू राखिएका छन्।

साथै, प्रतिवेदनलाई निम्नलिखित परिच्छेदमा सिलसिलाबद्ध ढङ्गमा प्रस्तुत गरिएको छ।

**परिच्छेद एक - प्रारम्भिकः** यस परिच्छेदमा अध्ययनको पृष्ठभूमि, अध्ययन समितिको गठन र कार्यादेश, अध्ययनको सीमा, समस्याको पहिचान, अध्ययनको उद्देश्य, अध्ययनको विधि र प्रक्रिया, अध्ययन प्रतिवेदनको संरचना लगायतका शीर्षकहरू समावेश गरिएका छन्।

**परिच्छेद दुई - पूर्व अध्ययन प्रतिवेदनहरूको समिक्षाः** यस परिच्छेदमा न्यायपालिकामा विकृति, विसङ्गतिसम्बन्धी पूर्व अध्ययनहरूको सङ्क्षिप्त विश्लेषण, पूर्व अध्ययन प्रतिवेदनहरूका सुझावहरूको कार्यान्वयनको अवस्था, पूर्व अध्ययन प्रतिवेदनहरूको कार्यान्वयनका सन्दर्भमा देखिएका समस्या, चुनौती र प्रमुख सवालहरू, र पूर्व अध्ययन प्रतिवेदनका सुझावहरूको सान्दर्भिकता र निरन्तरताको औचित्य लगायतका शीर्षकहरू समावेश गरिएका छन्।

साथै, न्यायपालिकामा विकृति, विसङ्गति सम्बन्धी पूर्व अध्ययनहरूको सङ्क्षिप्त विष्लेषण शीर्षक अन्तर्गत सर्वोच्च अदालत बार एसोसिएसनद्वारा गठित न्यायपालिकाप्रति जनआस्था अभिवृद्धि अध्ययन समितिको प्रतिवेदन, २०६४; सर्वोच्च अदालतद्वारा गठित विकृतिविहीन न्यायपालिकाको विकासका लागि अध्ययन कार्यदलको प्रतिवेदन, २०६६; र सर्वोच्च अदालतद्वारा गठित न्यायपालिकामा विकृति विसङ्गति अध्ययन समितिको अध्ययन प्रतिवेदन, २०७२ लगायतका उपशीर्षकहरू समावेश गरिएका छन्।

**परिच्छेद तीन - सरोकारवालाहरूबाट प्राप्त सुझाव तथा अन्य जानकारी एवम् सूचनाहरूको विश्लेषणः** यस परिच्छेदमा सरोकारवालाहरूको दृष्टिकोण तथा प्राप्त पृष्ठपोषण अन्य माध्यमबाट प्राप्त जानकारी, तथ्याङ्क र सूचनाहरू; र पृष्ठपोषण, जानकारी तथा सूचनाहरूको निकायगत एवम् विषयगत प्रस्तुति र विश्लेषणलगायतका शीर्षकहरू समावेश गरिएका छन्।

**परिच्छेद चार - न्यायिक सदाचार र न्यायिक सुशासनः** यस परिच्छेदमा न्यायपालिकामा विकृति, विसङ्गति, अनियमितता तथा विचलनसम्बन्धी अवधारणात्मक पक्ष; आन्तरिक वातावरण विश्लेषण; र वाह्य वातावरण विश्लेषणलगायतका शीर्षकहरू समावेश गरिएका छन्।

न्यायपालिकामा विकृति, विसङ्गति, अनियमितता तथा विचलनसम्बन्धी अवधारणात्मक पक्ष शीर्षक अन्तर्गत विकृति, विसङ्गति; अनियमितता र भ्रष्टाचार; बिचौलिया र विचलनजन्य कार्यहरूलगायतका उपशीर्षकहरू समावेश गरिएका छन्।

साथै, आन्तरिक वातावरण विश्लेषण शीर्षक अन्तर्गत न्याय प्रशासन र न्याय सम्पादन; कानून र कार्यविधि; आन्तरिक कार्य प्रणाली; सेवा प्रवाह र सेवाग्राहीसँगको व्यवहार; र अनुगमन र नियन्त्रण प्रणालीलगायतका उपशीर्षकहरू समावेश गरिएका छन्।

त्यसैगरी, वाह्य वातावरण विश्लेषण शीर्षक अन्तर्गत न्यायपालिकाका सरोकारवालाहरू र तिनको कार्य संस्कृति; न्यायपालिकाप्रतिका सोचं, दृष्टिकोण र स्थानीय परिवेश; र न्यायपालिकाप्रतिको आस्था र विश्वासलगायतका उपशीर्षकहरू समावेश गरिएका छन्।

**परिच्छेद पाँच - न्यायपालिकामा विकृति, विसङ्गति, अनियमितता तथा विचलनको अवस्था विशलेषणः** यस परिच्छेदमा न्यायपालिकामा विकृति, विसङ्गति, अनियमितता तथा विचलनको क्षेत्रहरू; न्यायपालिकामा विकृति, विसङ्गति, अनियमितता तथा विचलनको अवस्था र कारणहरू; न्यायपालिकामा विकृति, विसङ्गति, अनियमितता तथा विचलनको रोकथाम र नियन्त्रणका लागि विद्यमान समस्या र चुनौतीहरू; नीतिगत र कानूनी; संरचनागत; कार्यगत; वातावरणीय; र न्यायपालिकामा विकृति, विसङ्गति, अनियमितता तथा विचलनको रोकथाम र नियन्त्रणसम्बन्धी प्रमुख सवालहरूलगायतका शीर्षकहरू समावेश गरिएका छन्।

**परिच्छेद छ - न्यायपालिकामा विकृति, विसङ्गति, अनियमितता तथा विचलनको रोकथाम तथा नियन्त्रणका उपायसम्बन्धी सुझावहरुः** यस परिच्छेदमा नीतिगत र कानूनी; संरचनागत; कार्यगत; र वातावरणीय लगायतका शीर्षकहरू समावेश गरिएका छन्।

**परिच्छेद सात - सुझावहरूको कार्यान्वयनसम्बन्धी कार्ययोजना समावेश गरिएको छ।**

# परिच्छेद - दुई
# पूर्व अध्ययन प्रतिवेदनहरूको समीक्षा

## २.१ न्यायपालिकाको विकृति, विसङ्गतिसम्बन्धी पूर्व अध्ययन प्रतिवेदनहरूको सङ्क्षिप्त विश्लेषण

न्याय मानवको नैसर्गिक र जन्मसिद्ध शाश्वत हक हो। विकृति र भ्रष्टाचारविहीन न्यायपालिका न्यायका उपभोक्ता र न्यायसँग सरोकार राख्ने सबैको साझा चासो र चिन्ताको विषय हो। बिचौलियाहरूबाट न्याय सम्पादन प्रक्रिया र निर्णयमा हुनसक्ने प्रभावको नियन्त्रणको विषय पनि उत्तिकै सान्दर्भिक छ। न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति तथा अनियमितता नियन्त्रण गर्नुपर्ने विषय सबैको चासो र सरोकारको विषय बनेको छ। न्यायिक सुशासन प्रवर्द्धन गरी न्यायपालिकाको आस्था र गरिमा बढाउन उल्लिखित विषयहरूलाई गहनरूपमा अध्ययन गरी समाधान खोज्नुपर्ने हुन्छ।

न्यायपालिकाबाट भएका राम्रा नराम्रा कामहरूको टिप्पणी तथा विश्लेषण गरी सार्वजनिक भएका विचारहरूलाई सकारात्मक रूपमा लिनुपर्ने हुन्छ। न्यायपालिकाले गरेका कार्यको अनर्गल टिप्पणी गरी न्यायपालिकाको जनविश्वासमाथि नै आँच आउने टिका टिप्पणीहरू प्रति भने सचेत हुन जरूरी छ। प्रस्तुत अध्ययन न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, बिचौलियाको प्रभाव र भ्रष्टाचार नियन्त्रण तथा त्यसको रोकथामका लागि चाल्नुपर्ने प्राभवकारी उपायहरूका विषयमा केन्द्रित भएको र समितिलाई प्राप्त कार्यदिशमा यसअघि अध्ययन भई पेस भएका प्रतिवेदनहरूसमेतको अध्ययन गरी न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता वा भ्रष्टाचार एवम् बिचौलियाहरूबाट हुनसक्ने क्रियाकलाप रोक्न कानूनी, संरचनागत लगायतका उपायहरूसहितको प्रतिवेदन पेस गर्ने भन्ने उल्लेख भएको सन्दर्भमा सर्वोच्च अदालत बार एसोसिएसनद्वारा गठित न्यायपालिकाप्रति जनआस्था अभिवृद्धि अध्ययन समितिको प्रतिवेदन २०६४, सर्वोच्च अदालतद्वारा गठित विकृतिविहीन न्यायपालिकाको विकासका लागि अध्ययन कार्यदलको प्रतिवेदन, २०६६ र न्यायपालिकामा विकृतिविहीन अध्ययन समितिको प्रतिवेदन, २०७२ का सुझावसहितको प्रतिवेदन अध्ययन गरी ती प्रतिवेदनहरूमा उल्लेख भएका सुझावहरू र ती सुझावहरूको कार्यान्वयन अवस्थाको समीक्षा यस परिच्छेदमा गरिएको छ। यसका साथै उक्त प्रतिवेदनहरू कार्यान्वयनमा देखिएका समस्या, चुनौती र प्रमुख सवालहरू र तिनको सान्दर्भिकता तथा निरन्तरताको बारेमा विश्लेषण गरिएको छ।

### २.१.१ सर्वोच्च अदालत बार एसोसिएसनको अध्ययन प्रतिवेदन, २०६४

न्यायपालिकाप्रति जनआस्था अभिवृद्धि गर्ने लक्ष्यका साथ सर्वोच्च अदालत बार एसोसिएसनको कार्यसमितिबाट मिति २०६३।१२।१४ गते वरिष्ठ अधिवक्ता श्री श्रीहरि अर्यालको

नेतृत्वमा देहायबमोजिमका सदस्य रहेको न्यायपालिकाप्रति जनआस्था अभिवृद्धि अध्ययन समिति गठन भएको देखिन्छः-

(१) वरिष्ठ अधिवक्ता श्री श्रीहरि अर्याल - संयोजक
(२) अधिवक्ता श्री कमलनारायण दाश - सदस्य
(३) अधिवक्ता श्री प्रकाश वस्ती - सदस्य
(४) अधिवक्ता श्री भरतराज उप्रेती - सदस्य
(५) अधिवक्ता श्री श्रीकान्त वराल - सदस्य सचिव

मिति २०६४।०८।१९ मा सदस्य अधिवक्ता श्री कमलनारायण दासले राजीनामा दिई मिति २०६४।०९।०९ मा स्वीकृत भएपछि बाँकी संयोजक एवम् सदस्यहरूले प्रतिवेदन बुझाउने कार्य गरेको पनि प्रतिवेदनबाट खुलेको पाइन्छ।

**समितिलाई प्राप्त कार्यदेशः**

स्वतन्त्र न्यायपालिकाको पवित्रता कायम राखी जनआस्था अभिवृद्धि गर्नका लागि सर्वोच्च अदालतमा देखिएका समस्याहरू एवम् पत्रपत्रिकामार्फत प्रकाशनमा आएका विषयवस्तु तथा सिडी प्रकरणसमेतका विषयहरूको विस्तृत अध्ययन गरी तत्सम्बन्धमा र न्याय प्रशासनलाई प्रभावकारी बनाउनका लागि गर्नुपर्ने आवश्यक सुधारसमेतको विषयमा विषयवस्तुको गाम्भीर्यतालाई मध्यनजर राखी यथाशक्य छिटो प्रतिवेदन पेस गर्न भन्ने कार्यदिश समितिलाई प्राप्त भएको देखिन्छ।

**समितिले गरेको अध्ययन विधिः**

- तथ्य सङ्कलन
- सन्दर्भ सामग्री सङ्कलन
- सर्वेक्षणका लागि प्रश्नपत्र निर्माण, वितरण तथा सुझाव सङ्कलन
- राष्ट्रिय सञ्चार माध्यममा सूचना प्रकाशन र सुझाव सङ्कलन
- सम्बद्ध पक्षहरूसँग भेटघाट

उक्त समितिले तयार गरेको प्रतिवेदनमा न्यायपालिकाको जनशक्ति व्यवस्थापन, बिचौलियाहरूको प्रभावलगायतका समस्याग्रस्त क्षेत्रहरू, सरोकारवालाहरूको भूमिका र दायित्वसमेतका सन्दर्भमा अध्ययन गरिएको देखिन्छ। उक्त प्रतिवेदन १० परिच्छेदमा विभाजन गरिएको र अध्ययनका क्रममा विभिन्न क्षेत्र तथा वर्गबाट राय सुझाव सङ्कलन गरिएको भन्ने प्रतिवेदनमा रहेका तालिकाहरूबाट देखिन आउँछ। परिच्छेद १० मा विभक्त उक्त प्रतिवेदनको परिच्छेद १ मा अध्ययन समितिको कार्यक्षेत्र र कार्यविधि, परिच्छेद २ मा न्यायपालिकाको जनशक्ति व्यवस्थापन, परिच्छेद ३ मा कानूनमा देखिएका कमी कमजोरी, परिच्छेद ४ मा मुद्दा व्यवस्थापन, परिच्छेद ५ मा न्याय सेवा आयोग र न्याय परिषद्को क्रियाकलाप, परिच्छेद ६ मा न्यायपालिकाभित्रको गुटबन्दी र संरक्षणवाद, परिच्छेद ७ मा

न्यायपालिकाभित्र बिचौलियाहरूको भूमिका, परिच्छेद ८ मा सार्वजनिक सञ्चार माध्यम र न्यायपालिका, परिच्छेद ९ मा कानून व्यवसायीको भूमिका र दायित्व तथा परिच्छेद १० मा सारसंक्षेप समावेश गरेको पाइन्छ।

<u>**न्यायपालिकाको जनशक्ति व्यवस्थापनका सम्बन्धमा पेस भएका सुझावहरुः**</u>

न्यायपालिकाको जनआस्था घटाउन कर्मचारीहरूको सर्वाधिक भूमिका, न्यायपालिकामा कार्यरत कर्मचारीको नकारात्मक प्रवृत्ति, इमान्दारितापूर्वक काम गर्ने कर्मचारीको कमीजस्ता विषयको विश्लेषण गरी प्राप्त नतिजालाई तालिकामा उल्लेख गरेको देखिन्छ। न्यायपालिकाको कर्मचारी प्रशासनमा संरक्षणवाद र गुटबन्दी हावी देखिएको कुरासमेत प्रतिवेदनमा उल्लेख भएको अवस्था छ। यसरी नै नियुक्ति पदस्थापनमा देखिएका समस्या र सुझावका बारेमा प्रतिवेदनमा चर्चा गरिएको पाइन्छ। उच्च र जिल्ला अदालतका न्यायाधीशहरूको नियुक्तिको मापन गर्ने वस्तुनिष्ठ आधार समुचित परीक्षा पद्धतिबाहेक अरू हुन नसक्ने हुँदा न्यायाधीश नियुक्तिको पूर्वावस्थाका रूपमा योग्यता परीक्षा प्रणाली लागू गर्न सुझाव दिएको देखिन्छ। यसरी नै सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्ति गर्दा हुने सुनुवाइको प्रक्रिया थप प्रभावकारी र व्यवस्थित एवम् मर्यादित बनाउन सुझाव दिएको देखिन्छ। त्यस्तै सरूवा र काजका लागि आधार र प्राथमिकता तय हुन नसक्दा भनसुन, चाकडी र आसेपासेलाई खुशी पार्ने कुरामा आधारित भएको कुरा इंगित गरेको छ। खास कर्मचारीलाई लामो समयसम्म एउटै फाँटमा राखीरहँदा र निश्चित जिम्मेवारी दिइरहँदा व्यापक रूपमा विकृति बढेको कुरासमेत प्रतिवेदनमा समावेश भएको देखिन्छ। सरूवालाई दण्ड र पुरस्कारबाट पृथक बनाई कानूनबमोजिम नियमित प्रक्रियाका आधारमा गर्नसमेत सुझाव दिएको देखिन्छ। कुल कर्मचारीको अभिलेख राखी सबै तहका अदालतको अनुभव दिलाउने गरी सरूवा गर्न सुझाव पेस गरेको पनि देखिन्छ। कर्मचारीको कारबाहीको सिर्जना मनोगत आधारमा नभई कामको परिमाणको आधारमा वस्तुनिष्ठ रूपमा गर्नसमेत सुझाएको देखिन्छ।

यसरी नै कर्मचारीलाई न्यायाधीशले सहयोगीका रूपमा हेर्ने प्रवृत्तिको अभाव रहेको, कर्मचारी र न्यायाधीशबीचको सेवा सुविधामा ठूलो अन्तर रहेको, न्यायाधीशलाई प्रशासनिक र आर्थिक बोझको जिम्मेवारीसमेत दिइएकाले न्यायाधीश न्यायकर्ताभन्दा पनि कर्मचारीको रूपमा प्रस्तुत हुने कुरा प्रतिवेदनमा औंल्याइएको छ। निर्णयकर्ताले प्राय आफूले नियुक्ति गरेको कर्मचारीलाई बिचौलियाको रूपमा प्रयोग गरेको, कर्मचारी लामो समयसम्म एउटै ठाउँमा बस्दा भ्रष्टाचार बढेको तथा न्यायाधीशले आफू सरूवा हुँदा कर्मचारीलाई आफूसँगै लैजाने प्रवृत्ति रहेको कुरासमेत प्रतिवेदनमा समावेश छ। अदालतको कर्मचारीसम्बन्धी विषयमा न्यायाधीशको प्रत्यक्ष संलग्नताभन्दा रजिस्ट्रार वा स्रेस्तेदारको प्रशासकीय भूमिकालाई प्रोत्साहित गर्न सुझाव प्रस्तुत गरेको छ। न्यायाधीश र कर्मचारीबीचको सेवा सुविधाको अन्तर न्यायोचित हुन र न्यायाधीशलाई प्रशासकीय र आर्थिक कार्यभारबाट मुक्त गरी

पूर्णरूपमा न्यायिक कार्यप्रति जिम्मेवार बनाउन सुझाव प्रस्ताव गरेको छ। कर्मचारी नियुक्ति गर्ने न्यायाधीश र नियुक्त कर्मचारीलाई एउटै अदालत वा उच्च अदालतको अधिकारक्षेत्रभित्र राख्न निषेध गर्नसमेत प्रतिवेदनमा औंल्याइएको छ।

आर्थिक होडबाजीका कारण सेवाग्राहीबाट आर्थिक लाभ प्राप्त होस् भन्ने भावना बढ्दै गएको तथ्यलाई प्रतिवेदनमा गम्भीर रूपमा उठाई अदालतमा कार्यरत जनशक्तिको लागि उपयुक्त र पर्याप्त सेवा सुविधाको व्यवस्था गरी कर्मचारीको मनोबल वृद्धि गर्न सुझाव प्रस्तुत गरेको छ।

**<u>कानूनमा देखिएका कमी कमजोरी सम्बन्धमा पेस भएका सुझावहरू:</u>**

न्यायाधीशको संसदीय सुनुवाइ व्यवस्था सैद्धान्तिकरूपमा सुस्पष्ट हुनुपर्ने, न्यायाधीश नियुक्तिमा योग्यता परीक्षा पद्दति लागू हुनुपर्ने, सर्वोच्च अदालतको सट्टा न्यायपालिकाको वार्षिक प्रतिवेदन भन्नुपर्ने, पुनरावलोकन समितिको व्यवस्था हुनुपर्ने, मुद्दा सार्नसक्ने व्यवस्था हुनुपर्ने, बन्नुपर्ने कानून बन्नुपर्ने र बनेका कानून प्रभावकारी रूपमा लागू हुनुपर्ने, कार्यविधि कानूनमा सुधार गरी कार्यविधिलाई सरल बनाइनुपर्नेलगायतका सुझावहरू समावेश भएको देखिएको छ। मुद्दा दर्ता प्रक्रिया, म्याद तामेली, तारिख र म्याद, थुनछेक, मुद्दाको सुनुवाइ, मुलतबी, प्रमाण बुझ्ने, मिलापत्र, बहस व्यवस्थापन, फैसला र अन्तिम आदेश, फैसला कार्यान्वयन, अधिकारक्षेत्र, हकदैया, हदम्याद, दण्ड सजाय लगायतका विषयमा पुनरावलोकन गरी कार्यविधिगत सुधार गर्नुपर्ने र दुस्कृति, क्षतिपूर्ति, हदम्याद, संहिता कानूनलगायतका कानून तर्जुमा गर्न प्रतिवेदनमा सुझावहरू प्रस्ताव गरेको देखिन्छ।

**<u>मुद्दा व्यवस्थापनका सम्बन्धमा पेस भएका सुझावहरू:-</u>**

प्रभावकारी मुद्दा व्यवस्थापनका लागि प्रत्येक कार्य र प्रक्रिया उचित समय सारणीद्वारा व्यवस्थित हुनुपर्ने, अदालतका प्रत्येक कर्मचारीको निश्चित कार्यविवरण तोकिनुपर्ने, अदालती प्रक्रिया र लाग्ने दस्तुरबारे प्रष्ट जानकारी दिन सहयोगी संयन्त्रको विकास हुनुपर्ने, कर्मचारीले गरेका गलत कार्यसम्बन्धी उजूरी तत्काल प्रभावकारी सुनुवाइ हुने व्यवस्था गर्नुपर्ने, समय सारिणीका आधारमा फैसला कार्यान्वयन प्रभावकारी हुनुपर्ने, तारिख प्रथा क्रमशः हटाउँदै लानुपर्ने, बहस प्रणाली व्यवस्थित र वैज्ञानिक हुनुपर्ने, पेसी प्रथा वैज्ञानिक हुनुपर्ने, निर्णय सुनाउने पद्धतिलाई सीमित र आवश्यकताउन्मुख बनाउनुपर्ने, सार्वजनिक सरोकारको मुद्दाका सम्बन्धमा ठोस मापदण्ड निर्धारण गर्नुपर्ने, अभिलेख व्यवस्थापन वैज्ञानिक हुनुपर्ने, मुद्दाको प्राथमिकताक्रम व्यावहारिक हुनुपर्ने, मुद्दा व्यवस्थापनका लागि न्यायाधीशहरूलाई समूहकृत गर्ने, नमूना अदालतको काम कारबाहीको निष्पक्ष मूल्याङ्कन गरी ठोस निष्कर्ष निकाल्नुपर्ने, पेसी स्थगन समस्यालाई व्यवस्थित गर्नुपर्ने, व्यावसायिक केन्द्र रहेका सबै तहका अदालतहरूमा वाणिज्य इजलास खडा गर्नुपर्ने, फैसला तयारीमा तदारूकता हुनुपर्ने, अदालत सेवासम्बन्धी छुट्टै ऐनद्वारा न्यायिक प्रक्रियामा कानूनी शिक्षा र तालिम प्राप्त कर्मचारीमात्र संलग्न रहने व्यवस्था गर्नुपर्ने, कार्यविधिका सम्बन्धमा तालिम प्राप्त कर्मचारी मात्र संलग्न रहने व्यवस्था गर्ने, अदालतहरूमा

पर्याप्त बजेटको व्यवस्था हुनुपर्ने, न्यायाधीशहरूबाट मुद्दा रोज्ने वा मुद्दा पन्छाउने, प्रवृत्ति रोक्नुपर्ने, निरोधात्मक न्याय प्रणालीलाई प्राथमिकता दिनुपर्ने लगायतका उपायहरू अवलम्बन गर्न प्रतिवेदनले सुझाव दिएको देखिएको छ।

<u>**न्याय सेवा आयोग र न्याय परिषद्का क्रियाकलापका सम्बन्धमा पेस भएका सुझावहरूः-**</u>

न्याय परिषद्ले भागबण्डाका आधारमा नियुक्ति गर्ने गरेको, न्याय परिषद् सदस्यहरूको पेवा बनेकोछ। नीति नियमभन्दा पनि संरक्षणवादका आधारमा चल्छ भन्ने निष्कर्ष निकाल्दै योग्य न्यायाधीशको नियुक्ति गर्ने, न्यायाधीशको योग्यता क्षमता र आचरणमा प्रश्न उठेपछि बिना संरक्षण कारबाही गर्ने, काम कारबाहीमा पारदर्शिता ल्याउनुपर्ने, न्यायाधीशको आचरणको सक्रिय अनुगमन गर्नुपर्ने लगायतका सुझावहरू प्रस्तुत गरेको छ। त्यस्तै न्याय सेवा आयोगको काम कारबाही पनि भाबण्डाका आधारमा सञ्चालन हुने गरेको, राजनीतिक प्रभावबाट बढी प्रभावित भएको, नीति नियम भन्दा तदर्थवादमा सञ्चालन भएको जस्ता समस्याहरू औंल्याउँदै सुधारका लागि ती समस्याहरूको समाधान खोजिनुपर्ने कुरामा जोड दिएको छ। समितिले न्याय परिषद् सक्रिय हुन नसकेको, कतिपय न्यायाधीशहरू इमानदार र सक्षम नभएको, कतिपयको आचरण र क्रियाकलाप पदीय मर्यादा अनुकुल नभएको, फैसला अनुमानै गर्न नसकिने विषय भएको, न्यायाधीशसँग अनुचित सम्पर्क बढाई न्याय तलमाथि पार्ने गरिएको, कतिपय जनशक्ति आफ्नै क्षमतामा विश्वास गर्नसक्ने अवस्थामा नरहेका, न्यायपालिकामा भ्रष्टाचार मौलाउँदै गएको, कार्यशैली जवाफदेहिताको अभाव रहेको, अनुगमन, सुपरीवेक्षण र कारबाही गर्ने संयन्त्रको अभाव रहेको जस्ता समस्याहरू रहेको निष्कर्ष निकाल्दै संस्थागत सुधार सम्बन्धी सुझावसमेत प्रस्ताव गरेको देखिएको छ। सुधारका लागि न्यायाधीशको मूल्याङ्कन फैसला वा आदेशका आधारमा हुनुपर्ने, फैसलाको निश्चित ढाँचा तोकिनुपर्ने कुरा उल्लेख भएको छ।

न्यायपालिकाभित्र विकृति, विसङ्गति बढ्दै गएको अनुभूति भए पनि न्याय परिषद् वा संसदले कुनै पनि न्यायाधीशलाई ठोस र प्रभावकारी कारबाही गर्न सकेको नपाईंदा न्यायाधीश विरूद्ध पर्ने उजूरीको सुनुवाइ र सजायको प्रस्ताव तयार गर्न विशेष किसिमको विशेषज्ञसहितको समिति गठन गर्न सुझाव प्रस्ताव गरेको देखिन्छ। त्यसरी नै न्यायाधीश र न्याय सेवाका कर्मचारीहरूको आचारसंहिता पालना भए, नभएको प्रभावकारी अनुगमन प्रणाली विकास गर्न आवश्यक भएको कुरासमेत औंल्याइएको पाइन्छ। न्यायाधीशहरूले आचरण विपरित विभिन्न पक्षहरूलाई भेट्ने, तिनको आतिथ्यता स्वीकार गर्ने र खास-खास कानून व्यवसायीलाई मुद्दा सिफारिस गर्दछन् भन्ने गुनासो हुँदा सचेत र सतर्क हुनुपर्ने आवश्यकतामा जोड दिएको छ। न्याय परिषद्को संरचना पुनरावलोकन गरी सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीशको अध्यक्षतामा न्याय परिषद् गठन गरी सो परिषद्ले गर्ने सिफारिसका आधारमा प्रधान न्यायाधीशले अन्य न्यायाधीशको नियुक्ति गर्न र जिल्ला तथा उच्च अदालतको न्यायाधीश पदमा नियुक्तिका लागि सिफारिस गर्न लोक सेवा आयोगका अध्यक्षलाईसमेत परिषद्को पदेन सदस्यको

रूपमा समावेश गर्न उपयुक्त हुने राय प्रस्ताव गरेको देखिन्छ। न्याय प्रशासनसँग प्रत्यक्षरूपमा जोडिएर रहेको सम्पूर्ण जनशक्तिलाई एकै छाना अन्तर्गत राख्न उपयुक्त हुने हुँदा न्यायपालिकासम्बन्धी छुट्टै ऐन निर्माण गर्न उपयुक्त हुने कुरालाई प्रतिवेदनमा सुझाइएको देखिन्छ। न्यायाधीश नियुक्तिमा व्यावसायिक विविधता र विशिष्टतालाई समेट्नुपर्ने आवश्यकता रहेको कुरालाई प्रतिवेदनमा समावेश भएको छ। यस प्रयोजनार्थ कानूनी शिक्षाको पाठ्यक्रम र शिक्षण विधिको पुनर्संरचनाका लागि शिक्षा मन्त्रालय, सम्बन्धित विश्वविद्यालय, नेपाल कानून व्यवसायी परिषद् तथा सर्वोच्च अदालतसमेत जागरूक हुनुपर्ने आवश्यकता रहेको कुरालाई प्रतिवेदनमा महत्त्वका साथ उल्लेख गरिएको छ। यसरी नै विशेष प्रकृतिका अदालतको विघटन र न्यायिक निकायको एकीकरण गरिनुपर्ने आवश्यकता रहेको कुरामा जोड दिएको देखिन्छ।

**<u>न्यायपालिकाभित्रको गुटवन्दी र संरक्षणवादका सम्बन्धमा पेस भएका सुझावहरूः-</u>**

आर्थिक लाभ र भ्रष्टाचारको लालसाले गुटबन्दी र संरक्षणवादका किटाणुहरू बढ्दै गएको तथा भ्रष्टाचारले न्यायपालिकाभित्र आकार लिएपछि क्रमशः गुटबन्दी र संरक्षणवादले जरा गाड्न थालेकोले नेतृत्वले विशेष ध्यान दिन आवश्यक रहेको कुरालाई उठाएको पाइन्छ। न्यायपालिकाभित्र संरक्षणवादको संरचना खडा गर्ने कार्यमा नेतृत्व र माथिल्ला तहका पदाधिकारी नै संलग्न रहेको तथ्यांक पेस गर्दै इमानदार कर्मचारीलाई दुरूत्साहन गर्ने, भ्रष्ट र बेइमानहरूलाई प्रोत्साहन हुने र अनुशासनहिनतामा वृद्धि हुने जस्ता नकारात्मक परिणाम उत्पन्न हुने अभिमत प्राप्त भएको कुरा प्रतिवेदनमा उल्लेख भएको देखिन्छ। यस प्रकारका समस्या समाधानको लागि इमानदार नेतृत्वको खाँचो, नियुक्ति, सरूवा र बढुवामा प्रणाली बनाई कार्यान्वयन गर्ने, गुटबन्दी र संरक्षण गर्ने विरूद्ध सशक्त कारबाही गर्ने लगायतका उपायहरू अवलम्बन गर्नुपर्ने सुझाव दिएको देखिन्छ।

**<u>न्यायपालिकाभित्र बिचौलियाहरूको भूमिकाका सम्बन्धमा पेस भएका सुझावहरूः-</u>**

न्यायपालिकाभित्र बिचौलियाहरूको भूमिकाका सन्दर्भमा उक्त प्रतिवेदनमा न्यायाधीश र मुद्दाका पक्षहरूबीच भ्रष्टाचारका निमित्त सम्पर्क सूत्रका रूपमा काम गर्ने बिचौलियाहरू कानून व्यवसायी, कानून व्यवसायीका फर्ममा यस्तै कामका लागि राखिएका कमीसन एजेण्ट वा सहयोगी कर्मचारी, अदालतका बहालवाला कर्मचारी, पूर्व न्यायाधीश, अदालतका पूर्व कर्मचारी, मुद्दा खरीद बिक्री गर्ने गिरोह, बहालवाला न्यायाधीश, राजनीतिक कार्यकर्ता, समाजसेवी, न्यायाधीशका गार्ड, न्यायाधीशका पुरेत, न्यायाधीशका बगैंचे, न्यायाधीशका मित्र, न्यायाधीशका भान्से, न्यायाधीशका ड्राइभर, न्यायाधीशका अर्दली/कामदार र न्यायाधीशका नातेदारसमेत १७ किसिमका व्यक्तिहरूले प्रत्यक्षरूपमा बिचौलियाको भूमिका निर्वाह गरेको कुरा औंल्याइएको पाइन्छ। उल्लिखित १७ किसिमका बिचौलियाबाहेक राष्ट्रिय गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था न्यायाधीश नियुक्त कमीसन एजेन्ट, इजलास अधिकृत, न्यायाधीशका श्रीमान्/श्रीमती, शक्तिमा आसिन व्यक्तिहरू, न्यायाधीश

सिफारिसकर्ता, नियुक्तिकर्ता, न्यायाधीशलाई आफ्नो पक्षमा पार्ने बार एसोसिएसनका पदाधिकारी, न्यायाधीशका छिमेकी, न्यायाधीशकहाँ विभिन्न सामान आपूर्तिकर्ता र न्यायाधीशका इष्टभित्र, साथीभाइले पनि बिचौलियाको भूमिका निर्वाह गरेको तथ्य देखाइएको छ। बिचौलियाहरू भ्रष्टाचार गर्न गराउन तल्लीन रहने गरेको कुरासमेत प्रतिवेदनमा उल्लेख भएको देखिन्छ। बिचौलियालाई न्यायपालिकाभित्रको नयाँ भाइरसको संज्ञा दिंदै अर्थोपार्जन यसको मूल लक्ष्य भएको कुरासमेत उजागर गरेको देखिन्छ। कमाउ हुने खालको उपयुक्त मुद्दा खोजी गर्ने, मुद्दाका पक्षहरूबाट आवश्यक रकम लिने र पुऱ्याउने यस वर्गको काम हो। कतिपयको यो पूर्णकालीन र कतिपयको अल्पकालीन पेसा भएको कुरा उल्लेख गर्दै असल न्यायाधीशलाई असल बन्न र बनिरहनबाट रोक्ने गरेको कुरा उल्लेख गरेको उक्त प्रतिवेदनमा न्यायालयमा यो समस्या गम्भीर रूपमा बढिरहेको तथ्य औंल्याइएको छ। कतिपय बिचौलियाहरू न्यायाधीशका नाममा रकम उठाएर जिताइदिएँ भन्ने र हारे खर्च कटाई फिर्ता गर्ने खेलाडीका रूपमा रूपमा कार्य गरेको देखिन्छ।

बिचौलियाको सीधा सम्बन्ध भ्रष्टाचारसँग रहेको कुरामा जोड दिंदै यसको निराकरणका लागि सामुहिक अठोटको आवश्यकता, कानून कार्यान्वयन गर्ने निकायको सक्रियता, उत्साहजनक वातावरणको निर्माण, कानून व्यवसायमा शुद्धीकरण, आचारसंहिता परिमार्जन र पालना, अदालत प्रशासनमा सुधार, मुद्दा व्यवस्थापनमा सुधारलगायतका उपायहरू अवलम्बन गर्न सुझाव दिएको पाइन्छ।

**<u>सार्वजनिक सञ्चार माध्यम र न्यायपालिकाका सम्बन्धमा पेस भएका सुझावहरूः-</u>**

सशक्त र उत्तरदायी प्रेस तथा स्वच्छ, निष्पक्ष र पारदर्शी न्यायपालिका प्रजातान्त्रिक शासन व्यवस्थाका लागि महत्त्वपूर्ण अवयव भएको सन्दर्भ उल्लेख गर्दै सञ्चार क्षेत्रले न्यायमा पार्ने प्रभावका बारेमा उक्त प्रतिवेदनमा चर्चा गरेको पाइन्छ। नेपालमा अदालती काम कारबाहीको समाचार सङ्कलन गर्ने पत्रकार तथा समाचारको सम्पादन तथा प्रकाशन एवम् प्रसारण गर्ने व्यक्ति तथा संस्थाहरूमा कानूनी ज्ञान वा प्रक्रियागत समझको अभाव रहनु, विचाराधीन मुद्दाका सम्बन्धमा टिकाटिप्पणी गर्ने, विचाराधीन मुद्दामा दबाब सिर्जना हुने किसिमका सामग्रीहरूको प्रकाशन, न्यायाधीशका विषयमा तथ्यको यकीन नगरी समाचार प्रकाशन गर्ने जस्ता प्रवृत्ति बढ्दै गएकोले यसलाई नियमन गर्न जरूरी रहेको आवश्यकता औंल्याइएको देखिन्छ। अदालतका काम कारबाहीबारे पत्रकारलाई सूचना दिने शाखा वा संयन्त्रको व्यवस्था नभएको, गलत सूचना वा जानकारी जानसक्ने सम्भावना भएकाले धेरै समस्या आएको कुरा औंल्याइएको छ। यस प्रयोजनका लागि प्रकाशन गर्न हुने र नहुने सामग्रीहरू र दण्ड सजायको सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था हुन, सञ्चार माध्यमसँगको सम्बन्ध हेर्ने संयन्त्रको विकास गर्न, प्रवक्तामार्फत सूचना सम्प्रेषण हुन, अदालतका कागजातहरूसँग सञ्चार माध्यमको पहुँच हुन, अदालत र सार्वजनिक सञ्चारमाध्यमको सम्बन्धबारेमा प्रेस काउन्सिलसँग समन्वय र छलफल

हुन, पेशागत आचारसंहिता समयसापेक्ष बनाउन, असल संस्कृतिको विकास गर्न सञ्चारकर्मीहरूलाई तालिमको व्यवस्था गर्नेलगायतका सुझावहरू प्रस्तुत गरेको देखिएको छ।

**<u>कानून व्यवसायीको भूमिका र दायित्वका सम्बन्धमा पेस भएका सुझावहरूः-</u>**

प्रतिवेदनमा कानून व्यवसायीमा देखिएका विकृति, विसङ्गतिहरूको सूची प्रस्तुत गरेको पाइन्छ। कानून व्यवसायीहरूमा अदालतहरूलाई सहयोग गर्नुको सट्टा हरहालतमा मुद्दा जित्नैपर्ने अपसंस्कृतिको विकास भएको, दूषित काम गरी दाम कमाउने उद्देश्यबाट प्रेरित हुने गरेको, कृत्रिम मुद्दा खडा गरी हैरानी दिने प्रवृत्ति बढेको, दलाल पाल्ने प्रवृत्ति रहेको, परीक्षणका लागि मुद्दा लड्ने गरेको, मुद्दा स्थगित गर्ने सुविधाको दुरूपयोग गरी न्यायमा विलम्ब गर्ने गरेको, पक्षले दिएको अख्तियारीको दुरूपयोग गरेको, संसद् सदस्यले बहस पैरवी गर्ने गरेको, केही कानून व्यवसायीहरूले आफ्नो राजनीतिक वा शक्ति केन्द्रको प्रभाव देखाएर न्यायाधीशलाई प्रभाव पार्ने गरेको, कतिपय कानून व्यवसायी घुसको माध्यम बनेको, अपारदर्शी आयस्रोत रहेको, फाइल फिर्ता नदिने तथा तारिख छोड्न लगाई मुद्दा बिगारिदिने गरेको, बिचौलिया कानून व्यवसायीको जमात ठूलो रहेको, आचारसंहिताको पालना नभएको जस्ता विकृति, विसङ्गतिहरू कानून व्यवसायको क्षेत्रमा देखिएको कुरा प्रतिवेदनमा समावेश भएको देखिन्छ। यस्ता विकृति, विसङ्गति हटाउनका लागि नेपाल कानून व्यवसायी परिषद् अन्तर्गत अनुशासन समितिको पुनर्संरचना गर्नुपर्ने, कानून व्यवसायीको पेशागत आचरणमा समयानुकुल सुधार गर्नुपर्ने, प्रतिवादी भए अनुमति लिएर मात्र व्यवसाय गर्न पाउने, नेपाल कानून व्यवसायी परिषद् ऐनमा परिमार्जन गर्नुपर्ने, नव कानून व्यवसायीलाई तालिम र अद्यावधिकको अनिवार्यता गर्नुपर्ने, मुद्दा स्थगित गर्ने व्यवस्थाको दुरूपयोग रोक्ने, अनुचित प्रभावबाट अदालतलाई जोगाउनुपर्ने, कानून व्यवसायीको प्रमाणपत्र अनिवार्य रूपमा अद्यावधिक गर्नुपर्ने, नियमित पारिश्रमिक लिई पूरा समय काम गर्ने व्यक्तिको प्रमाणपत्र निष्क्रिय हुने व्यवस्था गर्ने, नेपाल कानून व्यवसायी परिषद्मा फर्म दर्ता गर्नुपर्ने, नेपाल बार एसोसिएसनको विधान परिमार्जन गर्नुपर्ने, कुनै कानून व्यवसायीले विचाराधीन मुद्दाको मिसिलबाट जथाभावी मुद्दा चलाएको पाइएमा वा पेशागत आचारसंहिता उल्लङ्घन गरेको पाइएमा उचित कारबाहीका लागि अदालतले नेपाल कानून व्यवसायी परिषद्समक्ष सिफारिस गरी पठाउनसक्ने व्यवस्था गरिनुपर्ने लगायतका सुझावहरू प्रस्तुत गरेको देखिन्छ।

### २.१.२ विकृतिविहीन न्यायपालिकाको विकास अध्ययन प्रतिवेदन, २०६६

न्यायपालिका सामु रहेका विभिन्न समस्या तथा त्यसबाट उत्पन्न भएका विकृतिहरूको नियन्त्रणका लागि तत्कालीन सम्माननीय प्रधान न्यायाधीश श्री अनुपराज शर्माज्यूको मिति २०६६।०९।०७ को निर्णयानुसार विकृतिविहीन न्यायपालिकाको विकास अध्ययन गरी प्रतिवेदन पेस गर्नका लागि देहायबमोजिमका संयोजक तथा सदस्यहरू रहेको कार्यदल गठन भएको देखिन्छः-

- माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ - संयोजक
- माननीय न्यायाधीश श्री खिलराज रेग्मी - सदस्य
- माननीय न्यायाधीश श्री गिरीशचन्द्र लाल - सदस्य
- माननीय न्यायाधीश श्री प्रकाश वस्ती - सदस्य

**उक्त कार्यदललाई देहायबमोजिमको कार्यदिश प्रदान गरिएको पाइयोः**

- न्यायाधीश, कानून व्यवसायी, सञ्चार माध्यम र सेवाग्राहीसमेतसँग अन्तरक्रिया गर्ने,
- विभिन्न माध्यमद्वारा सूचना सामग्री सङ्कलन गर्ने,
- अदालतभित्र हुने विकृति, त्यसको क्षेत्र, माध्यम र प्रवृत्तिको स्पष्ट पहिचान गर्ने,
- समस्या समाधानका स्पष्ट र दीर्घकालीन उपाय निर्धारण गर्ने,
- सिफारिस लागू गर्ने र अनुगमन गर्ने निकायको प्रभावकारिताका उपायसमेत निर्धारण गर्ने।

**समितिले गरेको अध्ययन विधिः**

- पत्रपत्रिकामा प्रकाशित समाचार र सम्प्रेषण विचारहरूको सङ्कलन,
- इलेक्ट्रोनिक्स माध्यमबाट प्रवाह र सञ्चार भएका समाचार र सुझावहरूको सङ्कलन,
- छलफल र अन्तरक्रियाका माध्यमबाट सहभागीहरूबाट व्यक्त सुझाव र प्रतिक्रिया सङ्कलन,
- न्याय परिषद्, नेपाल कानून व्यवसायी परिषद्, नेपाल बार एसोशिएसन, महान्यायाधिवक्ताको कार्यालयबाट प्राप्त सुझाव, उजूरी, कारबाहीसम्बन्धी विवरणको सङ्कलन,
- सर्वोच्च अदालत बार एसोसिएसनबाट गरिएको अध्ययनमा आधारित न्यायपालिकाप्रति जनआस्था अभिवृद्धि अध्ययन समितिको प्रतिवेदन, २०६४, विभिन्न लेखकहरूद्वारा प्रकाशित अदालतसम्बन्धी लेख, रचना, पुस्तक, प्रतिवेदन, पत्रपत्रिकाहरूको सङ्कलन,
- अदालती कामकारबाहीसँग सम्बद्ध र आबद्ध सबै खाले सरोकारवालाहरूको पहिचान गरी उनीहरूका रायसुझाव, प्रतिक्रिया र अनुभव सङ्कलन,
- प्राप्त विवरण, रायसुझाव एवम् प्रतिक्रियाहरूको विश्लेषण।

उक्त समितिले प्रस्तुत गरेको प्रतिवेदन ५ परिच्छेदमा विभाजन गरी पूर्णता दिएको देखिन्छ। परिच्छेद १ मा कार्यदलको गठन, उद्देश्य, कार्यादेश, कार्यविधि, परिच्छेद २ मा तथ्य सङ्कलन र अन्तरक्रियाबाट प्राप्त सूचनाहरू, तेस्रो परिच्छेदमा सङ्कलित विवरण तथा सुझावहरूको सङ्क्षिप्त विश्लेषण चौंथो परिच्छेदमा समस्याहरूको पहिचान र पाँचौं परिच्छेदमा निष्कर्ष र समाधानका उपाय तथा सुझावहरू प्रस्तुत गरेको पाइन्छ। समस्याहरूमा न्यायमा ढिलासुस्ती, फैसला कार्यान्वयन, महँगो

न्याय, पारदर्शिता र भ्रष्टाचार जस्ता शीर्षकमा कारण र अनुमानित मात्रासमेतका बारेमा चर्चा गरिएको देखिन्छ।

**प्रतिवेदनमा पहिचान गरिएका समस्याहरू देहायबमोजिम रहेका छन्:**

(१) <u>ढिलासुस्ती</u>

- → म्याद सूचना, पुनरावेदनको म्याद समयमै जारी र तामेल नहुनु तथा बेरितका म्याद समयमै वदर नगरिनु।
- → थाम्ने थमाउने म्याद अनावश्यक रूपले धेरै हुनु र प्रमाण मुकरर आदेश एकैपटक नगरी पटक-पटक गरिनु।
- → एकैपटक सम्पन्न गर्न सकिने काम एकै पटक नगरी पटक-पटक गर्ने र अङ्ग पुगिसकेपछि पनि पेसी चढाउन विलम्ब गरिनु।
- → कानूनले तोकेभन्दा बढी पटक पेसी स्थगनका लागि परेका निवेदन स्वीकार गर्नु र बहस व्यवस्थापन नगरिनु।
- → दक्ष जनशक्ति छनौट गरी आवश्यक जनशक्ति व्यवस्थापन हुन नसक्नु।
- → न्यायाधीश नियुक्तिमा निश्चित मापदण्ड नबनाउनु र आफू अनुकूल हुने गरी नियुक्ति गरिनु।
- → न्याय परिषद् र न्याय सेवा आयोगले प्रभावकारी भूमिका निर्वाह गर्न नसक्नु।
- → कर्चमारीहरू विभिन्न संघ संगठनमा आबद्ध भई अनुशासन कायम गर्न नसक्नु।
- → न्याय सेवामा कार्यरत जनशक्तिका लागि सेवा, शर्त र सुविधा सम्बन्धी ऐन पृथक निर्माण नहुनु।
- → फैसला लेखन कार्य कानूनले तोकेको समयभित्र सम्पन्न नहुनु र फैसला कार्यान्वयन प्रक्रिया जटिल हुनु।
- → समय पालना र नियमिततालाई न्यायाधीशले ध्यान नदिनु।
- → जनशक्तिका लागि समयसापेक्ष ज्ञान र सीपमूलक तालिम दिन नसक्नु र सुरक्षाको अनुभूतिसमेत नहुनु।
- → न्यायाधीश र कर्मचारीकाबीच तलब भत्ता र सुविधामा ठूलो अन्तर रहनु।

माथि उल्लिखित आन्तरिक कारण र समस्याका अतिरिक्त वाह्य कारणले पनि ढिलासुस्ती हुने गरेको कुरा प्रतिवेदनमा उल्लेख गरिएको छ। पक्षको सहयोग र सक्रियताको कमी, कानून व्यवसायीको अपेक्षित सहयोग प्राप्त हुन नसक्नु, पटक-पटक पेसी स्थगित गराउनु, गलत ठेगाना लेखाईका कारण

तामेलीमा समस्या देखिनु, फौजदारी मुद्दामा फरार प्रतिवादीको ठेगाना अभियोगपत्र स्पष्ट नगरिनु, साक्षी समयमा उपस्थित नहुनु, नगराउनु, बहस व्यवस्थापनमा कानून व्यवसायीले सहयोग नपुऱ्याउनु, बिचौलियाले मुद्दा जिताईदिने गलत आश्वासन दिनु, इजलास छनौट गर्ने प्रवृत्ति, तोकिएको समयमा तोकिएको काम गर्न पक्ष तयार नहुनु, मिसिल प्रमाण समयमा प्राप्त नहुनु, सरकारले पर्याप्त बजेट उपलब्ध नगराउनु, ऐन कानूनको सुधारमा सरकारले ध्यान नदिनु जस्ता वाह्य कारणले पनि मुद्दाको कारबाही र किनारामा ढिलासुस्ती हुने गरेको कुरा औंल्याइएको छ।

(२) <u>फैसला कार्यान्वयन</u>

→ वादी प्रतिवादीको गलत ठेगाना र मिसिल अदालतमा बुझाउन पाए हुन्छ भने सरकारी पक्षको मानसिकता।

→ अभिलेख व्यवस्थित नहुनु र कार्यविधि झन्झटिलो तथा लामो हुनु।

→ मुद्दाको पक्षले नै लम्बाउन खोज्नु र प्रतिनिधिले सहयोग नगर्नु।

→ पञ्चकिर्ते मूल्य विवादित भईरहनु।

→ स्थानीय निकायमा कर्मचारी र अदालतका कर्मचारीले सुरक्षाको अनुभूति नगर्नु।

→ दशीको सामानको उचित व्यवस्थापन नहुँदा सडी जाने, नासिने र मासिने अवस्थामा पुग्नु।

→ न्यायाधीश र कर्मचारीले फैसला कार्यान्वयनलाई कम प्राथमिकता दिनु।

→ कैद जरीवाना असुलीका लागि सुरक्षाकर्मी अदालतको आफ्नो नहुनु।

→ अदालतका फैसला प्रहरीकहाँ समयमा नपुग्नु र प्रहरी कार्यालयमा रेकर्ड नहुनु।

→ अपराधी भगाउन र लुकाउन पक्ष सक्रिय हुनु र त्यसको नियन्त्रण गर्ने सुरक्षाकर्मी नहुनु।

→ फैसला कार्यान्वयनको प्रभावकारी संयन्त्र निर्माण हुन नसक्नु।

(३) <u>महँगो न्याय</u>

→ विकृति विहीन न्यायपालिकाको लागि महँगो न्याय बाधक भएको भन्दै त्यसका लागि मूलतः देहायका कारणहरू रहेका छन् भनिएको छः-

→ मुद्दामा हुने विभिन्न चरणमा कानूनले नलाग्ने शुल्क लाग्छ भनी दस्तुरी लिई काम गराउने प्रकृति र तोकिएको समयमा तोकिएको काम समयमा नहुँदा सेवाग्राहीलाई पटकपटक आउँदा जाँदा लाग्ने खर्च।

→ कानून व्यवसायीले लिने पारिश्रमिक अनियन्त्रित हुनु।

→ बिचौलिया तथा गाउँका टाठाबाठालाई मुद्दाको कारबाहीको सिलसिलामा अदालतमा आउन जान, होटलमा बास बसाउन खानको लागि व्यवस्था गर्नुपर्न अवस्था।

→ असक्षम पक्षको समस्यालाई अदालत स्वयम्ले सम्बोधन गर्ने कानूनको अभाव हुनु।

## ४. <u>आर्थिक अनियमितता र भ्रष्टाचार</u>

**न्यायिक विकृति ल्याउने प्रमुख कारण आर्थिक अनियमितता र भ्रष्टाचार भएको उल्लेख गर्दै त्यसका निम्न लिखित कारण रहेको भनिएको छः-**

→ आर्थिक अनियमितता र भ्रष्टाचार गर्नेलाई सशक्त कारबाही गर्ने पद्धतिको विकास नहुनु र उजुर परेमा तत्काल छानबिन गर्ने परिपाटीको अभाव देखिनु।

→ न्यायपालिकाको बजेटको औचित्यपूर्ण वितरणको समस्या र भौतिक साधनको व्यवस्था केन्द्रबाटै हुनु।

→ गैरसरकारी संस्थाको प्रभावमा परी न्याय निरूपण गरियो भन्ने आशंका र वैदेशिक सहायता जे जस्तो प्राप्त भए पनि स्वीकार गर्ने प्रवृत्ति।

→ न्याय सेवाका कर्मचारीलाई न्यायिक भत्ता र अतिरिक्त कामको रकम दिने व्यवस्था नहुनु।

→ कर्मचारीहरू संघसंगठनमा आबद्ध भै अनुशासनमा नरहने प्रवृत्ति हावी हुँदै जानु।

→ मुद्दाका पक्षहरूमा जुनसुकै तरिकाले पनि मुद्दा जित्नै पर्ने भन्ने प्रवृत्ति र मानसिकता।

→ अदालत र न्यायाधीशको नाममा पैसा असुल्ने गरेको भन्ने जनगुनासो रहेपनि त्यस्तो कार्यमा संलग्न कानून व्यवसायी, कर्मचारी, सरकारी वकील, प्रहरी, वारेस, बिचौलियाहरूको पहिचान गरी दण्डित गर्न नसक्नु।

→ भनसुन र व्यक्तिगत भोजभतेरको निमन्त्रणा स्वीकार गर्ने न्यायाधीश अनियमिततामा संलग्न हुनु।

→ सफाइ पाउने र पुनरावेदन नगरी चित्त बुझाउने पक्षसँग सरकारी वलीलको साँठगाँठ रहेको गुनासो।

→ अदालतमा ठूलो दाबी लिए चुकिने त्रास देखाई पक्षसँग कुरा मिले सानो दाबी नमिले ठूलो दाबी लिई अभियोग दर्ता गर्न सरकारी वलीलको प्रवृत्ति यदाकदा देखिनु।

→ अदालतमा भ्रष्टाचार हुन्छ र बिना खर्च मुद्दा जितिँदैन भन्ने सेवाग्राहीको धारणामा परिवर्तन ल्याउन नसक्नु।

→ भ्रष्टाचारीका रूपमा आर्थिक लेनदेन, सानातिना लेनदेन, भनसुन, कोसेलीपात, गैरसरकारी संस्था/अगैरसरकारी संघ संगठनमा अनपेक्षित संलग्नता रहने गरेको र त्यसको लागि न्यायाधीश, कानून व्यवसायी, मुद्दाका पक्ष विपक्ष, बिचौलिया, कर्मचारी, सरकारी वकील, प्रहरी र गैर सरकारी अगैरसरकारी संस्था जिम्मेवार रहेको कुरा प्रतिवेदनमा औंल्याइएको पाइन्छ।

**अध्ययन प्रतिवेदनमा औंल्याइएका समस्याहरूको समाधानका लागि समितिले दीर्घकालीन र अल्पकालीन उपायहरू अवलम्बन गर्न सुझाव प्रस्तुत गरेको पाइन्छः-**

**दीर्घकालीन उपायहरूः**

- संविधान निर्माणमा स्वतन्त्र न्यायपालिकाको प्रत्याभूति, न्यायाधीश नियुक्तिको मापदण्ड निर्धारण र न्याय परिषद्को पुनर्संरचना गरिनुपर्ने।
- सरलीकृत देवानी र फौजदारी संहिता तथा कार्यविधि संहिताहरू तर्जुमा गरी लागू गरिनुपर्ने।
- बिचौलियाहरूको क्रियाकलापलाई कारबाहीको दायरामा ल्याउन सोसमेतका विषयहरू समेटी अदालतको अपहेलना सम्बन्धी छुट्टै ऐन तर्जुमा गरी लागू गरिनुपर्ने।
- न्यायसेवाका कर्मचारीहरूका लागि छुट्टै सेवाशर्त सम्बन्धी ऐन हुनुपर्ने।
- न्यायपालिकाका आर्थिक अनियमितता र भ्रष्टाचारका सम्बन्धमा छुट्टै ऐन तर्जुमा गरी लागू गरिनुपर्ने।
- कोर्ट फी ऐन र आयटिकट दस्तुर ऐनमा समसामयिक सुधार गरिनुपर्ने।
- अ.व. १७ नं. को सुधारात्मक अधिकारक्षेत्रबारे पुनर्विचार हुनुपर्ने।
- म्याद र हदम्याद घटाउनुपर्ने र थाहा पाउने सम्बन्धमा व्यावहारिक कानूनी व्यवस्था गरिनुपर्ने।
- न्यायाधीशका अनियमितता, कामकारबाही र आचारण सम्बन्धमा छानबिन गर्न न्याय परिषद्मा संयन्त्र निर्माण गरी प्रभावकारी परिचालन गरिनुपर्ने।
- गम्भीर अपराधका अभियुक्तलाई विदेश वा स्वदेशमै स्थानान्तरण गर्ने व्यवस्था हुनुपर्ने।
- मुद्दा चलाउने र नचलाउने विषयमा प्रहरीले राय बुझाउन सक्ने व्यवस्था अध्ययन अनुसन्धान गरी समसामयिक र व्यावहारिक रूपमा सुधार हुनुपर्ने।
- अनुसन्धान र अभियोजन त्रुटिपूर्ण देखिएमा पुन अनुसन्धान एवम् अभियोजन वा पूरक अभियोजनको व्यवस्था प्रभावकारी रूपमा लागू गर्नुपर्ने र अदालतबाट पनि निर्देशन हुनसक्नेगरी कानूनमा सुधार गरिनुपर्ने।
- सरल र प्रभावकारी फैसला कार्यान्वियनका लागि ऐन, नियमावली तर्जुमा गरी लागू गरिनुपर्ने।
- सानातिना मुद्दामा सङ्क्षिप्त प्रक्रिया (समरी ट्रायल) अदालतको अवधारणा अनुरूपको व्यवस्था गरिनुपर्ने।
- नेपाल कानून व्यवसायी परिषद् ऐनमा समसामयिक सुधार गरिनुपर्ने।

**अल्पकालीन उपायहरुः**

अल्पकालीन उपाय अन्तर्गत न्यायपालिका र यसका सरोकारवाला निकायहरूको सहकार्यमा तत्काल गर्न सम्भव विषयहरूलाई समावेश गरिएको पाइन्छ। हाम्रो अध्ययनलाई सरल बनाउन अल्पकालीन

उपायहरूलाई देहायबमोजिमका निकायले देहायबमोजिमका उपायहरू अवलम्बन गर्नुपर्ने गरी उल्लेख गरिएको छ।

**<u>न्याय परिषद्सँग सम्बन्धित सुझावहरू:</u>**

(१) न्यायाधीश नियुक्ति सम्बन्धमा मापदण्ड निर्माण गरिनुपर्ने।

(२) न्यायाधीशका अनियमित काम कारबाही र आचरण सम्बन्धमा छानबिन गर्न संयन्त्र निर्माण गरिनुपर्ने।

(३) अनुगमन नियन्त्रण प्रभावकारी बनाइ न्यायाधीशमा स्वच्छता, शुद्धता, इमान्दारिता नैतिकता, अनुशासन, निष्ठा कायम गराउनुपर्ने।

(४) न्यायाधीश नियुक्ति प्रणालीलाई प्रणालीबद्ध र पारदर्शी बनाउनुपर्ने।

(५) सरूवा र पदसोपानमा निश्चित मापदण्ड अपनाउनुपर्ने।

(६) न्याय परिषद् ऐनको दफा ४ मा रहेको कार्यविधिगत व्यवस्था प्रभावकारी बनाउने।

(७) प्रधान न्यायाधीश हप्ताको १ दिन पुरै समय न्याय परिषद्मा बस्नुपर्ने।

(८) असल काम गर्ने न्यायाधीशलाई प्रोत्साहित गर्नुपर्ने।

(९) उल्टी अभिलेख प्रणाली प्रयोगमा ल्याउनुपर्ने।

(१०) न्यायाधीश नियुक्तिमा समावेशी सिद्धान्तलाई आत्मसात गरी योग्यलाई मात्र स्थान दिनुपर्ने।

(११) न्याय परिषद्ले गलत वा हुननसक्ने आश्वासन दिन नहुने।

(१२) न्याय परिषद् बैठकलाई क्यालेण्डर बनाई नियमित बनाउनुपर्ने।

(१३) निरीक्षण प्रणालीलाई प्रभावकारी बनाई मूल्याङ्कनको आधार बनाउनुपर्ने।

(१४) गोप्यता कायम राख्नुपर्ने।

(१५) उजूरी परेका फैसलाको सम्बन्धमा व्यापक अध्ययन गर्ने परिपाटी बनाउने।

(१६) उजूरी नपरी आफ्नै संयन्त्र, अनुगमन र मूल्याङ्कनबाट कारबाही गर्ने पद्धति बसाल्नुपर्ने।

(१७) न्याय परिषद्ले कारबाही प्रारम्भ गरेको विषयलाई छिटो/दुरूस्त निर्णय गरी निकासा दिनुपर्ने।

**<u>सर्वोच्च अदालतसँग सम्बन्धित सुझावहरू:</u>**

(१) कार्यविधिमा सरलता ल्याउन अदालतसम्बन्धी नियमावलीहरू संशोधन गरिनुपर्ने (पुनरावेदन तहमा तारिख हटाउने, फैसला कार्यान्वयन निर्देशनालयको स्थापना, पुनरावेदन तहमा प्यानल लागू गर्ने)।

(२) पेसी हटाउने प्रवृत्तिलाई निरूत्साहित गर्ने, पेसी हटाउने कानून व्यवसायीहरूको अभिलेख राख्नुपर्ने।

(३) बहसलाई महत्त्व दिने र मेल नखाने र अनावश्यक नजिर उद्धृत गरेमा निर्णयमै उल्लेख गर्ने।

(४) सञ्चार माध्यमसँगको सम्बन्ध निर्धारण गरी अन्तरक्रियालाई निरन्तरता दिनुपर्ने।

(५) सर्वोच्च अदालतको आफ्नो सूचना संयन्त्र (वेभसाइट) अद्यावधिक गरी यथार्थपरक सूचना प्रचारप्रसार गर्ने।

(६) गलत खबरको तत्काल खण्डन गर्ने परिपाटी बसाल्नुपर्ने।

(७) सबै मुद्दाको टिपोट अद्यावधिक, गर्दै जाने पद्धति लागू गर्ने।

(८) गरिब र असहाय पक्षको न्यायमा सहज पहुँचको व्यवस्था गर्नुपर्ने।

(९) शुरू तहमा मेलमिलाप प्रक्रियालाई महत्त्व प्रदान गर्ने।

(१०) लिखतको ढाँचा र मस्यौदा विकसित गर्नुपर्ने।

(११) न्यायाधीश आचारसंहिता र परिपालनाको विषय सञ्चार माध्यमबाट प्रचारप्रसार गरिनुपर्ने।

(१२) मुद्दा सुनुवाइको क्रममा सबै कानून व्यवसायीलाई समान व्यवहार गरिनुपर्ने।

(१३) नि.सु. राख्ने प्रथालाई यथासम्भव निरूत्साहित गर्नुपर्ने।

(१४) न्याय निरोपण गर्दा अपराध पीडितको पीडालाईसमेत हृदयंगम गर्नुपर्ने।

(१५) नजिरमा एकरूपमा कायम गरिनुपर्ने र पालना गरिनुपर्ने।

(१६) सरकारी गवाहको सुरक्षा र खर्चको व्यवस्था गरिनुपर्ने।

(१७) थुनुवा मुद्दामा भएको काम कारबाही एवम् निर्णयको जानकारी यथासमयमै थुनुवाई दिने व्यवस्था मिलाउनुपर्ने।

(१८) केही जिल्ला अदालतहरूमा नमूनाका रूपमा लागू गरिएको देवानी र फौजदारी इजलासको प्रभावका बारेमा अध्ययन र मूल्याङ्कन हुनुपर्ने।

(१९) बिचौलियाहरूको पहिचान र निगरानीमा सञ्चार माध्यम र विशेष गरी कानून पत्रकारहरूले सक्रियता देखाउने वातावरण निर्माण गर्ने।

(२०) मुद्दाको सुनुवाइ खासगरी थुनछेकमा सञ्चार माध्यमको आक्रामक रिपोर्टीङ र नाराजुलुस हुन नदिनेतर्फ सबैले सहयोग गर्नुपर्ने।

(२१) काउण्टर प्रणाली लागू गरी सेवाग्राहीलाई एकद्वार सेवा प्रदान गर्ने व्यवस्था मिलाउने।

(२२) धरौटी फिर्ता र दण्डजरिवाना फिर्ता पाउने प्रक्रिया सरलीकरण गरिनुपर्ने।

(२३) गलत रिपोर्टिङ निरूत्साहित गर्ने प्रेस काउन्सिल पत्रकार महासंघ र सञ्चार माध्यमसँग समितिको माध्यमबाट विभिन्न छलफल र आन्तरक्रिया गर्ने।

(२४) विभिन्न तहका बार एकाइसँगको अन्तरक्रियालाई निरन्तरता दिनुपर्ने।

(२५) सबै अदालतमा उजूरी सुन्ने कार्यदल गठनको व्यवस्था मिलाई त्यसको प्रचार प्रसार गर्नुपर्ने।

(२६) कर्मचारीहरूको आचरणसम्बन्धी व्यवस्थालाई परिपालना गर्न गराउन प्रभावकारी अनुशासन प्रणाली व्यवस्थापन गरिनुपर्ने।

(२७) दण्ड र पुरस्कार सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाइनुपर्ने।

(२८) कार्यसम्पादन मूल्याङ्कनलाई वस्तुनिष्ठ बनाइनुपर्ने।

(२९) वैदेशिक सहयोग के, कति र कसरी लिने भन्ने बारेमा स्पष्ट नीति बनाई त्यसैका आधारमा सहयोग गर्ने वा नगर्ने कुराको निर्णय गर्ने निश्चित परिपाटी बनाउनुपर्ने।

(३०) गैर सरकारी संस्थासँगको सम्बन्धलाई नियमित र व्यवस्थित बनाई प्रभावकारी अनुगमन गरिनुपर्ने।

(३१) कर्मचारीलाई सेवाग्राही मैत्री व्यवहार गर्न प्रेरित गर्नका लागि अनुशिक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने।

(३२) कर्मचारीलाई काम प्रति उत्प्रेरित बनाई राख्न न्यायिक भत्ताको व्यवस्था गर्नुपर्ने।

(३३) न्यायाधीश, कर्मचारी, कानून व्यवसायी, सरकारी वकीलसमेत सबैले अनिवार्य रूपमा परिचयपत्र परिसरभित्र लगाउने।

(३४) जनशक्ति व्यवस्थापन गर्दा यथासम्भव कर्मचारीको क्षमता, विशेषज्ञता र उसको रूचीसमेतलाई बुझी जिम्मेवारी दिने परिपाटी बसाल्नुपर्ने।

(३५) काज खटाउने कुरालाई व्यवस्थित गराउनुपर्ने।

(३६) एकीकृत कर्मचारी आवासको व्यवस्था गरिनुपर्ने।

(३७) कर्मचारीको वृत्ति विकासका अवसरहरूलाई बढावा दिई त्यसको न्यायोचित वितरणमा ध्यान दिनुपर्ने।

(३८) सबै अदालत/न्यायिक निकायहरूले आयव्ययको विवरण आवधिक रूपमा सार्वजनिक गर्नुपर्ने।

(३९) साधन स्रोतहरूको दुरूपयोग हुन नदिनेतर्फ निरन्तर अनुगमन गर्नुपर्ने।

(४०) आर्थिक अनुशासन, भ्रष्टाचारमुक्त, चुस्त र सेवाग्राहीमैत्री प्रशासनको सुनिश्चितता हुनुपर्ने।

(४१) कर नतिर्ने कानून व्यवसायीलाई सरकारी वा सरकार अधिनस्थ निकाय र सरकारी आयोग/समितिहरूमा कार्य सल्लाहकार लगायतका पदमा नियुक्ति गर्न नहुने।

(४२) न्यायपालिकाका कर्मचारीका लागि छुट्टै आचारसंहिता तर्जुमा गरी लागू गरिनुपर्ने।

(४३) सुरक्षाका प्रभावकारी उपायहरू अवलम्बन गर्नुपर्ने।

(४४) प्रत्येक अदालतमा नागरिक बडापत्र/सूचना केन्द्र/सहयोग केन्द्रको उचित व्यवस्था गरिनुपर्ने/त्यसको प्रयोगमा सेवाग्राहीलाई प्रेरित गर्नुपर्ने।

(४५) सिसिटिभिको प्रयोगलाई बढाउँदै लैजाने।

(४६) फाँट सरूवालाई आवधिक र नियमित बनाउनुपर्ने।

(४७) अदालतको भौतिक संरचना सेवाग्राही मैत्री बनाउने।

<u>बार एसोसिएसन र कानून व्यवसायी परिषद्</u>

(१) बहस व्यवस्थापन कार्यमा सहयोग गर्नुपर्ने। पेसी स्थगन सम्बन्धमा भएको व्यवस्था पालना गर्ने।

(२) कानून व्यवसायीको फर्म दर्ता गर्ने र निजको आम्दानी विवरण पारदर्शी बनाउने।

(३) कानून व्यवसायीको सम्पत्ति विवरण अनिवार्य रूपमा कानून व्यवसायी परिषद्मा पेस गर्ने व्यवस्था मिलाउने।

(४) कानून व्यवसायीको आचार संहिताको विषयमा परिषद्ले प्रभावकारी भूमिका खेल्नुपर्ने।

(५) आचरण विपरित काम गर्ने कानून व्यवसायीलाई दण्डित गर्ने र त्यसको प्रचारप्रसार गर्ने परिपाटी बसाल्नुपर्ने।

<u>प्रधान न्यायाधीश, मुख्य न्यायाधीश, न्यायिक नेतृत्वबाट अपेक्षाः</u>

(१) कानूनी व्यवस्थाको पुनरावलोकन, नयाँ कानूनको निर्माण अधिकारक्षेत्र पुनरावलोकन, विशिष्टिकृत अदालतहरूको स्थापना लगायतका विषयमा सरकार र व्यवस्थापिकासँग समन्वय गरी प्रक्रिया अगाडि बढाउने।

(२) न्यायिक विकृति विसङ्गति हटाउन प्रधान न्यायाधीशले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने।

(३) न्यायपालिकाभित्र संरक्षणवाद हावी रहेको भन्ने मुख्य देखिंदा त्यस्तो अवस्थाको पुनरावृत्ति हुन नदिने।

(४) न्यायपालिकाभित्र बिचौलियाको प्रभाव रहँदैन भन्ने सम्बन्धमा नेतृत्वले विशेष निगरानी राख्नुपर्ने।

(५) न्यायाधीश आचारसंहिताको प्रभावकारी पालना र अनुगमनमा प्रधान न्यायाधीश, मुख्य न्यायाधीश र जिल्ला न्यायाधीशले सक्रियता देखाउनुपर्ने।

(६) विकृति विसङ्गति हटाउने प्रयोजनका लागि गठन भएका आयोग र समितिबाट पेस भएका सुझावहरूको कार्यान्वयन गर्न सक्रिया रहनुपर्ने।

<u>अपराध, अनुसन्धान र अभियोजन प्रणाली सम्बन्धमा (प्रहरी र सरकारी वकील)</u>

(१) अपराध अनुसन्धानमा निष्पक्षता र व्यावसायिक निष्ठा कायम राख्नुपर्ने।

(२) प्रहरीभित्र विशिष्टिकृत अपराध अनुसन्धान इकाइ हुनुपर्ने।

(३) अनुसन्धान गर्ने प्रहरी र सरकारी वकीलबीच समन्वय हुनुपर्ने/संयन्त्र बनाउनुपर्ने।

(४) अनुसन्धानमा प्रहरीको भूमिका हुनुपर्ने र सरकारवादी मुद्दामा अनुसन्धान पक्षको राय अभियोगपत्र साथ अदालतसमक्ष आउने व्यवस्था मिलाउनुपर्ने।

(५) सरकारवादी फौजदारी मुद्दा दर्ता भएपछि फेला परेका प्रमाणसमेत मिसिलमा सामेल गर्ने पद्धति बसाल्नुपर्ने।

(६) अनुसन्धानमा राजनीतिक हस्तक्षेप निरूत्साहित गर्नुपर्ने।

(७) विशेष र गम्भीर प्रकृतिका मुद्दामा अनुसन्धानका लागि थुनामा रहेका व्यक्तिको मुद्दा २५ दिनभित्र अदालतमा पेस गर्नेपर्ने व्यवस्था अव्यावहारिक रहेको हुँदा त्यस सम्बन्धमा अपराधको प्रकृतिसमेतलाई विचार गरी अवधि निश्चित गरिनुपर्ने।

(८) अनुसन्धान प्रक्रियामा भएका राम्रा पक्षहरूलाई फैसलामासमेत उल्लेख गरी अनुसन्धानमा संलग्न सुरक्षा जनशक्तिलाई प्रोत्साहित गर्ने परिपाटी बसालिनुपर्ने।

(९) प्रमाण सङ्कलनजस्ता महत्त्वपूर्ण कार्यमा बजेटलगायत प्राविधिक कुराले व्यवधान नआउने अवस्थाको सिर्जना गर्न सरकारको ध्यान जानुपर्ने।

(१०) सरकारवादी फौजदारी मुद्दाको निर्णयको जानकारी यथासमयमै प्रहरीलाई हुने खालको प्रणालीको विकास गरिनुपर्ने।

(११) मुद्दामा पर्याप्त तयारी गरी स्तरीय रूपमा प्रस्तुत हुने सरकारी वकीललाई महान्यायाधिवक्ताले प्रोत्साहित गर्नुपर्ने।

(१२) समय सापेक्ष रूपमा विशेषज्ञता हासिल गरेको जनशक्तिको उपलब्धताका लागि सरकारी वकीलको वृत्ति विकास, तालिम र उच्च अध्ययनको यथोचित प्रबन्ध सरकारले गर्नुपर्ने।

(१३) प्रतिकुल साक्षीलाईसमेत जिरहको व्यवस्था हुनुपर्ने।

(१४) अपराध अनुसन्धानमा त्रुटि भएका मुद्दामा सो कुराको उल्लेख फैसलामासमेत गरी टिप्पणी लेख्ने र त्यसलाई सम्बन्धित अनुसन्धान अधिकृतको मूल्याङ्कनको आधार बनाउने परिपाटी कायम गरिनुपर्ने।

(१५) अपराध अनुसन्धान अधिकारी र अभियोजनमा संलग्न अधिकारीको काम कारबाहीका सम्बन्धमा सम्बन्धित निकायले प्रभावकारी रूपमा अनुगमन मूल्याङ्कन गर्नुपर्ने। त्यस सिलसिलामा सफल/असफल भएका मुद्दाहरूलाई समेत आधार बनाउनुपर्ने।

## २.१.३ सर्वोच्च अदालतद्वारा गठित न्यायपालिकामा हुने विकृति विसङ्गति अध्ययन समितिको अध्ययन प्रतिवेदन, २०७२

**समितिको गठन**

न्याय सम्पादन, न्याय प्रशासन र स्रोतसाधनको परिचालनसमेतको क्षेत्रमा विद्यमान वा देखा पर्नसक्ने विकृति र विसङ्गतिजन्य कामकारबाहीको निराकरणका लागि प्रशासनिक, व्यवस्पकीय, वातावरणजन्य तथा समाधान गर्नुपर्ने अन्य विषयको पहिचान गरी सुझावसहितको प्रतिवेदन पेस गर्न मिति २०७२।०४।२१ मा तत्कालीन सम्माननीय प्रधान न्यायाधीश श्री कल्याण श्रेष्ठज्यूबाट देहायबमोजिमको समिति गठन भएको देखिन्छः-

- माननीय न्यायाधीश श्री गिरीशचन्द्र लाल - अध्यक्ष
- माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्याय - सदस्य
- माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय - सदस्य
- सहरजिस्ट्रार श्री नहकुल सुवेदी - सदस्य सचिव

**कार्यादेशः**

उक्त समितिलाई प्राप्त कार्यादेश देहायबमोजिम रहेको पाइन्छ,

- न्यायपालिकामा हुने विकृति र विसङ्गतिजन्य कार्यहरू परिभाषित गर्ने,
- समग्र न्यायपालिकाको काम कारबाही, न्याय प्रशासन तथा न्यायिक व्यवस्थापनको सिलसिलामा हुने आर्थिक र भौतिक स्रोत साधनको परिचालनमा विद्यमान वा देखा पर्नसक्ने विकृति र विसङ्गतिजन्य कामकारबाही तथा व्यवहारहरूको अध्ययन गर्ने,
- यस्ता विकृति र विसङ्गतिजन्य कार्य भएको भए सोसँग सम्बद्ध तथ्यहरूको सङ्कलन गर्ने,
- ती विकृति र विसङ्गतिजन्य कार्यहरूमा संलग्न न्यायाधीश एवम् अन्य पदाधिकारी र कर्मचारीहरू पहिचान गरी कारबाहीका लागि सिफारिस गर्ने,
- सोको निराकरणका लागि गर्नुपर्ने प्रशासनिक, व्यवस्थापकीय, वातावरणीय, व्यवहारजन्य तथा कानूनी समाधानका लागि तत्कालीन र दीर्घकालीन उपायहरूको पहिचान गर्ने।

**अध्ययन विधिः**

- न्यायपालिकामा भइरहेको वा हुनसक्ने विकृति, विसङ्गति तथा अनियमिततासम्बन्धी तथ्य सूचना र सोको निराकरणका लागि अवलम्बन गर्नुपर्ने उपायहरूका बारेमा आवश्यक सुझाव माग गरी विभिन्न पत्रपत्रिकाहरू र टेलिभिजनबाट सूचना प्रकाशन प्रसारण गरी तथ्य एवम् सुझावहरू सङ्कलन गरिएको।

- सर्वोच्च अदालतका माननीय न्यायाधीशहरू, उपत्यकास्थित पुनरावेदन तथा जिल्ला अदालतका माननीय न्यायाधीशहरू, वरिष्ठ अधविक्ताहरू तथा नेपाल बार एसोसिएसन लगायत उपत्यकास्थित बार एसोसिएसनका पदाधिकारीहरू, महान्यायाधिवक्ता तथा महान्यायाधिवक्ता कार्यालयका वरिष्ठ अधिकृतहरू, न्यायपालिका अधिकृत समाजका अधिकृतहरू एवम् न्यायपालिकामा आबद्ध कर्मचारीहरू, ट्रेड युनियनका प्रतिनिधिहरू, प्रहरी महानिरीक्षक एवम् नेपाल प्रहरीका वरिष्ठ अधिकृतहरू, सेवाग्राहीहरू, पत्रकार तथा न्याय र कानून क्षेत्रका गैरसरकारी संघसंस्थाका प्रतिनिधिहरूसँग छलफल र अन्तरक्रिया गरी सुझाव सङ्कलन गरिएको,

- न्यायपालिकाको विकृति, विसङ्गति तथा न्यायिक प्रशासनका सम्बन्धमा यस पूर्व गरिएका विभिन्न अध्ययन सामग्रीहरूको पुनरावलोकन गरिएको,

- समितिले आवश्यक र उपयुक्त देखेको अन्य व्यक्तिहरूसँग सामूहिक वा व्यक्तिगत भेटघाट छलफल गरेको,

- समितिको कार्यदिशसँग सरोकार राख्ने विभिन्न पत्रपत्रिका तथा सञ्चार माध्यममा प्रकाशित सूचना र समाचार सामग्रीहरूलाई जानकारीमा लिएको,

- समितिलाई प्राप्त मौखिक जानकारी, सुझाव प्रतिक्रिया आदि समेतका आधारमा वस्तुस्थितिको विश्लेषण गरिएको।

उपरोक्तबमोजिमको अध्यक्ष तथा सदस्य सम्मिलित समितिलाई प्राप्त माथि उल्लेख भएबमोजिमको कार्यदिश अनुरूपको कार्य सम्पन्न गर्न उल्लिखित कार्यविधि अवलम्बन गरी पेस गरेको प्रतिवेदन ६ भागमा विभाजन गरेको देखिन्छ। पहिलो परिच्छेदमा विषय प्रवेश, समितिको गठन कायदिश, अध्ययन विधि, दोस्रो परिच्छेदमा न्यायपालिकामा विकृति विसङ्गतिसम्बन्धी पूर्व अध्ययनहरूको समीक्षा, तेस्रो परिच्छेदमा स्वतन्त्र र सक्षम न्यायपालिकाको अवधारणा, स्वच्छ न्याय, न्यायपालिकाप्रतिको दृष्टिकोण र जनआस्था तथा न्यायमा पहुँच, चौंथो परिच्छेदमा तथ्य सङ्कलन र अन्तरक्रियाबाट प्राप्त सूचनाहरू, सहभागीहरूद्वारा व्यक्त धारणा, पाँचौं परिच्छेदमा सुझावहरूबाट देखिएका वस्तुस्थितिको विश्लेषण, न्यायिक कामकारबाही, न्याय प्रशासन, आर्थिक व्यवस्थापन, भौतिक स्रोत साधनको परिचालन,

वातावरणीय, कानूनी र व्यवहारजन्य पक्ष तथा छैटौं परिच्छेदमा सुझाव र निस्कर्ष प्रस्तुत गरिएको देखिन्छ।

न्यायपालिकामा विकृति विसङ्गति अध्ययन समिति, २०७२ ले सोभन्दा पूर्व यस सम्बन्धमा भएका अध्ययन प्रतिवेदनको सङ्क्षिप्त विश्लेषण गर्दै सरोकारवालाहरूसँग भएको अन्तरक्रिया कार्यक्रममा व्यक्त धारणासमेतका आधारमा प्रतिवेदन तयार गरी विभिन्न सुझावहरू पेस गरेको देखिन्छ। उक्त समितिले न्यायपालिकाका न्यायिक काम कारबाही, न्याय प्रशासन, आर्थिक एवम् भौतिक स्रोत साधनको व्यवस्थापन एवम् आचरण र वातावरणीय पक्षमा भएका वा हुनसक्ने विकृति वा विसङ्गतिजन्य काम कारबाहीको निराकरणका लागि विभिन्न सुझावहरू पेस गरेको देखिन्छ।

**<u>न्यायिक काम कारबाहीका सम्बन्धमा गरिएको विश्लेषणः</u>**

न्यायपालिकाको छवि निर्माणको मुख्य भूमिका न्यायिक कार्य नै हो। हाम्रो न्याय प्रणालीमा अदालत प्रवेश गर्नुभन्दा पहिले कानून व्यवसायीको सेवा लिनुपर्ने अवस्था रहेको र इमान्दारी र सक्षमतासाथ लिखत तयारी वा प्रतिनिधित्व नभएका कारण समग्र मुद्दा नै प्रभावित बन्न पुगेको तथा कानून व्यवसायीको शूल्क निश्चित मापदण्ड र पारदर्शितामा आधारित नभएका कारण न्याय महँगो हुन गएको भन्ने कुरा प्रतिवेदनमा औंल्याइएको देखिन्छ। यसरी नै कर्मचारीका नाममा पाइलैपिच्छे अतिरिक्त पैसा दिनुपर्ने नदिए काम नहुने र कोर्टफी नलाग्ने मुद्दामा कोर्टफी लागेको, कम कोर्टफी लाग्नेमा बढी लागेको भनी रकम लिने, दुईचार पाना नक्कल लिन हजारौं रुपियाँ पक्षबाट असुल गर्ने जस्ता कार्य कानून व्यवसायीहरूबाट भएको भन्ने धारणा सरोकारवालाहरूले राखेको कुरा उल्लेख गर्दै पहिचान गरी समस्याको सम्बोधन गर्न संयन्त्र निर्माणको आवश्यकता छ भनिएको छ।

सानासाना मुद्दा पनि सर्वोच्च अदालतमा पुग्ने कानूनी व्यवस्थाको फलस्वरूप सर्वोच्च अदालतमा मुद्दाको चाप बढेको तर न्यायाधीश नियुक्ति समयमा हुन नसक्दा मुद्दा फछ्र्यौटमा अत्यधिक विलम्ब हुन गएको देखिंदा समयमै न्यायाधीश नियुक्ति गर्नुपर्ने सुझाव पेस गरेको पाइन्छ। छिटो उपायबाट फैसला गराउन पक्षले गैरकानूनी उपाय खोजी गर्ने र अतिरिक्त रकम खर्च नगरेसम्म फैसला नहुँदो रहेछ भन्ने धारणा बनाउन सक्ने हुँदा अदालत प्रवेश गर्नासाथ अदालतमा लाग्ने शूल्क तथा प्रक्रिया एवम् ढिलाइ हुनुका कारण बारे पक्षहरूलाई विस्तृत सूचना र परामर्श दिन सकिएमा यो समस्याको सम्बोधन गर्नसकिने अपेक्षा प्रतिवेदनले राखेको देखिन्छ।

मुद्दा दर्ता वा दरपीठ गर्दा, म्याद सूचना तामेल गर्दा, धरौटी जमानतसम्बन्धी कारबाही गर्दा, रोक्का फुकुवा गर्दा, म्याद तारिख थाम्दा, पेसी तोक्दा, नक्सा सर्जमिन गर्दा, जेथा मूल्याङ्कन गर्दा, दशीको सामान व्यवस्थापन गर्दा, फैसला कार्यान्वयन गर्दा, मुद्दामा पत्राचार गर्दा, नक्कल दिंदासमेत अनियमितता हुने आशंका रहेको धारणा व्यक्त भएको भन्दै यसले नैतिकता, स्वच्छता र कानूनको

पालनामा गम्भीर उल्लङ्घन भई अदालतप्रतिको जनआस्थामा ह्रास आउने भन्दै यी प्रक्रियाहरू अधिकतम सरल र स्पष्ट बनाउनुपर्नेमा जोड दिएको पाइन्छ।

न्यायाधीशको सीधा संलग्नता वा न्यायाधीशको नाममा अन्य कुनै व्यक्तिले गर्नसक्ने अनियमितता र चलखेल हुनसक्ने अर्को अनियमितता हो भन्ने उल्लेख गर्दै न्यायाधीशलाई दिनुपर्ने भनी वा न्यायाधीशलाई मिलाएको वा न्यायाधीशलाई पक्षलाई प्रभावमा पारी जुनसुकै व्यक्तिले पैसा लिनसक्ने विकृतिजन्य कार्यको सिर्जना हुनसक्ने कुरा पनि प्रतिवेदनमा उठाइएको छ। कतिपय न्यायाधीशले यस्तो स्थितिको पूर्वाभास पाई धरौटीमा छोड्नुपर्नेलाई थुनामा राख्नुपरेको र सफाइ दिनुपर्नेलाई ठहर गर्नुपरेको उदाहरण र अनुभव समितिले प्राप्त गरेको कुरा प्रतिवेदनमा समावेश भएको पाइन्छ।

ठूला राजस्व, बैंकिङ्ग कारोबार वा कसूर, रियल स्टेट कारोबार, ठूला ठेक्कापट्टा, अमूक कानून निर्माण वा खारेजी, देशको आर्थिक, सामाजिक, राजनीतिक प्रक्रियामा व्यापक प्रभाव भएका सार्वजनिक सरोकारका मुद्दामा आफ्नो स्वार्थ अनुरूप काम गराउन ठूला स्वार्थ समूह सक्रिय रहेका र पत्रपत्रिका एवम् गैर सरकारी संस्थाले पनि अदालतलाई प्रभाव पारिरहेको कुरा औंल्याइएको पाइन्छ।

खास गरी फौजदारी मुद्दामा अपराध भएको स्पष्ट हुँदाहुँदै अनुसन्धान र अभियोजन पक्षमा भएको कमजोरीको कारण न्यायाधीशले अपराधी ठहर गर्न नसक्ने भै सफाइ दिंदा अदालतको फैसलाप्रति गलत सन्देश प्रवाह भइरहेको र देवानी मुद्दामा पनि गलत कानून उल्लेख, तथ्य वा प्रमाणसम्बन्धी त्रुटिपूर्ण दाबी आदिका कारण पक्षको अपेक्षा अनुरूपको फैसला हुन नसक्ने अवस्थामा त्यसको मारसमेत अदालतले वहन गर्नुपरेको कुरा प्रतिवेदनमा समावेश भएको देखिएको छ।

मुद्दाको व्यवस्थापन, फछ्र्यौट एवम् न्याय सम्पादन कार्यमा गतिशीलता ल्याउन जिल्ला अदालतमा न्यायाधीशलाई मुद्दा जिम्मा लगाउने पद्धतिको शुरूवात भएपश्चात् उद्देश्य हासिल गर्न तुलनात्मक रूपमा पहिलेभन्दा सफल भएको भए पनि न्यायाधीशको आचारण वा व्यवहारजन्य कारणबाट यसको दुरूपयोग हुनसक्ने आशंकाका आधारमा यस पद्धतिमाथि प्रश्न उठेकाले न्यायाधीशको आचरण तथा व्यवहारका बारेमा सूक्ष्म निगरानी गर्नु र न्यायाधीशलाई बढी जिम्मेवार बनाउनू उपयुक्त हुने कुराको सुझाव पेस भएको छ।

सर्वोच्च अदालत र बढी मुद्दा भएका अदालतहरूमा एउटै इजलासमा दुई तीनवटा पेसी सूची तोकिंदा साप्ताहिक पेसी सूचीमा माथिल्लो स्थानमा परेका मुद्दा पनि दैनिक पेसी सूचीमा दोस्रो तेस्रो सूचीमा परी सुनुवाइ हुन नसक्ने परिणामले मुद्दाका पक्षमा व्यापक वितृष्णा र असन्तुष्टी बढेको हुँदा दुई तीनवटा पेसी सूची प्रकाशन गर्नु कानूनी र व्यावहारिक दुवै दृष्टिकोणले अनुपयुक्त हुँदा प्रत्येक इजलासलाई कति मुद्दा तोक्ने हो त्यत्ति मुद्दा एउटै पेसी सूची प्रकाशन गर्न वाञ्छनीय हुने कुरा प्रतिवेदनमा प्रस्तुत गरिएको देखिन्छ।

**न्याय प्रशासनका सम्बन्धमा भएको विश्लेषणः**

न्यायिक काम कारबाही गर्ने मुख्य जनशक्ति न्यायाधीश र कर्मचारी प्रशासनको सन्दर्भ पनि न्यायपालिकाको छवि निर्माणको लागि महत्त्वपूर्ण हुने कुरा उल्लेख गर्दै खासगरी न्यायाधीशको नियुक्ति, सरूवा र निजउपरको अनुशासनात्मक कारबाही सार्वजनिक चासोका विषय बन्छन् भनिएको छ।

संविधानमा न्यायाधीश नियुक्ति गर्न न्याय परिषद्को छुट्टै र स्वतन्त्र व्यवस्था गरिएपनि नेतृत्व प्रधान न्यायाधीशले गर्ने र सदस्यमा अर्को वरिष्ठतम न्यायाधीश रहने हुनाले न्यायपालिकासँग जोडेर हेरिनुपर्ने कुरा उल्लेख गर्दै न्यायपालिकाको शुद्धीकरणको अभियान न्यायाधीश नियुक्तिकै चरणबाट हुनुपर्ने भनिएको छ। परिषद्को बनोटको कारण राजनीतिक प्रभावका आधारमा नियुक्ति हुने गरेको विगतको उदाहरणले विकृतिसँग सानिध्यता राख्दछ पनि भनिएको छ। त्यसरी नै न्यायाधीश नियुक्ति, सरूवा, बढुवा गर्दा कार्यसम्पादन स्तरभन्दा पनि व्यक्तिगत सम्बन्ध र सम्पर्क हावी हुने गरेको। निश्चित मापदण्ड पालना नगरी नेतृत्वको खुशीमा सरूवा हुने गरेको कुरालाई न्यायोचित मान्न नसकिने कुरासमेत प्रतिवेदनमा उल्लेख भएको पाइन्छ। संस्थागतरूपमा नै असमान र भेदभाव हुने गरेको अनुभव गर्ने जनशक्तिले उच्च मनोबलका साथ न्याय सम्पादन गर्न नसक्ने हुँदा मापदण्डमा आधारित सरूवा/बढुवा प्रणाली अवलम्बन गर्नुपर्ने कुरा उल्लेख गरिएको पाइन्छ।

ट्रेड युनियनका कर्मचारीले स्वदेश तथा विदेश भ्रमणका अवसर, काज, सरूवा, पुरस्कार, अन्य सुविधा तथा वृत्तिविकासका अवसरमा न्यायपूर्ण पद्धति अवलम्बन नगरी भेदभाव भएको आक्रोश व्यक्त गरेको कुरा पनि समावेश भएको देखियो।

एउटै कर्मचारी एउटै फाँट/शाखा वा अदालतमा लामो समयसम्म रहँदा विकृति हुनसक्ने हुँदा त्यस्तो व्यवहार गर्न नहुनेतर्फ समेत प्रतिवेदनमा सचेत गराएको देखिन्छ। संरक्षणवाद जनशक्तिमा देखिएको अत्यन्त निराशाजनक भन्दै कारबाहीका लागि सिफारिस भएकालाई पुरस्कृत गर्ने गरेको तथ्यलाई दुर्भाग्यपूर्ण रहेको कुरासमेत प्रतिवेदनमा समस्याको रूपमा प्रस्तुत गरिएको पाइयो।

**आर्थिक व्यवस्थापन सम्बन्धमा गरिएको विश्लेषणः**

अदालतको मर्यादामा आँच आउने अर्को पक्ष आर्थिक व्यवस्थापन हो भन्दै नियमित लेखा परीक्षण भइरहेकोमा पनि आर्थिक अनियमितताको प्रश्न उठ्दासमेत "नियमित लेखा परीक्षण भएको" भनेर गोश्वारा भाषामा प्रतिवाद गर्नुको कुनै अर्थ नहुने भन्दै त्यस्ता प्रश्नहरूको सूक्ष्म र गहनतम जाँचबुझ गर्नुपर्ने कुरा प्रतिवेदनमा औंल्याइएको पाइन्छ।

खरीद र निर्माण कार्यमा कम गुणस्तरको सेवा दस्तुर लिई कागजमा उच्च गुरणस्तरको देखाई मूल्याङ्कन गर्ने र निर्माण वा खरीद कार्यमा निश्चित कमीसन लिई तलदेखि माथिसम्म पुग्ने गरेको

तथ्य सत्य रहेको तथा बजेट दुरूपयोग गर्ने/अपारदर्शी आर्थिक क्रियाकलापमा संलग्न न्यायाधीशले मुद्दामा स्वच्छता कायम गर्न नसक्ने प्रश्न पनि उठेको भन्ने कुरा प्रतिवेदनमा प्रस्तुत भएको देखिन्छ। बजेटको अङ्क बढे पनि आर्थिक क्रियाकलापमा नियमितता, स्वच्छता र पारदर्शितालाई औपचारिकतामा सीमित गराई ठीक रहेको भन्ने कुरा पुष्टी गर्न चुनौती रहेको भनिएको छ।

**<u>भौतिक स्रोत साधनको परिचालन सम्बन्धमाः</u>**

भौतिक संरचनाको लागि विनियोजित स्रोत साधनको अधिकतम र सही उपयोग हुन नसक्नु बजेट कार्यान्वयनको क्षमता र इमान्दारितामा प्रश्न उठ्नु हो भन्ने कुरासमेत प्रतिवेदनमा समावेश भएको पाइन्छ। वस्तु तथा सेवा खरीदमा गुणस्तरीय नभएको, मूल्य अपारदर्शी रहेको, सवारी साधन खरिदमा मापदण्ड प्रयोग नगरिएको, चालु थुप्रै सवारी साधनहरू सर्वोच्च अदालतको प्राङ्गणमा कुरूप हुने गरी थन्काइएको, सवारी साधन प्रयोग गर्ने सुविधा प्राप्त गर्ने व्यक्तिको पनि मापदण्ड नभएको, कतिपय उपसचिवले मोटरसाइकल नपाएको, कति उपसचिव तथा अधिकृतले गाडी प्रयोग गरेको जस्ता असमान र अन्यायपूर्ण क्रियाकलाप हुने गरेको भन्ने कर्मचारी ट्रेड युनियनका पदाधिकारीले भनेको कुरालाई गम्भीररूपमा लिनुपर्ने कुरामा प्रतिवेदनमा जोड दिएको पाइन्छ। नयाँ भवन, गाडी ल्यापटप, कम्प्युटरसमेतका भौतिक स्रोत साधनको प्रयोग/लगानीबाट न्याय सम्पादनमा के प्रभाव पऱ्यो? जनताले के प्राप्त गरे? न्यायाधीशको उत्पादकत्व वृद्धि भयो भएन भन्ने प्रश्नको उत्तर खोज्नुपर्ने अवस्था रहेको विश्लेषणसमेत प्रतिवेदनमा गरेको पाइन्छ।

**<u>वातावरणीय पक्षको सम्बन्धमा भएको विश्लेषणः</u>**

अदालत र कार्य प्रणालीमा देशको आर्थिक, सामाजिक वा राजनीतिक अवस्थाको प्रभाव कुनै न कुनै रूपमा परिरहेको हुन्छ भन्दै यो पक्ष सकारात्मक भएमा विकृति, विसङ्गति अन्त हुने कुरा प्रतिवेदनमा उल्लेख छ। न्यायपालिकाको आन्तरिक वातावरणलाई स्वच्छ र विकृतिमुक्त बनाउनका लागि विद्यमान कानूनी तथा संस्थागत संयन्त्रहरूलाई प्रभावकारी बनाउन आवश्यक रहेको र त्यसको लागि दण्ड र पुरस्कारको उचित प्रयोग गरिनुपर्ने आवश्यकता औँल्याइएको पाइन्छ। हार्ने पक्षले हारलाई कानूनसम्मत र स्वाभाविक नमान्ने संस्कार अन्त गर्न कानून व्यवसायी, पत्रकार, राजनीतिकर्मी, स्वार्थ समूहको सहयोग अपेक्षित रहेको कुरासमेत प्रतिवेदनमा भनिएको छ। पत्रिकामा आएका नकारात्मक टिप्पणीका आधारमा व्यक्तिको मूल्याङ्कन गर्ने प्रवृत्ति र त्यसको भयले फैसला गर्नुपर्ने अवस्था न्यायिक स्वतन्त्रताको अपहरण हो भनिएको छ। यसका लागि नेतृत्वको दृढ इच्छाशक्ति, सबै सरोकारवालाको सहयोग आवश्यक हुने र सबैले अनुशासन, इमान्दारिता र निष्ठा लगायतका मूल्य मान्यताको अवलम्बन र आचारसंहिताको पालना गर्नु आवश्यक हुन्छ भन्ने कुरा छ।

**<u>व्यवहारजन्य पक्षको विश्लेषणः</u>**

न्यायाधीश, कर्मचारी र कानून व्यवसायीको आचरण वा व्यवहारका नियमहरू सामान्यतया ऐन, नियम एवम् सम्बन्धित आचारसंहितामा निर्देशित भएका हुन्छन भन्दै अदालतको छवि निर्माणमा महत्त्वपूर्ण पक्ष रहेको आचरण र अनुशासनका नियमहरूको पालना, पालना भए नभएको कुराको अनुगमन गरी उल्लघंन गर्नेलाई कारबाही गर्ने प्रणालीको अभाव रहेको कुरा समेत प्रतिवेदनले औंल्याएको पाइन्छ। स्वविवेकीय अधिकारको स्वेच्छाचारी प्रयोग, अनिवार्य पालना गर्नुपर्ने प्रावधानको अनुशरण नहुनु, कामकारबाहीमा अनपेक्षित ढिलाइ, समान प्रकृतिको विषयमा एकरूपताको अभाव, सेवाग्राहीसँग असहिष्णु व्यवहारको प्रदर्शन जस्ता अनपेक्षित व्यवहारले नकरात्मक प्रभाव पर्ने गरेको कुरा प्रतिवेदनमा भनिएको छ। केही न्यायाधीश एवम् कर्मचारीहरू अनौपचारिक समूह खडा गरी अनियमित रूपमा महंगा होटल, रेष्टुरेण्टमा गै अनपेक्षित हर्कत गर्ने गरेको भन्ने अवस्थाको चित्रण गर्दै त्यस्ता व्यवहारहरू नियन्त्रण हुन आवश्यक रहेको कुरा प्रतिवेदनमा समावेश गरिएको छ। सामाजिक संजाल एवम् भेटघाट र सामाजिकीकरणका अन्य गैर तरिकाहरू संयमित र वञ्चितहदभित्र रहनुपर्ने आवश्यकता रहेको कुरालाई प्रतिवेदनमा गम्भीररूपमा उठाएको पाइन्छ।

वस्तुस्थितिको विश्लेषणका आधारमा निष्कर्ष र सुझाव पेस गरेको उक्त प्रतिवेदनमा पेस भएका सुझावहरूलाई विषयगत र निकायका आधारमा देहायबमोजिम वर्गीकरण गरी प्रस्तुत गरिएको छः-

**<u>न्याय परिषद्सँग सम्बन्धित सुझावहरूः</u>**

- न्यायाधीश नियुक्तिबाट न्यायपालिकाभित्रको सुधार र शुद्धीकरणको सुरूवात गरिनुपर्ने। न्यायाधीश नियुक्तिमा संविधान र ऐन, नियमले निर्धारण गरेको योग्यता, इमान्दारिता, क्षमता, वरिष्ठता भन्दा बाहिर गएर नियुक्ति गरिएमा विकृति विसङ्गति सिर्जना हुने हुँदा भागबन्डामा नियुक्ति गरिने वर्तमान कार्यशैलीमा पुनरावलोकन गरी निष्पक्ष र वस्तुनिष्ठ आधारमा न्यायाधीश नियुक्ति गरिनुपर्ने।
- उच्च तथा जिल्ला अदालतमा रणनीतिक योजनाबमोजिम सङ्ख्यात्मक र अवधिगत लक्ष्य हासिल गर्न आवश्यक सङ्ख्यामा न्यायाधीशको दरबन्दी सिर्जना गरी पूर्ति गर्नुपर्ने।
- न्यायाधीशहरूको आचरणको प्रभावकारी अनुगमन गर्ने भूमिका पाएको न्याय परिषद्का पदाधिकारी सर्वप्रथम आफैं इमानदार हुनु र असल र खराब, सक्षम र असक्षम न्यायाधीशहरूको पहिचान गर्नुपर्ने।
- भ्रष्टाचार, अनियमितताको उजूरी वा गुनासो आएमा न्याय परिषद्ले तत्काल छानबिन गरी दोषी देखिएमा कानूनबमोजिम कारबाही गर्नुपर्छ।

- न्यायाधीशहरूको आचारसंहिता पालना भए नभएको अनुगमन गरी उल्लङ्घन गरेमा दायित्व सिर्जना हुन्छ भन्ने वातावरण सिर्जना गरिनुपर्ने।
- फेसबुक/ट्विटर जस्ता सामाजिक संजाल एवम् भेटघाट र सामाजिकिकरणका अन्य तौर तरिकाहरूमा न्यायाधीशको संलग्नतालाई वान्चित हदसम्म सिमित तुल्याउने सम्बन्धमा निश्चित दृष्टिकोण बनाउनुपर्ने।
- समयमै न्यायाधीश नियुक्ति गरी रिक्त हुन नदिने।

**<u>सर्वोच्च अदालतसँग सम्बन्धित सुझावहरू</u>**

**न्यायिक कामकारबाहीसम्बन्धी सुझावहरूः**

ढिलो न्यायलाई स्वयम् विकृति विसङ्गति मान्दै यसले मुद्दाका पक्षलाई थप शारीरिक र मानसिक दुःख दिने, अनावश्यक रूपमा बढी खर्च हुने, मुद्दालाई जटिल बनाइदिने, कर्मचारी, कानून व्यवसायी र बीचका व्यक्तिहरूले चलखेल गर्न पाउने अवस्था उत्पन्न हुने हुँदा थप विकृति विसङ्गति जन्माउने हुनाले यसको निराकरणका लागि देहायबमोजिमका कामहरू गर्न सुझाव दिएको देखिन्छः

- सर्वोच्च अदालतमा समयमै इजलास सञ्चालन गरी पूरा समय काम गर्न र न्यायाधीशहरूलाई मुद्दा हेर्ने बाहेकका अन्य काममा संलग्न नगराउने।
- इजलासले प्रत्येक पक्षको लागि समय निर्धारण गरिदिने र मुख्य कानून व्यवसायीको अवधारणा व्यवहारमा लागू गराउने तथा समयसूचक यन्त्र राखी बहस व्यवस्थापन गर्नुपर्ने।
- सेवाग्राही मैत्री कार्यविधिका लागि संहिता कानूनहरू पारित गरी लागू गर्न, नयाँ बन्ने ऐन, कानून, कार्यविधिलाई सरलीकरण बनाउन अदालतमा पेस हुने लिखतहरूको ढाँचा र विषयवस्तुमा पुनरावलोकन गरी छोटो र सरल बनाउन, सबै लिखतहरूको टेम्प्लेट तयार गर्न, सेवाग्राहीका लागि छुट्टै डेस्कको स्थापना गर्न, अङ्क पुऱ्याउने कार्य एकै स्थानबाट सम्पादन हुने गरी एकद्वार प्रणाली लागू गर्न नेतृत्व तहबाट पहल गर्नुपर्ने।
- कानून व्यवसायीले कोर्टफी नलाग्ने मुद्दामा कोर्टफी लिने, कर्मचारीले लिनुपर्ने भन्दा बढी रकम लिने, न्यायाधीश तथा कर्मचारीका नाममा पक्षले अनावश्यक रकम खर्च गरिरहेको जस्ता गुनासाहरू आएकाले अदालतहरूमा बैंकिङ प्रणालीबाट मात्र नगद लिने तथा तिर्नुपर्ने रकमसमेतका बारेमा विस्तृत सूचना दिनुका साथै सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्न।
- अदातल प्रवेश गर्ने सेवाग्राही, कानून व्यवसायीलगायत सबै व्यक्तिहरूको क्रियाकलाप सि.सि.टि.भि. तथा मानवीय सहायताले सूक्ष्म अवलोकन र निगरानी गर्नुपर्ने।

- मुद्दामा हुने काम कारबाही फैसलाका बारेमा अनुमान गर्न सकिने समय तालिका (क्यालेन्डर सिस्टम) लागू गर्नुपर्ने।
- मुद्दाको फैसला गर्दा सङ्ख्यात्मक तथा गुणस्तर दुवै दृष्टिकोणबाट गर्नुपर्ने।
- नजिरमा रहेको विविधता र बहुरूपता तथा त्यसको पालना नहुनु ठूलो विसङ्गति हुँदा बाझिएका नजिरहरूलाई एकरूपता दिने र व्याख्यामा रहेको द्विविधा हटाउन धेरै न्यायाधीश सम्मिलित पूर्ण इजलास गठन गरी समाधान खोजिनुपर्ने।
- फैसला लेखनमा गुणस्तरीयता नभएको र ढिलाइ हुने गरेको समस्याको समाधान गर्न रणनीतिक योजनाले फैसला तयारीका लागि निर्धारण गरेको समयमा फैसला तयार गर्ने र अनुगमन संयन्त्र तयार गरिनुपर्ने।
- अदालत र न्यायिक प्रक्रिया तथा निर्णयका बारेमा सञ्चार माध्यममा सही ढङ्गले सार्वजनिक नहुँदा उत्पन्न अन्योल र भ्रम निराकरण गर्न तत्काले न्यायपालिकाको सूचना सम्प्रेषण नीति तयार गरिनुपर्ने
- सर्वोच्च अदालतले नियमित समाचार बुलेटिनहरू, रेडियो टेलिभिजनमा श्रव्यदृश्य कार्यक्रम सञ्चालन गर्नुपर्ने, वेवसाइटलाई लोकप्रिय बनाउने।
- गलत र भ्रामक समाचारको खण्डन गर्ने व्यवस्था हुनुपर्ने, देशैभरका अदालतमा सूचना सम्प्रेषण शाखा खडा गर्नुपर्ने।
- न्यायिक संवाद कार्यक्रमलाई प्रभावकारी बनाइनुपर्ने, सञ्चार माध्यमसँग नियमित अन्तरक्रिया गर्नुपर्ने।
- कानून व्यवसायीले आचारसंहिता पालना गरे नगरेको सन्दर्भमा अदालतभित्रैबाट पनि अनुगमन संयन्त्र बनाई सूक्ष्म निगरानी गर्नुपर्ने।
- अनावश्यक रूपमा मुद्दाको पेसी हटाई मुद्दा लम्ब्याउने एउटै कुरा पटकपटक बहस गरी अदालतलाई असहयोग गर्नेको अभिलेख राखी सोलाई वरिष्ठ अधिवक्ताको उपाधि दिंदा वा अन्य कुनै सम्मान वितरण गर्दा आधार बनाइनुपर्ने।
- जित्ने पक्षले हार्ने पक्षबाट मुद्दामा लागेको खर्च भराई लिन पाउनेसम्बन्धी कानूनी व्यवस्था गर्न कानून मन्त्रालयलगायत सरोकारसँग आवश्यक समन्वय गर्नुपर्ने।
- न्यायपालिकाको व्यवस्थापन एवम् सुधारका लागि केन्द्रदेखि जिल्ला तहसम्म बार एसोसिएसनसँग निरन्तर समन्वय र सहकार्य गरिनुपर्ने।

- दशीको सामान व्यवस्थापन सम्बन्धमा उठेका प्रश्नहरूको निराकरणका लागि फिर्ता दिनमिल्ने सामान तत्कालै फिर्ता दिने तथा अन्य सामानहरू सुरक्षित र व्यवस्थित गरी राख्नुपर्ने व्यवस्था मिलाइनुपर्दछ।
- फैसला कार्यान्वयनका सम्बन्धमा भइरहेको आलटाल तहतह निवेदन दिई वर्षौंसम्म कार्यान्वयन गर्न नपाउने परिस्थिति सिर्जना गर्ने अवस्थाको अन्तका लागि सोसम्बन्धी कानूनी व्यवस्थाको पुनरावलोकन गरी अन्तिम फैसला गर्ने अदालतमा तत्कालै निवेदन दिने र सरल तरिकाले कार्यान्वयन हुनसक्ने कानूनी व्यवस्था गरिनुपर्ने।
- झुठा बकपत्र गर्ने साक्षीलाई सजाय हुने कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिनुपर्ने।
- सर्वोच्च अदालतमा दुई वर्ष नाघेका मुद्दाको फछ्र्यौटका लागि विशेष कार्ययोजना बनाई लागू गर्नुपर्ने।
- पेसी, तारिख र पेसीको क्रम निर्धारण कानून र निश्चित मापदण्डका आधारमा गरिनुपर्दछ। सकेसम्म एउटै पेसी सूचीमा मुद्दा राख्ने गर्नुपर्दछ।

**<u>न्याय प्रशासनसँग सम्बन्धित काम कारबाहीका सम्बन्धमा</u>**

- न्याय सेवाप्रति कर्मचारीको बढ्दो विकर्षण हटाउन, अन्य सेवाको तुलनामा न्याय सेवालाई आकर्षक बनाउन वृत्ति विकासका अवसरहरू सुनिश्चित गराउने, न्यायाधीश र समान तहका अन्य कर्मचारीबीच सेवा सुविधामा समानता हुने र पर्याप्त सेवा सुविधा भएका अन्य मुलुकको न्यायपालिकामा विकृति विसङ्गति नभएको दृष्टान्तलाई आधार मानी कम्तीमा सार्क मुलुकको मापदण्ड अनुरूपको तलबलगायतका सुविधा हुने व्यवस्था गरिनुपर्ने।
- केही न्यायाधीश एवम् कर्मचारीहरूले नेतृत्वको संरक्षण प्राप्त गरेको भन्ने कर्मचारीको गुनासो भएको हुँदा न्यायाधीश तथा कर्मचारीहरूको पदस्थापन, काज र सरूवाको मापदण्ड बनाई प्रत्येक वर्ष फाँट, शाखा एवम् महाशाखा परिवर्तन गर्ने, भौगोलिक क्षेत्र र कार्यबोझको अनुभव हुने गरी २ वर्षमा र उपत्यकामा कार्यरत कर्मचारीहरूलाई उपत्यकाबाहिर तथा उपत्यका बाहिरकालाई उपत्यकाभित्रका अदालतमा सरूवा गरिनुपर्ने, राम्रा काम गर्ने न्यायाधीश एवम् कर्मचारीलाई पुरस्कृत र नराम्रा काम गर्नेलाई कारबाही गर्ने सुनिश्चितता दिनुपर्ने।
- वृत्ति विकासका अवसरहरूको वितरण न्यायपूर्ण नभई नेतृत्वको रोजाइमा हुन्छ भन्ने गुनासो सम्बोधनका लागि स्पष्ट मापदण्ड बनाई न्यायाधीश र कर्मचारीले समान र उचित अवसर पाउने व्यवस्था लागू गरिनुपर्ने।

- न्यायपालिकाले विभिन्न दातृ निकाय र गैरसरकारी संघसंस्थासँग सहकार्य गर्ने र सहयोग लिने सम्बन्धमा खास नीति नहुँदा कतिपय विसङ्गतिहरू उत्पन्न हुनसक्ने हुँदा यस विषयमा ठोस नीति बनाई सञ्चालन गरिनुपर्ने।
- न्यायालयले सम्पादन गरेका कामकारबाहीको नियमित रूपमा निरीक्षण, अनुगमन र मूल्याङ्कन गर्न ऐन, कानूनद्वारा व्यवस्थित निगरानी गर्ने संयन्त्रहरूको प्रभावकारिता बढाइनुपर्ने, जारी भएको निरीक्षण तथा अनुगमन निर्देशिका प्रभावकारी अनुसरण हुनुपर्ने।
- सर्वोच्च अदालत नियमावलीमा भएको समितिहरूमा न्यायाधीशहरू रहने व्यवस्थामा पुनरावलोकन गरिनुपर्ने।

**<u>अनुसन्धान र अभियोजन पक्षसँग सम्बन्धित सुझावहरूः</u>**

- फौजदारी मुद्दामा आउनसक्ने विकृति विसङ्गतिको निराकरणका लागि देहायबमोजिमको काम कारबाही गर्न सिफारिस गरेको।
- अनुसन्धान प्रक्रियालाई वैज्ञानिक र आधुनिकीकरण गराउने।
- अनुसन्धान, अभियोजन वा प्रतिरक्षामा गम्भीर त्रुटि भएको र बारम्बार दोहोरिरहेमा त्यस्तो अधिकारीको अभिलेख राखी सम्बन्धित विभागमा पठाइदिने र सरोकारवालाहरूसँग समय-समयमा अन्तरक्रिया गर्ने।

**<u>नेपाल बार एसोसिएसन र कानून व्यवसायी परिषद्सँग सुझावहरूः</u>**

- कानून व्यवसायीको शुद्धीकरण पनि न्यायिक विकृति हटाउन महत्त्वपूर्ण उपाय भएको हुँदा कानून व्यवसायलाई स्वतन्त्र, सक्षम, निष्पक्ष, पारदर्शी, पहुँचयोग्य र उत्तरदायी बनाउन देहायका काम कारबाही गरिनुपर्नेः-
- कानून व्यवसायीको पारिश्रमिकका सम्बन्धमा निश्चित मापदण्ड वा पारदर्शिता नभएकाले कानून व्यवसायी परिषद्सँग समन्वय गरी मादपण्ड बनाउन पहल गर्ने, कानून व्यवसायी फर्म दर्ता गर्नुपर्ने, पारिश्रमिकमा कर कट्टी गर्नुपर्ने, आय व्ययको लेखा राख्नुपर्ने, लिएको पारिश्रमिकको रसिद दिने व्यवस्था कार्यान्वयन गरिनुपर्ने।
- कानून व्यवसायमा देखिएको विकृति हटाई शुद्धता कायम गर्नका लागि कानून व्यवसायीको आचार संहिताको कडाइका साथ पालना गरिनुपर्ने। आचार संहितामा समसामयिक सुधार हुनुपर्ने, नेपाल कानून व्यवसायी परिषद्ले अनुगमन प्रणाली प्रभावकारी बनाई आचरण विपरित काम गर्नेलाई ऐन, नियमबमोजिम कारबाही गर्नुपर्ने।

**न्यायाधीश, कर्मचारीको आचरण तथा व्यवहारका सम्बन्धमाः**

आचरण र व्यवहारमा गरिने सुधारबाट नै अधिकांश विकृति विसङ्गति अन्त्य हुने हुँदा न्यायपालिकाका मुख्य कर्ता न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीहरूको व्यवहारबाट विकृति सिर्जना नहुनेतर्फ देहायबमोजिमका सुझावहरू प्रस्तुत भएको देखिन्छः

- कजलिष्ट प्रकाशित भएपछि तत्काल इजलास बस्नुपर्ने, मुद्दा पन्छाउने प्रवृत्तिको अन्त्य गर्नुपर्ने, मुद्दाको गुणदोषको आधारमा फैसला वा आदेश हुनुपर्ने, निर्णय सुनाउनुपर्ने पेसीमा निर्णय सुनाउने र नसकेमा कारणसहितको आदेश गर्नुपर्ने, अदालतको समयको पूरा उपयोग गर्नुपर्ने, सञ्चार माध्यम र समाजमा गरिने निन्दा वा प्रसंशासमेतका चर्चालाई सकारात्मक रूपमा लिई निष्ठा र इमान्दारितापूर्वक न्यायाधीशसमेतबाट काम गर्नुपर्ने।
- निर्णय सुनाउने दिन अर्को कजलिस्टसमेत परेमा पहिले निर्णय सुनाउने मुद्दा टुङ्गिएपछि मात्र अर्को कजलिस्टको मुद्दा हेर्नुपर्ने।
- सर्वोच्च अदालतमा समयमा इजलास बसी पूरा समय काम गर्नुपर्ने।
- न्यायालयले गरेका राम्रा कामको अनुगमन मूल्याङ्कन गरी कार्यसम्पादनको क्रममा देखिएका कमजोरी/समस्याको विश्लेषण गर्दै त्यसको कारण, आधार र प्रभावको मूल्याङ्कन गरिनुपर्ने। अनियमिततउपर निगरानी र नियन्त्रण अपेक्षित छ। निगरानी र नियन्त्रणसम्बन्धी कानूनी व्यवस्था गर्नुपर्ने।
- न्यायपालिकाको अनियमितता र विचलन अध्ययन गर्न भइरहेको संरचना प्रभावकारी नभएको हुँदा पदेन पदाधिकारी भएको वर्तमान संरचनामा सुधार गरी भ्रष्टाचार र अनियमतताको छानबिन गर्न जिम्मेवार निकायको गठन गरी दण्डहिनताको रोकथाम गरिनुपर्ने। कर्मचारीबाट हुने Petty Corruption लाई रोक्ने जिम्मेवारी अदालत प्रशासकलाई दिइनुपर्ने।
- कर्मचारीले प्रक्रियागत कार्यमा तटस्थता, निष्पक्षता र इमान्दारिता प्रदर्शन गर्नुपर्ने र न्यायाधीशहरूबाट स्वतन्त्रता, निष्पक्षता, समानता, क्षमता र लगनशीलतालगायतका सिद्धान्तहरूको पालना गर्नुपर्ने।
- न्यायपालिकामा विकृति विसङ्गति आउनुको कारण नैतिक मूल्य मान्यतामा आएको स्खलन भएकोले तालिम प्रशिक्षणमा नैतिकता र सदाचारका विषयहरूसमेत समावेश गरी सञ्चालन गर्न उपयुक्त हुने।

**वातावरणीय पक्षका विषयमाः**

- विद्यमान कानूनी तथा संस्थागत संयन्त्रहरूलाई प्रभावकारी बनाई वातावरण स्वच्छ र विकृतिमुक्त बनाउनुपर्ने, आर्थिक सामाजिक तथा राजनीतिक लगायत बाह्य वातावरणको स्वच्छताका लागि आफ्नो कुरा स्पष्टतासाथ राख्नुपर्ने।
- अदालतबाहिरका कर्ताहरूले न्यायपालिकामा विकृति सिर्जना गर्ने काम कारबाही गरेमा कारबाहीको दायरामा ल्याउन सकिने कानूनी व्यवस्था गर्नुपर्ने।
- पत्रपत्रिकामा आएका टिप्पणीका आधारमा न्यायाधीशहरूको मूल्याङ्कन नगरी विवेकसम्मत ढङ्गले कानूनबमोजिमको कार्य उच्च मनोबलका साथ गर्नसक्ने अवस्थाको सिर्जना गर्नुपर्ने।
- विभिन्न स्वार्थ समूहको प्रभावबाट प्रभावित हुन नहुने।
- बाह्य तत्वहरूको नियन्त्रण गरी अपेक्षित वातावरण तयार गर्न न्यायिक नेतृत्वको इच्छाशक्ति, सबै न्यायकर्मीको निशर्त सहयोग, बार, सञ्चारजगत, राजनीतिक एवम् सरोकारवाला सबैको सहयोग आवश्यक देखिने।

## २.२ पूर्व प्रतिवेदनहरूका सुझावहरूको कार्यान्वयन अवस्था

न्यायपालिकामा भइरहेका र हुनसक्ने विकृति, विसङ्गति, अनियमितता, तथा बिचौलियाको प्रभाव र तिनीहरूको नियन्त्रणका उपायहरूसहितको सुझाव पेस गरी न्यायपालिकाको जनआस्था अभिवृद्धि गर्ने उद्देश्यले यसअघि सर्वोच्च अदालत बार एसोसिएसनले गठन गरेको न्यायपालिकाप्रति जनआस्था अभिवृद्धि अध्ययन समिति, २०६४, सर्वोच्च अदालतद्वारा गठित विकृतिविहीन न्यायपालिकाको विकासका लागि अध्ययन कार्यदलको प्रतिवेदन, २०६६ तथा न्यायपालिकामा हुने विकृति विसङ्गति अध्ययन समितिको प्रतिवेदन २०७२ मा प्रस्तुत भएका सुझावहरूको सङ्क्षिप्त विवरण यसै परिच्छेदमा यसभन्दा अगाडि उल्लेख गरिसकिएको छ। न्यायपालिकाप्रति जनआस्था अभिवृद्धि अध्ययन समितिद्वारा पेस भएका प्रायश: सुझावहरूको सम्बन्धमा २०६६ र २०७२ सालका प्रतिवेदनहरूमा पुनर्उल्लेख गरिएको पाइन्छ। यस पृष्ठभूमिमा सर्वोच्च अदालतद्वारा २०६६ र २०७२ सालमा गठन गरिएका समितिहरूका प्रतिवेदनमा सुझाइएका सुझावहरूको कार्यान्वयनको अवस्था देहायबमोजिम उल्लेख गरिएको छ।

- न्याय सम्पादन प्रक्रियामा सरलता ल्याई सेवाग्राही मैत्री कार्यविधिका लागि संहिता कानूनहरू पारित भई कार्यान्वयनमा आएका छन।[८] संहिता कानूनहरू कार्यान्वयनमा आए पनि कतिपय प्रावधानहरू स्पष्ट हुन सकेको पाइँदैन।
- मुद्दा मामिलाको कार्यविधिलाई सरलीकरण बनाई न्यायमा सर्वसाधरणको पहुँच अभिवृद्धिका लागि अदालतमा पेस हुने लिखतहरूको टेम्प्लेट तयार गरी प्रत्येक अदालतबाट निःशुल्क रूपमा उपलब्ध गराउने र लेख्न नसक्नेहरूका लागि अदालतकै तर्फबाट भरिदिने व्यवस्था कार्यान्वयनमा आएका छन।[९]
- अदालतमा लाग्ने कोर्टफी, दस्तुरहरू नगदमा बुझाउने गरेका कारण सेवाग्राहीसँग सम्बन्धित कर्मचारीले बढी दस्तुर लिने गरेको गुनासो आएकोले सोको सम्बोधनका लागि बैंकिङ्ग प्रणालीबाट नगद लिने कार्यको थालनी गरी सर्वोच्च अदालत, काठमाण्डौ जिल्ला अदालत लगायतका अदालतहरूमा बैंक काउण्टर स्थापना गरि नगद जम्मा गर्ने प्रबन्ध गरेको र अन्य अदालतहरूमा क्रमशः काउण्टर स्थापना गर्दै जाने लक्ष्य लिइएको छ।[१०]
- अदालत प्रवेश गर्ने सेवाग्राही, कानून व्यवसायी, कर्मचारी एवम् अन्य व्यक्तिहरूको क्रियाकलापको अनुगमन र निगरानीका लागि धेरै अदालतहरूमा सि.सि.टि.भी. जडान गर्ने कार्य भैसकेको र जडान हुन बाँकी रहेका अदालतहरूलाई बजेट व्यवस्थापनका लागि कार्य भइरहेको छ।
- अदालत, न्यायिक प्रक्रिया, आदेश एवम् निर्णयका बारेमा सञ्चार माध्यममा सही ढङ्गले सूचना तथा समाचार सम्प्रेषण गर्न न्यायपालिकाको सूचना तथा सञ्चार नीति निर्माण भई कार्यान्वयनमा आएको छ।[११]
- मुद्दामा हुने काम कारबाही र फैसलालाई अनुमानयोग्य बनाउन न्यायपालिकाको प्रत्येक पञ्चवर्षीय योजनामा प्राथमिकता निर्धारण गरिएको छ। छिटो छरितो र गुणस्तरीय न्याय सम्पादनको लागि जिल्ला तथा उच्च अदालतहरूमा फरक मुद्दा व्यवस्थापन पद्धति लागू गरिएको छ।[१२]
- फैसला कार्यान्वयनमा सरलता ल्याउनका लागि फैसला भएपछि कार्यान्वयनका लागि अदालतले कार्यारम्भ गर्ने प्रणालीको प्रारम्भ संहिता कानूनको निर्माणबाट भएको अवस्था छ

---

[८] मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४, मुलुकी देवानी संहिता, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ तथा कसूर (निर्धारण तथा सजाय कार्यान्वयन) ऐन, २०७४ मिति २०७५।०५।०१ देखि कार्यान्वयनमा आएका।

[९] सर्वोच्च अदालतमा ४७ प्रकारका, उच्च अदालतमा ५२ प्रकारका र जिल्ला अदालतमा ७२ प्रकारका निवेदनहरूको ढाँचा तयार भई कार्यान्वयनमा आएको कुरा सर्वोच्च अदालतको Website मा समेत हेर्न सकिन्छ।

[१०] न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना, पृष्ठ १८३

[११] न्यायपालिकाको सूचना तथआ संचार नीति, २०७६ (२०७६/०८/१८ को पूर्ण वैठकबाट परित भई कार्यान्वयनमा आएको)।

[१२] सर्वोच्च अदालतको पूर्ण वैठक २०७७/०३/१० को निर्णयअनुसार जिल्ला अदालतहरूमा २०७७/०४/०१ देखी र उच्च अदालतहरूमा २०७७/०५/०१ देखी उक्त पद्धति कार्यान्वयनमा आएको

भने सर्वोच्च अदालत नियमावलीमा संशोधन भई फैसला कार्यान्वयन निर्देशनालयको स्थापना भएको छ।

- सर्वोच्च अदालतमा पेसीको लागि निर्धारित मुद्दाहरूको समूह र तालिका निर्धारण गरी पेसी व्यवस्थापन गरिएको अवस्था छ।[१३]
- सर्वोच्च अदालतले आफ्ना सूचनाहरू यथार्थपरक ढङ्गबाट सम्प्रेषण गर्न वेवसाइट अद्यावधिक गर्दै आएको अवस्था छ।
- केही जिल्ला अदालतहरूमा नमुनाका रूपमा लागू गरिएको देवानी र फौजदारी इजलासको प्रभावका बारेमा अध्ययन र मूल्याङ्कन गरी देवानी र फौजदारी इजलासहरू छुट्टाछुट्टै हुने व्यवस्था खारेज गरिएको छ।
- अदालतमा कार्यरत कर्मचारीहरूका लागि छुट्टै आचारसंहिता निर्माण भई कार्यान्वयनमा ल्याइएको छ।[१४]
- कर्मचारीहरूले अदालतमा बस्दा र काम गर्दा अनिवार्यरूपमा परिचयपत्र र निर्धारित पोशाक लगाउने गरिएको छ।
- सेवाग्राहीसँग गरिने व्यवहारका सम्बन्धमा प्रत्येक अदालतका कर्मचारीलाई समावेश गरी प्रत्यक्ष र भर्चुअल माध्यमबाट अनुशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने गरिएको छ।
- प्रत्येक अदालतमा नागरिक बडापत्र, सूचना तथा सहायता केन्द्रको व्यवस्था गरी सेवाग्राहीलाई सहज रूपमा सेवा उपलब्ध गराउने प्रयास गरिएको छ।
- फैसलाबमोजिम फिर्ता पाउने धरौटी र कोर्टफी रकम सहज रूपमा उपलब्ध गराउनका लागि सर्वोच्च अदालतका नाममा Line Ministry Budget Information System (LMBIS) मा नै प्रत्येक वर्ष बजेट विनियोजन गर्ने गरेको र सम्बन्धित अदालतले माग गरेपछि तत्काल नै सम्बन्धित अदालतका नाममा निकासा दिने गरिएको छ।
- न्यायिक जनशक्तिलाई सूचना प्रविधिसँग आबद्ध गरी सूचना प्रविधिका नवीनतम अभ्यासलाई अदालतका कामकारबाहीमा लागू गर्ने प्रयोजनार्थ न्यायपालिकामा सूचना प्रविधिको योजनाबद्ध विकासको लागि सूचना प्रविधिसम्बन्धी १० वर्षे दीर्घकालीन गुरु योजना (२०७२-२०८२) सर्वोच्च अदालत पूर्ण बैठकको मिति २०७२/१२/०३ को निर्णय अनुसार लागू भै कार्यान्वयनमा आएको छ।
- न्यायपालिकाले विभिन्न दातृ निकाय र गैरसरकारी संस्थाबाट विभिन्न प्रकारका सहयोग लिएका कारण कतिपय विसङ्गतिहरू देखिएको र विभिन्न प्रकारका प्रभाव पर्ने गरेको

---

[१३] सर्वोच्च अदालत मुद्दा व्यवस्थापन समितिको मिति २०७४।०६।२४ को निर्णयबाट

[१४] अदालतमा कार्यरत कर्मचारीहरूको आचारसंहिता २०७५ (२०७५/१२/२७ को पूर्ण बैठकबाट पारित भई कार्यान्वयनमा आएको)।

गुनासोलाई सम्बोधन गर्न सामन्यतया त्यस्ता निकायहरूबाट सहयोग नलिने नीति अख्तियार गरिएको छ।

- अडियो तथा भिडियो कन्फरेसिङ्गबाट बहस सञ्चालन गर्नका लागि पहिलो चरणमा नमुनाको रूपमा उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुङ्गा र उदयपुर जिल्ला अदालत तथा उच्च अदालत दिपायल तथा कैलाली जिल्ला अदालतमा लागू गर्ने र कोर्टरुम टेक्नोलोजीको प्रयोग सर्वोच्च अदालत संवैधानिक इजलासमा सञ्चालन गर्ने निर्णय भएको छ।[१५]
- पक्षले सर्वोच्च अदालत वा उच्च अदालतमा लिनुपर्ने तारिख सम्बन्धित जिल्ला अदालत वा नजिक रहेको उच्च अदालतमा लिन पाउने गरी अनलाइन तारिख प्रणाली लागू गरिएको छ।
- म्याद सूचना तामेलीका लागि Online बाट म्याद जारी गरी सम्बन्धित अदालतमा पठाई तामेल गर्ने गरिएको छ।
- एक अदालतको असल अभ्यास अर्को अदालतमा पनि लागू गर्ने तथा अदालतमा रहेका कमी कमजोरी पहिचान गर्ने उद्देश्यले एउटा अदालतका कर्मचारीलाई अर्को अदालतको अवलोकनमा पठाइ अन्तर अदालत अनुगमन तथा निगरानी गरी गराई सोको प्रतिवेदन प्राप्त गरी कार्यान्वयन गर्ने गरिएको छ।
- सर्वोच्च अदालतको अनुगमन तथा निरीक्षण महाशाखामा सूक्ष्म निगरानी संयन्त्र परिचालनसम्बन्धी मार्गदर्शन तयार गरी उक्त मार्गदर्शनका आधारमा अदालतहरूको निरन्तर सूक्ष्म निगरानी अनुगमन गर्ने गरिएको छ।
- संहिता कानूनहरू कार्यान्वयनमा आएपछि कानूनमा रहेका कतिपय रिक्तताहरू क्षतिपूर्ति, दुष्कृति जस्ता विषयहरू सम्बोधन भएका छन्।
- औद्योगिक एवम् व्यावसायिक कारोबार हुने क्षेत्रमा रहेका उच्च अदालतहरूमा वाणिज्य इजलास गठन भई सञ्चालनमा आएका छन्।
- न्यायपालिकालाई प्राप्त बजेट तथा भौतिक स्रोत साधनको वितरण एवम् व्यवस्थापन सर्वोच्च अदालतबाट हुँदै आएको पद्धतिमा सुधार गरी सम्बन्धित अदालतहरूले आफ्नो आवश्यकता र औचित्यताका आधारमा बजेट निर्माण गर्ने तथा भौतिक स्रोत साधनको व्यवस्थापनसमेत अदालतहरूको माग र सहमतिको आधारभा गर्ने पद्धति विकास गरिएको छ।

[१५] सर्वोच्च अदालत पूर्ण बैठकको मिति २०७६/११/१४ को निर्णयबाट।

- न्यायाधीशसँग सेवाग्राहीको भेट (Meet the Judge), न्यायिक बाह्य संवाद (Judicial Outreach) जस्ता कार्यक्रममार्फत अदालतका कामकारबाही, प्रक्रिया, दस्तुरका बारेमा सेवाग्राही एवम् सर्वसाधारण जनतालाई सूचित गर्ने गरिएको छ।
- न्यायाधीशहरूको लागि सामूहिक आवास निर्माण गर्ने क्रममा उच्च अदालत विराटनगरका नाममा नेपाल सरकारबाट जग्गा प्राप्त भएको छ भने अन्य अदालतका लागि पनि जग्गा प्राप्तिको पहल भइरहेको अवस्था छ।
- जनशक्तिको क्षमता विकासका लागि वार्षिक ३००० भन्दा बढी जनशक्तिलाई सूचना प्रविधि, फैसला लेखन, सूक्ष्म निगरानी, न्यायिक सुशासन, फरक मुद्दा व्यवस्थापन पद्धति लगायतका विषयहरूमा तालिम प्रदान गर्ने[१६] भन्ने योजना अनुसार प्रत्येक वर्ष सबै तहका केही जनशक्तिलाई तालिम प्रदान गर्ने गरिएको छ।
- नयाँ बन्ने अदालत भवनहरूमा आधुनिक समयको माग र सेवाग्राहीको आवश्यकता अनुसार थुनुवा कक्ष, अपाङ्गमैत्री संरचना, स्तनपान कक्ष, मेलमिलाप कक्ष, सूचना प्रविधि शाखा लगायत अन्य प्रावधानहरू समावेश गरी नक्सा, ड्रइङ डिजाइन स्वीकृत गरी भवन निर्माण गर्ने कार्य प्रारम्भ गरिएको छ।
- मुद्दामा पेस भएका दशीका सामानहरू सडी गली जान नदिई व्यवस्थापन गर्ने सम्बन्धमा जिल्ला अदालत नियमावलीमा[१७] संशोधन भएको अवस्था छ भने यस अदालतबाट समेत समय समयमा नियमावलीमा भएको व्यवस्था कार्यान्वयनका लागि समय समयमा पत्राचार भएका छन्।

न्यायाधीशहरूको तेस्रो राष्ट्रिय सम्मेलन, २०७५ बाट पारित घोषणापत्रमा संविधान, कानून तथा न्यायका मान्य सिद्धान्तअनुरूप न्यायिक काम कारबाहीमा इमान्दारिता, निष्पक्षता, सदाचार, स्वच्छता र पारदर्शिता कायम गर्ने तथा न्यायपालिकाप्रतिको जनआस्था वृद्धि गर्न न्यायाधीशहरूको आचार संहिताको पूर्ण परिपालना गर्ने प्रतिबद्धता व्यक्त भएको छ।[१८] रजिस्ट्रार, श्रेस्तेदार तथा तहसिलदारहरूको प्रथम राष्ट्रिय सम्मेलन, २०७७ ले न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको लक्ष्यअनुरूप न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धि गर्न र योजनावद्ध कार्यक्रमहरूको माध्यमबाट न्याय प्रशासनलाई छिटो, छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, गुणस्तरीय, प्रभावकारी र जवाफदेही बनाउन संकल्प गरेको कुरा घोषणापत्रबाट देखिन आएको छ।

## २.३ पूर्व अध्ययन प्रतिवेदनहरूको कार्यान्वयनको सन्दर्भमा देखिएका समस्या, चुनौती र प्रमुख सवालहरूः

सर्वोच्च अदालत बार एसोसिएसनले, २०६४ सालमा गठन गरेको न्यायपालिकाप्रति जनआस्था अभिवृद्धि अध्ययन समितिको प्रतिवेदन, २०६४ र सर्वोच्च अदालतद्वारा गठित विकृतिविहीन

---

[१६] न्यायपालिकाको चौथो पञ्चवर्षिय रणनीतिक योजना (२०७६/०७७-२०८०/०८१ पृष्ठ १७७)
[१७] जिल्ला अदालत नियमावली, २०५२ संशोधित नियम ९०, ९०क
[१८] न्यायाधीशहरूको तेस्रो राष्ट्रिय सम्मेलन स्मारिका, २०७५, पृ. २२७, २३१

न्यायपालिकाको विकासका लागि अध्ययन कार्यदलको प्रतिवेदन, २०६६ र न्यायपालिकाको विकृति, विसङ्गति अध्ययन समितिको अध्ययन प्रतिवेदन, २०७२ समेतमा देखाइएका प्रमुख समस्याहरू र प्रस्ताव गरिएका केही सुझावहरू कार्यान्वयनमा आएका देखिन्छन् भने कतिपय सुझावहरू कार्यान्वयन हुन सकेका देखिंदैनन्। तीनवटै प्रतिवेदनमा प्राथमिकताका साथ उठाइएका न्यायाधीश नियुक्तिको सवाल, मुद्दाको पेसी प्रणालीमा पुनरावलोकन गरिनुपर्ने विषय, मुद्दामा बिचौलियाले पार्न सक्ने प्रभाव, सर्वोच्च अदालतमा इजलास बस्ने समयको परिपालना, निरीक्षण प्रणाली प्रभावकारी बन्न नसकेको विषय, न्यायाधीश एवम् कर्मचारीहरूको सरुवा एवम् काज गर्दा निश्चित पद्धति र प्रणाली स्थापित हुन नसकेको, कानून व्यवसायमा पारदर्शिता अभावको विषयलगायतका विषयहरू समस्याकै रूपमा हालसम्म विद्यमान रहेको कुरा अहिलेको अध्ययनबाट पनि देखिएको छ।

यसरी नै सञ्चार माध्यममा आएका समाचार एवम् टिकाटिप्पणीले कार्यसम्पादनमा पारिरहेको असरलाई नियमन गर्ने विषय पनि समस्याकै रूपमा रहेको पाइन्छ। न्यायपालिकामा गुटबन्दी, संरक्षणवाद, नातावाद, कृपावाद जस्ता विकृतिले प्रश्रय पाउँदा समस्या थप जटिल बनेको देखिन्छ।

सर्वोच्च अदालत बार एशोसिएसनद्वारा गठित न्यायपालिकाप्रति जनआस्था अभिवृद्धि अध्ययन समितिको प्रतिवेदन २०६४, सर्वोच्च अदालतद्वारा गठित विकृतिविहीन न्यायपालिकाको विकासका लागि अध्ययन कार्यदलको प्रतिवेदन २०६६ र न्यायपालिकामा विकृति विसङ्गति अध्ययन समितिको प्रतिवेदन २०७२ मा न्यायपालिकामा भएका र हुनसक्ने विकृति विसङ्गतिका विभिन्न कारण, माध्यम, त्यसबाट न्यायसम्पादन/न्याय प्रशासन तथा न्यायपालिकाप्रतिको गरिमा र जनआस्थामा परेको असर देखिएका समस्या तथा समाधानका विभिन्न उपायहरू प्रस्तुत गरेको कुरा यसै परिच्छेदमा भन्दा अगाडि उल्लेख गरिसकिएको छ। पूर्व प्रतिवेदनमा प्रस्तुत भएका सुझावहरूमध्ये कार्यान्वयन भैसकेका र हुने क्रममा रहेका केही सुझावहरूको सम्बन्धमा पनि यसभन्दा माथि उल्लेख भैसकेको छ। तीनवटै प्रतिवेदनमा देखाएका प्रमुख र साझा समस्याको सम्बोधन हुन नसक्दा न्यायपालिकामा अरू पनि विकृति, विसङ्गति, भ्रष्टाचार, अनियमितता तथा बिचौलियाको प्रभाव कायमै रहेको भन्ने विभिन्न क्षेत्र, वर्ग, समुदाय, सञ्चार माध्यम र न्यायपालिकामा कार्यरत जनशक्तिहरूले औंल्याउदै आएको अवस्था छ। पूर्वप्रतिवेदनहरूमा देखाएका समस्या तथा प्रस्तुत भएका सुझावहरू कार्यान्वयनका लागि कार्यान्वयन योजना निर्माण गरी कार्यान्वयनमा आएको नदेखिंदा कार्यान्वयनमा उल्लेख्य प्रगति हुन नसकेको भन्ने कुरा पनि धेरै ठाउँबाट उठेको छ।

न्यायाधीश नियुक्तिबाटै विकृति विसङ्गति र अनियमितताको प्रारम्भ हुन्छ भने पूर्व प्रतिवेदनहरूमा औंल्याइएको समस्या समाधान हुन नसक्दा नियुक्तिको सवाल झनै पेचिलो विषय बन्न पुगेको छ। न्यायाधीश नियुक्ति नातावाद, कृपावाद, संरक्षणबाद, भागबण्डाका र

राजनीतिक प्रभावका आधारमा हुन्छ भन्ने पूर्व प्रतिवेदनमा देखाइएका समस्याहरूको सम्बोधनका लागि न्याय परिषद्बाट कुनै ठोस नीति र आधार तयार नहुँदा कार्यान्वयनमा समस्या देखिएको अवस्था छ। त्यसै पदस्थापना, सरुवा, काज तथा कारबाही सम्बन्धमा पनि नियुक्ति जस्तै प्रकृति रहेको प्रतिवेदनमा उल्लेख भएको विषयको समाधानका लागि पनि निश्चित आधार मापदण्ड निर्माण नगरी पदस्थापना, काज सरुवा र कारबाही गरिँदा कार्यान्वयन पक्षमा खासै सुधार नभएको कुराको अनुभूति न्यायाधीशहरूबाट व्यक्त भएका छन्।

कर्मचारी प्रशासन र व्यवस्थापन सम्बन्धमा पूर्व प्रतिवेदनहरूमा औँल्याइएका समस्या समाधान हुन नसकी समस्याकै रूपमा रहेको पाइन्छ। मुद्दाको चाप, अदालतको आवश्यकता र कर्मचारीहरूको समस्यासमेतलाई ध्यानमा राखी कर्मचारीहरूको व्यवस्थापन, पदस्थापना, सरुवा, काज गर्ने नीति अवलम्बन गरी कार्यान्वयन गर्नुपर्नेमा कर्मचारी व्यवस्थापनमा पनि नातावाद, कृपावाद, संरक्षणवाद, भनसुन र प्रभावका आधारमा गरिरहने प्रकृति दोहोरिई रहँदा कार्यान्वयनमा समस्या देखिएको छ। कर्मचारीहरूको गुनासो सम्बोधन हुन नसकेको भन्ने अवस्था अहिलेपनि विद्यमान नै रहेको पाइयो।

मुद्दाको तारिख र पेसी व्यवस्थापनका सम्बन्धमा पूर्व प्रतिवेदनहरूको सुझावनोट कार्यान्वयनमा पनि समस्या देखिएको छ। अदालतको आवश्यकता, पक्षको सहमति र मुद्दाको औचित्य प्राथमिकता एवम् समानताको सिद्धान्तको आधारमा तारिख र पेसी तोक्ने प्रणालीको विकास अहिले पनि हुन नसक्दा पेसी र तारिख व्यवस्थापनमा समस्या देखिएको छ। जिल्ला अदालतहरूमा मुद्दा दर्ता भएपछि शुरुदेखि नै एउटै न्यायाधीशबाट मुद्दाको कारावही र किनारा गरिने तथा सर्वोच्च अदालतमा प्रधान न्यायाधीश र उच्च अदालतमा मुख्य न्यायाधीशबाट पेसी तोक्ने व्यवस्थाका कारण विकृति विसङ्गति र भ्रष्टाचार बढेको भन्ने पूर्व प्रतिवेदनहरूको निस्कर्ष र त्यसको समाधानको लागि स्वचालित पेसी प्रणालीमा जानुपर्ने भन्ने सुझाव कार्यान्वयन हुन नसक्दा विकृति विसङ्गति थप हुँदै गएका छन्।

सर्वोच्च अदालतमा समयमै इजलास नबस्नाले एउटै इजलासमा दुईवटा पेसी सूची निकाल्ने तथा निर्णय सुनाउन पेसी तोकिएकोमा निर्णय सुनाउने कार्य नभई निर्णय सुनाउनका लागि पटकपटक पेसी राख्ने कार्यले न्याय सम्पादनमा प्रतिकुल प्रभाव पर्नाका साथै विकृति पनि बढ्ने गरेकोले समयमै इजलास बस्नुपर्ने एउटा इजलासमा एउटामात्र पेसी सुची निकाल्ने तथा निर्णय सुनाउन पेसी तोक्ने प्रवृत्ति रोक्नुपर्ने भनी दिइएका सुझावहरू पनि मुद्दाको चाप, न्यायाधीशको सङ्ख्याको कमी एवम् कतिपय अवस्थामा विभिन्न स्वार्थले काम गर्दा कार्यान्वयनमा समस्या देखिएको छ।

पूर्व प्रतिवेदनहरूमा बिचौलिया भनी पहिचान गरिएका व्यक्ति तथा संस्था तथा तिनको मुद्दाको काम कारबाही र निर्णयमा पार्ने प्रभावका बारेमा देखाइएका समस्या तथा समस्या सम्बोधनका लागि अवलम्बन गर्नुपर्ने उपायहरूको कार्यान्वयनमा पनि समस्या रहेको भन्ने अधिकांश कानून व्यवसायी र सञ्चारकर्मीहरूको भनाइ रहेको छ। कतिपय न्यायाधिश स्वयं बिचौलियाको

भूमिका निर्वाह गर्ने, बिचौलियाहरूले मुद्दा ठेक्का लिई बिचौलियाको भूमिका निर्वाह गर्न र कतिपय टाठाबाठा र पेशेवार बिचौलियाका कारण यो समस्या थप पेचिलो र जटिल बन्न गएको छ। बिचौलियाको पहिचान, अनुमान, नियन्त्रण, कारबाहीको विषय निकै चुनौतीपूर्ण पनि देखिएको छ।

बाह्य वातावरणीय प्रभाव र सञ्चारमाध्यमले खेलेको भूमिकाका कारण न्याय सम्पादनमा परेको प्रभावको सम्बन्धमा पूर्व प्रतिवेदनहरूमा उठाएका विषय वस्तुहरूको कार्यान्वयन पनि समस्या र चुनौतीको विषय बनेको छ। देशका राजनीतिक, आर्थिक, सामाजिक परिवेशले न्यायिक कामकारबाहीमा स्वाभाविकरूपमा असर पर्ने हुन्छ। अन्य निकायहरूसँगको सहकार्य र समन्वयमा समेत समस्या रहेको कारण अपेक्षित सहयोग प्राप्त हुन नसक्नु समस्या र चुनौतिको रूपमा रहेको छ।

न्यायपालिकालाई प्रशासकीय र वित्तिय स्वायत्तता नहुँदा कर्मचारीको उपलब्धता र बजेटको सुनिश्चितता नहुँदा समग्र न्यायपालिका प्रभावित बन्न गएकोले त्यसका लागि न्यायपालिकालाई प्रशासनिक र वित्तिय स्वायत्तता हुनुपर्ने भन्ने पूर्व प्रतिवेदनहरूका सुझाव कार्यान्वयनमा पनि समस्या देखिएको छ। कतिपय कानून व्यवसायीहरूमा पनि अदालतलाई सहयोग गर्नुपर्छ भन्ने भावनामा ह्रास आउदै गएको, कतिपय बिचौलियाको भूमिकामा रहेका, मुद्दा जित्नैपर्छ भन्ने अपसंस्कृतिको विकास भएको पेसी स्थगत गर्ने व्यवस्थाको दुरूपयोग गरेको पक्षको हित विपरित दूषित कार्यमा संलग्न रही कमाउने गरेकोलगायतका समस्याहरू यथावतै रहेकाले पूर्व प्रतिवेदनहरूको यस सम्बन्धमा दिइएका सुझावहरू कार्यान्वयनमा समस्या देखिएको छ। कानून व्यवसायमा पारदर्शिताको अभाव रहनु प्रमुख समस्याको रूपमा रहेको कुरा स्वयं कानून व्यवसायीहरूबाट व्यक्त भएको छ।

स्रोत साधनको पारदर्शी र समुचित ढङ्गबाट परिचालन गरी आर्थिक अनुशासन कायम राखनका लागि दिएको सुझाव कार्यान्वयनमा पनि केही समस्या देखिएको छ। स्रोत साधनको वितरण र प्रयोगमा पनि अझै समस्या विद्यमान रहेकव भन्ने देखिएको छ। खर्चको विवरण सार्वजनिक गर्नुपर्ने भनी दिएको सुझाव र आर्थिक ऐन नियममा उल्लिखित व्यवस्थाहरू कार्यान्वयनमा अझै सुधार हुनपर्ने देखिएको छ।

न्यायाधीश, कर्मचारी एवम् कानून व्यवसायीहरूको आचरण पालना, अनुगमन र निगरानी तथा उल्लङ्घनमा कारबाहीको विषयमा पनि कार्यान्वयनमा समस्या देखिएको छ। संरक्षण गर्ने प्रकृति, नातावाद, राजनीतिक प्रभाव जस्ता विषयबाट आचरणका कारबाही प्रभावित भैराखेको देखिन्छ।

सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनमा गम्भीर किसिमका त्रुटि हुने तर त्यसको आरोप अदालतले बहन गर्नुपर्ने अवस्थाकव अन्तकालागि अनुसन्धान र अभियोजनमा वैज्ञानिक पद्धित र व्यापक सुधारका लागि दिइएका सुझावहरू कार्यान्वयनमा पनि जनशक्तिको

क्षमता, स्रोतसाधनको उपलब्धता कार्य संस्कृतिका कारण कार्यान्वयनमा समस्या आएको देखिन्छ।

प्रतिवेदनहरूको कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरूलाई निम्नानुसार उल्लेख गरिएको छः

१. प्रतिवेदनहरूमा देखाइएका समस्या समाधानका लागि प्रस्ताव गरिएका सुझावहरूको कार्यान्वयनका लागि ठोस कार्ययोजना बन्न नसक्नु।
२. अदालत सम्बन्धी नियमावलीमा संशोधन गर्नुपर्ने भनी पहिचान गरिएका सबै विषयहरूको सम्बोधनको लागि नियमावली संशोधन हुन नसक्नु।
३. न्यायाधीश नियुक्तिमा देखिएका विकृति, विसङ्गति अन्तका लागि स्पष्ट आधारसहितको प्रणाली अवलम्बन गर्न नसक्दा नियुक्तिहरू विवादमुक्त हुन नसक्नु।
४. पेसी तारिख र पेसी तोक्ने सम्बन्धमा देखिएका समस्या समाधानका लागि पारदर्शी र वैज्ञानिक प्रणाली अपनाउन दिइएका सुझाव कार्यान्वयनमा अअपेक्षित सुधार हुन नसक्दा पेसी तारिख र पेसी तोक्ने सम्बन्धमा स्पष्ट, पारदर्शी र वैज्ञानिक पद्धति अवलम्बन गर्न नसक्नु।
५. बिचौलियाले कार्यमा पार्ने प्रभाव नियन्त्रण गर्नका लागि संयन्त्र निर्माण, अनुगमन र कारबाही सम्बन्धमा योजनाबद्ध कार्यक्रमको अभाव रहनु।
६. न्यायाधीश, कर्मचारी र कानून व्यवसायीहरूको आचरण, आचरण पालना भए नभएको सम्बन्धमा अनुगमन र कारबाही प्रणाली विकास हुन नसक्नु।
७. कर्मचारीहरू सेवाग्राहीसँग गरिने व्यवहारका सम्बन्धमा देखिएका समस्या कार्यान्वयनमा व्यवहार र आचरणमा सुधार गर्नुपर्ने विभिन्न कार्यक्रम सञ्चालन गरेरपनि उल्लेख्य प्रगति हुन नसक्नु।
८. बाह्य वातावरण, राजनीतिक प्रभाव तथा सरोकारवालाहरूको निकायको सहयोग र समन्वयको कमीले गर्दा कार्यान्वयनमा समस्या र चुनौती देखिएको छ।
९. स्रोत साधनको उपलब्धतामा कमी, प्राप्त स्रोत साधनको प्रयोग र परिचालनमा पारदर्शिताको कमी रहेका कारण सुझाव कार्यान्वयनमा समस्या र चुनौती देखिएको छ।
१०. न्यायाधीश एवम् कर्मचारीहरूको परदस्थापन, सरुवा तथा काज गर्दा आधार र मापदण्ड विना संरक्षणवाद, नातावाद, कृपावादको हावी हुँदा सुझावहरू कार्यान्वयनमा समस्या देखिएको छ।

### २.४ पूर्व प्रतिवेदनका सुझावहरूको सान्दर्भिकता र निरन्तरताको औचित्य

माथि उल्लेख गरिएबमोजिम पूर्व प्रतिवेदनमा औंल्याइएका समस्या तथा तिनका समाधानहरूका उपायहरूको सान्दर्भिकता र औचित्य अहिलेसम्म पनि उत्तिकै छ भने भविष्यमा पनि रहिरहनेछ। तीनवटै प्रतिवेदनहरूमा न्यायाधीश नियुक्तिमा स्पष्ट आधार  पारदर्शिता नभई नेतृत्वको इच्छामा हुने

गरेकाले निश्चित, स्पष्ट, पारदर्शी, वस्तुनिष्ठ आधारमा सक्षम, स्वतन्त्र, निष्पक्ष र निष्ठावान् व्यक्तिलाई मात्र न्यायाधीशको जिम्मेवारी दिइनुपर्दछ भन्ने सुझावलाई आत्मसात गरी संविधान र कानूनको भावना अनुरूप न्याय परिषद् र यसका पदाधिकारीहरूले कार्यान्वयन गर्नुपर्ने अपरिहार्यता रहेको छ। त्यसरी नै न्यायाधीशहरूको सरुवा एवम् काज गर्दा पनि न्याय परिषद् र नेतृत्वले सबै न्यायाधीशहरूलाई समान व्यवहार नगरी नातावाद, कृपावाद र संरक्षणवादका आधारमा गर्ने गरेको कार्यशैलीमा सुधार ल्याउनुपर्ने भन्ने सुझाव पनि उत्तिकै महत्त्वपूर्ण छ। न्यायाधीशको मनोबल उच्च राख्न, न्याय सम्पादनमा प्रभावकारिता ल्याउन न्यायाधीशको नियुक्ति, काज, सरुवा व्यवस्थित प्रणालीमा आधारित हुनुपर्दछ, नेतृत्वको इच्छा वा तदर्थवादमा चल्नुहुँदैन भन्ने सुझावको कार्यान्वयनको अपेक्षा न्यायक्षेत्रसँग सरोकार राख्ने जो कोहीको हुन्छ। त्यसरी नै न्यायाधीशउपरका उजूरी उपरको छानविन र कारबाही आधार, कारण, कार्यविधिमा समानता नभएकोले न्यायाधीशहरू हतोत्साही भएको विषय पनि उत्तिकै महत्त्वपूर्ण छ।

त्यसरी नै कर्मचारीहरूको पदस्सथापन, सरुवा र बढुवा तथा काज सम्बन्धमा स्पष्ट आधार र मापदण्डको निर्धारण नगरी नेतृत्व तथा प्रशासकीय प्रमुखको स्वविवेक, भनसुन, नातागोता वा अन्य प्रभावबाट गर्ने पद्धतिले धेरै कर्मचारीहरू निराशाजनक अवस्थामा रहेका, अवसरमा विभेदले गर्दा धेरै कर्मचारीहरू अवसरबाट वञ्चित भई सीमित कर्मचारीहरूले मात्र सबै प्रकारका अवसरहरू प्राप्त गर्ने गरेको कर्मचारीहरूको गुनासो सम्बोधन गर्नुपर्ने विषयलाई गहनरूपमा लिनुपर्ने देखिन्छ।

मुद्दा प्रभाव व्यवस्थापनका लागि दर्ता, म्याद तामेली, तारिख, पेसी, सुनुवाइ, फैसला एवम् फैसला कार्यान्वयनको तहसम्म विलम्ब हुने गरेको, कार्यविधि झन्झटिलो रहेको, लाग्ने भन्दा बढी दस्तुर तिर्नुपरेको जस्ता सेवाग्राहीका गुनासो अहिलेसम्म पनि सम्बोधन हुन नसक्नु चिन्ताको विषय बनेकाले उत्तिकै महत्त्वसाथ यी समस्याहरूको विश्लेषण गरी समाधानका उपायहरू अपनाउनु पनि उत्तिकै सान्दर्भिक छ।

जिल्ला अदालतमा एउटै न्यायाधीशलाई मुद्दा जिम्मा लगाउने व्यवस्थाबाट न्याय सम्पादनमा देखिएका विकृतिहरूको मूल्याङ्कन गरी पुनरावलोकन गर्नुपर्ने विषय सर्वोच्च अदालतमा प्रधान न्यायाधीशले र उच्च अदालतमा मुख्य न्यायाधीशले पेसी तोक्दा विभिन्न स्वार्थ र प्रभावमा पर्ने गरेकाले पुनरावलोकन गरी वैज्ञानिक ढङ्गले पेसी व्यवस्थापन गर्नुपर्ने विषयको आवश्यकता र सान्दर्भिकतालाई स्वीकार गर्नुपर्ने अवस्था देखिएको छ। त्यसरी नै मुद्दा पेसीमा राख्दा समेत विभिन्न प्रकारका विकृति, विसङ्गति, समय व्यवस्थापनका सम्बन्धमा प्रतिवेदनमा प्रस्ताव गरिएका सुझावहरू पनि महत्त्वपूर्ण छन्। हरेक कार्यको लागि समय निर्धारण गरी त्यसको अनिवार्य परिपालना गरेमा मात्र त्यसले सार्थकता पाउने देखिन्छ। समय निर्धारण नहुँदा सेवाग्राही एवम् कानून व्यवसायीहरूसमेतले समयको सदुपयोग गर्न नसकेको भन्ने गुनासो अहिले पनि घटेको देखिंदैन। मुद्दा दर्ता गर्ने, तारिख दिने, बयान, बकपत्र गराउने समय र बहसको लागि समय निर्धारण सर्वाधिक महत्त्वका हुन्छन्। सर्वोच्च अदालत इजलास पनि समयमा सञ्चालन हुन नसकेको भने पूर्व प्रतिवेदनमा देखाइएका समस्या समाधान हुन

सकेको पाइँदैन। फैसला लेखन र फैसला कार्यान्वयन पनि समयमा हुन नसकेको भन्ने प्रतिवेदनका कुरालाई ध्यानमा राख्दै समय व्यवस्थापन गरी न्यायमा भएको ढिलासुस्तीलाई घटाउनुपर्ने हुन्छ।

न्यायपालिकालाई आवश्यक पर्ने बजेटको उपलब्धता, स्रोत साधनको समुचित प्रयोग, सेवा प्रवाहमा प्रभावकारिताका लागि भौतिक अवस्थामा गरिनुपर्ने सुधार, न्यायमा सहज पहुँचका लागि अवलम्बन्ध गर्नुपर्ने उपायहरू निःशुल्क कानूनी सहायतालाई प्रभावकारी बनाउनुपर्ने विषय पनि उत्तिकै महत्त्वपूर्ण छ।

न्यायाधीशहरू एवम् कर्मचारीहरूको आचारसंहिता पालनाको विषय, आधारसंहितामा रहन नसक्नेलाई कारबाहीको दायरामा ल्याउनुपर्ने विषय, आधारसंहिताको प्रभावकारी अनुगमनका विषय, कर्मचारी एवम् न्यायाधीशको क्षमता अभिवृद्धिको विषय, सेवाग्राहीमैत्री व्यवहारको अपेक्षा, कार्यशैली र संस्कृतिमा सुधार गरिनुपर्ने विषय पनि उत्तिकै महत्त्वपूर्ण र सान्दर्भिक छन्।

सरकारवादी फौजदारी मुद्दामा हुने अनुसन्धान र अभियोजनमा भएका कमीकमजोरीबाट निस्कने परिणामबाट अदालत र न्यायाधीशले दोष व्यहोर्नुपरेको कारण अनुसन्धान र अभियोजनमा सुधार हुनुपर्ने विषयलाई पनि उत्तिकै ध्यानमा राख्नुपर्ने हुन्छ। कानून व्यवसायलाई मर्यादित बनाउने, पारिश्रमिक लिएको रसिद दिने, करको दायरामा आउनुपर्ने, आचारसंहिता पालना र उल्लङ्घनमा कारबाही गर्नुपर्ने विषयको सान्दर्भिकता महत्त्वपूर्ण छ।

बिचौलियाको पहिचान र नियन्त्रणको विषयमा उठाइएका पूर्व प्रतिवेदनहरूका विषय सँधै चिन्ता र सरोकारको विषय बन्दछ। बिचौलियाको गतिविधि, मुद्दामा पार्ने प्रभावका बारेमा अध्ययन गरी कानूनी दायरामा ल्याउनुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ।

दशीका सामान फिर्ता दिने, लिलाम गर्ने, कोर्ट फी र धरौटी फिर्ता गर्ने एवम् फैसला कार्यान्वयनमा देखिएका समस्याका बारेमा प्रतिवेदनमा औंल्याइएका सुझावहरू कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ।

सञ्चार माध्यम र सामाजिक सञ्जालमा आधिकारिकता बिना आएका समाचार एवम् टिकाटिप्पणीले न्याय सम्पादनमा पारेको प्रभावको मूल्याङ्कन गरी त्यसलाई नियमन गर्ने विषय पनि अहिलेको प्रमुख सवाल रहेको छ।

# परिच्छेद - तीन
# सरोकारवालाहरूबाट प्राप्त सुझाव तथा अन्य जानकारी एवम् सूचनाहरूको विश्लेषण

समितिले आफूलाई प्राप्त कार्यदिश अनुरूपको कार्य सम्पन्न गर्नका लागि पूर्व प्रतिवेदनहरूमा उल्लेख भएका सुझावहरूको अध्ययन गर्नुका साथै न्यायपालिकामा हुनसक्ने विकृति विसङ्गति र अनियमितता तथा बिचौलियाबाट हुनसक्ने क्रियाकलाप तथा भ्रष्टाचार नियन्त्रणका लागि चाल्नुपर्ने प्रभावकारी उपायहरूका सम्बन्धमा माननीय न्यायाधीशज्यू, न्याय परिषद्, नेपाल कानून व्यवसायी परिषद्, काठमाडौं उपत्यकाभित्रका बार एसोसिएसनका पदाधिकारीहरू, वरिष्ठ अधिवक्ताहरू, महान्यायाधिवक्ताको कार्यालय, प्रहरी प्रधान कार्यालय, उपत्याकभित्रका सेवाग्राही तथा वारेस, संवैधानिक पत्रकार मञ्च तथा अन्य सञ्चारकर्मीहरू, ट्रान्सपरेन्सी इन्टरनेशनलका पदाधिकारीहरू, मानव अधिकार आबद्ध संघसंस्था, न्यायप्रणालीसँग सरोकार राख्ने नागरिक समाज एवम् प्रबुद्धवर्ग, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल कानून आयोग, अदालतसम्बद्ध आधिकारिक ट्रेड युनियनका प्रतिनिधि एवम् अन्य कर्मचारीहरू, राष्ट्रिय न्यायिक प्रतिष्ठान एवम् आवश्यकतानुसार अन्य वर्ग, समुदाय/प्रतिनिधिहरूसँग अन्तरक्रिया/छलफल गरी सुझाव एवम् पृष्ठपोषण लिने र सातैवटा प्रदेशहरूमा उल्लिखित निकाय, संस्था एवम् पदाधिकारी एवम् प्रबुद्ध व्यक्ति, कर्मचारी तथा सेवाग्राहीलगायतसँग छलफल एवम् अन्तरक्रिया गरी रायसुझाव नयाँ पृष्ठपोषण लिने भन्ने समितिको निर्णयानुसार काठमाडौं उपत्यका तथा सातै प्रदेशका विभिन्न स्थानहरूमा समितिले छलफल एवम् अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी राय सुझाव तथा पृष्ठपोषण लिने कार्य गरेको थियो। अन्तरक्रिया एवम् छलफलमा सहभागीहरूको नामावली छलफल भएको स्थान, मितिसमेतको विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको छ। प्राप्त महत्त्वपूर्ण पृष्ठपोषण एवम् रायसुझावहरू निकायगत र विषयगत आधारमा देहायबमोजिम उल्लेख गरिएको छः-

<u>संविधान र कानून संशोधन सम्बन्धमा प्राप्त सुझावहरू</u>

→ अदालतमा राजनीति हावी र राजनीतिको प्रभाव बढेको भन्ने जनगुनासो भएकोले समाधानका लागि संसदीय सुनुवाइ प्रणाली खारेज गरिनुपर्दछ।

→ न्याय प्रशासन ऐनलगायतका ऐनहरूमा समसामयिक सुधार हुन आवश्यक छ।

→ सर्वोच्च अदालतका न्यायाधीशहरूबाट भएका अनियमितता एवम् भ्रष्टाचारको नियन्त्रणका लागि सर्वोच्च अदालतको पूर्व न्यायाधीशको अध्यक्षतामा अधिकार सम्पन्न उच्चस्तरीय अनुसन्धान अम्बुडसम्यानको छुट्टै कानूनी संयन्त्र निर्माण गर्नुपर्ने।

- ३ वर्षभन्दा कम कैद र ५ लाखभन्दा कम जरिवाना वा २५ लाखभन्दा कम बिगो भएका मुद्दामा सर्वोच्च अदालतमा कुनै पनि अवस्थामा पुनरावेदन नलाग्ने गरी अधिकारक्षेत्रको विषयमा न्याय प्रशासन ऐन, २०७३ मा संशोधन गर्नुपर्ने।
- सर्वोच्च र उच्च अदालतमा एक न्यायाधीशबाट आदेश हुने गरेको वर्तमान व्यवस्थामा सुधार गरी सबै आदेशहरू संयुक्त इजलासबाट हुने व्यवस्था गरिनुपर्ने।
- सामाजिक संजालमा विचाराधीन मुद्दामा व्यक्त विचार र प्रशारित समाचारबाट न्याय सम्पादन कार्यमा दबाब सिर्जना हुने भएकोले तथ्य र प्रमाणको विवेचना गर्न नसक्ने अवस्था रहने हुँदा यस्ता टिकाटिप्पणी अदालतको अवहेलनाको विषयलाई कानूनी दायरामा ल्याउनुपर्ने।
- मुद्दाको काम कारबाही र निर्णय प्रक्रियामा प्रभाव पर्न खोज्ने व्यक्तिलाई मतियारसरह सजाय गर्ने व्यवस्थाका लागि कानून निर्माण गर्नुपर्ने।
- अनुसन्धानमा प्रगति भएको नदेखिए हिरासतमा राख्न पाउने अवधि थप गर्न नसकिने गरी कानूनी व्यवस्था हुनुपर्ने।
- अदालतमा कार्यरत कर्मचारीहरूका लागि छुट्टै सेवा, शर्तसम्बन्धी ऐन र कार्यप्रकृति अनुसार अतिरिक्त भत्ताको व्यवस्था गरिएमा विकृति पनि घट्ने र कार्य संस्कृतिमा सुधार आउने देखिन्छ।
- जिल्ला अदालतमा एउटै न्यायाधीशलाई मुद्दा जिम्मा लगाउने र सर्वोच्च अदालतमा प्रधान न्यायाधीशले र उच्च अदालतमा मुख्य न्यायाधीशले पेसी तोक्ने व्यवस्थाका कारण मुद्दामा बिचौलियाले मुद्दामा प्रभाव पार्ने, साथै विकृति र भ्रष्टाचार बढेको छ।
- जिल्ला अदालतमा एउटै न्यायाधीशलाई मुद्दा जिम्मा दिने परिपाटीको अन्त्य र सबै अदालतमा स्वचालित पेसी प्रणाली लागू गरिनुपर्दछ।
- सरकारवादी फौजदारी मुद्दामा साक्षीलाई दिईने भत्ता प्रहरी कार्यालयबाट सहजरूपमा प्राप्त नभएकोले सरकारी वकील वा अदालतबाट उपलब्ध हुने व्यवस्था गरिनुपर्ने।
- राजस्व न्यायाधीकरणको संरचना नमिलेको हुँदा संरचनामा परिवर्तन गरी पदीय मर्यादा मिलाउनुपर्ने।
- Police Investigation Bureau जस्तै Judicial Bureau खडा हुनसकेमा अनियमितता अनुसन्धान गर्न सहज हुने।
- ट्रेड युनियनमार्फत कर्मचारी प्रशासनमा राजनीतिक हस्तक्षेप बढ्नुका साथै काम छल्ने प्रवृत्ति मौलाउँदै गएकाले ट्रेड युनियनलाई नियमन र सीमित तुल्याउनुपर्ने।

→ पूर्ण इजलास, संवैधानिक इजलासको सट्टा जुरी प्रथा लागू गरी मुद्दा फछ्र्यौट र न्याय प्राप्तीमा शीघ्रता ल्याउनुपर्ने।

**<u>न्याय परिषद्सँग सम्बन्धित सुझावहरू</u>**

→ न्याय परिषद्मा न्यायाधीशको बाहुल्य रहने गरी संरचना परिवर्तन गरिनुपर्छ।

→ न्याय परिषद्को संरचनामा परिवर्तन गरी प्रधान न्यायाधीश, कानून मन्त्री र बारको प्रतिनिधि मात्र रहने गरिनुपर्दछ।

→ कलेजियम प्रणाली अवलम्बन गर्न पनि उपयुक्त हुन्छ।

→ न्याय परिषद्मा उपयुक्त व्यक्ति सदस्य बनाउनुपर्छ। परिषद्का सदस्य निष्पक्ष, तटस्थ र कुनै पनि कुराबाट प्रभावित नहुने किसिमको चयन गरिनुपर्दछ।

→ न्याय परिषद्ले गरेका न्यायाधीश नियुक्तिका सिफारिस राजनीतिक प्रभाव र भागबन्डामा आधारित भएकोले विवादरहित हुन सकेको छैन। न्यायाधीशको योग्यता, क्षमता, इमान्दारितामाथि चौतर्फी रूपमा प्रश्न उठेको हुँदा राय व्यक्त गर्नसक्ने सक्षम व्यक्तिलाई निश्चित मापदण्डका आधारमा मात्र न्यायाधीश नियुक्तिको सिफारिस गरिनुपर्दछ।

→ न्याय परिषद्ले विवादित फैसलाको अध्ययन र गरी समयमा नै समाधान खोजी आफ्नो क्रियाशीलता बढाउनुपर्दछ।

→ उच्च अदालत र सर्वोच्च अदालतमा न्यायाधीश नियुक्तिको सिफारिस गर्दा प्रधान न्यायाधीशको पदलाई लक्षित गरी नियुक्तिको सिफारिस गर्ने परम्पराले विकृति, विसङ्गति बढेको छ।

→ उच्च र सर्वोच्च अदालतमा लोक सेवा आयोगको प्रतिस्पर्धात्मक परीक्षामा असफल व्यक्तिलाई न्यायाधीश नियुक्ति गरिंदा सेवामा कार्यरत न्यायाधीशलाई पीडाबोध भएको छ।

→ उच्च अदालत र जिल्ला अदालतमा न्यायाधीश नियुक्ति गर्दा परीक्षा प्रणाली अवलम्बन गरेमा नियुक्तिमा पारदर्शिता आई सक्षम व्यक्ति मात्र न्यायाधीश बन्न सक्दछन्।

→ न्याय परिषद्कै पदाधिकारीबाट न्यायाधीशलाई मुद्दा सिफारिस गर्ने, भ्रष्टाचारलाई प्रश्रय दिने गरेको भन्ने अवस्थाको अन्त हुनुपर्दछ।

→ उल्टी पटकेको रेकर्ड राखी सोही आधारमा दण्ड र पुरस्कार प्रणाली अवलम्बन गरिनुपर्दछ।

→ न्यायाधीश नियुक्ति गर्दा जुन तहमा नियुक्ति भएको हो त्यही तहमा मात्र रहने व्यवस्था गरेमा व्यवस्थापक क्षमता अभिवृद्धि हुने।

→ न्याय परिषद्को भूमिकालाई प्रभावकारी बनाइनुपर्दछ। प्रत्येक न्यायाधीशले हेरेका मुद्दाको सफ्टवेयर निर्माण गरी कुनै उजुर परेमा सफ्टवेयरमा भएको विवरणबाट तथ्य र आदेश तथा

फैसलाको प्रारम्भीक छानबिन गर्ने पद्धति विकास गर्न जरूरी छ, अष्ट्रेलियाको सफ्टवेयर उपयुक्त हुनसक्छ।

→ न्यायाधीश विरूद्धका उजूरी समयमै छानबिन र निर्णय गरी जानकारी गराउने पद्धतिको विकास गर्नुपर्ने।

→ जिल्ला अदालतबाट भएका फैसला र आदेश उल्टी भएमा उच्च र जिल्ला अदालतका फैसला आदेशहरूको अध्ययन गर्न एक स्वतन्त्र समिति बनाई छानबिन गरी कानून विपरित गर्नेलाई कारबाही गर्ने गरी न्याय परिषद् ऐनमा संशोधन गरेमा ८०% विकृति, विसङ्गति र अनियमितता निराकरण हुने।

→ न्यायाधीशको सरुवा १।१ वर्षमा हुन उपयुक्त हुने हुँदा सोहीअनुसार सरुवा गरिनुपर्दछ।

→ सेवाभित्र लामो समय योगदान गरेका व्यक्तिलाई पाखा लगाएर अपरिपक्क, कनिष्ठ र कानून व्यवसायमा संलग्न नै नभएकालाई न्यायाधीश नियुक्तिको सिफारिस गरिंदा विकृति बढ्नुका साथै सेवाभित्रका व्यक्तिहरूको मनोबल र उत्प्रेरणा घट्न गएको हुँदा सेवाभित्रका योग्यता पुगेका व्यक्तिलाई सबै अदालतका न्यायाधीशमा सम्मानजनक रूपमा न्यायाधीश नियुक्त गरिनुपर्दछ।

→ न्यायिक सुधारको प्रारम्भ नेतृत्व र मुहानबाट गरिनुपर्दछ।

→ समावेशिताको नाममा ३ वर्ष पुग्ने वित्तिकै न्यायाधीश नियुक्तिको सिफारिस गर्ने पद्धतिले वरिष्ठहरूको सेवा अवधि नै सकिने अवस्था भएको हुँदा सुधार गरिनुपर्ने।

→ न्यायाधीशहरू भोज/पार्टी खान जाने प्रवृत्तिको अन्तका लागि प्रभावकारी अनुगमन र कारबाहीको प्रणाली विकास गर्नुपर्दछ।

→ न्याय परिषदलाई स्वच्छ, स्वस्थ र पारदर्शी बनाउन सबै तहमा सरोकारवाला सम्मिलित एउटा स्थायी समिति बनाउनुपर्छ।

→ कानून व्यावसायीबाट नियुक्त न्यायाधीशको कार्यसम्पादन प्रति बार स्वयम् सन्तुष्ट नभएकोले नियुक्तिलाई स्वच्छ, पारदर्शी बनाउन वरिष्ठ अधिवक्ताको मापदण्ड जस्तै मापदण्ड बनाई कार्यान्वयन गरिनुपर्छ।

→ न्यायाधीश नियुक्ति एवम् बढुवामा महिला समावेशिता हुनुपर्छ।

→ न्यायाधीश नियुक्तिका लागि सिफारिस गर्ने प्रयोजनका लागि रोष्टर बनाउने, मापदण्ड तयार गर्ने, प्रस्तावित नाम सार्वजनिक गरी जनताबाट अनुमोदन गराउने पद्धतिको विकास गर्नुपर्छ, योग्य मध्ये योग्यतम नियुक्ति गर्नुपर्दछ।

- सामाजिक संजाल तथा पत्रपत्रिकामा आएका समाचारका आधारमा न्यायाधीशको हुर्मत लिने कार्य बन्द गरिनुपर्छ, कारबाही गोप्य तरिकाले गर्ने पद्धतिको विकास गर्नुपर्दछ।
- न्यायाधीशको सम्पत्ति सार्वजनिक र छानबिन गर्ने प्रणालीको विकास गर्नुपर्दछ।
- न्याय परिषद्का पदाधिकारीले संविधान र कानूनमा भएको व्यवस्था कार्यान्वयनमा गरेका कमीकमजोरी सुधार गर्दै सच्चिनुपर्ने।
- उजूरी परेपछि मात्र होइन, नियमितरूपमा न्यायाधीशका फैसला अध्ययन गर्ने र मूल्याङ्कन गर्ने प्रवृत्तिको विकास गरिनुपर्छ।
- न्यायाधीश भ्रष्टाचारजन्य कार्यमा संलग्न भई कारबाही भएकोमा जनतालाई सु-सूचित गराउनुपर्दछ।
- न्यायाधीश नियुक्तिमा कानून व्यवसायीको लागि निश्चित प्रतिशत तोकिनुपर्दछ।
- कानून व्यवसाय नगरी NGO/INGO मा काम गरेकालाई न्यायाधीश नियुक्ति गरिंदा कानून व्यवसायीको बेइज्जत भएकोले नियुक्ति गर्दा व्यवसायमा संलग्न भएकालाई मात्र गरिनुपर्ने।
- हाल, जिल्ला न्यायाधीशमा कार्यरत न्यायाशीशहरूसँगै लोक सेवा आयोगको परीक्षा दिई असफल भएका कानून व्यवसायीहरू सीधै उच्च अदालतको न्यायाधीशमा नियुक्ति हुने र १४/१५ वर्षसम्म जिल्ला अदालतमा काम गरेका जिल्ला न्यायाधीशहरू उच्च अदालतमा नियुक्ति नहुने अवस्थाले गर्दा जिल्ला न्यायाधीशहरूको उत्प्रेरणा र मनोबल गिरेको छ। उच्च अदालतमा न्यायाधीश नियुक्ति गर्दा केही प्रतिशत पदमा परीक्षाबाट छनौट गर्ने व्यवस्था हुनुपर्ने।
- कानून व्यवसायीबाट न्यायाधीश नियुक्तिको सिफारिस गर्दा कानून व्यवसायमा लागेका, सिनियर क्षमतावान कानून व्यवसायी मध्येबाट गरिनुपर्छ। अधिवक्ताको प्रमाणपत्र हुनु मात्र न्यायाधीश नियुक्तिको योग्यता बनाइनु हुँदैन। न्याय परिषद्का सदस्य र नेताका मान्छे मात्र न्यायाधीशमा नियुक्ति गर्ने प्रवृत्ति हटाउनुपर्छ। यस्ता नियुक्तिमा नेपाल बार एसोसिएसनले पनि पहल गर्नुपर्छ। न्यायाधीशका लागि आवश्यक पर्ने कुनै पनि क्षमता नभएका व्यक्तिहरू न्यायाधीशमा नियुक्ति हुनु नै समस्याको जड हो।
- न्याय परिषद्ले नियुक्ति, सरुवा, कारबाही जस्ता कार्य पारदर्शी, स्वच्छ, निष्पक्ष र व्यवस्थित ढङ्गले गर्न नसक्दा विकृति विसङ्गति बढेकाले न्याय परिषद्को कामकारबाहीमा आमूल परिवर्तनको खाँचो छ। संरक्षणवाद, नातावाद र कृपावादका कारण इमान्दार र सक्षम न्यायाधीश कारबाहीमा पर्ने तर वेइमानहरूले छुट पाईरहेको हुँदा त्यस्तो अभ्यासको अन्त हुनुपर्दछ।

- → न्यायाधीश नियुक्तिको सिफारिस गर्ने क्रममा करोडौं खर्च गरेका कारण खर्च असुल्न भ्रष्टाचार गर्नु स्वाभाविक हुँदा नियुक्तिमा शुद्धता कायम हुनुपर्दछ।
- → कारण देखाउ आदेश जारी नगरी अन्तरिम आदेश जारी गर्ने न्यायाधीश पनि छन् नियुक्तिमै समस्या छ।
- → न्यायाधीश नियुक्तिमा कानून व्यवसायी, सरकारी वकील, कानून समूह, न्याय समूह र न्यायाधीशको समूह बनाई प्रतिशत छुट्याई नियुक्ति गरिनुपर्ने।
- → कारबाहीमा परेका न्यायाधीशलाई ६ महिना न्याय परिषद्मा काजमा राखेर समस्याको समाधान हुँदैन, सरूवा सुधारको उपाय नभएकोले गल्ती गर्नेलाई कारबाही गर्न सक्नुपर्छ।
- → कानून व्यवसायीबाट न्यायाधीशमा नियुक्त हुँदा व्यापार गर्ने, विद्यालयमा पढाउने होइन कानून व्यवसाय गरेकालाई नियुक्त गर्नुपर्ने र सेवाभित्रका र व्यवसायबाट आउनेबीचको उमेर समूह मिल्नेगरी नियुक्त गर्नुपर्ने।
- → फैसलाको Jurimetrics अध्ययन गर्नुपर्दछ।
- → मुद्दाबाट कमाउने, नेतृत्वलाई रकम बुझाउने र राजनीति गर्नेहरू सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्ति हुने गरेको देखिंदा न्यायाधीश नियुक्तिमा शुद्धताको आवश्यक छ।
- → प्रयाप्त प्रमाण हुँदा हुँदै सफाइ दिने न्यायाधीश जति जिम्मेवार हुनुपर्छ त्यसरी नै प्रयाप्त प्रमाण नहुँदा नहुँदै पनि कसूरदार ठहर गर्ने र पुर्पक्षको लागि प्रमाणविना थुनामा राख्ने गरेको पाइएकोले यस्तो न्यायाधीश माथि पनि आवश्यक कारबाही हुनुपर्ने, न्याय जोगाउनभन्दा पनि जागिर जोगाउन जस्तोसुकै अवस्थामा थुन्ने प्रवृत्ति बढ्दो छ। यसलाई सम्बन्धित निकायले ध्याय दिनुपर्ने।

**<u>न्याय सेवा आयोगसँग सम्बन्धित सुझावहरू</u>**

- → रजिस्ट्रार, स्रेस्तेदार र तहसिलदारको पदमा पदस्थापन, सरूवा गर्दा अनुभव भएका र सर्वोच्च अदालतमा २ वर्ष बसेका महाशाखा प्रमुखलाई उच्च अदालत र उच्च अदालतमा २ वर्ष बसेकालाई सर्वोच्च अदालतमा सरूवा गर्ने तथा एउटै अदालतमा लामो समयसम्म रहने व्यवस्थाको अन्त गरी नियमित सरूवा गरिनुपर्ने।
- → न्यायाधीश सरूवा हुँदा कर्मचारीसमेत तोकेर आफूसँगै सरूवा गरिनुपर्छ भनेर लैजानको लागि दबाब र प्रभाव पार्ने गरेको तथा तिनैमार्फत बिचौलियाको भूमिका निर्वाह गर्ने गरेको भन्ने कुरालाई न्याय सेवा आयोगले गम्भीरताका साथ लिनुपर्दछ।

- → स्थायी पदमा लोक सेवा आयोगमा स्थायी पूर्तिका लागि माग नगरी करारमा कर्मचारी नियुक्ति गर्ने प्रवृत्ति बढ्दै जाँदा विकृति विसङ्गति बढेको हुँदा स्थायी पूर्तितर्फ समयमा नै प्रक्रिया नबढाउने पदाधिकारीलाई कारबाहीको दायरामा ल्याउनुपर्छ।

**सर्वोच्च अदालतसँग सम्बन्धित सुझावहरू**

- → समस्याहरू पहिल्याई समाधान खोज्न अध्ययनदल बनाउने, प्रतिवेदनहरू थन्क्याउने र पन्छाउने गरेका कारण प्रतिवेदनमा आएका सुझावहरू कार्यान्वयन हुन नसकेको हुँदा सो प्रवृत्तिको अन्त गरी प्रतिवेदनहरू कार्यान्वयन गरिनुपदर्छ।
- → पूर्व प्रतिवेदनहरूको कार्यान्यवन र नाङ्गो रूपमा देखिएका अनियमितता र भ्रष्टाचार रोक्न क्रियाशील हुनुपर्ने।
- → Media Trial ले पारेको असरको अध्ययन गरी उचित व्यवस्थापन गर्न र तल्ला अदालतहरूमा फौजदारी न्यायको क्षेत्रमा देखिएको कमजोरी सुधार गर्न विशेष कार्यक्रम ल्याईनुपर्दछ। Media Trial को आधारमा प्रभावमा नपरी विवेक प्रयोग गरेर फौजदारी मुद्दामा न्याय निरोपण गर्न निर्देशन जारी हुनुपर्दछ।
- → नियामक निकाय र पदाधिकारीहरू नसुध्रीकन तलसम्म सुधार हुन नसक्ने हुँदा मुहानबाट नै सुधार हुनुपर्दछ। नियामक निकाय र नियुक्ति गर्ने निकाय एउटै हुनुहुँदैन।
- → पक्षहरूले अगाडि नै यो मुद्दा फलानो इजलासमा पर्दैछ र फैसला यस्तो हुँदैछ भन्ने र सोही अनुरूप परिणाम आउने गरेकाले भ्रष्टाचार र विकृति बढेको छ। अध्ययन गरी कारबाहीको दायरामा ल्याउनुपर्दछ।
- → जिल्ला अदालतमा शुरूदेखि नै एउटै न्यायाधीशलाई मुद्दा जिम्मा लगाउने र सर्वोच्च अदालतमा प्रधान न्यायाधीश र उच्च अदालतमा मुख्य न्यायाधीशको पेसी तोक्ने व्यवस्थाका कारण मुद्दाको कारबाही र न्याय सम्पादनमा विचलन र भ्रष्टाचार बढेकाले सो व्यवस्था अन्त गरिनुपर्दछ।
- → कजलिष्टमा खेल्ने प्रवृत्ति रोक्न सबै अदालतमा स्वचालित पेसी पद्धति अवलम्बन गर्न उपयुक्त हुने देखिन्छ।
- → तारिख तथा सुनुवाइको समय लम्बिँदा टाठाबाठाले सुविधा र असहाय सेवाग्राहीले दुःख पाएका छन्, यसतर्फ सचेत भई काम गर्नुपर्ने आवश्यकता छ।
- → फैसला लेखन कार्य ढिलो भएको हुँदा फैसला कार्यान्वयनमा कठिनाइको स्थिति सिर्जना भएकोले समयमै फैसला तयारी कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ।

- → रिट निवेदन दर्ता/दरपीठ मुद्दा सकार गर्ने कार्य झन्झटिलो बन्दै गएकोले समयमै सम्बोधन हुनुपर्ने देखिन्छ।
- → वरिष्ठ कानून व्यवसायीलाई जति पनि बहस गर्न दिने र कनिष्ठलाई कम समय उपलब्ध गराउने तथा जति समय पनि बहस गर्न दिने अवस्थाले सिर्जना भएको अवस्थाको अन्त गरी सबै कानून व्यवसायी र मुद्दालाई समान व्यवहार गरिनुपर्दछ।
- → कानून र प्रमाणको आधारमा मुद्दाको परिणामको पूर्वानुमान गर्नसकिने अवस्था नदेखिएको हुँदा त्यस्को अन्त हुनुपर्ने।
- → अनलाइनबाट मुद्दा निवेदन दर्ता गर्ने, मुद्दाको अवस्था हेर्न पाउने, एस.एम.एस.बाट मुद्दाको हरेक कारबाहीको जानकारी पाउनसक्ने पद्धति लागू गर्नुपर्ने।
- → सर्वोच्च अदालतका न्यायाधीशहरूलाई विभिन्न आयोग वा समितिमा राखेर न्याय सम्पादनको समय खेर फाल्ने अवस्थाको अन्त हुनुपर्ने।
- → कतिपय न्यायाधीशहरू, कानून व्यवसायीहरू, कर्मचारीहरू, पूर्व न्यायाधीश एवम् कर्मचारी, राजनीतिककर्मीहरू र पेशेवर बिचौलियाले काम गरिरहेका व्यक्तिहरूले बिचौलियाको माध्यमबाट भ्रष्टाचार गरिरहेकाले सर्वोच्च अदालतले गम्भीररूपमा लिई नियन्त्रण गर्न आवश्यक छ।
- → न्यायाधीश सरूवा हुँदा कर्मचारीसमेत तोकेर आफूसँगै सरूवा गरिनुपर्छ भनेर लैजानको लागि दबाब र प्रभाव पार्ने गरेको तथा तिनैमार्फत बिचौलियाको भूमिका निर्वाह गर्ने गरेको भन्ने कुरालाई सर्वोच्च अदालतले गम्भीरताका साथ लिनुपर्दछ।
- → अदालतले समय व्यवस्थापन गर्न नसक्दा अदालतका कामकारबाही समयमा हुन नसकेको हुँदा व्यवस्थित समय प्रमाणी लागू र अवलम्बन गर्नुपर्ने।
- → अदालतका काम कारबाही टोकन प्रणालीमा आबद्ध हुनुपर्ने।
- → सूचना तथा सहायता कक्षमा निष्पक्ष र स्वतन्त्र व्यक्ति समावेश प्यानल बनाई सेवाप्रवाह प्रभावकारी बनाउनुपर्ने र हतास मनस्थितिमा आएका सेवाग्राहीलाई विनम्रपूर्वक व्यवहार गरी सान्त्वना दिनुपर्ने।
- → म्याद तामेलमा अत्यधिक विलम्ब हुन गई न्याय सम्पादनमा प्रभाव पर्नुका साथै घरठेगाना देखाउँदासमेत तामेलदारले वेपत्ते तामेल गरिरहेको हुँदा यसलाई व्यवस्थित बनाई कर्तव्यबाट विमुख हुने उपर कारबाही गर्ने पद्धतिको विकास गर्नुपर्ने।
- → मिलापत्र गर्दा फाँटका कर्मचारीहरूले रू.२,०००।- सम्म लिने गरेका छन्, नियन्त्रण र कारबाही प्रणालीको अवलम्बन गर्नुपर्ने।

- सम्पत्ति रोक्का राख्ने पत्र र मिसिल कागजात अदालत स्वयंले ल्याउने लग्ने प्रबन्ध गर्नुपर्नेमा पक्षले अतिरिक्त रकम खर्च गर्नुपरेको छ, नियन्त्रण हुन आवश्यक छ।
- सर्वोच्च अदालतमा समयमा इजलास नबस्ने र कतिपय अदालतमा इजलास बस्ने समय निश्चित रूपमा निर्धारण नहुँदा पक्षले इजलासको पालो कुरिरहनुपर्ने र समय अनावश्यक रूपमा विताउनु परेको हुँदा इजलास बस्ने समय निर्धारण गरी सोको कार्यान्वयन गर्नुपर्ने।
- फैसला अनुसार फिर्ता पाउनुपर्ने धरौटी फिर्ताका लागि लामो समय पर्खनुपर्ने र अतिरिक्त रकम बेहोर्नुपर्ने अवस्थाको अन्त हुन आवश्यक छ।
- सरूवामा भनसुन र विभेदको अवस्था छ। सबै कर्मचारीलाई सबैप्रकारका काम र अदालतको अनुभव हुने गरी निश्चित मापदण्डका आधारमा सरूवा गर्नुपर्ने देखिन्छ।
- भौतिक सामग्री/पूर्वाधार तथा सवारी साधनको प्रयोग सम्बन्धमा मापदण्ड निर्धारण नगरी वितरण गर्दा विभेदको अवस्था छ, स्पष्ट मापदण्ड निर्धारण गरी सोही आधारमा व्यवसाय गर्नुपर्दछ।
- एउटा कर्चमारी लामो समय एउटै कुर्सीमा बस्ने, सरूवा/बढुवा भएर आउँदा पनि त्यही कुर्सी र जिम्मेवारीमा बस्ने प्रवृत्तिले विकृति विसङ्गति बढेको हुँदा त्यस्तो प्रवृत्ति दोहरिन दिनुहुँदैन।
- संवैधानिक इजलासको गठन, काम, कारबाही र प्रभावकारिताका बारेमा पुनरावलोकन गरिनुपर्दछ।
- सर्वोच्च र उच्च अदालत दुबैबाट जिल्ला अदालतको निरीक्षण गर्ने दोहोरो निरीक्षण प्रणालीको अन्त गरिनुपर्दछ।
- विनियोजित बजेट खर्चमा पारदर्शिता र अनुपातिक सिद्धान्त नअपनाउँदा वित्तीय अनुशासन कायम हुनसकेको छैन।
- आचरण पालना भए, नभएको सम्बन्धमा अनुगमन गर्ने, दण्ड र पुस्कार प्रणालीको विकास गर्ने तथा पूर्व अध्ययन प्रतिवेदनहरूको कार्यान्वयन गर्न सकिएमा विकृति विसङ्गति धेरै हदसम्म नियन्त्रण हुने देखिन्छ।
- पेसी सूची सुनिश्चित गरी मुद्दा सुनुवाइ गर्नसकेमा जनता/सेवाग्राहीले पाइरहेको दुःख हैरान समाप्त हुने र सुनुवाइ हुन नसके क्षतिपूर्ति दिने पद्धतिको विकास गर्नुपर्छ।
- मुद्दा पेसीमा चढाउनका लागि रू. ५००-१०००।- सम्म नदिई पेसी चढ्दैन भन्ने सेवाग्राहीको गुनासो सम्बोधन हुन र ठूला राजनीतिज्ञबाट फैसलामा प्रभाव पर्छ भन्ने जनधारणाको अन्त हुनुपर्छ।

→ अदालतका उजूरी पेटिका व्यवस्थित नभएकाले अन्याय परेको कुरा सहजै दर्ता गराउन नसक्ने अवस्था हुँदा उजूरी पेटिका व्यवस्थित बनाई परेका उजूरीहरूको समयमा नै सम्बोधन गरी जानकारी दिने पद्धतिको विकास गर्नुपर्ने।

→ कसूर ठहर भएको मुद्दाको लगत अन्य सरकारी कार्यालयहरूमा समयमा नै वितरण गर्न नसकेकाले कैद जरिवाना असुल गर्न कठिनाइ भइरहेको हुँदा कसूर ठहर भएका व्यक्तिको एकीन नाम, थर, वतन प्रहरी तथा सेवा प्रवाहसँग सम्बन्धित अन्य कार्यालयहरूमा सकेसम्म चाँडो उपलब्ध गराउनुपर्ने।

→ साक्षीहरूलाई प्रतिवादीहरूतर्फबाट डरत्रास, धाकधम्की दिने गरेको कारण साक्षीहरूले वास्तविक कुरा भन्न नसक्ने भएकाले साक्षी संरक्षण सम्बन्धमा छुट्टै निर्देशिका बनाई कार्यान्वयन हुनुपर्ने। साक्षीको बकपत्र तोकिएकै दिन प्राथमिकतासाथ सम्पन्न गर्नुपर्ने देखिन्छ।

→ चोरी लगायतका मुद्दामा दशीको सामानहरू अभियोग दर्ता भएपछि तत्काल नै पीडित वा जाहेरवालालाई फिर्ता दिलाईदिने व्यवस्था गर्न उपयुक्त हुने।

→ सबै अदालतहरूमा Video Conference को माध्यमबाट म्याद थप तथा बकपत्रको कार्य गर्न सकेमा सहजता आउने।

→ उपल्लो तहका कर्मचारीबाटै ऐन नियमको बर्खिलाप गरी उपत्यकामा दशौं वर्ष आफ्नो एउटै मान्छेलाई राख्ने र उपत्यका बाहिरका कर्मचारीलाई उपत्यकामा काम गर्ने अवसरबाट वञ्चित गरिएको हुँदा त्यस्तो प्रवृत्तिको अन्त हुनुपर्ने।

→ कर्मचारीलाई घरपायक पदस्थापन र सरूवा गर्ने गरिएकाले बिचौलियाको भूमिका निर्वाह गरिरहने हुँदा सुधार गरी घरपायक राख्न नहुने।

→ न्यायिक संवाद कार्यक्रममा जनप्रतिनिधिहरूले न्यायाधीशसँग फोटो खिचाएर जनतासँग दलालीको काम गर्ने गरेको पाइएकोले नियन्त्रण हुन जरूरी रहेको।

→ बेरुजु समस्या र धरौटी रकमको उचित व्यवस्थापन नहुँदा धेरै अनियमितता बढेको हुँदा बेरुजु हुन नदिनेतर्फ र धरौटी रकमको रेकर्ड व्यवस्थिति गर्नेतर्फ कदम चाल्नुपर्ने।

→ सुनुवाइ गर्न नसकिने/नभ्याउने गरी पेसी तोकिनु हुँदैन, पेसी तोकेका मुद्दाको पेसी सूची समयमै निकाल्ने र सुनुवाइ गर्नसकेमा जनविश्वास बढ्न जान्छ।

→ अदालतमा लामो समय स्थायी देवन्दी पूर्ति नगरी करारमा कर्मचारी भर्ना गर्दा अदालतका न्यायाधीश र कर्मचारीहरूका नातेदार आफन्तहरूलाई भर्ना गरिन्छ। उनीहरूमार्फत मुद्दाका पक्षसँग बार्गेनिङ्ग गर्न सक्ने भएकाले करारमा कर्मचारी भर्ना गर्न उपयुक्त हुँदैन। अत्यावश्यक भई करार सेवामा कर्मचारी लिनुपरेमा कर्मचारी भर्नामा निष्पक्षता कायम गरिनुपर्छ।

- → सर्वोच्च अदालतबाट प्रतिपादित नजिरको पालनामा एकरूपता देखिंदैन। कानून व्यवसायीले प्रस्तुत गरेका नजिर किन उक्त मुद्दामा लागु हुन सक्दैन भनी फैसलामा उल्लेख गरिँदैन।
- → चेक अनादर / बैकिङ्ग कसूरको मुद्दामा कानून र सिद्धान्तमा एकरूपता नहुँदा न्याय प्राप्तिमा अलमल भएको छ। अदालतमा मुद्दा दर्ता गर्दा जेथा जमानत नदिई हुँदैन। मुद्दा जितेर पनि न्याय नपाउने अवस्था छ। अदालतले प्रतिवादीबाट जेथा जमानत स्वीकार गरेको सम्पत्तिबाट जरिवाना असुल गरिन्छ र पीडितलाई रकम भराउन नयाँ जेथा देखाउ भनिन्छ ,प्रतिवादिको अर्को जेथा नै नभएको अवस्थामा पीडितले रकम भराई लिन सक्दैन। तसर्थ अदालतले जेथा जमानत लिएको सम्पत्तिबाट पीडितलाई बिगो भराई दिने व्यवस्था हुनुपर्दछ।
- → अदालतहरूको अभिलेख व्यवस्थापन चुस्तदुरूस्त नभएको कारण खोजेको समयमा फैसलालगायतका मिसिल कागजको नक्कल प्राप्त गर्न कठिनाइ पर्न गएको अवस्था छ।
- → अदालतमा विचाराधीन रहेको मुद्दामा पूर्व प्रधान न्यायाधीश तथा न्यायाधीशहरूले सडक, मिडिया र सामाजिक सञ्जालमा आफ्नो भनाइ राख्ने र दबाबमूलक शव्दहरू प्रयोग गर्ने गरेको देखिंदा यस्ता व्यक्तिहरूउपर कारबाही हुनुपर्ने।
- → फैसला र आदेश गरिसकेपछि सामाजिक संजालको माध्यमबाट न्यायाधीशहरूले शेयर गरी प्रचार गर्ने प्रवृत्तिलाई रोक्नुपर्ने।

<u>अपराध अनुसन्धानसँग सम्बन्धित सुझावहरू</u>

- → सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान, भौतिक प्रमाण सङ्कलन र वैज्ञानिक परीक्षणतर्फ उन्मुख नभई परम्परागत पद्धतिमा आधारित भएकोले वैज्ञानिक पद्धति अवलम्बन गर्नुपर्ने।
- → अनुसन्धान गर्ने प्रहरी कार्यालय अदालतप्रति समेत उत्तरदायी रहनुपर्ने र अनुसन्धान कार्यप्रति चित्त नबुझेमा सरकारी वकील समक्ष उजुर गर्नसक्ने तथा सरकारी वकीलले अनुसन्धानका सम्बन्धमा निर्देशन दिनसक्ने कानून प्रभावकारी बनाउनुपर्छ।
- → शंकास्पद व्यक्तिका विरूद्ध यथेष्ट प्रमाण संलग्न गरेपछि मात्र पक्राउ गर्ने व्यवस्था गरिनुपर्ने।
- → जिल्ला प्रहरी कार्यालयबाट भई आएको अपराध अनुसन्धान प्रणालीमा सुधार गरी दक्ष र विज्ञ प्रहरी कर्मचारी सम्मिलित केन्द्रीय अपराध अनुसन्धान विभाग, प्रदेश अपराध अनुसन्धान विभाग र जिल्ला अपराध अनुसन्धान विभाग स्थापना गर्न उपयुक्त हुने।
- → अनुसन्धान अधिकारीले प्रश्न नसोधी, थाहा जानकारी नदिई बयान लेखिदिने, पीडित/जाहेरवालाले भनेभन्दा फरक बेहोरा लेखिदिने, आवश्यकतानुसार फकाएर र डर देखाएर आफू अनुकूल बयान/कागज गराउने गरेकोले निष्पक्षता हुन नसकेको अवस्था छ।

- सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजन प्रणालीमा व्यापक सुधारको आवश्यक छ। दर्ता गर्ननपर्ने र नचल्नु नचलाउनुपर्ने मुद्दा पनि चलाई जनतालाई दुःख दिइएको छ।
- प्रहरी र सरकारी वकीलले संयुक्तरूपमा मुद्दाको अनुसन्धान गर्ने पद्धति नै उपयुक्त भएकाले सो पद्धतिको कार्यान्वयन गरिनुपर्ने कानूनी सुधारका लागि पहल गर्नुपर्ने।
- अपराध अनुसन्धानका सिलसिलामा अदालतबाट Call Details छिटो छरितो तरिकाले प्राप्त गर्ने सम्बन्धमा कार्यविधि बनाई कार्यान्वयन गर्नुपर्ने।
- अनुसन्धान पद्धति फितलो हुनु, सरकारी वकील र प्रहरीलाई नियमन गर्ने संयन्त्रको अभाव भएकाले सरकारवादी फौजदारी मुद्दामा चलखेल हुने र असफल दर बढी भएकाले अनुसन्धान पद्धतिलाई वैज्ञानिक बनाई नियमन गर्ने संयन्त्र निर्माण गरिनुपर्ने।
- प्रहरीले कानून व्यवसायीको नाम तोकेर सिफारिस गर्ने गरेकाले सीमित कानून व्यवसायी दलाल बन्न पुगेकाछन्, प्रहरीमाथि निगरानी र कारबाहीको आवश्यकता छ।
- प्रहरीले वलजफती साविति बयान गराउने गरेकाले स्वेच्छा विरूद्ध बयान गराउन नहुने भन्ने संवैधानिक/मौलिक हकको उल्लङ्घन भएको छ।
- सरकारवादी मुद्दाको अनुसन्धान कमजोर पार्ने अनुसन्धानकर्ताको परिपाटीको अन्त गर्नुपर्ने देखिन्छ भने विपरित बकपत्र गर्ने साक्षीलाई कारबाही गरिनुपर्दछ।
- प्रतिवादीहरूको स्पष्ट वतन, पहिचान, उमेर र अन्य विवरण नखुलाई अभियोजन प्रस्ताव गर्ने गरेकाले पक्राउमा परी कारबाही हुन नसक्ने अवस्था छ।
- सरकारी वकीलको रोहवरमा प्रतिवादीको बयान नहुँदा डरत्रास धम्कीबाट प्रभावित हुने भएकाले सरकारी वकीलको रोहवरमा बयान गराउने पद्धतिको विकास गरिनुपर्दछ।
- प्रहरीले तत्काल घटनाको बस्तुस्थिति मूल्याङ्कन गर्दैन, ढिलो गरी अन्तिममा गर्छ। लापरवाहीका कारण प्रमाण नाश हुने सम्भावना हुन्छ। यसलाई समाधान कसरी गर्ने उपायहरू अवलम्बन गरिनुपर्दछ। अनुसन्धानकर्ता तालिम प्राप्त नहुनु पनि विसङ्गतिका कारण हुन्। पद्धति ठिक छ, व्यवस्थापन राम्रो भएन। पीडित पक्षले सूचना पाउन गाह्रो छ।
- अदालतबाट जारी भएका पक्राउ पुर्जी तथा म्यादहरू समयमा तामेल नगरिदिने गरेका कारण मुद्दाको कारबाही प्रक्रिया लम्बिन गएको हुँदा समयमै तामेल गर्नुपर्ने देखिन्छ।
- लागू औषधलगायतका मुद्दाहरूमा प्रहरीबाट परीक्षण प्रतिवेदन ढिलो प्राप्त हुने गरेकोले मुद्दाको कारबाही किनारामा ढिलाइ हुने गरेको छ। काठमान्डौंमा मात्र रहेको प्रहरी प्रयोगशाला क्षेत्रीय

स्तरमा पनि विस्तार गरिनुपर्छ। हालका लागि काठमान्डौंमा रहेको केन्द्रीय प्रहरी प्रयोगशालाबाट सोझै अदालतको Email ID मा परीक्षण प्रतिवेदन पठाउने व्यवस्था गरिनुपर्छ।

- गाउँमा झुण्डिएर मरेको वा अन्य घटनाबाट मरेको व्यक्तिको लाश प्रहरीले सरकारी खर्चमा अस्पतालमा ल्याउनुपर्नेमा पीडित पक्षले नै खर्च व्यहोर्नु परेको छ। अस्पतालमा पोष्टमार्टम गर्दा लाग्ने खर्च पनि पीडितले नै तिर्नुपर्ने हुँदा पीडितले झन् अन्यायको अनुभूति गर्दछ।
- अनुसन्धानकर्ताबाट पेस भएको दशीप्रमाण सरकारी वकील कार्यालयबाट नष्ट गरी लोप गर्ने गरेको स्थितिले सरकारवादी मुद्दा कमजोर भएका छन्, त्यस्तालाई कारबाहीको दायरामा ल्याउनुपर्दछ।
- सरकार वादी मुद्दामा राजनीतिक दबाब आउने गरेक, अनुसन्धान अधिकारी दक्ष नहुनु र सरकारी वकीलले उचित निर्देशन दिन नसकेको तथा दिइएका निर्देशन पनि प्रहरीले परिपालना नगर्ने स्थिति रहेको।
- सरकारी साक्षी (अनुसन्धानमा बुझिएका, जाहेरवालालगायतका व्यक्ति) हरूको झुठ्ठा बेहोरा लेखाउने र झुठो बक्न दबाब दिने गरेकोले यसलाई नियन्त्रण गर्नुपर्ने।

**<u>अभियोजनसँग सम्बन्धित सुझावहरू</u>**

- मुख्य कसूरदारउपर अभियोग नलिई अन्य कसूरदारउपर अभियोग लगाउने, सानो कसूरमा ठूलो अभियोग लगाउने, मुद्दा नै नचलाउनुपर्ने अवस्थामा समेत मुद्दा चलाउने परिपाटीले फौजदारी न्याय प्रणालीमाथि प्रहार भएकाले यस्तो परिपाटीको अन्त गरिनुपर्ने।
- सरकारी पक्षका साक्षीलाई दिइने दैनिक भ्रमण भत्ता रकम प्रहरीले नभै सरकारी वकील मार्फत उपलब्ध गराउने व्यवस्था हुनुपर्छ।
- इजलास र मुद्दा हेरेर पेसी स्थगन गर्ने अभ्यासको अन्त गरिनुपर्दछ।
- इच्छा विपरित बयान/बकपत्र गर्ने कार्यका लागि सरकारी वकीलबाट दबाब आउने गरेकाले त्यसको खोजनी गरी कारबाही हुनुपर्दछ। प्रहरीले गरेको अनुसन्धान र अभियोग प्रस्तावमा सरकारी वकीलले मूल्याङ्कन नगरी सहिछाप गर्ने परम्पराले सरकारवादी मुद्दाहरू फितलो बन्न पुगेका छन्। सरकारी वकीलको भूमिका प्रभावकारी हुनुपर्दछ।
- प्रहरीले व्यक्तिको हैसियत, आर्थिक अवस्था हेरी मुद्दाको अनुसन्धान गर्ने र सरकारी वकीलले पनि त्यसैगरी अभियोग पत्र तयार पारी अदालतमा पेस गर्ने परिपाटी रहेको देखिन्छ। त्यसतर्फ सम्बन्धित निकायहरूले ध्यान दिनुपर्छ।

- → अनुसन्धानकर्ता, अभियोजनकर्ता र न्यायाधीशले आपसमा मिलेर फौजदारी मुद्दा कमजोर बनाई न्याय मार्ने गरेका हुँदा पहिचान गरी सम्बन्धित निकायबाट कारबाही गरिनुपर्ने।
- → जाहेरी दर्ता भएसँगै प्रहरी र सरकारी वकील मिली मुद्दा कमजोर बनाउने कार्यमा सक्रिय भई विकृतिको शुरुवात गर्ने गरेकाले त्यस्तो अवस्थाको अन्त हुनुपर्ने।
- → समयमा पुनरावेदनको म्याद नबुझ्ने, बकपत्र र बहसमा उपस्थित नहुने, अनुसन्धानका लागि आवश्यक/उचित निर्देशन नदिने अवस्थाको मूल्याङ्कन गरी सुधार गरिनुपर्ने।
- → कतिपय सरकारी वकील कार्यालयमा विहानदेखि बेलुकीसम्म मानिसहरूको जमघट गराई अनावश्यक भिडभाड र मुद्दाको कुरा गरी सेटिङ्ग गर्ने गरेको भन्ने सुझाव प्राप्त भएको हुँदा त्यसको अध्ययन अनुसन्धान गरी कारबाहीको दायरामा ल्याउनुपर्ने।
- → सरकारी साक्षीहरूलाई झुठो बक्न प्रोत्साहन गरेको देखिएकोले सत्य बेहोरा बक्न प्रोत्साहन गर्नुपर्ने र झुठो बक्न प्रोत्साहन गर्ने उपर कारबाही हुनुपर्ने।
- → वयस्क नभएको व्यक्तिलाई पनि वयस्कको कोटीमा राखी अभियोजन गर्ने गरेको देखिएकोले सबै प्रतिवादीहरूको उमेर खुल्ने आधिकारीक कागज अनिवार्य रूपमा समावेश गरी अभियोजन गर्नुपर्ने।

**<u>नेपाल बार एसोसिएसनसँग सम्बन्धित सुझावहरू</u>**

- → नेपाल बार एसोसिएसनले प्रभावकारी भूमिका खेल्न नसकेका कारण भ्रष्टाचार बढेको भन्ने हुँदा बारको प्रभावकारी भूमिका अपेक्षित छ।
- → कानून व्यवसायीको पेशागत आचारसंहिताको प्रभाकारी कार्यान्वयन भए, नभएको अनुगमन गरिनुपर्दछ।
- → मुद्दा स्थगन गर्ने सम्बन्धमा भएको कानूनी व्यवस्थाको पूर्ण परिपालना हुनुपर्ने।
- → कानून व्यवसायीहरूले पनि आफ्नो पेशागत आचारसंहिताको पालना गर्नुपर्ने र आचारसंहिता पालना भए, नभएको अनुगमन गरी उल्लङ्घन गर्नेलाई कानूनी कारबाही गरिनुपर्ने।
- → नेपाल बार एसोसिएसनले Watch Dog को भूमिका र पेशागत पद्धति निर्माणमा ध्यान दिनुको सट्टा न्यायाधीश नियुक्तिमा आफ्नो ध्यान केन्द्रित गरेकाले बारमा शुद्धीकरणको आवश्यकता छ।
- → कानून व्यवसायीको पारिश्रमिक निर्धारण नहुँदा र लिएको पारिश्रमिकको रसिद नदिने तथा मनोमानी ढङ्गले पारिश्रमिक लिने गरेकाले योग्यता, क्षमता र विशेषज्ञताको आधारमा पारिश्रमिक निर्धारण हुनुपर्ने। कानूनद्वारा नै कानून व्यवसायीको कामको शुल्क निर्धारण गरिनुपर्ने।

- कानून व्यवसायीले स्वयं निषेधाज्ञालगायतका मुद्दा दर्ता गर्ने र फैसला गराउन ढिलाइ गर्ने गरेको अवस्था हुँदा अनुसन्धान गरी यस्ता प्रवृत्तिको नियन्त्रण गर्नुपर्ने।
- राजस्वका नाममा कानून व्यवसायीले पैसा लिने गरेका छन, बार एसोसिएसन संवेदनशील हुनुपर्ने देखिन्छ।
- कानून व्यवसायीले पारिश्रमिक लिँदा रसिद दिने वा बैंकिङ्ग प्रणालीमार्फत गराउने प्रणालीको विकास गरेमा विकृति धेरै नियन्त्रण हुन सक्दछ।
- कानून व्यवसायीले अनावश्यक समाचार पत्रपत्रिकामा दिने गरेको र बारले कानून व्यवसायीको संरक्षण गरिदिएकाले परिस्थिति थप जटिल बनेको छ।
- कतिपय कानून व्यवसायीहरू अनैतिक र गैरकानूनी विषयमा पनि अदालत आएर अप्ठेरो अवस्था सिर्जना भएको छ।
- अदालत र बारबीचको सम्बन्ध सुमधुर हुन सकेमा र बारले कानून व्यवसायीको नालीबेली राखेमा अनियमितताहरू धेरै हदसम्म नियन्त्रण हुन सक्छन्।
- केही कानून व्यवसायीहरूले न्यायाधीशको नाममा रकम लिने गरेका र रू.१००।- लाग्नेमा दस्तुर रू.५,०००।- सम्म लिने गरेका कतिपयले बिचौलियाको भूमिका निर्वाह गरेका कारण विकृति बढेको तथा जनविश्वास घटेको अवस्था छ, नेपाल बार र बार काउन्सिलले पनि निगरानी संयन्त्र बनाउनुपर्दछ।
- नेपाल बार एशोसियसन र सबै बार इकाइहरू सक्षम, प्रभावकारी र इमानदार हुनुपर्दछ।
- बहस नभए पनि/मुद्दा स्थगित भए पनि कानून व्यवसायीको पारिश्रमिक दिनुपर्ने भएकाले न्याय महँगो भएको छ, यसको नियमन हुनुपर्ने।
- कानून व्यवसायलाई करको दायरामा नल्याइएको र कानून व्यवसायीले लिने शुल्कमा पनि एकरूपता नभएकोले त्यसतर्फ पहल गरिनुपर्ने।
- फाँट वा शाखाको नाममा यति चाहिन्छ भनी सेवाग्राहीसँग रकम लिने, मिसिलको अध्ययन नगर्ने, अन्याय पर्‍यो भनी बहस गर्ने, हारेमा अर्को पक्षले बढी दिएर भ्याएछ भन्ने कतिपय कानून व्यवसायीको चरित्रमा शुद्धताको आवश्यक छ, कारबाही प्रणालीको विकास गर्नुपर्दछ।
- कानून व्यवसायीहरू एउटा इजलासमा बहस गर्ने र अर्को इजलासमा मुद्दा स्थगन गर्ने गर्छन्। अनावश्यक स्थगनको नियन्त्रण हुनुपर्दछ।

**<u>नेपाल बार काउन्सिलसँग सम्बन्धित सुझावहरूः</u>**

- → नक्कल लिंदा रू.२००।- ले हुने कामका लागि कानून व्यवसायीले रू.५,०००।- सम्म लिने गरेको छ, कानून व्यवसायी परिषद् र बार एसोसिएसनले अनुसन्धान गरी कारबाही गर्नुपर्ने आवश्यकता छ।
- → नेपाल बार काउन्सिल क्रियाशील भै गल्ती गर्ने कानून व्यवसाहीलाई कारबाही गर्न सके बिचौलिया कानून व्यवसायी र विकृति नियन्त्रण हुन सक्छ।
- → कानून व्यवसायीको आचारसंहिताको पालनामा प्रभावकारिता ल्याउनुपर्ने र उल्लङ्घन गर्नेलाई कारबाहीको दायरामा ल्याउनुपर्ने।
- → नेपाल बार काउन्सिलले पनि सूक्ष्म निगरानी संयन्त्र बनाउनुपर्दछ।
- → कतिपय कानून व्यवसायीहरू बिचौलिया, दलालीतर्फ लाग्ने गरेकोले यस्ता कानून व्यवसायीलाई कारबाही गर्नुपर्ने।

**<u>नेपाल प्रेस काउन्सिलसँग सम्बन्धित सुझावहरूः</u>**

- → पत्रकारहरूको आचारसंहिताको पालना गर्दै एउटा तथ्य भएको मुद्दामा तथ्यको आधिकारिक जानकारी नलिई दृष्टिकोण र सुनेको आधारमा कुरा गर्ने र समाचार सम्प्रेषण गर्ने प्रवृत्ति क्रमशः बढ्दै गएकाले नियन्त्रण हुन आवश्यक छ।
- → अदालतका सूचना/समचारहरू सङ्कलन गर्न वरिष्ठ, समझदार मान्छे नपठाई नयाँ पत्रकारलाई पठाउने गरेकाले केही समस्या आएको छ, एउटा संयन्त्र बनाई नियन्त्रण गर्न जरुरी छ।
- → अदालतमा विचाराधीन मुद्दाको विषयमा समाचार प्रकाशन गर्दा निश्चित सीमाभित्र बसेर सन्तुलित र तथ्यपरक तथा आधिकारिक समाचार प्रकाशन गर्नुपर्दछ।
- → दर्ता नभएका अनलाइन समचार माध्यमहरू बन्द गर्ने काम प्रेस काउन्सीलले गरेमा गलत समाचार क्रमशः नियन्त्रण हुँदै जान्छन्।
- → प्रेश काउन्सिल आचारसंहिता २०७६ को पालना भए नभएको अनुगमन गरेर उल्लङ्घन गर्नेलाई कारबाही गरिनुपर्दछ।
- → सामाजिक सञ्जाललाई अनुगमन र कारबाही गर्ने अधिकार नभएकाले ऐन/नियम/निर्देशिका बनाउन आवश्यक देखिंदा नेपाल सरकार समक्ष पहल गर्नपर्ने आवश्यकता छ।
- → मेडिया ट्रायलका कारण न्यायाधीशले विवेक प्रयोग गर्न नपाएको हुँदा मेडिया ट्रायललाई नियमन गर्न आवश्यक कानून तर्जुमा गर्नुपर्ने देखिन्छ।

**<u>बिचौलियाको रूपमा काम गर्ने व्यक्ति र क्रियाकपालको सम्बन्धमा</u>**

→ कतिपय न्यायाधीशका नातेदारहरूले मुद्दाको किनबेच गर्छन् भन्ने चर्चा हुने गरेकाले खोजबिन हुनुपर्दछ।

→ कतिपय न्यायाधीशहरूले नै सवारी बिचौलिया नियुक्ति गरेका छन् भन्ने सुनिएकाले खोजबिन हुनुपर्दछ।

→ कतिपय न्यायाधीश र कानून व्यवसायी स्वयं पनि बिचौलिया छन्, सूक्ष्म अध्ययन गरिनुपर्ने।

→ बिचौलियालाई अदालत प्रवेशमा रोक लगाउन र सेवाग्राहीको सहजताका लागि परिचयपत्र र पोशाक सहितको स्वयंसेवी कर्मचारी खटाउन उपयुक्त हुने।

→ कारागारबाट पनि पैसा चाहिन्छ, मान्छे छुटाइदिन्छौं भन्ने गरेको पाइएको हुँदा गम्भीरतापूर्वक अनुसान्धान गरी कारबाहीको दायरामा ल्याउनुपर्ने।

→ लेखनदासले रू.२५ लाख नगद दिएमा मुद्दा मिलाईदिन्छौ भनेका उदाहरणहरू छन्।

→ पहिचान भएका बिचौलियाको नाम र विवरण सार्वजनिक गरिएमा विकृति नियन्त्रण हुनसक्ने देखिन्छ।

→ न्यायपालिका विसङ्गतिमुक्त छ, न्याय हुन्छ भन्ने कुराको विश्वास र अनुभूति दिलाउन सक्नुपर्दछ।

→ चिया पसलमा समेत अदालतमा बिचौलियाको प्रभाव छ भन्ने चर्चा हुन्छ, अनुसन्धान जरुरी छ।

→ बिचौलिया नियन्त्रणका लागि एउटा संरचनाको निर्माण गर्नु आवश्यक छ।

→ बिचौलियाहरूले प्रतिवादीसँग आर्थिक लाभ लिई पीडित र साक्षीलाई प्रतिकूल (Hostile) बकपत्र गराउने प्रवृत्ति देखिंदा त्यस्ता व्यक्तिको पहिचान गरी नियन्त्रण गर्नुपर्ने।

→ बिचौलियाको रूपमा कानून व्यवसायी, लेखनदास, सेवा निवृत्त कर्मचारी, बारका पदाधिकारीले कार्य गरेका भए पनि कानून व्यवसायी मुख्य बिचौलियाको भूमिकामा छन्, नियन्त्रण हुन संयन्त्रको विकास गर्नुपर्ने।

→ कानून व्यवसायीको सहज पहुँच न्यायालयमा रहेकाले प्रमुख बिचौलियाको भूमिकामा कानून व्यवसायी नै रहेकाले पहिचान गरी कारबाही गरिनुपर्ने।

→ स्थानीय कर्मचारी, न्यायाधीश र कतिपय कानून व्यवसायी नै बिचौलियाको मुख्य भूमिकामा रहेकाले स्थानीय कर्मचारी र न्यायाधीश राख्न नहुने।

- → पत्रकार, राजनीतिकर्मी, एनजिओकर्मी, समाजसेवीले बिचौलियाको काम गरिरहेका हुन्छन्। तिनीहरूले न्यायाधीशसँग सिधै भेटघाट गर्नबाट रोक्नुपर्छ।
- → बिचौलियाले पैसा खाईदिने मुद्दामा सफाइ पाए पनि पैसा खर्च गरेर मुद्दा जितेको भन्ने भ्रामक/गलत सन्देश गइरहेकाले सन्देशमूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने भएको।
- → प्रहरी कर्मचारी, कानून व्यवसायी, जेथा जमानतका दलाल लगायतले बिचौलियाको भूमिका खेलेको देखिंदा पहिचान गरी नियन्त्रण र कारबाहीको प्रणाली बसाउनुपर्दछ।
- → गाउँघरका टाठाबाठाले लाग्ने भन्दा बढी रकम लिने गरेका कारण अदालतको छवि बिग्रेको छ, पहिचान गरी कारबाही गर्न सक्नुपर्छ।
- → न्यायाधीश एवम् कर्मचारीहरूलाई सामूहिक आवासको व्यवस्था गरी बिचौलियाको प्रवेश नियन्त्रण गरिनुपर्दछ।

<u>कानूनी सहायता सम्बन्धमा</u>

- → निःशुल्क कानूनी सहायता/वैतनिक कानून व्यवसायीबाट प्रदान गरिने सेवाको बारेमा समुदायस्तरमा सूचना सम्प्रेषण गर्न सकेमा विपन्न र असक्षम पक्षको न्यायमा पहुँच अभिवृद्धि हुने देखिन्छ।
- → वैतनिक कानून व्यवसायीको सेवा बहसमा मात्र सीमित भएको र प्रोवोनो सेवा प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेकाले दुवैको सूक्ष्म निगरानी प्रभावकारी रूपमा गर्न सकिएमा अनियमितता, विसङ्गति कम हुने।
- → बढी मुद्दा हुने अदालतहरूमा २ जना वैतनिक कानून व्यवसायीको व्यवस्था गर्नसकेमा न्यायमा पहुँच अभिवृद्धि हुने देखिन्छ।
- → अदालतबाट प्रवाह हुने वैतनिक वकीलको सेवा लक्षित वर्गसम्म पुग्न नसकेको हुँदा त्यसको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।
- → कानूनी सहायता विभिन्न निकायबाट दिने गरिएकोले यसलाई एकद्वार प्रणालीमार्फत उपलब्ध गराउनुपर्ने।

<u>विविधः</u>

- → आफू बहाल हुँदासम्म विकृति, विसङ्गति र भ्रष्टाचार नदेख्ने, अवकाश भएपश्चात् भ्रष्टाचार बिचौलिया छ भन्ने प्रवृत्तिको अन्त गरी आफू नेतृत्वमा वहाल छँदै विकृति, विसङ्गति र भ्रष्टाचार रोक्ने र बिचौलिया नियन्त्रण गर्ने योजना बनाउनुपर्दछ।

- पक्षले भोलि यो मुद्दा यो इजलासमा पर्छ, यस्तो फैसला आउँछ, छोटो बहस गरीदिनु पऱ्यो भन्न आउँछन, त्यस्तै नतिजा आउँछ। यस्तो विषयलाई गम्भीर रूपमा हेरिनुपर्दछ।
- न्यायको सिलसिलामा फैसला गर्नुभन्दा मेलमिलाप पद्धतिमा जोड दिनु उपयुक्त हुने।
- न्यायाधीश तथा सबै कर्मचारीहरूलाई स्वास्थ्य, शिक्षा, जीवनयापनलगायतका कुराहरूको व्यवस्थापन गर्नपुग्ने तलब भत्ता र एउटै कम्पाउन्ड आवास सुविधाको व्यवस्था गर्न सकेमा विकृति विसङ्गति कम हुने।
- कर्मचारीहरूलाई नियमित रूपमा व्यवहार र आचरणका सम्बन्धमा प्रशिक्षण दिलाई व्यवहार आचरणमा सुधार ल्याउने र एकले अर्काको अनुगमन गर्नसक्ने पद्धतिको विकास गर्नुपर्ने।
- न्यायिक काम कारबाहीमा सूचना प्रविधिको प्रयोग गरी सुशासन र पारदर्शिता कायम गर्नुपर्ने, यसका लागि सि.सि.टि.भीबाट निगरानी गर्ने, इमेलबाट पनि गुनासा लिन सकिने र दर्ता गर्न पाउने व्यवस्था गर्नुपर्ने देखिन्छ।
- अदालतका कर्मचारीहरूको प्रत्येक ६ महिनामा आन्तरिक फाँट सरूवा गर्नेतर्फ ध्यान दिनुपर्ने।
- न्यायाधीशहरूलाई कार्यालय सहयोगी बस्ने कोठा, खानाको व्यवस्था, फर्निचरलगायतका सामानको व्यवस्थापनका लागि एकमुष्ट रकम उपलबध गराउनुपर्ने।
- सर्वोच्च अदालत र उच्च अदालतमा विपक्षी/झगडिया झिकाउने आदेश गर्ने न्यायाधीशले मुद्दा नहेर्ने पद्धति हटाइनुपर्दछ।
- लगातार सुनुवाइ हुने भनी कानूनमा उल्लेख भएका मुद्दाहरूको सुनुवाइ सोहीबमोजिम भइरहेको नदेखिंदा साक्षीलाई प्रभावित पार्ने र (Hostile) प्रतिकूल बयान दिन हुने प्रवृत्ति बढ्दै गईरहेको देखिंदा प्रहरी, अदालत, कानून व्यवसायी, पीडित सबैले यसको पालना गर्नुपर्ने।
- न्याय प्रशासन ऐन, २०७३ को दफा ५ मा भएको निरीक्षणसम्बन्धी व्यवस्था औपचारिकतामा मात्र सीमित नराखी दक्ष, आचरणयुक्त र इमान्दार कर्मचारी समावेश वृहत्तर निरीक्षण गर्नपर्ने, निरीक्षणमा दिइएका निर्देशनहरूको कार्यान्वयन भए, नभएको अनुगमन गर्ने र कार्यान्वयन नगर्ने पदाधिकारीलाई कारबाही गर्ने तथा निरीक्षण गर्ने अदालतले नै वसोवासलगायतका सबै प्रबन्ध मिलाउनुपर्ने।
- कारागारबाट पीडकका मान्छे र प्रहरीबाट पनि पीडित र पीडकको मान्छेलाई धम्की आउने र प्रभाव पार्ने गरेकाले न्यायमा असर परेको महशुस भएकाले त्यस्तो अवस्थाको अन्त हुनुपर्ने।

- बुझ्नुपर्ने प्रमाण र झिकाउनुपर्ने प्रमाण एकैपटक नझिकाई पटक-पटक झिकाउने गरेका कारण मुद्दा लम्बिन गएको र २-३ वर्ष भईसक्दा पनि कुनै कारबाही नभइरहेको तथा के भएको हो भनी कर्मचारीले जानकारीसमेत नगराउने हुँदा पक्षलाई धेरै असर परेको छ।
- मिट द जज, जुडिसियल आउटरिच कार्यक्रमलाई प्रभावकारी बनाई सूचना सम्प्रेषणमार्फत सेवाग्राहीलाई सन्तुष्टी दिलाउन क्रियाशील हुनुपर्ने।
- सेवाको विशिष्टीकरणको मान्यताका आधारमा न्यायिक र प्रशासनिक सेवा छुट्याउनुपर्छ।
- प्रधान न्यायाधीश, मुख्य न्यायाधीश र १ नं. जिल्ला न्यायाधीश (मुहान नै) सफा हुनुपर्ने र भूमिका प्रभावकारी हुनुपर्ने।
- न्याय परिषद्मा कार्यकारीको हस्तक्षेप देखिएकाले संविधान संशोधन गरी न्यायपालिकाको वर्चस्व हुने ढङ्गले परिषद्को संरचना निर्माण गर्न आवश्यक छ।
- साक्षीहरूको बकपत्र अदालतमा समयमा नहुने भएकाले अनावश्यक दुःख पाइन्छ भन्ने डरले साक्षी तथा रोहवरमा बस्न इन्कार गरेको पाईँदा साक्षीको बकपत्र गर्ने कामलाई प्राथमिकतासाथ समयमा नै सम्पन्न गर्नुपर्ने।
- जवरजस्ती करणी लगायतका मुद्दामा क्षतिपूर्ति भराईदिने गरी भएका अदालतका फैसला कार्यान्वयन हुन नसक्दा न्यायको अनुभूति हुनसकेको नहुँदा क्षतिपूर्तिसम्बन्धी फैसला प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्ने।
- उच्च अदालतबाट कसूरबाट सफाइ पाए पनि समयमा लगतकट्टाको पत्राचार नहुँदा प्रहरी पक्राउ गर्न घरमा आउँछन्, समयमा नै पत्राचार गरिनुपर्ने।
- पक्षको हाउभाउ, रूवावासीबाट इजलास प्रभावित भएर आदेश/फैसला गर्ने गरेमा न्याय नपर्ने हुँदा त्यस्तो कुराबाट इजलास प्रभावित हुनुहुँदैन।
- मेलमिलाप पद्धतिलाई बढावा नदिंदा पारिवारिक विवादहरूले उचित समाधान पाउन नसकेकाले मेलमिलाप पद्धतिलाई बढावा दिनुपर्ने।
- फैसला लेखनलाई छिटो छरितो र स्तरीय बनाउन मुद्दा पेसीमा चढ्नु अगावै फिराद प्रतिउत्तरलगायत मिसिल संलग्न सम्पूर्ण कागजको टिपोट तयार गरिनुपर्छ। न्यायाधीशले फैसला लेखन कार्यलाई प्राथमिकता दिनुपर्छ।
- कर्मचारीमा दण्डको भय र पुरस्कारको अपेक्षा नभएको कारण विकृति मौलाएको हुँदा दण्ड र पुरस्कार प्रणाली व्यवस्थित र नियमित ढङ्गले सञ्चालन गर्नुपर्ने।

- → (Medical एवम् Vicera Report) मेडिकल एवम् भिसेरा प्रतिवेदन समयमै नआउने गरेकाले शीघ्र सुनुवाइमा अवरोध हुन पुगेकाले त्यस्ता रिपोर्ट र मिसिल प्रमाणहरू समयमै उपलब्ध हुने व्यवस्थाका लागि समन्वय र सहकार्यको खाँचो छ।
- → फैसला कार्यान्वयन पक्ष कमजोर भएकाले सेवाग्राहीले न्यायको अनुभूति गर्न पाएका छैन। फैसला कार्यान्वयनलाई प्राथमिकतामा राखिनुपर्दछ।
- → करारमा कर्मचारी लिने परिपाटीले अदालतमा विकृति बढेको हुँदा सो कुरा नियन्त्रण हुनुपर्ने।

# परिच्छेद - चार
# न्यायिक सदाचार र न्यायिक सुशासन

## विषय प्रवेश

सामाजिक सम्झौताका आधारमा नागरिकहरूले आफ्ना हक अधिकार संरक्षणका लागि आफूमा निहित सार्वभौमिक अधिकार राज्यमा हस्तान्तरण गरेको विश्वास गरिन्छ। राज्य विना समाज, अनियन्त्रित, अव्यवस्थित, असंगठित हुन्छ। राज्यले प्रतिस्पर्धी स्वार्थहरूकाबीच उपयुक्त सन्तुलन कायम राख्दछ। नागरिकको वैयक्तिक स्वतन्त्रता र सम्पत्तिको संरक्षण तथा समाजमा शान्ति सुरक्षा एवम् अमनचयन कायम गर्न नागरिकहरूको बीचबाट सरकारको निर्माण गरिएको हुन्छ। संविधानले नागरिक र राज्य बीचको सम्बन्धलाई परिभाषित तथा स्थापित गर्दछ[१९] भने त्यस्तो सम्बन्ध नियमित, व्यवस्थित र सञ्चालन गर्ने कार्य सरकारले गर्दछ। न्यायपूर्ण समाज निर्माण गर्ने राज्यको दायित्व पूरा गर्ने उद्देश्यकासाथ मानव सभ्यताको विकासदेखि नै राज्य, सरकार तथा शासन प्रणालीहरूको अभ्यास हुँदै आएको पाइन्छ।

राज्य शक्तिलाई व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामा विभाजन गरी नागरिक हक हितको संरक्षणका लागि प्रयोग गर्ने गरिन्छ। तर नागरिकको हक हितको संरक्षण तथा राज्यशक्तिको प्रयोगका सम्बन्धमा सरकारहरू अनुदार देखिएकाले सरकार नभई नहुने खरावी (Necessary evil) को रूपमा लिने गरिन्छ। राज्यको यसै खराब तत्त्वको न्यूनीकरण गर्न संविधानवादको सिद्धान्त अन्तर्गत विभिन्न मान्यताहरू[२०] विकास भएको पाइन्छ। राज्यका अङ्गहरूको सम्बन्धलाई नियमित तथा नागरिकका हक अधिकारको संरक्षणका लागि शक्तिको पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्तका आधारमा राज्य शक्तिलाई व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामा विभाजन गरी जवाफदेही तथा सीमित सरकारको मान्यतालाई आत्मसात गरेको पाइन्छ।

## ४.१ न्यायिक सुशासन र सदाचारका आधारभूत पक्षहरू

लोकतान्त्रिक शासनप्रणालीको आधारस्तम्भको रूपमा न्यायिक सुशासन र न्यायिक सदाचारलाई लिने गरिन्छ। लोकतन्त्र, कानूनको शासन र न्यायिक सुशासनको प्रभावकारिताको लागि न्यायिक सदाचार र इमान्दारितालाई मुख्य आधार मानिन्छ। स्वतन्त्र, सक्षम, स्वच्छ र स्वायत्त न्यायपालिका लगायत विभिन्न संरचना र संयन्त्रहरूलाई न्यायिक सदाचारका स्तम्भहरूको रूपमा लिने गरिन्छ।

[१९] संविधान भन्नाले राज्य प्रणाली तथा सरकारको गठन र सञ्चालन गर्ने नियमहरूको समूहलाई जनाउँदछ। संविधानले राज्यका अंगहरूको स्थापना, तिनीहरूको अधिकार र कार्यक्षेत्रहरूको निर्धारण, राज्यका अंगहरूको अन्तरसम्बन्ध र राज्य तथा नागरिक बिचको सम्बन्धलाई परिभाषित गर्दछ। संविधानले राज्यका तीन अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका बिचको शक्तिको बाँडफाँड नियन्त्रण र सन्तुलन राख्दै राज्य र नागरिकबिचको सम्बन्ध स्थापित गर्नको लागि नागरिक तथा राज्यका अधिकार, काम कर्तव्य र दायित्व परिभाषा गरेको हुन्छ।

[२०] लिखित संविधान, शक्ति पृथकीकरण र शक्ति सन्तुलन, मौलिक अधिकार, कानूनको शासन, स्वतन्त्र न्यायपालिका, न्यायिक पुनरावलोकन, आवधिक निर्वाचन, सुशासन, स्वतन्त्र संवैधानिक निकाय आदि।

उच्चस्तरका नैतिक मूल्य मान्यता र सो अनुरूपको व्यवहारलाई न्यायिक सदाचार भनिन्छ। न्यायिक सदाचारले न्यायिक सुशासनको अतिरिक्त विकृति तथा विसंगत विहीन न्यायपालिकाको परिकल्पना गरेको हुन्छ। त्यसैले न्यायिक सुशासन र सदाचारको विषयलाई पद्धति, प्रणाली तथा संस्थागत उपलब्धिलगायत समग्रतामा हेर्नुपर्ने हुन्छ। न्यायिक सदाचार र सुशासन आधारभूत पक्षहरूको सम्बन्धमा निम्नबमोजिम चर्चा गरिएको छ।

### ४.१.१ स्वतन्त्र न्यायपालिका

आधुनिक लोकतान्त्रिक शासन प्रणालीमा स्वतन्त्र न्यायपालिकासम्बन्धी व्यवस्थालाई न्यूनतम शर्तको रूपमा लिने गरिन्छ। मानव अधिकारको विश्वव्यापी घोषणा पत्रले संविधान एवम् कानूनद्वारा प्रदत्त नागरिक अधिकारको उल्लङ्घन भएमा प्रत्येक व्यक्तिलाई सक्षम अदालतबाट प्रभावकारी उपचारको अधिकार हुने व्यवस्था गरेको छ।[२१] साथै प्रत्येक व्यक्तिमाथि लगाइएको फौजदारी आरोपको विषयहरू तथा निजको अधिकार र दायित्वको निरूपण गर्न स्वतन्त्र एवम् निष्पक्ष न्यायालयमार्फत उचित एवम् सार्वजनिक सुनुवाइमा पूर्ण समानता प्राप्त हुने व्यवस्था रहेको देखिन्छ।[२२] नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय अनुबन्ध, १९६६ ले उचित समयावधिभित्र मुद्दाको सुनुवाइ गरिने व्यवस्थाको प्रत्याभूति गरिएको छ।[२३] आफ्ना विरूद्ध कुनै फौजदारी आरोप अथवा आफना अधिकार तथा दायित्वको उजूरी निर्धारण गर्न निष्पक्ष न्यायाधीकरण तथा आफनो प्रतिरक्षा गर्न पर्याप्त समय र सुविधा तथा आफूले छानेको कानून व्यवसायीबाट प्रतिरक्षा गर्न पाउने अधिकारलाई स्थापित गरेको पाइन्छ। साथै अनुचित ढिलाइ बिना सुनुवाइ हुने अधिकारको सुनिश्चितता गर्न राज्यहरूलाई दायित्व सिर्जना गरेको देखिन्छ।[२४]

संयुक्त राष्ट्र संघले सन् १९८५ मा आफ्ना सदस्य राष्ट्रहरूलाई संविधान तथा कानूनमा न्यायिक स्वतन्त्रताको प्रत्याभूति हुने प्रावधानहरू व्यवस्था गर्न UN Basic Principles मार्फत आह्वान गरेको थियो।[२५] न्यायिक स्वतन्त्रताका मापदण्डहरूलाई उच्च महत्त्व प्रदान गर्दै शक्तिको पृथकीकरण, सक्षमता, न्यायाधीशहरूको योग्यता तथा छनौट, सेवाका सर्तहरू, पदावधिको सुरक्षा, तालिम, उन्मुक्ति र न्यायिक अनुशासनजस्ता अपरिहार्य तत्त्वहरूको प्रत्याभूतिमा जोड दिइएको छ। साथै न्यायिक स्वतन्त्रताको पहिलो सिद्धान्तको रूपमा प्रत्येक राज्यले आफ्नो संविधान र कानूनमा स्वतन्त्र न्यायपालिकाको प्रत्याभूति घोषित रूपमा नै गरिनुपर्ने व्यवस्था गरिएको छ।

---

[२१] मानव अधिकारको विश्वव्यापि घोषणापत्र, १९४८ धारा ८

[२२] ऐ.ऐ. धारा १०

[२३] नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध,१९६६ धारा ९

[२४] ऐ.ऐ. धारा १४

[२५] The independence of the judiciary shall be guaranteed by the State and enshrined in the Constitution or the law of the country. It is the duty of all governmental and other institutions to respect and observe the independence of the judiciary. Article 1.

स्वतन्त्र न्यायपालिकालाई लोककल्याणकारी राज्यको अभिन्न अङ्ग मानिन्छ।संवैधानिक सर्वोच्चता कायम राख्दै मौलिक तथा मानव अधिकारहरूको संरक्षण गर्न सरकारद्वारा निर्माण गरिएका कानूनहरूको कार्यान्वयन गरी विधिको शासनलाई संस्थागत गर्न स्वतन्त्र न्यायपालिकाको महत्त्वपूर्ण भूमिका रहन्छ।[२६] न्यायपालिकाको स्वतन्त्रता अन्तर्गत संगठनात्मक स्वतन्त्रता, कार्यगत स्वतन्त्रता र परिस्थितिजन्य स्वतन्त्रता पर्दछन्।[२७] नेपालको संविधानले स्वतन्त्र न्यायपालिकासम्बन्धी अवधारणा र मूल्य मान्यतालाई अनुसरण गरी लोकतन्त्र, कानूनको शासन तथा शक्तिपृथकीकरण र नियन्त्रण एवम् सन्तुलनको सिद्धान्तलाई आत्मसात गरेको छ। शक्ति पृथकीकरणको सिद्धान्तले राज्यको कार्यकारी प्रकृतिको काम कार्यपालिका, व्यवस्थापकीय कार्य व्यवस्थापिका र न्यायिक प्रकृतिको कार्य अदालत वा न्यायिक निकायबाट सम्पादन गर्ने मान्यता राख्दछ। सीमित तथा जवाफदेही सरकारसम्बन्धी अवधारणाले राज्यका तीनै अङ्गको अन्तरसम्बन्धलाई उच्च महत्त्व दिएको हुन्छ। साथै राज्यका तीन अङ्गहरूबीच नियन्त्रण र सन्तुलनका लागि स्वतन्त्र न्यायपालिकाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ।

स्वतन्त्र, सक्षम तथा निष्पक्ष न्याय सम्पादन गर्ने न्यायपालिकाको उद्देश्य प्रशासनिक तथा वित्तीय स्वतन्त्रताको सुनिश्चितताबाट मात्र प्राप्त हुन सक्छ। स्वतन्त्र न्यायपालिकाको सिद्धान्तलाई विभिन्न अन्तर्राष्ट्रिय दस्ताबेजहरू[२८] समेतले प्रत्याभूत गरेका छन्। नेपालको संविधानले न्यायिक स्वतन्त्रतालाई आत्मसात गरेको भए तापनि न्यायिक स्वायत्तताको आलोकमा पारदर्शी प्रक्रियाबाट स्वच्छ एवम् निष्पक्ष न्याय सम्पादन गरी जनआस्थायुक्त न्यायप्रणालीको विकास गर्न चुनौतीहरू विद्यमान रहेको पाइन्छ। साथै न्यायिक स्वत्रन्त्रताको विषयलाई आन्तरिक कार्यप्रणालीमा पनि प्रभावकारी रूपमा लागू गर्नुपर्ने हुन्छ। न्याय सम्पादनका क्रममा माथिल्लो निकाय वा पदाधिकारीबाट पर्नसक्ने प्रभावबाट पनि न्यायकर्मीलाई पूर्ण रूपमा स्वतन्त्र राख्नुपर्ने हुन्छ।

### ४.१.२ शक्तिपृथकीकरणको सिद्धान्त

संविधानवादमा आधारित लोकतान्त्रिक शासन प्रणालीमा कानून बनाउने तथा लागू गर्ने र सोको चेक जाँच गर्ने अधिकार सामान्यतया एउटै अङ्गले प्रयोग गर्न नपाउने गरी संविधानले राज्यका प्रमुख तीन अङ्गहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामा विभाजन गरिदिएको पाइन्छ। यसलाई राज्य शक्तिको पृथकीकरण भनिन्छ। नागरिकको वैयक्तिक स्वतन्त्रताको संरक्षण, निरङ्कुशताको अन्त्य गर्दै सरकारको स्वेच्छाचारी प्रवृत्तिमा रोक लगाई कानूनको शासनको सुनिश्चितता एवम् लोकतन्त्रको

---

[२६] Judicial independence is a pre-requisite to the rule of law and a fundamental guarantee of a fair trial. A judge shall therefore uphold and exemplify judicial independence in both its individual and institutional aspects.

[२७] संविधान सभा न्याय प्रणाली सम्बन्धी समिति., अवधारणा पत्र संहिताको प्रारम्भीक मस्यौदा सम्बन्धी प्रतिवेदन, २०६६ संविधान न्याय प्रणाली समितिद्वारा प्रस्तुत गरिएको प्रतिवेदन, संविधान सभा

[२८] United Nations Declaration on Human Rights, 1948 (Art 10), International Covenant on Civil and Political Rights, 1966 (Article 14), United Nations Basic Principles on the Independence of the Judiciary, 1985, Beijing Principles on the Independence of Judiciary in the law Asia Region, 1995, The Bangalore principles on the Judicial Conduct, 2002, Commonwealth (latimer House) Principles on the three Branches of Government, 2003, European Court of Human Rights (Art 6) Recommendation (94) 12 of the Committee of the Ministers on the independence, efficiency and role of judges, Opinion No.1 of the consultative Council of European Judges( CCJE) on standards concerning the independence of the judiciary and the non-removability of Judges , European Charter on the Statue of Judges, The Venice Commission Report on Judicial Appointments.

संस्थागत विकास गर्न शक्ति पृथकीकरणको अवधारणा विकास भएको पाइन्छ। शक्ति पृथकीकरणको सिद्धान्तको मुलभूत उद्देश्य राज्य शक्तिको दुरूपयोग हुन नदिनु तथा नागरिक स्वतन्त्रताको रक्षा गर्नु रहेको मानिन्छ।

प्राचीन दार्शनिक प्लेटो, अरस्तु तथा सिसेरोले राज्यशक्तिलाई फरक फरक निकायबाट सम्पादन गराउनुपर्छ भन्ने विचार राखेको पाइन्छ। शक्ति पृथकीकरणको सन्दर्भमा सन् १६०७ मा बेलायतका प्रधान न्यायाधीश एडवर्ड कोकले न्यायिक अधिकार राजाले प्रयोग गर्न नसक्ने तथा सो अधिकार न्यायपालिकाबाट प्रयोग हुनुपर्ने बताएका थिए।[२९] सन् १६९० मा आफ्नो कृति Second Treatise of Civil Government मा जोन लकले प्रत्येक सरकारमा तीन किसिमको शक्ति Legislative, Executive र Federative हुने भनी बताएका थिए।[३०] साथै शक्ति पृथकीकरणको आधुनिक अवधारणाका सर्जक फ्रान्सका मन्टेस्क्युले सन् १७४८ मा आफ्नो कृति The Spirit of Laws मा विधायिकी, कार्यकारी र न्यायपालिका गरी राज्यका तीनवटा अङ्गहरूको संरचना र कामको बारेमा चर्चा गरेका थिए। कानून बनाउने, कार्यान्वयन गर्ने र सोको बैधता जाँच गर्ने राज्यका प्रमुख कार्यहरूलाई व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाले गर्ने गरी विभाजन गर्नुपर्दछ भन्ने मन्टेस्क्युको धारणा रहेको थियो।

विधायिका र कार्यपालिकीय शक्ति एकै ठाउँमा भए Tyrannical Law बन्ने र त्यस्तो कानून लागू भए Personal Liberty समाप्त हुने, त्यसैगरी न्यायपालिकाको कार्य विधायिकाबाट अलग नगरे Life Liberty माथि Arbitrary Control हुने र न्यायाधीशले दमनपूर्ण एवम् हिंसात्मक कार्य गर्न सक्ने तथा उल्लिखित तीनवटै शक्ति एकै ठाउँ भए सबै कुराको समाप्ति हुने भन्ने मान्यताका आधारमा शक्ति पृथकीकरणको सिद्धान्त विकास भएको पाइन्छ। शक्तिले भ्रष्ट बनाउने र अत्यधिक शक्तिले अधिक मात्रामा भ्रष्ट बनाउन सक्ने मान्यतामा कानून बनाउने, कार्यान्वयन गर्ने र सोको चेकजाँच गर्ने निकाय पृथक पृथक हुनुपर्ने मान्यता शक्तिपृथकीकरणको सिद्धान्तले राख्दछ। आधुनिक लोकतान्त्रिक शासनप्रणालीमा शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको आवश्यकता र औचित्यतताका सम्बन्धमा विभिन्न विद्वानहरूले उल्लेख गरेको पाइन्छ।[३१] साथै यस सिद्धान्तको अपरिहार्य पक्षको रूपमा न्यायिक पुनरावलोकनलाई लिने गरिन्छ।

लोकतान्त्रिक शासन प्रणालीको मुख्य आधार मानिने शक्तिपृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्तले नागरिकका विरूद्ध राज्य शक्तिको दुरूपयोग गर्नबाट रोक्दछ। साथै यस सिद्धान्तको

---

[२९] Gwyon W.B., The Meaning of Separation of Power, 1965 as cited in मोहन बन्जाडे, लोकतान्त्रिक संविधानका आधारहरू; राज्यका अंगहरू बिचको अन्तरसम्बन्ध सारथी अध्ययन तथा अनुसन्धान केन्द्र काटमाडौं, २०६५

[३०] Fiber Herman, Theory and Practice of Modern Government, 1977 as cited in पूर्व पाद

[३१] Hilaire Barnett , “The Object of such separation is to provide checks on the exercise of powers by each institution and also to prevent the potential for tyranny which might otherwise exist. A constitution with clearly defined boundaries to power and provisions restraining one institution from exercising the power of another is one in conformity with the doctrine of separation of powers."Constitutional and Administrative Law Cavendish Publication, New Delhi, 2000.

न्यूनतम आवश्यक पक्षको रूपमा कानूनको शासन र संविधानवादको सिद्धान्तलाई लिने गरिन्छ।[३२] संविधान निर्माण तथा राज्य सञ्चालन सम्बन्धित उच्चस्तरीय मूल्य मान्यता तथा आधारभूत सिद्धान्त वा वादलाई संविधानवाद भनिन्छ। यस अवधारणाले राज्यशक्तिको स्रोतलाई राज्यका विभिन्न अङ्गहरूमा विभाजन गरी कार्यक्षेत्र र अधिकारको परिभाषित गर्नुको साथै त्यस्तो अधिकार र शक्ति प्रयोगको सीमा तोकिएको हुन्छ। साथै यस अवधारणाले जवाफदेहिता तथा सीमित सरकारको मान्यतालाई आत्मसात गरेको हुन्छ।[३३]

### ४.१.३ कानूनी शासनको अवधारणा

सामाजिक सम्झौताको सिद्धान्तका आधारमा नागरिकले आफ्ना अधिकार संरक्षणका लागि सरकारको निर्माण गरेको मानिन्छ। तर व्यवहारमा सरकारहरू नागरिक हक अधिकारप्रति प्राय अनुदार रहेको देखिन्छ। समाज विकासको क्रममा शासकहरू सार्वभौमशक्ति आफैमा निहित रहेको अर्थ गर्दै मनपरी कानूनको निर्माण र कार्यान्वयन गरी नागरिक हक अधिकार कुण्ठित गर्न उद्वत रहेको पाइन्छ। जथाभावी कर लिने, नागरिक माथि अनावश्यक शोषण, अत्याचार र वेथितिको अवस्था देखेपछि विद्धानहरूले नागरिक र सरकारका बीचमा सुमधुर सम्बन्ध कायम गर्ने अवधारणाको परिकल्पना गर्ने क्रममा कानूनी राज्यको  अवधारणा विकास भएको पाइन्छ। जतिबेला कानून नै थिएन, शासकहरूको आज्ञा वा आदेशले कानूनको रूप धारण गर्दथ्यो, त्यतिवेला कानूनबमोजिमको शासन प्रणालीको मान्यता अगाडि सारिएको थियो। जब शासकहरूले कानून बनाएर कानूनको शासनको नाममा नागरिक अधिकारमाथि दमन गर्न थाले, त्यसपछि स्वयम् कानूनहरू पनि स्वच्छ एवम् निष्पक्ष हुनुपर्ने मान्यता अगाडि सारेको पाइन्छ। त्यसैले कानूनको शासनको परिभाषा र मान्यताहरू समय विकासको क्रमसँग व्यापक र विस्तार हुदै आएको पाइन्छ।

कानूनको शासन भन्नाले राज्य र नागरिकबीचको सम्बन्धलाई न्यायपूर्ण रूपमा सञ्चालन, नियमन र व्यवस्थापन गर्न आधुनिक संविधानवादका सिद्धान्त अनुरूप निर्माण गरिएको स्वच्छ एवम् निष्पक्ष कानूनको आधारमा शासन गरिने प्रक्रियालाई बुझिन्छ। कुनै पनि व्यक्ति कानूनभन्दा माथि हुँदैन भन्ने मान्यता प्राचिन ग्रीक कालीन दार्शनिकहरूको रहेको थियो।[३४] लोकतान्त्रिक मान्यता अनुरूपको कानूनको शासनलाई संस्थागत गर्ने कार्य १२१५ मा बेलायतमा जारी म्याग्नाकार्टाले गरेको थियो। जसमा नागरिक राजाद्वारा नभई कानूनबाट मात्र शासित हुने र कानून विपरित राजाले पनि कर उठाउन नपाउने कुराको पहिलो पटक कानुनी रूपमा प्रत्याभूति गरिएको थियो। कानूनको शासनले

[३२] Written Constitution, Fundamentals Rights, Independent Judiciary, Theory of Separation and Check and Balance, Judicial Review, Rule of Law, Concept of basic Structures, Delegated Legislation, Limited Government, Adult Franchise, Periodical election  and Collective Responsibility etc.

[३३] Constitutionalism is a principle which demands to respect for some standards and superior values from the state in allocation and exercise of sovereign powers. Constitutionalism ensures the limited government. A Limited government does not necessary mean a weak government. It is a government whose powers and functions are specialized, limitation defined and objectives are outlined.

[३४] एरिस्टोटलले आफ्नो कृति पोलिटिक्समा The rule of law is better than that of any individual भनी उल्लेख गरेको पाइन्छ। त्यसै गरी प्लेटोले Statesman and Laws मा यदि कानून राज्य र यसका निकायहरूको विषयवस्तु नभई अरु कसैको विषयवस्तु ठानिन्छ भने त्यस्तो राज्य ध्वस्त हुन सक्दछ। तर कानुन सरकारको मालिक र सरकार कानुनको दास मानिन्छ भने त्यस्तो राज्यमा नागरिक खुशी राजी रहन्छन् भनी उल्लेख गरेको पाइन्छ।

राज्य, उसका प्रतिनिधि, नीजि तथा सार्वजनिक संस्था वा निकाय र आम नागरिकलाई कानूनप्रतिको आ¬आफ्नो दायित्व निर्वाहमा जोड दिन्छ। साथै सहभागितामूलक प्रक्रियाको आधारमा कानूनको निर्माण गर्ने, कानून निर्माणको विधि र प्रक्रिया सुनिश्चित गर्ने, कानून निर्माण, कानून लागू र कानून कार्यान्वयन गर्ने निकाय स्वतन्त्र र सक्षम हुनुपर्ने र कानूनले हमेशा नागरिकलाई समान व्यवहार गर्नुपर्ने र राज्यलाई निरङ्कुश हुने गरी चाहेभन्दा बढी तजबिजी अधिकार दिन नहुने कुरामा जोड दिन्छ।

## ४.१.४ सुशासनको अवधारणा

सामान्यतया शासन प्रणाली (Governance system) भन्नाले निर्णय गर्ने तथा निर्णय कार्यान्वयन गर्ने प्रक्रियालाई बुझिन्छ।[३५]आधुनिक संविधानवादको सिद्धान्तमा आधारित लोकतान्त्रिक शासन प्रणालीको सुदृढीकरणका लागि सुशासन अपरिहार्य शर्तको रूपमा लिने गरिन्छ। लोकतन्त्र, कानूनको शासन तथा सुशासन एक अर्कामा परिपूरक मानिन्छन्।[३६] लोकतन्त्रका प्रतिफलहरूलाई संस्थागत गर्ने उद्देश्यले सन १९९० को दशकदेखि विश्व बैक तथा संयुक्त राष्ट्र संघद्वारा सुशासनको अवधारणा अगाडि सारेको पाइन्छ। जवाफदेही, पारदर्शी, उत्तरदायी, सहभागितामूलक, प्रभावकारी र कानूनको शासन अनुकल सञ्चालन गरिएको शासन प्रणालीलाई सुशासनको रूपमा बुझिन्छ। सुशासनलाई प्रत्याभूत गर्नका लागि सदाचार, इमान्दारिता र स्वच्छताको उच्च भूमिका रहेको पाइन्छ।

सुशासनको अवधारणाको उत्पत्ति र विकासको क्रमको सन्दर्भमा हेर्दा विश्व वैकले १९८९ मा Sub Saharan Africa को sustainable growth सम्बन्धी प्रतिवेदनमा सर्वप्रथम Good Governance शब्दको प्रयोग गरिएको थियो। उक्त प्रतिवेदनको प्राककथन लेख्ने क्रममा World Bank का तात्कालीन अध्यक्ष Barber B. Conable ले Good Governance शब्दको प्रयोग गरेका थिए।[३७] नागरिकको हक अधिकारीको संरक्षण गरी मानव अधिकारको सम्मान गर्न सुशासन सम्बन्धी अवधारणा प्रयोगमा ल्याएको पाइन्छ।

### सुशासनका आधारभूत पक्षहरू

- सार्वजनिक प्रशासनमा पारदर्शिता र जवाफदेहिता,
- निर्णय प्रक्रियामा सहभागिता र सूचनाको हक,
- कार्यसम्पादन मापदण्ड निर्धारण र लागू,
- आचार संहिता कार्यान्वयन र नियमित अनुगमन,
- अनियमितता र भ्रष्टाचार नियन्त्रणका लागि निरोधात्मक र दण्डात्मक उपायको अवलम्बन,

---

[३५] Governance means process of decision-making and the process by which decisions are implemented.

[३६] Good Governance entails effective participation in public policy-making, the prevalence of the rule of law and an independent judiciary, besides a system of institutional checks & balances through horizontal and vertical separation of powers, and effective oversight agencies.

[३७] He states that... governance-a public service that is efficient, a judicial system that is reliable, and an administration that is accountable to its public.

- सेवाग्राहीप्रति गर्नुपर्ने व्यवहार र संस्कृतिमा सुधार,
- निरीक्षण अनुगमन र निगरानीमा प्रभावकारिता तथा निरन्तरता,
- सेवाप्रवाहको निरन्तर अनुगमन तथा सूक्ष्म निगरानी
- सेवा प्रवाहको मापदण्ड र गुणस्तरीयता,
- सेवाग्राहीका गुनासो तथा उजूरीको सम्बोधन
- अनियमितता र भ्रष्टाचारप्रति शून्य सहनशिलताको नीति अवलम्बन आदि।

### ४.१.५ सूचनाको हकसम्बन्धी अवधारणा

सूचनाको हक भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचना माग्ने र पाउने अधिकार सम्झनुपर्छ र सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्त्वको निर्माण कार्य भैरहेकेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमूना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत प्राप्त गर्ने अधिकारसमेतलाई जनाउँछ।[३८] मानव अधिकारको विश्वव्यापी घोषणा पत्रले प्रत्येक व्यक्तिलाई विचार अभिव्यक्तिको अधिकार हुने, आफ्ना विचारहरू राख्न पाउने स्वतन्त्रता, सिमानाको बन्देज बिना कुनै पनि माध्यममार्फत सूचना र विचारहरू प्राप्त गर्ने, खोज्ने तथा प्रसार गर्ने स्वतन्त्रतासम्बन्धी व्यवस्था गरेको छ।[३९]

त्यसै गरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ ले प्रत्येक व्यक्तिलाई बिना हस्तक्षेप आफ्ना विचारहरू राख्न पाउने अधिकार हुने, अभिव्यक्तिको स्वतन्त्रताको अधिकार हुने, सीमाको बन्देज बिना मौखिक, लिखित, मुद्रित रूपमा वा कलात्मक रूपमा निजको आफ्नो छनौटको कुनै माध्यमबाट सूचना र विचारहरू प्राप्त गर्ने र दिने स्वतन्त्रताको प्रत्याभूत गरेको छ।[४०] नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने संवैधानिक व्यवस्था गरेको छ।[४१]

### सूचनाको हकसम्बन्धी विकसित र स्थापित केही नियमहरू

- सबैमा सूचनामा पहुँच स्थापना र अधिकतम सूचना खुलासा गर्ने।
- सबै सार्वजनिक निकायमाथि नागरिकको सूचनाको हक स्थापित गर्ने।
- सूचना सरल र निःशुल्क रूपमा पाउने साथै सूचना माग गर्नेलाई सघाउनुपर्ने।

---

[३८] सूचनाको हक सम्बन्धी ऐन, २०६४ (दफा (२) (ङ)

[३९] मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ः धारा १९

[४०] नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १९

[४१] *नेपालको संविधान, धारा २७, कानून किताव व्यवस्था समिति, बबरमहल. काठमाडौं*

- सूचना नदिने निर्णय वस्तुनिष्ठ हुनुपर्ने।
- सार्वजनिक हितले गोपनीयताको दाबी अन्त्य गर्ने।
- सूचना नदिने निर्णयउपर पुनरावेदन गर्न पाउने र जिम्मेवारी पूरा नगर्ने अधिकारीले दायित्व वहन तथा स्वतस्फूर्त सूचना प्रबाह गर्नुपर्ने आदि।

### ४.१.६ न्यायिक सुशासन

न्याय प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउदै न्यायपालिकाबाट प्रदान हुने सेवा सुविधामा नागरिकको समान र सहज पहुँच सुनिश्चित गर्नुलाई न्यायिक सुशासन भनिन्छ। न्याय प्रशासनलाई जवाफदेही, उत्तरदायी, पारदर्शी तथा सबैको सहज पहुँच सुनिश्चित गरी न्यायिक सुशासन कायम गर्न सकिन्छ। न्यायिक सुशासनले कानूनको शासन, इमान्दारिता, उच्च नैतिकता, स्वच्छता, सदाचार तथा भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, आर्थिक अनुशासन एवम् सेवाग्राहीमैत्री व्यवहार जस्ता मूल्य मान्यताहरूको अपेक्षा गर्दछ। साथै यसले प्रचलित संविधान, कानून र स्थापित न्यायिक मूल्य मान्यताहरूको आधारमा छिटो छरितो कमखर्चिलो पूर्व अनुमानयोग्य न्यायिक प्रक्रिया तथा सहज पहुँचयोग्य सेवाग्राहीमैत्री व्यवहारको अपेक्षा गर्दछ। त्यसैगरी सेवा प्रवाहलाई पारदर्शी बनाउन सार्वजनिक लेखा परीक्षण, गुनासो ब्यवस्थापन, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ जस्ता क्रियाकलापहरूले न्यायिक सुशासन कायम गर्न मद्दत पुराउन सक्दछ।

न्यायिक सुशासनले सेवा प्रवाहमा निष्पक्षता, तटस्थता, इमान्दारिता र सदाचार तथा संविधान कानून तथा स्थापित न्यायिक मूल्य मान्यता अनुरूप पूर्व निर्धारित सरल तथा सहज कार्यविधिको आधारमा स्वच्छ तथा सक्षम न्याय सम्पादन प्रक्रियालाई जनाउदछ। न्यायिक सुशासनको आधार (Bed rock) को रूपमा सदाचार तथा न्यायिक स्वतन्त्रता, स्वायत्तता, सक्षमता, स्थापित विधि प्रक्रिया, शक्तिपृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्त, न्यायिक मूल्य मान्यता, न्यायिक जनशक्तिको आचार संहिता, स्वच्छ एवम् निष्पक्ष कानूनलाई न्यायिक सुशासनको आधार स्तम्भ (Pillars) को रूपमा लिने गरिन्छ। न्यायिक सुशासनको अन्तरसम्बन्ध लोकतान्त्रिक शासन प्रणाली र कानूनको शासनसँग रहेको पाइन्छ। अर्कोतर्फ न्यायपालिकाको शक्ति भनेको यसप्रतिको आस्था र विश्वास नै हो। न्यायपालिकासँग स्रोत र साधनमा प्रत्यक्ष पहुँच हुँदैन। यसले गर्दा कहिलेकाहीं न्यायिक स्वतन्त्रताको अन्तरनिहित पक्षको रूपमा न्यायिक स्वायत्ततामा पनि जोडिएको हुन्छ। नेपालको न्यायपालिका संरचनात्मक र कार्यात्मक रूपमा जत्ति स्वतन्त्र छ सोको तुलनामा बजेट तथा स्रोत साधनको प्राप्ति र परिचालनमा स्वतन्त्र र स्वायत्त देखिंदैन। यसले न्यायिक सुशासन कायम गर्नमा असहजता सिर्जना गर्ने गरेको देखिन्छ। साथै कार्यात्मक स्वतन्त्रताको प्रयोग गर्ने क्रममा आन्तरिक रूपमा न्यायाधीशहरू पूर्ण रूपमा स्वतन्त्र हुन आवश्यक ठानिन्छ।

## ४.१.७ न्यायिक सदाचार र इमान्दारिता

Integrity is a concept of 'consistency' of actions, values, methods, measures, principles, expectations, and outcomes. Integrity for anything is a state of being whole, complete, unbroken, unimpaired, perfection etc.[४२] Integrity is defined as alignment of accountability, competency, ethical behavior and corruption control. सदारचारलाई समग्र आयम (Comprehensive Approach) का रूपमा बुझ्ने गरिन्छ।[४३] Integrity is the practice of being honest and showing a consistent and uncompromising adherence to strong moral and ethical principles and values. Integrity is regarded as the honesty and truthfulness or accuracy of one's actions. सदाचार नैतिक मूल्य मान्यता इमान्दारिता र आचरण (Conduct) बीच पूर्ण एकीकरण (Integration) हो। सदाचारको प्रभाव कुनै व्यक्ति वा संगठनमा मात्र नभई समग्र राष्ट्रमा पर्न सक्दछ।[४४] अर्को शव्दमा निर्धारित पद्धति, प्रणाली तथा संस्थागत मूल्य मान्यता र भावना प्रतिकूल व्यवहार नगर्नुलाई सदाचार (Integrity) भन्ने गरिन्छ।

न्यायिक सुशासनको महत्त्वपूर्ण साधनको रूपमा स्वच्छ, सक्षम, निष्पक्ष तथा स्वतन्त्र न्यायपालिका र न्यायिक सदाचारलाई लिने गरिन्छ। उच्चस्तरको वैयक्तिक तथा संगठनात्मक मूल्य मान्यता र आचरणलाई न्यायिक सदाचार (Judicial Integrity) भनिन्छ। यो व्यक्तिबाट हुने मूल्य मान्यता अनुरूपको व्यवहार हो। यसको प्रयोगमा एकरूपता रहेको हुन्छ। न्यायिक सदाचार खण्डित भएमा यसले न्यायपालिकाप्रतिको आस्था र विश्वासलाई मात्र कमजोर बनाउँदछ। सार्वजनिक निकायहरूमा हुन सक्ने विकृति, विसङ्गति, अनियमितता तथा भ्रष्टाचारजन्य गतिविधिको नियन्त्रण गरी जनआस्था र विश्वास अभिवृद्धि गर्नमा सदाचारको महत्त्वपूर्ण भूमिका रहन्छ।[४५] अर्कोतिर सदाचार कमजोर भएमा यसले कुनै एक संगठन वा व्यक्ति वा निकाय मात्र नभई समग्र मानव समुदायमा नकारात्मक प्रभाव पार्न सक्दछ। कतिपय सन्दर्भमा गरिबीको मुख्य कारक तत्त्वको रूपमा कमजोर सदाचारलाई लिने गरेको पाइन्छ।

कामप्रति पूर्ण प्रतिबद्ध तथा कुनै काम गरेबापत अतिरिक्त अपेक्षा नराख्नु र आचार संहिताको पूर्ण पालना गर्नुलाई इमान्दारिता (Honesty) भनिन्छ। यो उच्च प्रकारको मूल्य हो। सदाचार इमान्दारिताभन्दा उन्नतस्तरको मूल्य मान्यता र सो अनुकूलको आचरण हो। इमान्दारिता कानून, नियम, आचार संहिता तथा मूल्य मान्यताप्रतिको प्रतिबद्धतासँग सम्बन्धित रहन्छ भने सदाचार सो भन्दा एक स्तरमाथि अर्थात् इमान्दारिता र सो अनुकूलको आचरणसँग सम्बन्धित मानिन्छ। यसको अर्थ सदाचार व्यक्ति इमान्दार हुनै पर्दछ तर इमानदारीतामा व्यक्ति सदाचारी हुनै पर्दछ भन्ने हुँदैन।

---

[४२] *Werner H. Erhardand Michael C. Jensen https:// beingaleader.net/ instructors/ Werner-erhard,* [accessed 1 April, 2021]

[४३] Integrity is a cornerstone of the overall system of good governance, and that updated guidance on public integrity should accordingly promote coherence with other key elements of public governance.

[४४] Integrity is one of the pillars of political, economic and social structures and thus essential to the economic and social well-being and prosperity of individuals and societies as a whole

[४५] Integrity is one of the pillars of political, economic and social structures and thus essential to the economic and social well-being and prosperity of individuals and societies as a whole.

अर्थात् यी दुबै मूल्यमा आधारित मानक हुन तर पहिलो तहमा इमान्दारिता रहन्छ भने सोको उच्चतम विन्दुमा सदाचार अर्थात् सत्यनिष्ठा रहन्छ। सत्यनिष्ठा व्यवहार हो, आचरण हो, जीवनपद्धति हो र यो जुनसुकै अवस्था र परिस्थितिमा पनि कायम रहन्छ। इमान्दारिता अर्को पक्षले निर्धारण गर्दछ। अर्थात् इमान्दारिता देखिने प्रकृतिको हुन्छ भने सदाचारको परक व्यक्ति आफैंले गर्दछ। अर्थात् सदाचार जहाँ सबुद छैन, प्रमाण छैन वा अरू कसैको उपस्थिति छैन भने पनि कायम रहन्छ किनकि सदाचार व्यक्तिको जीवनपद्धति र कार्य संस्कृति हो।

त्यसैगरी संगठनात्मक सदाचार र इमान्दारितालाई सञ्चालन प्रणालीको (Governance system) स्वच्छता अर्थात् सारवान् स्वच्छता Probity भन्ने गरिन्छ। स्वच्छतासम्बन्धी अवधारणा शासन प्रक्रियाको (Governance) सन्दर्भमा बढी प्रयोग गरिन्छ। कुनै संगठनको पद्धति, प्रणाली, कार्यविधि, मापदण्ड (Standards, Operating Procedural), आचार संहिता, कार्य सञ्चालन पद्धति, जवाफदेहिता, पारदर्शिता, सूचनाको सार्वजनिकीकरण, सेवाग्राहीको सहभागिता, सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोगलगायतका समग्र पक्षहरूमा प्रक्रियागत र सारवान् स्वच्छता कायम गर्नुलाई Probity भनिन्छ। यसलाई संगठनको कार्यसंस्कृतिसँग सम्बन्धित मूल्य मान्यताको रूपमा आत्मसात् गरिएको हुन्छ। यसले व्यक्तिको इमान्दारिता र सत्यनिष्ठालाई सुनिश्चित गर्न सहयोग गर्दछ। स्वच्छ एवम् निष्पक्ष प्रक्रिया र प्रणालीका आधारमा संस्थागत स्वच्छता सुनिश्चित गर्न सकिन्छ। कुनै पनि सार्वजनिक निकायमा सुशासन कायम गर्न नीतिगत व्यवस्थाहरू गर्दा वैयक्तिक इमान्दारिता र सदाचार तथा संस्थागत स्वच्छता दुवै पक्षको समाञ्जश्यता कायम हुन अपरिहार्य मानिन्छ। सार्वजनिक निकायमा सदाचारका (Integrity) आधारस्तम्भहरू निम्नबमोजिम रहेका छन्।

- Commitment to work,
- Accountability,
- Transparency,
- Participation,
- Competency,
- Ethical Behavior,
- Corruption Control,
- Independency of Judiciary,
- Compliance with Rule, Regulation and code of Conduct and Institutional norms and values,
- Access to Information/ Right to Information,
- Fairness and Accessibility,
- Honesty and Trustworthiness etc.

### ४.१.८ सदाचार उल्लङ्घन

सदाचार व्यक्तिको निजी तथा व्यावसायिक जीवनको उच्चस्तरको नैतिकता र सो अनुकूलको आचरण हो। सदाचार कार्य, कार्यविधि, प्रक्रिया, पद्धति, प्रणाली, मूल्य मान्यता, आचरण, सिद्धान्त एवम् अपेक्षा र उपलब्धिहरूप्रति प्रतिबद्ध र प्रयोगमा एकरूपता (Consistency) सहितको आचरण प्रस्तुत गर्नुलाई सदाचार भनिन्छ।[४६] सदाचारिता व्यक्तिगत एवम् संस्थागत तथा निजी एवम् सार्वजनिक प्रकृतिको हुन्छ। सार्वजनिक निकायको कार्यसंस्कृति तथा अवलम्बन गरिएको पद्धति र प्रणालीले समेत सदाचारको उल्लङ्घनका लागि आधार सिर्जना गर्ने वा त्यस्तो गर्नबाट रोक्न समेत मद्दत गर्दछ। निर्धारित मानकहरूका आधारमा सदाचारको संपरीक्षण गर्न सकिन्छ। यसको उच्चस्तरको महत्त्व हुँदा हुँदै पनि विभिन्न कारणले सदाचारको उल्लङ्घन हुन सक्दछ। सदाचार उल्लङ्घन हुन सक्ने अवस्था देहायबमोजिम रहेका छन्।

- **डर त्रास आस (Fear)**

सदाचार उच्चस्तरको व्यक्तिगत तथा संगठनात्मक मूल्य र मान्यता हो। व्यक्ति वा संगठनको आन्तरिक तथा वाह्य परिवेशसमेतले सदाचार उल्लङ्घनमा भूमिका खेलेको हुन सक्दछ। तसर्थ सदाचार उल्लङ्घनका विभिन्न कारणहरू हुन सक्दछ। सन्दर्भ र परिस्थितिहरूले अनुकूल तथा प्रतिकूल अवस्था सिर्जना गर्न सक्दछ। सामान्यतया कुनै व्यक्तिमा रहेको डर त्रास र आसको कारणले सदाचार प्रतिकूलका क्रियाकलापहरू गरेको हुन सक्दछ। सामाजिक, सांस्कृतिक, आर्थिक तथा संगठनात्मक मूल्य मान्यताजन्य परिस्थितिहरूले सदाचारको उल्लङ्घनमा भूमिका खेलेको पाइन्छ।

- **लोभ वा लालच (Greed)**

सदाचार उल्लङ्घनको आधार तत्त्वको रूपमा लोभ वा लालचलाई लिने गरिन्छ। यो व्यक्तिको व्यक्तिगत आचरण वा अवस्थाबाट निर्देशित रहेको हुन सक्दछ। कुनै पनि मौद्रिक वा गैरमौद्रिक पक्षहरूबाट प्रभावित भएर आफूलाई वा अरू कसैलाई फाइदा हुने गरी सदाचारको उल्लङ्घन भएको हुन सक्छ। घुस रिसवत वा भ्रष्टाचार जन्य गतिविधि होस् वा कुनै विधि प्रक्रियाको उल्लङ्घन वा दुरूपयोग गरी आफू वा अरू कसैलाई फाइदा वा घाटा पुऱ्याएको होस् यी दुवै अवस्थामा सदाचारको उल्लङ्घन भएको मानिन्छ। भइरहेको व्यवस्थाको गलत व्याख्या गर्ने वा गर्न नमिल्ने वा नहुने काम गरेर वा कानूनबमोजिम हुने काममा पनि पक्षहरूको अज्ञानताको फाइदा उठाएर अतिरिक्त लाभ (Rent seeking) लिने जस्ता काम कारबाहीबाट सदाचारको उल्लङ्घन हुने गर्दछ। संस्थागत वा व्यक्तिगत रूपमा हुने भ्रष्टारजन्य कार्यहरूको परिणाम स्वरूप

---

[४६] Integrity is a concept of consistency of actions, values, methods, measures, principles, expectation and outcomes. Integrity is wholeness. It is accumulative forms of consistence behave toward system, procedure, standards, values, Norms, code of conduct, competency and results.

सदाचारको उल्लङ्घन हुने गर्दछ। नैतिक मूल्य मान्यता तथा इमान्दारिता वा सदाचारलाई कायम राख्नका लागि व्यक्तिगत मूल्य तथा संस्थागत कार्यसंस्कृति र कार्य पद्धतिले महत्त्वपूर्ण भूमिका खेल्दछन्। अर्कोतर्फ यसको लागि अनुकूल वातावरण बनाउने वा यस प्रकारको कार्यका लागि उत्साहित गर्न विभिन्न विघ्नकर्ताको भूमिकाबाट पनि सदाचारको उल्लङ्घन भएको हुन सक्दछ। सदाचार उल्लङ्घनका विभिन्न अवस्थाहरूलाई निम्नलिखितबमोजिम प्रस्तुत गरिएको छ।

- Acceptance of bribes
- Offering of bribes
- Abuse of power
- Using organizational resources for personal benefits
- Conducting personal work during working hours
- Using office resources during working hours
- Personally taking home office resources for personal use
- Using organizations funds without proper process
- Falsely claiming transactions etc.

सदाचार तथा नैतिक आचरणहरूलाई विभिन्न तत्त्वहरूले विभिन्न तहमा प्रभाव पार्न सक्दछन्। त्यस्ता तत्त्वहरूको प्रभावको असर व्यक्ति विशेष तथा परिवेश अनुसार फरक फरक हुन सक्दछ। कुनै पनि सार्वजनिक निकायको आन्तरिक कार्य वातावरणमा व्यक्तिगत स्तर तथा संस्थागत स्तर वा वाह्य कार्य वातावरणका विभिन्न तत्त्वहरूले प्रभाव पार्न सक्दछन्। व्यक्तिगत रूपमा सामाजिक तथा सांस्कृतिक प्रभाव, व्यक्तिगत क्षमता, वैयक्तिक मूल्य मान्यता र आवश्यकतासम्बन्धी पक्षहरूले सदाचार तथा नैतिक आचरणमा प्रभाव पार्नसक्ने देखिन्छ। त्यसै गरी संगठनको आन्तरिक कार्य वातावरणमा नीति नियम तथा आचार संहिता, नेतृत्वको सक्षमता कार्यरत जनशक्तिको प्रतिबद्धता एवम् संगठनको कार्यसंस्कृतिले सदाचार निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने देखिन्छ। राष्ट्रिय नीति नियमहरू, आर्थिक वातावरण, राजनीतिक नेतृत्वमा रहेको मूल्य मान्यता र कार्य संस्कृतिको अवस्था तथा भ्रष्टाचार, विचलन तथा विकृतिप्रतिको सामाजिक दृष्टकोणलगायतका पक्षहरूले वाह्य कार्य वातावरण निर्माण र न्यायिक सदाचारमा  प्रभाव पार्न सक्दछन्।

### ४.१.९ सदाचार विघ्नकर्ता

सदाचार उल्लङ्घनका लागि सहज वातावरण बनाउने वा पहल गर्ने वा मध्यस्थताकर्ताको रूपमा काम गर्ने व्यक्ति वा संस्थालाई सदाचार विघ्नकर्ता (Spoiler of Integrity) भनिन्छ। यस्ता व्यक्ति वा संस्थाहरूको भूमिका सदाचारसँग सम्बन्धित विषयवस्तु वा परिस्थिति अनुसार विभिन्न स्वरूप वा प्रकृतिको हुन सक्दछ। मूलतः सदाचार उल्लङ्घनको विषयवस्तुको प्रकृति र स्वरूप समेतका आधारमा सदाचार विघ्नकर्ताको भूमिका निर्धारण हुने गर्दछ। विघ्नकर्ताको चयन तथा भूमिका निर्धारण तात्कालीन परिवेश र सन्दर्भमा समेत निर्भर रहन्छ। सामान्यतया देहायको शक्ति केन्द्रहरूलाई सदाचारको विघ्नकर्ताको रूपमा लिने गरेको पाइन्छ।

सदाचार विघ्नकर्तालाई बिचौलिया शब्दबाट परिभाषित गरेको पनि पाइन्छ। विशेष गरेर सार्वजनिक निकायमा हुन सक्ने भ्रष्टारजन्य गतिविधि तथा विकृति विसङ्गतिजन्य कामकारबाहीमा मध्यस्थकर्ताको रूपमा भूमिका निर्वाह गर्ने व्यक्तिलाई बिचौलिया भन्ने गरेको पाइन्छ।[४७] सदाचार व्यक्तिको वैयक्तिक आचारण तथा संस्थागत मूल्य मान्यताहरूसँग बढी सम्बन्धित हुने हुँदा आर्थिक शक्ति, (Money power) राजनीतिक शक्ति, (Political Power) सामाजिक शक्ति, (Social Power) सञ्चार शक्ति, (Media Power) प्रशासनिक शक्ति, (Administrative Power) न्यायिक शक्ति, (Judicial Power) सूचना शक्ति (Information Power) र प्रविधि शक्ति (Technological Power) लाई सदाचार खण्डित गर्ने तत्त्वको रूपमा लिने गरिन्छ। न्यायपालिकामा हुन सक्ने भ्रष्टारजन्य कार्यको सम्बन्धमा मध्यस्थकर्ताको भूमिकाको आवश्यक पर्न सक्ने सन्दर्भ उल्लेख गर्दै विभिन्न प्रकृतिका बिचौलियाहरूको पहिचान गर्ने गरिएको पाइन्छ। बिचौलियाको सम्बन्धमा सर्वोच्च अदालत बार एसोसिएसनले २०६४ सालमा गरेको एक अध्ययन प्रतिवेदनले "बीचमा बसेर चलखेल गर्ने व्यक्ति भनी" बिचौलिया शब्द प्रयोग गरेको देखिन्छ।[४८] साथै उक्त अध्ययन समितिले मुद्दा मामिलाको सम्बन्धमा बीचौलियाको भूमिका निर्वाह गर्ने विभिन्न व्यक्ति तथा संस्थाहरू पहिचान गरेको पाइन्छ।[४९] बिचौलीयाहरूले सामाजिक शक्तिको प्रयोग सदाचार उल्लङ्घन गराउन भूमिका खेल्न सक्ने देखिन्छ।

## ४.१.१० विकृति र विसङ्गति

कुनै पनि संस्था वा संगठनको आन्तरिक कार्य सञ्चालन पद्धति र प्रणाली एवम् निर्धारित मापदण्ड तथा स्थापित मूल्य मान्यता प्रतिकूलका गतिविधिलाई विकृति र विसङ्गति भन्ने गरिन्छ। यसले सम्बन्धित निकायबाट प्रवाह हुने सेवाको गुणस्तरीयता कमजोर बनाउनुको अतिरिक्त संस्थाको आन्तरिक जीवन र कार्य संकृतिमा नकारात्मक असर पार्दछ। काम कारबाही र सेवा प्रवाहमा सामञ्जस्यता कायम नभई अस्वस्थ प्रतिष्पर्धाको अवस्था सिर्जना हुन जान्छ। संस्था वा संगठनमा नीतिगत अस्थिरता तथा अपेक्षित उपलब्धीहरू हासिल हुन नसक्ने अवस्था सिर्जना हुन जान्छ। यसले संगठनप्रतिको विश्वास र आस्थालाई कमजोर बनाउँदछ। न्यायपालिकाको जनआस्था र विश्वास अभिवृद्धि गर्न विभिन्न पक्ष तथा निकायको भूमिका रहेको हुन्छ। अदालतमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीको न्यायिक मूल्य मान्यता विपरितका सबै काम कारबाही विकृति तथा विसङ्गति अन्तर्गत पर्दछन्।

अदालतका कर्मचारीसँग सम्बन्ध राम्रो बनाउनुपर्दछ बिगार्नु हुँदैन भन्ने मनोविज्ञानले पनि अदालतमा विकृति र विसङ्गति बढ्नमा सहयोग पुऱ्याएको पाइन्छ। सेवाभाव भन्दा पनि हाकिम ठान्ने प्रवृत्ति

[४७] न्यायपालिकामा जनआस्था अभिवृद्धि समिति २०६४ सर्वोच्च अदालत वार एसोसिएसन पृष्ठ १६५

[४८] पूर्वपाद

[४९] भ्रष्टाचारजन्य क्रियाकलापका लागि सम्पर्क सुत्रका रूपमा का गर्ने बिचौलिया १७ किसिमका र अन्य १२ किसिमका बिचौलिया गरी न्यायपालिका र न्यायिक कामकारबाही सम्बन्धमा २९ प्रकृतिका बिचौलिया सक्रीय रहेको भनी न्यायपालिकाप्रति जनआस्था अभिवृद्धि अध्ययन समितिको प्रतिवेदन, २०६४ सर्वोच्च अदालत वार एसोसिएसन पृष्ठ १३४ र १३५

प्रदर्शन र सेवाग्राहीमैत्री व्यवहार नगर्नाले पनि अदालतप्रतिको नकारात्मक धारणा बन्न सहयोग पुऱ्याउँदछ। सेवाग्राहीहरूबाट अतिरिक्त लाभ प्राप्त नभएसम्म काम नगर्ने प्रवृत्ति बढ्दै गएको भन्ने धारणा व्यक्त हुने गरेको पाइन्छ। यसरी अदालतमा कार्यरत न्यायाधीश तथा कर्मचारीले गर्ने आचरण र व्यवहारका आधारमा विकृति तथा विसङ्गतिले प्रश्रय पाउन सक्ने अवस्था सिर्जना हुन सक्दछ। कानून व्यवसायीले न्यायाधीश तथा कर्मचारीबीचको सम्बन्ध बढाउने र पक्षको अगाडि आफ्नो प्रभाव देखाउने तथा मुद्दा हारेका अर्को पक्षले घुस खुवाएर जितेको भनी आफ्नो व्यावसायिक प्रतिरक्षा गर्ने वा सहानभुती लिन खोज्ने, फाँटवाला कर्मचारीले सेवाग्राहीप्रति दबाब सिर्जना गर्ने जस्ता प्रक्रियाबाट अदालत तथा न्यायिक निकायहरूमा विकृति तथा विसङ्गतिहरू संस्थागत हुदै आएको पाइन्छ।

निष्पक्ष, वस्तुनिष्ठ र पारदर्शी व्यवस्थामा आधारित भई कर्मचारीहरूको सरुवा, बढुवा वृत्ति विकास र दण्ड एवम् पुरस्कारका माध्यमबाट कर्मचारी तन्त्रलाई व्यवस्थित, प्रभावकारी र कामप्रति जिम्मेवारीको भावना सिर्जना गराउन नसकेमा विकृति तथा विसङ्गतिले थप प्रश्रय पाउन सक्ने देखिन्छ। कर्मचारीहरूबाट अभाव र दबाबरहित रूपमा उच्च मनोबलका साथ सेवा प्रवाह हुने अवस्था सिर्जना भएमा सेवाको गुणस्तरीयता कायम हुन सक्दछ। सेवाग्राहीले कानूनले नमिल्ने काम गर्नका लागि दबाब नदिने, भ्रष्ट प्रवृत्तिलाई सर्वसाधारणका बीचमा उद्धघाटित गरी शून्य सहनशिलता प्रदर्शन गर्न तथा भ्रष्टाचारीलाई सामाजिक रूपमा वहिष्कार गर्ने एवम् अनुचित फाइदा वा अतिरिक्त लाभ लिने प्रवृत्तिलाई उजागर गर्नुपर्ने हुन्छ। न्यायिक प्रक्रिया तथा अदालतबाट सम्पादन हुने काम कारबाहीको यथार्थपरक छिटोछरितो र स्वचालीत रूपमा सूचना प्रवाह गरेमा विकृति विसङ्गतिको अन्त्य भई जनआस्थायुक्त न्यायपालिका विकास हुन सक्दछ। साथै अदालतमा हुन सक्ने विकृति विसङ्गति अन्त्य गर्न न्यायिक नेतृत्व, कार्यरत जनशक्ति, कानून व्यवसायी, मुद्दाका पक्ष, सेवाग्राही, पत्रकार र सम्बद्ध सरोकारवाला सबै उत्तिकै जिम्मेवार हुन आवश्यक रहन्छ।

### ४.१.११ अनियमितता र भ्रष्टाचार

सार्वजनिक ओहदा वा पदमा वहाल रहेका पदाधिकारीहरूले जानी जानी मनसायपूर्वक दृश्य वा अदृश्य स्वार्थ पुर्तिका लागि आफूलाई प्राप्त अधिकारको दूरूपयोग गरी फाइदा लिनु नै भ्रष्टाचार हो। भ्रष्टाचार एउटा सामाजिक अपराध हो। यसले कुनै एक व्यक्ति विशेष वा वर्गलाई मात्र असर नगरी समग्र समाजमा नकारात्मक प्रभाव पारेको हुन्छ। भ्रष्टाचार विशेष गरी व्यक्तिको आचरणगत नियमसँग सम्बन्धित विषय हो। यसले कानूनी शासनको अवधारणा र सुशासनको मान्यताप्रति नकारात्मक प्रभाव पारी समग्र सामाजिक मूल्य मान्यताहरू माथि नै प्रहार गर्दछ। कानूनी राज्यको मूल्य र मान्यतालाई संस्थागत गर्न राज्य संयन्त्रका सबै क्षेत्रमा सहभागिता, पारदर्शिता, जवाफदेहिता र भ्रष्टाचारप्रति शून्य सहनशीलताको अवस्था सिर्जना हुनुपर्दछ। भ्रष्टाचारको असर एवम् प्रभावलाई न्यून गर्न विश्वका प्राय सबै राष्ट्रहरूले यसका विरूद्ध संवैधानिक, कानूनी एवम् संस्थागत व्यवस्था गरेको

पाइन्छ। भ्रष्टाचार विरूद्धको अन्तर्राष्ट्रिय कानूनी दस्तावेजको आवश्यकतालाई सम्बोधन गर्न संयुक्त राष्ट्र संघको महासभाले तयार गरेको महासन्धि १४ डिसेम्वर २००५ देखि लागू भएको थियो।

नेपालमा भ्रष्टाचारको रोकथामका लागि संवैधानिक एवम् कानूनी व्यवस्था गरिएको छ। भ्रष्टाचार नियन्त्रणका लागि कानूनहरूको तर्जुमा भई कार्यान्वयनमा ल्याइएका छन्। १० डिसेम्बर २००३ मा हस्ताक्षर र २३ फेब्रुअरी सन २०११ मा अनुमोदन गरी भ्रष्टाचार विरूद्धको अन्तर्राष्ट्रिय महासन्धिको नेपालले अनुमोदन गरी सो अनुरूप कानूनी व्यवस्थाहरूमा संशोधन र परिमार्जन गरिसकेको छ। भ्रष्टाचारजन्य कसूरको अनुसन्धान र अभियोजनका लागि अधिकार सम्पन्न संवैधानिक निकायको रूपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग र न्याय निरूपणका लागि विशेष अदालतको गठन र यस्ता मुद्दामा बहस पैरवीका लागि विशेष सरकारी वकील कार्यालयको समेत स्थापना गरिएको छ।

नेपालमा भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरोकार राख्ने अन्य विभिन्न कानूनी व्यवस्था र विभिन्न संरचनाहरूसमेत रहेका छन्। त्यस्ता कानूनी व्यवस्थाहरूमा संगठित अपराध (निवारण) ऐन, २०७०, कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत) ऐन, २०७०, महाअभियोग (कार्यविधि नियमित गर्ने) ऐन २०६४, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, राजश्व चुवाहट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२, सार्वजनिक खरिद ऐन, २०६३, बैंक तथा वीत्तीय संस्था सम्बन्धी ऐन, २०६३ र उल्लिखित ऐनसँग सम्बन्धित नियमावलीहरू रहेका छन्। संस्थागत व्यवस्थामा राष्ट्रिय सतर्कता केन्द्र, राजश्व अनुसन्धान विभाग, न्याय परिषद, नेपाल कानून व्यवसायी परिषद्, महालेखा परीक्षकको विभाग र सार्वजनिक लेखा समिति जस्ता निकायहरू रहेका छन्। भ्रष्टाचार निवारण कार्यलाई संयुक्त राष्ट्र संघले समेत उच्च प्राथमिकता दिएको पाइन्छ। समाजलाई भ्रष्टाचारमुक्त बनाई सुशासनमा जोड दिँदै न्यायपूर्ण समाजको विकास गर्नका लागि यस्तो कसूरको अनुसन्धान, अभियोजन र न्याय निरूपण सबै पक्षमा उत्तिकै प्रभावकारी हुन आवश्यक रहन्छ।

नेपालको न्यायपालिकाले आस्था, विश्वास र भरोसा आर्जन गर्नुको सट्टा न्याय सम्पादनमा ढिलाइ, खर्चिलो न्याय र न्यायिक प्रक्रियामा अनिश्चितता तथा कतिपय सन्दर्भमा अनियमितता र भ्रष्टाचार जस्ता कुराहरूको आलोचना सहनु परेको छ। अनियमितता तथा भ्रष्टाचार सम्बन्धमा प्रश्न उठेका न्यायाधीश तथा कर्मचारीहरूको हकमा आवश्यकतानुसार छानबिन र कारबाहीसमेत गर्ने गरिएको छ। न्यायिक सुशासन कायम गर्ने सम्बन्धमा न्याय परिषद् तथा सर्वोच्च अदालतले सूक्ष्म निगरानीलगायतका उपायहरू अबलम्बन गरेको छ। तथापि अनियमितता र भ्रष्टाचारका सम्बन्धमा विभिन्न धारणा व्यक्त हुने गरेका छन्। साथै न्यायपालिकाको सम्बन्धमा सञ्चार माध्यमलगायतमा आउने आधारहीन आलोचनाहरूलाई समेत गम्भीर रूपमा लिने गरिँदैन।

न्यायपालिकामा भ्रष्टाचारको वृद्धि भइरहेको छ भन्ने कुरालाई ओझेलमा नपारियोस्। त्यसो गरिए यसको परिणाम भयावह पनि हुन सक्छ भन्ने कुरालाई सबैले चनाखो हुनुपर्ने अवस्था देखिएको छ। मानव अधिकार, संवैधानिक व्याख्याको विषय, लैङ्गिक समानता र बालबालिका, महिला, अपाङ्गहरूको हकहितका साथै सार्वजनिक सरोकारका विविध विषयहरूमा सर्वोच्च अदालतले गरेका फैसलाहरू धेरै अर्थमा स्तुत्य भए पनि कतिपय मुद्दाहरूको फैसला न्याय र कानूनका मान्य सिद्धान्त अनुरूप नभएको भन्ने कुरा सुनिने गरेकोमा अहिले आएर यसको गति क्रमिक रूपमा बढ्न थालेको अनुभव सम्बद्ध मानिसहरूले गर्न लागेकाले यसमा सुधारका लागि सम्बन्धित पक्षहरूलाई न्यायाधीश र कर्मचारीलगायत सबैले बुझ्नुपर्दछ[५०]।

जबसम्म न्यायपालिकामा भ्रष्टाचार र अनियमितता भएको भन्ने सूचना प्राप्त भएको वा आफैले गरेको अध्ययन वा अनुसन्धानबाट देखिएको अवस्थामा न्याय क्षेत्रभित्रका एवम् बाहिरका संस्थाहरूको सहयोगमा तुरुन्त कारबाही गर्ने संयन्त्रको विकास गरिँदैन तबसम्म न्यायपालिकाप्रतिको आम नागरिकको धारणामा परिवर्तन आउन सक्ने देखिंदैन। वास्तवमा भ्रष्टाचार र अनियमितताको विषय अन्य विभिन्न पक्षहरूसँग गाँसिएका छन्। न्यायपालिकामा हुन सक्ने भ्रष्टाचार र अनियमितताको विषय विलम्बकारी अदालती कार्यविधि, कानूनी जटिलता, न्यायाधीशहरूको नियुक्ति प्रक्रिया, न्यायपालिकाको जनशक्तिको भर्ना र वृत्तिविकासको अवस्था, न्यायाधीश तथा अन्य कर्मचारीहरूको पारिश्रमिक र सुविधा, मुद्दा व्यवस्थापन र सेवा प्रवाहको स्तर, कानून व्यवसाय र आचार संहिताको पालना, न्यायपालिकाको स्वतन्त्रता र स्वायत्तता, आवश्यक साधन र स्रोत एवम् पूर्वाधारहरूको उपलब्धता, सूचना प्रविधिको प्रयोग तथा न्यायक्षेत्र र अन्य संस्थाहरूको सहयोग र समन्वयलगायतका विविध कुरासँग सम्बन्धित रहेको पाइन्छ।

भ्रष्टाचार र अनियमितता भन्ने कुरा कुनै काम गर्नु वा नगर्नु एवम् त्यस्तो परिस्थितिमा न्यायपालिकाले कारबाही गर्न नसक्नुका परिणाम हुन्। केही समस्याहरू आन्तरिक तवरबाटै सिर्जना भएको देखिन्छ कतिपय समस्याहरू अन्य विभिन्न सरोकारवाला पक्षहरूबाट सिर्जना भएको देखिन्छ। न्यायिक प्रक्रियामा प्रहरी, अभियोक्ता, कानून व्यवसायी, मुद्दाका पक्ष तथा अन्य विभिन्न सरोकारवालाको भूमिका रहेको हुन्छ। सम्बद्ध सबै पक्षको पारदर्शी व्यवहार, सक्रिय एवम् रचनात्मक सहयोग विना न्यायपालिकाले एक्लै आफ्नो कार्य प्रभावकारी तवरबाट सम्पादन गर्न सक्दैन। यसका अतिरिक्त न्यायपालिका स्वयंले पनि आफ्नो काम कारबाहीलाई व्यवस्थित र नियमित तुल्याउन उचित पहल गर्नुपर्दछ।

न्यायाधीशहरूलाई अनुशासित तुल्याउन बनाइएका संवैधानिक र कानूनी संयन्त्रहरूलाई सबल बनाइनुपर्ने देखिन्छ। अनियमितता गरेको वा विचलनको अवस्थामा सम्बद्ध पदाधिकारीलाई

[५०] सर्वोच्च अदालत बार एसोसिएसनद्वारा गठित न्यायपालिकाप्रति जनआस्था अभिवृद्धि, अध्ययन समितिको प्रतिवेदन, २०६४, पृष्ठ १३-१४

अनावश्यक र अनुचित तवरले संरक्षण गरिनु हुँदैन। यी सवै पक्षहरूमा न्याय परिषद्ले प्रभावकारी र पारदर्शी ढङ्गमा काम गर्नुपर्छ। न्यायपालिकाले सुधार र प्रगतिका लागि सक्रियता अपनाउँदै विद्यमान समस्याहरूका बारेमा सम्बद्ध पक्षहरूलाई जानकारी गराउनुपर्छ। आवश्यक स्रोत, साधन र सहयोगका लागि प्रयत्न गर्नुपर्छ र आफ्नो काम कारबाहीमा पारदर्शिता एवम् जवाफदेहितामा वृद्धि गर्नुपर्छ। प्रस्तुत सन्दर्भमा न्यायपालिकाले आफ्नो गल्तीहरूको मूल्याङ्कन गर्ने, आफूउपर लागेको आरोपको छानबिन गर्ने, कुनै गुनासोहरू भए तिनको निकास दिने र गल्ती एवम् अनियमितताहरू सच्याउने तथा कुनै बदमासीहरू भएको भए तिनलाई कारबाही गर्ने प्रणालीको विकास गर्नुपर्छ। आरोपहरूको छानबिन गर्ने आन्तरिक पद्धति र आत्ममूल्याङ्कन गर्ने प्रणालीले गुनासोहरूको निकास दिने र अनियमितता एवम् गल्तीहरू सच्याउने अवसर प्रदान गर्दछ र साथै गल्ती गर्नेहरूका विरूद्धमा तत्कालै कारबाही गर्ने प्रक्रियाले न्यायपालिकाको सार्वजनिक प्रतिष्ठा वृद्धि गर्न पनि मद्दत पुऱ्याउँछ।

### ४.१.१२ बिचौलिया र विचलनजन्य कार्यहरू

न्याय सम्पादनका क्रममा हुनसक्ने भ्रष्टाचारजन्य कार्यलाई मध्यस्थकर्ताको भूमिका निर्वाह गर्ने व्यक्तिलाई बिचौलियाको रूपमा लिने गरिन्छ। न्याय सम्पादनको क्रममा न्यायाधीश र मुद्दाका पक्षहरूबीच सम्पर्क सूत्रको रूपमा काम गर्ने भएकाले बिचौलिया भन्ने गरिएको देखिन्छ।[५१] सार्वजनिक निकायमा हुने भ्रष्टाचारजन्य क्रियाकलापमा यस्ता बिचौलियाको संलग्नता रहेको पाइन्छ। सर्वोच्च अदालत बार एसोसिएसनले २०६४ सालमा गरेको एक अध्ययन प्रतिवेदनले "बीचमा बसेर चलखेल गर्ने व्यक्ति भनी" बिचौलिया शब्दको पहिलो पटक प्रयोग गरेको देखिन्छ।[५२] उक्त प्रतिवेदनमा प्रयोग गरिएको बिचौलिया शब्द हाल न्यायपालिकाको अतिरिक्त अन्य विभिन्न विषय र सन्दर्भमा समेत प्रयोग गर्ने गरेको पाइन्छ।

सर्वोच्च अदालत बार एसोसिएसनको अध्ययन प्रतिवेदनले न्यायपालिकामा हुन सक्ने भ्रष्टाचारजन्य कार्यको सम्बन्धमा सेवा प्रदायक र सेवाग्राहीका बीचमा बसेर चलखेल गर्ने व्यक्तिलाई बिचौलियाको रूपमा प्रयोग गरेको देखिन्छ। साथै उक्त अध्ययन प्रतिवेदनले मुद्दा मामिलाको सम्बन्धमा बीचौलियाको भूमिका निर्वाह गर्ने भनी विभिन्न प्रकृतिका व्यक्ति तथा संस्थाहरू पहिचान गरेको देखिन्छ। तर त्यस्ता बिचौलियाहरूले प्रयोग गरेको शक्तिकेन्द्रको विश्लेषण गरी बिचौलियाको भूमिका अर्थात् न्यायिक भ्रष्टाचार,  अनियमितता र सदाचार उल्लङ्घनमा पारेको प्रभाव विश्लेषण गरेको देखिंदैन। आर्थिक, सामाजिक वा अन्य कुनै शक्तिको प्रयोग गरी सोही आधारमा सदाचार विघ्नकर्ताले सार्वजनिक पदाधिकारीबाट अनुचित वा अनियमित काम गराउन सक्ने हुँदा व्यक्ति विशेष भन्दा पनि परिचालन हुन सक्ने शक्तिको आधारमा सदाचार बिघ्नकर्ताको भूमिका विश्लेषण गर्नुपर्ने देखिन्छ।

---

[५१] न्यायपालिकामा जनआस्था अभिवृद्धि समिति २०६४ सर्वोच्च अदालत वार एसोसिएसन पृष्ठ १५०

[५२] पूर्वपाद पृष्ठ १३४

मुद्दा मामिलामा पक्षहरूले खोजे अनुकूलको निर्णय गराउन भनी रकम लिने र सम्बन्धित पक्षसमक्ष पुऱ्याउने काम बिचौलियाले गर्दछन्। बिचौलियाको भूमिका ब्यापक रूपमा देखापरेको छ। उच्च सदाचारयुक्त न्यायाधीशको हकमा बिचौलियाको भूमिकाले कुनै असर पार्न सक्दैन। तथापि यदाकदा बिचौलियाको भूमिकाले उच्च सदाचारयुक्त न्यायाधीशलाई समेत विवादित बनाउन सक्ने देखिन्छ। खराबका लागि बिचौलिया सहयोगी हुन सक्ने देखिन्छ। सदाचार व्यक्तिको आस्था, विश्वास र मूल्य मान्यतामा निर्भर हुने विषय भएको हुँदा नियुक्तिको क्रममा उच्च सदाचार भएका इमानदार र नैतिकवान् व्यक्तिलाई नियुक्ति गर्न सकेमा र खराब पक्षलाई पद्धति, प्रणाली र मापदण्डबाट नियन्त्रण गर्न सकेमा बिचौलियाको भूमिका स्वतः कमजोर हुन सक्ने देखिन्छ।

कतिपय बिचौलियाहरू न्यायाधीशका नाममा रकम उठाएर मुद्दा जिते जिताई दिएँ भन्ने र हारे खर्च कटाई फिर्ता गर्ने मुद्दा खेलाडीहरूका रूपमा पनि चलखेल गर्दछन्।[५३] प्रत्येक मुद्दाका पक्ष मुद्दा जित्न चाहन्छन्। यसका लागि अतिरिक्त खर्च नगरी मुद्दा जितिदैन भन्ने सन्दर्भ समाजमा प्रवाहित भएको छ। यो नकारात्मक प्रचारमा अंकुश लगाउन आवश्यक छ। यसका लागि न्यायाधीश, न्यायकर्मी र कानून व्यवसायीहरूको साझा प्रयत्न अपरिहार्य छ। मुद्दामा बिचौलियापन रकम लगानी गर्न नपर्ने र अत्यन्त कम जोखिम भएको व्यवसायको रूपमा हुर्कंदो र बढ्दो अवस्थामा रहेको छ। त्यसैले बेलैमा सचेतना अपनाइएन भने कानून व्यवसायको समान्तर रूपमा न्यायपालिकामा बिचौलियाको व्यवसायले स्थायित्व पाउनसक्ने खतरा बढेर गएको भन्ने निष्कर्ष पूर्व अध्ययन प्रतिवेदनहरूले निकालेको पाइन्छ।[५४]

विचलनजन्य कार्य व्यक्तिको सदाचार प्रतिकूलको व्यवहार मानिन्छ। सदाचार व्यक्तिको व्यक्तिगत आचार र उच्चस्तरको मूल्य मान्यताको एकीकरण हो। सामान्यतया उच्चस्तरको सदाचार भएको व्यक्तिको मान्यता र व्यवहारलाई बिचौलियाले खण्डित गर्न सक्दैनन्। तथापि नैतिकता, इमान्दारिता र सदाचारको स्तर कमजोर भएका व्यक्तिहरूलाई बिचौलियाले प्रभावित पार्न सक्ने र विचलनजन्य कार्य हुने सम्भावना सिर्जना हुने गर्दछ। व्यक्तिगत सदाचार आस, त्रास र अभावका कारणले खण्डित हुन सक्दछ। दबाब र प्रभावलाई सिर्जना गर्न सक्ने शक्तिकेन्द्रले सदाचार कमजोर भएका व्यक्तिहरूलाई प्रभाव पार्न सक्दछन्।

व्यक्तिगत तथा संस्थागत स्वच्छता, इमान्दारिता र सदाचार प्रतिकूलको कार्य गरी भेदभाव, पक्षपात वा भ्रष्टाचारजन्य क्रियाकलापलाई विचलनजन्य कार्यको दर्जामा राख्ने गरेको पाइन्छ। संगठनको आन्तरिक जीवन पद्धतिमा कुनै मापदण्ड नबनाई मनपरी रूपमा काम गर्ने वा कसैलाई अस्वाभाविक फाइदा र कसैलाई अनावश्यक घाटा पुऱ्याउने लगायतका अनैतिक र भ्रष्टाचारजन्य क्रियाकलापलाई विचलनजन्य कार्यको रूपमा लिने गरिन्छ। पद्धति, प्रणाली, मापदण्ड र मूल्य मान्यता विपरितको

---

[५३] न्यायपालिकामा जनआस्था अभिवृद्धि अध्ययन समितिको प्रतिवेदन, २०६४, सर्वोच्च अदालत वार एसोसिएसन पृष्ठ, १४१

[५४] पूर्वपाद पृष्ठ १४२

अस्वाभाविक र अनियमित काम कारबाहीलाई विचलनजन्य कार्य भन्ने गरिन्छ। संस्थागत मूल्य मान्यता तथा पद्धति र प्रणालीको विपरित कुनै स्वार्थ समूहको हितका लागि विचलनजन्य क्रियाकलाप गर्ने गरिन्छ। यसबाट संगठनमा गुटबन्दी तथा संरक्षणबाद फस्टाउने र भ्रष्टाचारजन्य गतिविधिले प्रश्रय पाउने अवस्था सिर्जना हुन्छ।

पद्धति विहीन र तदर्थवादी सोचाइ अनुरूप नियुक्ति, सरुवा, बढूवा पदस्थापन तथा बेइमानिको ढाँकछोप, संरक्षणबाद, निष्क्रिय खालको अनुगमन तथा सुपरिवेक्षण, पारदर्शिता र सहभागिताको अभावले विचलनजन्य कार्यलाई प्रश्रय दिने गर्दछ। विचलनजन्य कार्यबाट व्यक्तिगत नैतिक मूल्य मान्यतामा ह्रास आउने र गलत कार्यसंस्कृति मौलाउने अवसर प्राप्त गर्दछ। साथै संगठनको आन्तरिक कार्य संस्कृति नै विकृतजन्य बनाउन सहयोग पु¥याउदछ। यस प्रवृत्तिले संस्थागत हित भन्दा पनि व्यक्तिगत हितमा जोड दिन्छ। साथै आफ्नो र आफ्नो समूहको निहित स्वार्थका लागि संस्थागत मूल्य मान्यता, पद्धति प्रणाली, तथा निर्धारित कार्यविधि र मापदण्डहरूको उल्लङ्घन गरी संस्थागत स्वच्छतामाथि गम्भीर प्रभाव पार्दछ।

जिम्मेवारीप्रति उत्तरदायित्वको अभाव तथा ढिलासुस्ती पनि न्यायपालिकाप्रति अनास्था वृद्धि गर्ने तत्त्वको रूपमा लिने गरिन्छ। भ्रष्टाचारमा संलग्नताको प्रश्न वैयक्तिक इमान्दारितासँग गरिएको छ। एउटै कर्मचारी लामो समय सम्म एकै फाँटमा राख्ने।भ्रष्ट कर्मचारीका विरूद्ध उजूरी पर्दा पनि कारबाही नहुने अवस्थालाई विकृतिजन्य कार्यको रूपमा लिने गरिन्छ। विग्रन नचाहने न्यायाधीशलाई जस्तो सुकै बिचौलियाले पनि बिगार्न सक्दैन। तसर्थ न्यायाधीशको योग्यता र इमान्दारितामा बिचौलियापनको भविष्य निर्भर रहन्छ।[५५] न्यायपालिकाको आस्था र विश्वास अभिवृद्धिका लागि बिचौलियाको भूमिका वा चलखेललाई अन्त्य गर्नुपर्दछ। बिचौलिया नियन्त्रण वा व्यवस्थापनमा न्यायपालिकाका सम्बद्ध पक्ष अदालत, न्याय परिषद्, न्याय सेवा आयोग, सरकारी वकील, प्रहरी, बार तथा कानून व्यवसायी सबैको साझा प्रयास हुन आवश्यक छ।

## ४.२ आन्तरिक वातावरणको विश्लेषण

लोकतन्त्र, कानूनको शासन र सुशासन कायम गर्नका लागि सार्वजनिक निकाय वा त्यस्ता निकायमा रहने पदाधिकारीहरूले प्रचलित संविधान कानून तथा स्थापित मूल्य मान्यताको दायराभित्र रही आ-आफ्नो जिम्मेवारी निर्वाह गर्नुपर्ने हुन्छ। यसका लागि कुनै पनि संगठनको कार्यदिश र जिम्मेवारीभित्र रही निर्धारित विधि, प्रक्रिया तथा कार्यविधिको पालना गरी तोकिएको लक्ष्यबमोजिमको प्रगति निर्धारित समयभित्र सम्पादन गर्नुपर्दछ। यसका लागि संस्थागत स्वच्छता तथा कार्यरत जनशक्तिको व्यक्तिगत इमान्दारिता र सदाचारको अतिरिक्त आन्तरिक तथा वाह्य कार्य वातावरणको पनि उत्तिकै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। संगठनको सक्षमता र कार्य संस्कृतिसँग सम्बन्धित विभिन्न पक्षहरूले कुनै पनि

---

[५५] पूर्वपाद ३२, पृष्ठ १५३

संगठनको आन्तरिक कार्य वातावरण निर्धारण गरेको हुन्छ। संगठनले निर्धारित लक्ष्य पूरा गरी आमनागरिकको विश्वास र भरोसा कायम राख्न संगठनको सक्षमता, विधि, प्रक्रिया, पद्धति, प्रणाली र कार्यसंस्कृतिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। यसका अतिरिक्त आवश्यक स्रोत साधन तथा जनशक्ति र आन्तरिक तथा वाह्य कार्य वातावरण पनि उत्तिकै महत्त्वपूर्ण मानिन्छ। सदाचारको अवस्था अध्ययन गर्ने सन्दर्भमा न्यायपालिकाको आन्तरिक वातावरणको देहायबमोजिम विश्लेषण गरिएको छ।

### ४.२.१ न्याय प्रशासन र न्याय सम्पादन

नेपालको न्यायसम्बन्धी अधिकार संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग हुने संवैधानिक व्यवस्था रहेको छ।[५६] न्याय सम्पादनको कार्य गर्नका लागि सर्वोच्च, उच्च र जिल्ला गरी तीन तहको नियमित अदालतको व्यवस्था गरेको छ।[५७] न्यायिक स्वतन्त्रताको विविध पक्षहरूमध्ये बजेट तथा स्रोत साधनको प्राप्ति र परिचालनमा स्वायत्ततालाई एक महत्त्वपूर्ण पक्ष[५८] मानिन्छ। सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने राज्यको नीति रहेको छ।[५९] न्याय परिषद्ले न्यायाधीशको काम कारबाही तथा आचरणको नियमित अनुगमन गर्न वा निगरानी राख्न सक्ने व्यवस्था रहेको छ।[६०] न्याय प्रशासनलाई प्रभावकारी बनाउन प्रधान न्यायाधीश र उच्च अदालतको मुख्य न्यायाधीशले मातहतका अदालत, न्यायिक निकाय वा अधिकारीलाई निर्देशन दिन सक्ने व्यवस्था रहेको छ।[६१] स्वतन्त्र न्यायपालिकाको मान्यता प्रतिकूल नहुने गरी विभिन्न तहका अदालतमा कार्यरत न्यायाधीशहरूबाट हुन सक्ने अनियमितता सम्बन्धमा जाँचबुझलगायतका आवश्यक प्रक्रिया अगाडि बढाउन विभिन्न संरचनाहरूको व्यवस्था गरिएको छ भने अदालतमा कार्यरत कर्मचारीहरूबाट कुनै अनियमिततासम्बन्धी काम कारबाही भएमा जाँचबुझ गरी राय प्रतिवेदन लिई सम्बन्धित निकायमा पठाउने व्यवस्था रहेको छ।[६२]

न्यायपालिकाले व्यवस्थापिकाद्वारा बनाएका कानून र कार्यपालिकाबाट भएको कानून कार्यान्वयनको वैधता परीक्षण गरी राज्यका अङ्गहरूबीचको अन्तरसम्बन्धलाई सन्तुलन कायम गर्दछ। राज्यका अन्य अङ्गको काम कारबाहीमा आएको निष्क्रियता र जनताप्रति जवाफदेहितामा कमी आएको अवस्थामा

---

[५६] नेपालको संविधानको धारा १२६ नेपाल कानून किताव व्यवस्था समिति बवरमहल, काठमाडौं

[५७] ऐ.ऐ. धारा १२७

[५८] Basic Principles on the Independence of the Judiciary, Article 7. It is the duty of each Member State to provide adequate resources to enable the judiciary to properly perform its functions.

[५९] नेपालको संविधानको धारा ५१(ख), नेपाल कानून किताव व्यवस्था समिति, बवरमहल, काटमाडौं

[६०] दफा १६ न्याय परिषद् ऐन, २०७३ नेपाल कानून किताव व्यवस्था समिति बवरमहल काटमाडौं

[६१] ऐ.ऐ. दफा ३५

[६२] ऐ.ऐ. दफा २४

सार्वजनिक सरोकारको विषयमार्फत नियन्त्रणकारी भूमिका निर्वाह गर्न सक्ने अधिकार सर्वोच्च अदालतलाई रहेको देखिन्छ। सरकारका तीन अङ्गहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाले आफ्ना अधिकार पृथक पृथक र स्वतन्त्र रूपमा प्रयोग गर्दा ती अङ्गमध्ये कुनै अङ्गमा बढ्न जाने निरङ्कुशता, स्वेच्छाचारिता र प्रभावहिनतालाई नियन्त्रण गर्न शक्ति सन्तुलनको सिद्धान्त विकास भएको हो। सर्वोच्च अदालतले यसै अधिकारको प्रयोग गरी राज्यका प्रमुख अङ्गहरूबीचको नियन्त्रण र सन्तुलन कायम राख्दछ।

राज्यका प्राथमिक कार्यहरूमध्ये न्याय प्रशासन पनि एक हो। नेपालको संविधानले न्याय प्रशासनको जिम्मेवारी न्यायपालिकामा सुम्पेको छ। संविधानले न्याय प्रणालीलाई सक्षम, स्वतन्त्र र निष्पक्ष तथा जनताका अधिकारहरू रक्षा गरी कानूनी राजलाई जीवन्त दिन सक्ने भूमिका सहितको अधिकार प्रदान गरेको छ। यस प्रकारको जिम्मेवारी निर्वाह गर्नको लागि संविधानले न्यायपालिकालाई संस्थागत एवम् कार्यगत स्वतन्त्रताको प्रत्याभूति गरेको छ। स्रोत साधनको प्राप्ति र परिचालनमा न्यायपालिकालाई पूर्ण स्वायत्तता प्राप्त छैन। तथापि नेपालको न्यायपालिकाले पद्धतिको सुधार र सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग सम्बन्धमा उल्लेख्य कार्यहरू गरेको छ। सरोकारवालाको सहयोग समन्वय र सहभागिताका सम्बन्धमा सर्वोच्च अदालतले महत्त्वपूर्ण संयन्त्रहरूको स्थापना गरेको छ। न्यायपालिकाका प्रयासहरूको बाबजुद पनि न्यायिक सुशासन र सदाचार तथा न्यायपालिकाको आस्था र विश्वासका सम्बन्धमा विभिन्न क्षेत्रबाट चासो व्यक्त भएको देखिन्छ। न्यायपालिकाले प्रवाह गरेको सेवाको गुणस्तरियता र स्तर जनताले अपेक्षा गरे अनुरूप हुन नसकेको भनी धारणा व्यक्त हुने गरेको पाइन्छ।

न्यायिक नियुक्तिमा पारदर्शिताको कमी, यथा समयमै रिक्त स्थानमा पदपूर्ति हुन नसक्नु, जवाफदेहिताको अभाव, न्यायाधीशहरूको नियुक्ति र वर्खास्ती, सदाचार र उच्च मनोबल कायम, पूर्व अनुमानयोग्य मुद्दा प्रवाह व्यवस्थापन, सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग, सेवाग्राही मैत्री व्यवहार, कार्यसंस्कृतिमा सुधार, सरोकारवालाहरूबीचको सक्रीय र सार्थक सहयोग एवम् समन्वय लगायत पक्षहरूमा रहेका कमी कमजोरीका कारण न्यायपालिकाप्रतिको जनआस्थामा प्रभाव पारेको महसुस गरिएको छ। त्यसैले न्यायाधीशहरूको नियुक्ति सम्वन्धमा लिइएका आधार वा लिनुपर्ने आधारका सम्वन्धमा सरोकारवाला एवम् इच्छुक व्यक्तिहरूले आफ्नो कुरा राख्न पाउनुपर्ने गरी व्यवस्था मिलाइनुपर्ने देखिएको छ।

- **न्याय सम्पादनको अवस्था**

न्यायपालिकाको मुख्य जिम्मेवारी स्वच्छ, सक्षम, निष्पक्ष र सहजपँहुचयुक्त न्याय सम्पादन गर्नुलाई मानिन्छ। प्रचलित संविधान कानून र न्यायका मान्य सिद्धान्तका आधारमा छिटो छरितो प्रभावकारी र सबैको पहुँचयुक्त न्याय सम्पादन हुन नसकेमा न्यायपालिकाप्रतिको आस्था र विश्वास कमजोर हुन जान्छ। न्याय सम्पादनको कार्यलाई प्रभाकारी बनाउने उद्देश्यले न्यायिक सुधारका लागि विभिन्न

सुधारका कार्यक्रम सञ्चालन हुँदै आएको पाइन्छ। सुधार कार्यक्रमलाई संस्थागत गर्ने क्रममा नेपालको न्यायपालिकाले विक्रम संवत् २०६१ सालमा दक्षिण एशियामै पहिलो पटक रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको थियो। हाल न्यायपालिकाको चौथो रणनीतिक योजना कार्यान्वयनको क्रममा रहेको छ। न्याय सम्पादनको कार्यलाई छिटो छरितो प्रभावकारी र गुणस्तरीय बनाउने मूल लक्ष्यका साथ सुधार प्रक्रिया अगाडि बढाइएको अवस्था छ।

न्याय सम्पादन कार्यलाई सङ्ख्यात्मक तथा अवधिगत लक्ष्यहरू निर्धारण गरी छिटो छरितो र प्रभावकारी न्याय सम्पादनको प्रयास गरिएको छ। जिल्ला तथा उच्च अदालतहरूको न्याय सम्पादन योजनाको लक्ष्य अनुरूप देखिए पनि सर्वोच्च अदालतको मुद्दा फछ्र्यौट कार्यमा योजनाको उल्लेख्य प्रभाव पर्न सकेको देखिंदैन। विगत १० वर्षको विभिन्न तहका अदालतहरूको न्याय सम्पादनको अवस्थालाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**सबै अदालत तथा अन्य न्यायाधीकरणहरूको १० वर्षको तुलनात्मक कार्यबोझ र कार्यसम्पादनको स्थिति**[६३]

| आर्थिक वर्ष | जिम्मेवारी | नयाँ दर्ता | जम्मा | फछ्र्यौट | बाँकी |
|---|---|---|---|---|---|
| २०६७/०६८ | ५५३६३ | ७६५६४ | १३१९२७ | ७२४९३ | ५९४३४ |
| २०६८/०६९ | ५९६२१ | ९३९३२ | १५३५५३ | ८७७२८ | ६५८२५ |
| २०६९/०७० | ६५८२५ | १००३३१ | १६६१७६ | ८६९१९ | ७९२५७ |
| २०७०/०७१ | ७९२५७ | १००७६९ | १८००२६ | १०३८७८ | ७६१४८ |
| २०७१/०७२ | ७६१४८ | १२५६९६ | २०१८४४ | १२३९४८ | ७७८९६ |
| २०७२/०७३ | ७९४०३ | १२७९५८ | २०७३६१ | ११८२५१ | ८९११० |
| २०७३/०७४ | ८८८५० | १६५६७९ | २५४५२९ | १५७४९५ | ९७०३४ |
| २०७४/०७५ | ९५८३१ | १८०३१६ | २७६१४७ | १८१६११ | ९४५३६ |
| २०७५/०७६ | ९४५४२ | २६३२७९ | ३५७८२१ | २५२१३९ | १०५६८२ |
| २०७६/०७७ | १०६११५ | २०२२५८ | ३०८३७३ | १८५४६५ | १२२९०८ |

सबै अदालत तथा अन्य न्यायाधीकरणहरूमा १० आर्थिक वर्षको कार्यबोझ र कार्यसम्पादनस्तरको तुलनात्मक अवस्था हेर्दा आर्थिक वर्ष २०६७/ ०६८ मा जिम्मेवारी सरेको मुद्दा सङ्ख्या ५५३६३

[६३] सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन, २०७६/०७७ सर्वोच्च अदालत, पृष्ठ १५

रहेकोमा ७६५६४ नयाँ मुद्दा दर्ता भई जम्मा वार्षिक लगत १३१९२७ कायम भएकोमा ७२४९३ मुद्दा फछ्र्यौट भई आर्थिक वर्षको अन्त्यमा ५९४३४ मुद्दा बाँकी रहेको थियो। आर्थिक वर्ष २०७६/०७७ मा जिम्मेवारी सरेको १०६११५ र नयाँ दर्ता २०२२५८ गरी जम्मा लगत ३०८३७३ कायम भएकोमा १८५४६५ मुद्दा फछ्र्यौट भई १२२९०८ बाँकी रहेको देखिन्छ। १० आर्थिक वर्षको अन्तरालमा सबै अदालत र न्यायाधीकरणहरूको कार्यबोझको अनुपात हेर्दा १३४ प्रतिशतले वृद्धि भएको देखिन्छ।माथि तालिका प्रस्तुत गरिएको तथ्याङ्कहरूले अदालतहरूको कार्य चाप निरन्तर रूपमा वृद्धि भएको देखिन्छ। कार्य चापको अनुपातमा न्यायिक जनशक्ति व्यवस्थापन गर्न नसकेमा न्याय सम्पादनको कार्यमा थप ढिलाइ हुन सक्ने देखिन्छ। कार्य चापको वृद्धिको अनुपातमा साधन स्रोतहरूको व्यवस्थापन गर्न सकिएको छैन। योजनाले निर्धारण गरेको लक्ष्यबमोजिम २०७७ साल आषाढ मसान्तसम्म २ वर्ष नाघेका मुद्दा शून्य हुनुपर्नेमा तीनतहका अदालतमा गरेर १७०६६ थान मुद्दा २ वर्षको अवधि व्यतित भइसकेका देखिन्छन्। आर्थिक वर्षको अन्त्यसम्म सबै अदालतहरूमा रहेको जम्मा बाँकी मुद्दा सङ्ख्या ११९२४६ को करिब १४.३१ प्रतिशत मुद्दा २ वर्ष नाघेको देखिन्छ। सर्वोच्च अदालतमा हेर्दा आर्थिक वर्षको अन्त्यमा २०४४ थान ५ वर्ष नाघेका र १०६०३ थान दुई वर्ष नाघेको देखिन्छ। आर्थिक वर्षको अन्त्यमा २४१५४ मुद्दा बाँकी रहेको देखिन्छ। कोभिड-१९ को कारण देशभरका अदालतहरूको कामकारबाही प्रभावित हुन गई मुद्दाको लगत बढ्न गएको छ। सर्वोच्च अदालतमा आ.व.२०७७/२०७८ को अन्तिममा बाँकी रहेका मुद्दाहरूको संख्या २७,४३७ थान रहेको छ। ती मध्ये २ वर्ष नाघेका मुद्दाहरू १४,८९९ थान छन् भने ५ वर्ष नाघेका पुराना मुद्दाहरूको संख्या ३,६७३ थान बाँकी रहन गएको देखिन्छ।

न्यायपालिकाको आन्तरिक कार्यप्रणाली सुधारको लागि विगतदेखिको लामो प्रयासपश्चात् २०७७ साल साउन १ गतेदेखि जिल्ला अदालत र भाद्र १ गतेदेखि उच्च अदालतहरूमा फरक मुद्दा व्यवस्थापन (Differentiated Case Management -DCM) पद्धतिको लागू गरिएको छ। यो पद्धतिको प्रभावकारी रूपमा कार्यान्वयनमा सरोकारवाला सम्बद्ध पक्षको सहयोग र समन्वयनलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ। सेवाग्राही र सेवा प्रदायकका बीच भर्चुअल (Virtual) सम्बन्ध कायम गरी छिटो, छरितो, कम खर्चिलो, सहज पहुँचयोग्य तथा न्यायिक प्रक्रियालाई पूर्व अनुमानयोग्य बनाउन सूचना प्रविधिलाई व्यापक रूपमा विस्तार गर्नुपर्ने देखिन्छ।

न्यायको प्रमुख विषय भनेकै अदालतहरूद्वारा जारी गरिएका आदेश एवम् फैसलाहरूलाई लागू गर्नु गराउनु हो। जित्ने पक्षले फैसलाद्वारा प्रदान गरिएको अधिकार वा न्यायलाई वास्तविक व्यवहारमा उपभोग गर्न नपाएसम्म त्यस्तो फैसला केवल कागजी वा सौन्दर्यात्मक न्याय जस्तो मात्र हुन जान्छ। हाल अदालतहरूबाट भएका फैसलाहरू कार्यान्वयन हुन लगत कायम रहेको छ। आर्थिक वर्ष २०७६/०७७ को अन्त्यमा १४,४७,७२,९६,९०२। (चौध अरब अड्चालीस करोड बहत्तर लाख

छ्यानब्बे हजार नौ सय दुई रुपैया) जरिवाना असुल हुन बाँकी रहेको देखिन्छ। त्यसैगरी १,०६,२०४ (एक लाख छ हजार दुईसय चार वर्ष) कैद असुल हुन बाँकी रहेको देखिन्छ।[६४]

न्याय सम्पादनका आयामहरूमा परिवर्तन आएको छ। नेपालको संविधान, मुलुकी देवानी तथा फौजदारी संहिताहरू लागू भएपछि पीडितमैत्री न्याय प्रणाली तथा क्षतिपूर्ति सहितको न्यायलाई उच्च महत्त्व दिइएको छ। त्यसैगरी संहिता लागू भएपछि अदालतहरूको कार्य क्षेत्रहरूमा विस्तार भएको छ। पुनर्स्थापकीय तथा सुधारात्मक दण्ड व्यवस्थाका सम्बन्धमा नवीन व्यवस्थाहरू गरिएको छ। संविधान तथा संहिता कानूनहरूले आत्मसात गरेको न्यायिक मूल्य मान्यता अनुरूपको आवश्यक पूर्वाधार तथा स्रोत साधनको व्यवस्थापन हुन सकेको छैन।

- **न्यायाधीशको आचार संहिता**

अन्तर्राष्ट्रिय स्तरमा विभिन्न क्षेत्रका न्यायाधीशहरूका बीच भएको छलफल र मस्यौदाउपरको अन्तरक्रियापछि न्यायाधीशको आचार संहिता (The Bangalore Principles of Judicial Conduct, 2002)[६५] जारी भएको छ। यसले न्यायिक आचरण र नैतिकता, पेसागत मर्यादा र खासगरी विचारहरूमा रहेका द्वन्द्वसम्बन्धी नियम, अनियमितता र आर्थिक पारदर्शीतासँग सम्बन्धित विषयहरूमा जोड दिएको छ। न्यायाधीशको पेसागत आचरण र आर्थिक पारदर्शिता विशेष ध्यान केन्द्रित सो विषयमा कानूनी अधिकार प्राप्त हुनुपर्ने जस्ता आचार व्यवहारहरू समेटिएको पाइन्छ।[६६] यस आचार संहिताले स्वतन्त्रता, निष्पक्षता, निष्ठा, सदाचार  समानता र सक्षमता र लगनशीलतालगायतका सिद्धान्तहरू आत्मसात गरेको छ। उक्त आचार संहिताको अनुकूल हुने गरी नेपालमा न्यायाधीशहरूको आचार संहिता जारी गरी लागू गरिएको छ। न्यायिक सदाचारका उच्चस्तरका मूल्य मान्यतालाई आत्मसात गरी न्यायाधीशहरूको सम्मेलनबाट पारित भई लागू भएकोमा उक्त आचार संहिता खारेज गरी न्याय परिषद् ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गर्दै न्याय परिषद्ले न्यायाधीशको आचार संहिता जारी गरेको छ। आचार संहिता न्यायाधीशहरूले आफैंले बनाई लागू गर्नुपर्नेमा न्याय परिषद्ले आचार संहिता जारी गर्नु उपयुक्त नभएको भन्ने प्रश्न उठ्ने गरेको पाइन्छ। साथै अदालतहरूमा कार्यरत कर्मचारीहरूलाई लागू हुने आचार संहिता लागू गरिएको छ। यसले न्यायिक सदाचार कायम गर्नमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। साथै न्याय परिषद् तथा सर्वोच्च अदालतबाट न्यायाधीश तथा कर्मचारीहरूको आचार संहिता कार्यान्वयनको अनुगमन गर्ने कार्य निरन्तर रूपमा गर्ने गरेको पाइन्छ।

---

[६४] सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७६/०७७ संक्षिप्त झलक पृष्ट छ

[६५] In July 2006, the United Nations Economic and Social Council (ECOSOC) adopted a resolution recognizing the Bangalore Principles as representing a further develop-ment of, and as being complementary to, the 1985 United Nations Basic Principles on the Independence of the Judiciary. ECOSOC invited States to encourage their judiciaries to take into consideration the Principles when reviewing or developing rules with respect to judicial conduct.

[६६] Adopted by the Judicial Group on Strengthening Judicial Integrity, as revised at the Roundtable Meeting of Chief Justices held at the Peace Palace, The Hague, the Netherlands, 11/25-26/2002 IFES Rule of Law White Paper Series.

आचार संहिताको गम्भीर रूपमा उल्लङ्घन भएमा संविधान तथा कानूनको दायराभित्र आउने व्यवस्था गरिएको छ। न्यायपालिका सुधारका सन्दर्भमा क्रियाशील अन्तर्राष्ट्रिय संस्थाहरूको सञ्जाल International Consortium for Court Excellence ले कानूनको दृष्टिमा समानता (Equality before the law), स्वच्छता (Fairness), निष्पक्षता (Impartiality), निर्णय प्रक्रियामा स्वतन्त्रता (Independence on decision making), सक्षमता (Competence), सदाचार (Integrity), पारदर्शिता (Transparency), सहजपहुँच (Accessibility), निर्धारित समयसीमा (Timeliness), र कामकारबाही र प्रक्रियामा निश्चितता (Certainty) लाई न्यायिक कामकारबाहीसँग सम्बद्ध मूल्यहरूको रूपमा परिभाषित गरेको पाइन्छ।[६७] न्यायपालिकाको उतकृष्टतासम्बन्धी अन्तर्राष्ट्रिय संस्थाहरूको सञ्जालले तयार गरेका न्यायिक मूल्य मान्यता तथा न्यायाधीश तथा कर्मचारीहरूका लागि तर्जुमा गरिएका आचार संहिताहरूले समावेश गरेका न्यायिक स्वतन्त्रता, निष्पक्षता र सक्षमता सम्बन्धमा व्यवस्था गरिएका मान्यताहरूलाई व्यवहारमा प्रयोग गर्न सकेमा न्यायकर्मीहरूको बीचमा उच्चस्तरको न्यायिक सदाचार कायम भई न्यायिक आस्था र विश्वाशमा अभिवृद्धि हुन सक्ने देखिन्छ।

### ४.२.२ कानून र कार्यविधि

नेपालमा २०७४ सालमा जारी भएका संहिताहरूले नवीन विधिशास्त्रीय मान्यता अनुरूपको कानूनी व्यवस्था अङ्गीकार गरेका छन्। लामो समयको प्रयासपछि स्वयम् अदालतको समेत सक्रियता र सहभागितामा बनेका संहिताहरूको कार्यान्वयनलाई सकारात्मक रूपमा लिइएको छ। नवीन एवम् समसामयिक कानूनी व्यवस्थासहित लागू भएका संहिताहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने अवस्था रहेको छ। केही सीमित विषयहरूबाहेक अन्य व्यवस्थाहरू सरल एवम् प्रयोगमा सहजता कायम भएको छ। संहिताले कार्यविधि कानूनलाई समेत छुट्टाछुट्टै व्यवस्था गरी सरलता र सहजता कायम भएको छ। तथापि देवानी र फौजदारी कार्यविधि संहितामा भएका असमाञ्जस्यपूर्ण व्यवस्थाहरूमा एकरूपता कायम भएमा व्यावहारिक रूपमा सहजता हुने देखिन्छ। संहिता कानूनमा भएका व्यवस्थाहरूको तुलनामा विषयगत कानूनहरूमा फरक र कडा व्यवस्था गर्ने गरिएबाट कानूनहरूको प्रयोगमा असहजता हुने अवस्था देखिएको छ। नवीन कानुनी व्यवस्थाहरूको सम्बन्धमा न्यायिक जनशक्तिको बीचमा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने साथै विशेष प्रकृतिका निवेदनहरूको अभिलेखलगायतका व्यवस्थापकीय व्यवस्थापन गर्नुपर्ने देखिएको छ।

संविधानले प्रत्यक्ष रूपमा सर्वोच्च अदालतलाई आफ्नो दैनिक कार्य सञ्चालनार्थ कानून बनाउन सक्ने अधिकार प्रदान गरेको छैन। नियम बनाउन पाउने अधिकार स्वतन्त्र न्यायपालिकासम्बन्धी सिद्धान्त अनुसार सर्वोच्च अदालतलाई प्राप्त भएको देखिन्छ। कानून बनाउने अधिकार स्वयंमा हुनु वा सोको अधिकार संवैधानिक रूपमा प्रत्याभूत हुनु र प्रत्यायोजित अधिकार अन्तर्गत संसदबाट प्राप्त गर्नुमा

---

[६७] Prescribed by International Consortium for Court Excellence

फरक हुन जान्छ। पछिल्लो अवस्थामा प्राप्त अधिकार त केवल संसदले समय समयमा वनाएका कानूनको अधिनमा रही संसदीय निर्देशनमा कार्यविधिगत नियम बनाउने अधिकार मात्र हो। यस्तो अवस्थामा कहिलेकाहीँ राजनीतिक वा अन्य कारणहरूले गर्दा यसतर्फको आवश्यकता पूरा गर्नको लागि लामो समयसम्म प्रतीक्षा गर्नुपर्ने अवस्था पनि आइपर्न सक्दछ। प्रत्यायोजित अधिकार अन्तर्गत रहेको अर्को समस्या प्रत्यायोजित सीमा र भावनाभित्र बाँधिनुपर्ने बाध्यता हो। त्यसले गर्दा जतिसुकै असुविधाजनक वा अप्ठ्यारो अवस्था आए तापनि प्रत्यायोजित अधिकारको सीमा नाघेर नियम निर्माण गर्न सक्ने अवस्था रहँदैन। त्यसैले कार्यको प्रकृति अनुसार कार्यविधि कानून निर्माण गर्ने अधिकार न्यायपालिकालाई हुनुपर्दछ।

### ४.२.३ आन्तरिक कार्यप्रणाली

सर्वोच्च अदालतको कार्य चापमा भएको वृद्धि तथा दुई वर्ष नाघेका मुद्दाको सङ्ख्यामा भएको बढोत्तरीलाई सम्बोधन गर्नुपर्ने देखिएको छ। साथै सर्वोच्च अदालतको उदार र फराकिलो अधिकारक्षेत्रको कारण यसमा दिनानुदिन मुद्दाको चाप बढिरहेको देखिन्छ। अदालत व्यवस्थापनको मुख्य कार्य भनेको मुद्दा व्यवस्थापन हो। मुद्दा व्यवस्थापनको लागि मुद्दाको दर्तादेखि निर्णय कार्यान्वयन गर्नेसम्मका सम्पूर्ण क्रियाकलापहरू सरल बनाउनुपर्छ। अदालत प्रयोगकर्ताका लागि मित्रवत् कार्यविधि र पद्धति अनुसरण गर्नुपर्छ। अर्कोतर्फ विक्रम संवत् २०८० साउन १ गतेदेखि फरक मुद्दा व्यवस्थापन पद्धति लागू गर्न आवश्यक तयारी गर्नुपर्ने देखिन्छ। मानव संशाधनको विकास अत्यन्तै महत्त्वपूर्ण पक्षको रूपमा रहेको छ। सक्षम, योग्य र समर्पित मानव संशाधन बिना न्यायको स्वतन्त्र र सक्षम पद्धतिको सिर्जना गर्न सम्भव देखिंदैन। तसर्थ नेपालमा न्याय सम्पादन प्रणालीको कार्य क्षमता बलियो बनाउनका लागि न्यायिक र अर्ध न्यायिक निकायमा कार्यरत मानव संशाधनको क्षमता वृद्धि गर्नु आवश्यकता देखिएको छ। साथै न्यायिक जनशक्तिको लागि स्पष्ट खालको उत्तराधिकारी योजनासहितको मानव संशाधन विकास योजना तयार गरी लागू गर्नुपर्ने देखिन्छ।

संविधान र न्याय परिषद् ऐन र नियमहरूले तोकेबमोजिम विभिन्न अदालतका न्यायाधीशहरूको नियुक्तिसम्बन्धी कुरामा परिषद् जिम्मेवार हुनुपर्छ। परिषद्को नियमावलीले न्यायिक पदमा नियुक्तिका लागि वस्तुगत मापदण्ड हुनुपर्ने कुरामा जोड दिए पनि त्यस प्रकारको मापदण्ड अनुशरण गरियो कि गरिएन भन्ने कुरा सार्वजनिक हुँदैन। न्यायिक ओहदामा नियुक्ति गरिन लागेका उम्मेदवारहरूको सदाचार, इमान्दारिता, योग्यता र क्षमताको मापन गर्ने मापदण्ड प्रभावकारी हुन नसकेको भन्ने अनुभूतिहरू व्यक्त हुने गरेको पाइन्छ। न्यायाधीश र अन्य कर्मचारीहरूको सरुवा गर्दा निजहरूको अनुकूलता र पायक पर्ने स्थानलाई समेत यथासक्य सम्बोधन गर्नुपर्ने देखिन्छ। यसका लागि सरुवाका वैकल्पिक प्रस्तावहरू तयार गरेर सम्बन्धित न्यायाधीश र कर्मचारीहरूलाई जानकारी गराउने

पद्धतिको शुरुवात गर्न सकेमा न्याय परिषद्को काम कारबाही पारदर्शी तथा जवाफदेही पूर्ण हुन सक्ने देखिन्छ। साथै सरुवाको समय तालिका तयार गरी सो अनुरूप सरुवा गर्ने पद्धति प्रभावकारी हुन सकेको देखिंदैन।

सामान्यतया न्यायपालिकामा प्रवेश गर्ने प्रत्येक न्यायाधीश वा कर्मचारीहरू सबैले पेशामा आफ्नो प्रगति र वृत्तिविकास बारेमा आ–आफ्नै अनुमान गरेका हुन्छन्। कर्मचारीमा हुने यस्तो अनुमान नै वास्तवमा उसको क्षमता र योग्यता अभिवृद्धि गर्ने उत्प्रेरणाको स्रोत पनि मानिन्छ। यदि प्रणाली दोषपूर्ण छैन भने योग्य, इमान्दार र सिर्जनशील व्यक्तिहरू आफूले अनुमान गरेको समयमा नै आफ्नो लक्ष्यमा पुग्न सक्छन्। संविधानले न्याय परिषद्लाई न्यायाधीशहरूको पदोन्नतिको जिम्मेवारी दिएको छ। वृत्तिविकास योजनाको अभावमा माथिल्लो पदमा नियुक्ति हुनुभन्दा पहिले एउटै तहमा दशकौंसम्म काम गर्नुपर्ने अवस्था देखिएको छ। न्यायाधीशहरू र नेपाल न्याय सेवाका कर्मचारीहरूको मौन तर स्पष्ट वितृष्णा नै कार्यसम्पादनको अवरोधको कारण रहेको छ। न्यायिक जनशक्तिको व्यवस्थापन तथा विकास सम्बन्धमा "Frustrated Mind is more dangerous than Corrupted Mind" भन्नेतर्फ उन्मुख हुन नदिन आवश्यक योजना तथा वृत्तिविकास नीति तथा कार्यक्रम तयार गरी लागू गर्नुपर्ने देखिन्छ।

न्यायपालिकामा मानव संशाधनको गुणस्तर सुधार र विशिष्टीकरणका सम्बन्धमा रहेका आवश्यकताहरूसम्बन्धी नीति र मानव संशाधनको विशिष्टीकरणको योजना छैन। उच्च अध्ययनमा गएका व्यक्तिहरूले पनि आफ्ना रुचिका क्षेत्रमा विशिष्टीकरण गरेर आउँछन्, तर न्यायपालिकाको भावी आवश्यकताका बारेमा वस्तुगत रूपमा ध्यान दिइएको छैन। संस्थाको आवश्यकताको क्षेत्रमा भन्दा पनि व्यक्तिगत रुचीको विषयमा उच्च शिक्षाको अध्ययन क्रम बढेको देखिन्छ। न्यायाधीशहरू र अधिकृतहरूलाई दिनुपर्ने व्यापक तालिमको आवश्यकतालाई हेर्दा अझ बढी सुदृढ र योजनाबद्ध प्रयत्नहरूको आवश्यकता देखिन्छ।

### ४.२.४ सेवाप्रवाह र सेवाग्राहीसँगको व्यवहार

न्यायपालिकाबाट प्रदान गरिने सेवाप्रवाहलाई पूर्व अनुमानयोग्य एवम् छिटो छरितो र गुणस्तरीय बनाउन सकिएको छैन। हरेक मुद्दाले अदालतको निश्चित स्रोत साधन र समयको अपेक्षा गरेको हुन्छ। जुन मुद्दालाई जति समय र स्रोत साधन आवश्यक पर्ने हो, सोही अनुरूपको व्यवस्थापन गर्न सकिएको छैन। यसले उपलब्ध स्रोत साधन र अदालतको समयको प्रयोगमा निपुर्णता कायम गर्न सकिएको छैन। न्यायपालिकाको प्रमुख सरोकार मुद्दाको फैसला समयमा गर्नु हो। न्यायिक कारबाहीको प्रत्येक चरणमा लाग्ने समयको उचित व्यवस्थापन गर्न सकिएको छैन। यसैगरी कम लागतमा प्रभावकारी, छिटो छरितो कार्यसम्पादनको उल्लेख्य प्रगति हुन सकेको छैन। यदि मुद्दाका पक्षहरूले न्याय प्राप्त गर्न वर्षौं लाग्ने हो भने त्यस्तो न्यायले आक्रोस र नैराश्यता सिर्जना गर्न

सक्दछ। वास्तवमा यदि हामीले उचित समयमा न्याय प्रदान गर्न नसक्ने हो भने ढिलाइले न्यायलाई पराजित गरेको सेवाग्राहीले महसुस गर्दछन्।

न्यायपालिकाको सर्वोत्कृष्टता प्राप्त अख्तियारीको आधारमा परीक्षण हुने नभएर यसबाट प्रदान गरिने सेवाको गुणस्तर र सोको आधारमा निर्मित जनआस्थामा निर्भर रहन्छ। अन्तर्राष्ट्रिय क्षेत्रमा सेवा प्रवाह, सेवाग्राही सन्तुष्टी, न्यायमा सहज पहुँचलगायतका सूचकहरूका आधारमा न्यायपालिकाको सर्वोत्कृष्टता मापन गर्ने आधारहरू तयार गरिएको हुन्छ। न्यायिक सर्वोत्कृष्टताका लागि सेवा प्रवाह कति सहज छ र सेवाग्राहीको सन्तुष्टिको स्तर कस्तो छ हेर्ने गरिन्छ। यसको लागि प्रचलित संविधान तथा कानूनद्वारा प्रदत्त अख्तियारी र न्यायका मान्य सिद्धान्तका आधारमा न्याय सम्पादन तथा सेवाग्राहीमैत्री व्यवहार प्रर्दशन गर्नुपर्ने हुन्छ। गुणस्तरीय सेवाको सम्पादनले न्यूनतम लागत र परिश्रममा यथासमयमा सक्षम, प्रभावकारी र स्वच्छ न्याय सम्पादन हुनुपर्ने कुरालाई जनाउछ।

अदालतमा अधिकांश कर्मचारीहरूको कार्य शैलीका सम्बन्धमा सरोकारवालाहरूले जनताका सेवकको रूपमा नभएर मालिक जस्तो व्यवहार गर्ने गरेको भन्ने धारणा व्यक्त गरेको पाइन्छ। अदालतका न्यायाधीश, अधिकृत र अन्य कर्मचारीहरूको मनोवृत्ति यसका उपयोगकर्ताहरू प्रति त्यति सहयोगी हुन नसक्नुका साथै सामान्य व्यवहारजन्य पक्षमा अपेक्षित सुधार हुन सकेको छैन भन्ने गुनासो रहेको पाइन्छ। यसको लागि अतिरिक्त लागत नलाग्ने केवल बोली बचन व्यवहारबाट समग्र संगठनप्रतिको विश्वास आर्जन गर्न सकिने यस विषयमा उल्लेख्य सुधार गर्न आवश्यक देखिन्छ। मुस्कानसहितको न्याय सेवा, सोधपुछ तथा सहायता कक्ष स्थापन गरिएको भए तापनि सेवाग्राहीप्रति गरिने व्यवहार र हाम्रा विश्वास तथा मान्यताहरूमा खासै सुधार भएको देखिंदैन। महसुस गराउन नसक्नु कमजोरीको रूपमा रहेको देखिन्छ।

### ४.२.५ अनुगमन र नियन्त्रण प्रणाली

नेपालको संविधानले सर्वोच्च अदालत र मातहत अदालत, विशिष्टीकृत अदालत वा अन्य न्यायिक निकायहरूको न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्रधान न्यायाधीशको हुने व्यवस्था गरेको छ।[६८] त्यसैगरी उच्च अदालत र त्यसको मातहत अदालत वा अन्य न्यायिक निकायको न्याय प्रशासनलाई प्रभावकारी बनाउने जिम्मेवारी सम्बन्धित मुख्य न्यायाधीशको हुने र सो प्रयोजनका लागि मुख्य न्यायाधीशले संविधान तथा संघीय कानूनको अधीनमा रही मातहत अदालत तथा न्यायिक निकायहरूलाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था गरेको छ।[६९] न्याय प्रशासन ऐन र अदालतका नियमावलीहरूले अदालतको आन्तरिक निरीक्षण गर्ने वन्दोवस्त गर्नुका साथै

[६८] नेपालको संविधान धारा १३६, नेपाल कानून किताव व्यवस्था समिति बवरमहल काठमाडौं
[६९] पूर्वपाद धारा १४७

पुनरावेदकीय अधिकार प्रयोग गर्ने अदालतद्वारा मातहत अदालत तथा न्यायिक निकायहरूको निरीक्षण र अनुगमन गर्ने व्यवस्था पनि गरेको छ।

न्यायाधीशहरूको कामको मूल्याङ्कनका लागि वस्तुगत मापदण्डको विकास गर्नुपर्ने देखिएको छ। अदालतमा कार्यरत अधिकृतहरूको सन्दर्भमा निजामती सेवा ऐन र नियमहरूले कर्मचारी र सुपरीवेक्षकहरूले प्रत्येक वर्ष आर्थिक वर्षको अन्त्यमा कार्य सम्पादन मूल्याङ्कन फाराम भर्नु पर्ने प्रावधानको व्यवस्था गरेको छ। तर यसलाई पनि कार्यालय सम्बन्धी औपचारिकतामा मात्र लिइएको छ। प्रायः सवै अवस्थाहरूमा कर्मचारीहरूको काम र कार्य क्षमता औषत भन्दा तल नै किन नहोस्, उनीहरूले पूर्णाङ्क नै पाउँछन्, तर संगठनको समग्र कार्यसम्पादन र त्यसको गुणस्तर भने प्रायः सधैंभरी न्यून नै देखिएको हुन्छ। यस्तो औपचारिकताले कर्मचारीहरूको कार्य क्षमता वृद्धिमा कुनै सुधार ल्याउन सक्दैन।

न्यायपालिकाको स्वतन्त्रताको सिद्धान्तसँगसँगै प्रत्येक अदालतको कार्यसम्पादनमा कार्यगत स्वायत्तताको पनि अपेक्षा गरिएको हुन्छ। यसको अर्थ कुनै अदालतले आफ्नो अधिकार प्रयोग गरी मुद्दाको छिनोफानो नगरेसम्म यस माथि कुनै बाधा अवरोध गर्नु वा अधिकार सम्पन्न माथिल्लो अदालतले पनि यसको काममा कुनै हस्तक्षेप गर्नु हुँदैन। न्यायिक स्वतन्त्रता र स्वायत्तताको प्रयोग गर्ने क्रममा यदि निर्धारित सीमा नाघियो भने यसले अदालत प्रणालीलाई अराजकता तर्फ लैजान सक्छ। यसका लागि पुनरावेदन सुन्ने वा माथिल्लो तहको अदालतबाट मातहत अदालतहरूको अनुगमन र मूल्याङ्कनको व्यवस्था गरिएको हुन्छ। यसले न्यायिक अनुशासन र स्रोत साधनको प्रयोगमा प्रभावकारिताको अवस्था सिर्जना गर्ने विश्वास गरिन्छ।

न्याय परिषद्ले उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशको काम कारबाही तथा आचरणको नियमित अनुगमन गर्न वा निगरानी राख्न सक्नेछ। त्यसैगरी न्याय प्रशासन ऐन, २०७३ को दफा ३५ ले प्रधान न्यायाधीश तथा मुख्य न्यायाधीशले मातहत अदालत तथा न्यायिक निकायलाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था गरेको छ। साथै दफा २१ ले मातहत अदालतको निरीक्षणसम्बन्धी, दफा २२ ले आकष्मिक निरीक्षणसम्बन्धी, दफा २१ बमोजिमको निरीक्षण प्रतिवेदनबाट कुनै न्यायाधीश वा अधिकारीले मुद्दा मामिलाको रोहमा कुनै त्रुटी गरेको वा गर्नुपर्ने काम नगरेको कारणले कुनै कारबाही गर्नुपर्ने देखिएमा दफा २३ ले कारबाहीको लागि सम्बन्धित निकायमा लेखिपठाउने र दफा २४ ले कर्मचारीको हकमा जाँचबुझ, राय प्रतिवेदन लिने कानूनी व्यवस्था गरेको छ।

- **सूक्ष्म अनुगमन तथा निगरानी**

नेपाल राज्यका विभिन्न तहका अदालत तथा विशिष्टकृत अदालतहरूमा हुन सक्ने अनियमितता तथा विचलनजन्य गतिविधि एवम् सेवाग्राहीप्रति गरिने व्यवहारका सम्बन्धमा सूक्ष्म रूपमा अनुगमन तथा

निगरानी राख्ने व्यवस्था गरिएको छ। प्रारम्भिक अवस्थामा तालिम प्राप्त कर्मचारीहरूबाट सूक्ष्म रूपमा अनुगमन तथा निगरानी हुने गरेकोमा पछिल्लो समयमा प्रविधिसमेतको प्रयोग गरी अदालतहरूको आन्तरिक काम कारबाहीको सूक्ष्म रूपमा अनुगमन गर्ने साथै विभिन्न अदालतहरूमा विभिन्न समूहमा तालिम प्राप्त कर्मचारी परिचालन गरी सूक्ष्म निगरानी गरिएको छ। यस प्रक्रियाबाट अदालतका कर्मचारी, कानून व्यवसायी तथा सेवाग्राहीहरू समेत अनियमिततामा संलग्न रहेको पाइएको छ। सार्वजनिक निकायमा कार्यसम्पादन हुन काम कारबाहीको गुणस्तरियता र सेवा प्रवाहमा अनुगमन तथा निरीक्षणको महत्त्वपूर्ण भूमिका रहने देखिन्छ।सूक्ष्म अनुगमन तथा निगरानीलाई निरोधात्मक उपायको रूपमा प्रयोग गरिएको छ। हाल देशभरी अदालतमा सूक्ष्म अनुगमन तथा निगरानीकर्ताहरू परिचालन गरिएको छ। निगरानीपश्चात् प्रतिवेदन लिने र सोको आधारमा आवश्यक कारबाही तथा न्यायिक सुधारका कार्यहरू सञ्चालन सेवा प्रवाहमा प्रभावकारी र न्यायिक सुशासन कायम गर्ने प्रयास गरिएको छ।

## ४.३ बाह्य वातावरण विश्लेषण

कुनै पनि संगठन नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आन्तरिक तथा वाह्य कार्य वातावरणको महत्त्वपूर्ण प्रभाव रहेको हुन्छ। संगठनले निर्धारण गरेका कार्यसम्पादन सूचकबमोजिमको परिणाम प्राप्त गर्नका लागि वाह्य कार्य वातावरणको उत्तिकै भूमिका रहेको हुन्छ। नेपालको न्यायपालिका सुधारका सम्बन्धमा धेरै अगाडिदेखि नै विभिन्न प्रयासहरू हुदै आएको पाइन्छ। नेपालमा स्वच्छ, निष्पक्ष, छिटो, छरितो, प्रभावकारी  र सहजपहुँचयुक्त न्याय सम्पादन गरी न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि गर्ने लक्ष्यका साथ न्यायिक सदाचार र सुशासन कायम गर्न विशेष जोड दिएको पाइन्छ। न्याय सम्पादनको मुख्य जिम्मेवारीमा अदालतहरू रहेको भए तापनि स्वच्छ, सक्षम तथा निष्पक्ष न्याय सम्पादनको कार्य अदालतको एक्लो प्रयासले मात्र संभव हुँदैन। यसका लागि सम्बद्ध सरोकारवाला तथा वाह्य कार्यवातावरणको पनि उत्तिकै भूमिका रहन्छ। न्यायिक सुशासन तथा सदाचार कायम गर्नमा न्यायिक प्रक्रियामा संलग्न प्राथमिकस्तरका सरोकारवाला तथा न्यायपालिकाको सक्षमता र यसको स्वच्छता कायम राख्नमा सेवाग्राही लगायत सम्बद्ध सबै पक्षको सकारात्मक सहयोग अपरिहार्य रहेको मानिन्छ।

### ४.३.१ न्यायपालिकाको सरोकारवाला र तिनको कार्य संस्कृति

न्यायपालिकाले आफू एक्लै अलग रहेर काम गर्न सक्ने परिकल्पना गर्न सकिँदैन। यसले अरू क्षेत्रसँग पनि उचित कार्यसम्बन्ध कायम राख्नुपर्ने हुन्छ। संविधान र कानूनको परिधिभित्र रहेर राज्यको न्यायसम्बन्धी अधिकारको अदालतबाट हुने संवैधानिक व्यवस्था रहेको छ। त्यस्तो अधिकारको सम्पादन अरू क्षेत्रका संस्थाहरूको सार्थक सहयोग र समर्थन विना प्रभावकारी हुन सक्दैन। न्याय क्षेत्रभित्रका यस्ता संस्थाहरूमा प्रहरी, महान्यायाधिवक्ताको कार्यालय, कानून, न्याय

तथा संसदीय व्यवस्था मन्त्रालय र कानून व्यवसायी पर्दछन्। मुद्दाको अनुसन्धान, तहकिकात एवम् अभियोजन र बहस गर्न, आवश्यक कानूनको मस्यौदा गर्न र न्यायपालिकालाई आवश्यक पर्ने स्रोत र साधन जुटाउनमा सम्बद्ध सरोकारवाला निकायहरूको महत्त्वपूर्ण भूमिका रहन्छ। राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, कानून विषयको अध्यापन गराउने विश्वविद्यालयलागयतका सरोकारवालाहरूको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा न्याय सम्पादनको कार्यलाई छिटो छरितो सहज पहुँचयोग्य बनाउन महत्त्वपूर्ण भूमिका रहन्छ। यस्ता सरोकारवाला निकायको भूमिकाले अदालतको काम कारबाहीलाई सहयोग गर्ने वा त्यस्ता निकायको निष्क्रियताले न्यायिक सुधारका काम कारबाहीमा नकारात्मक प्रभाव पर्ने पनि हुन सक्दछ। यस प्रकारका अन्य प्रत्क्षय वा अप्रत्यक्ष सरोकारवालाहरूमा विभिन्न संस्थाहरू, स्थानीय निकायलगायतका अन्य सरकारी निकायहरू  र सञ्चार माध्यम पर्दछन्।

न्याय क्षेत्रका संस्थाहरूमध्ये प्रहरी, सरकारी वकील र कानून व्यवसायी सवैभन्दा प्रमुख हुन्। प्रहरी र सरकारी वकीलको सहयोग अदालतमा मुद्दा दायर भएपछि पनि सुनुवाइको हरेक चरणमा आवश्यक पर्छ। जस्तो मुद्दाका पक्ष र साक्षीहरूलाई समाव्हान तामेल गर्न एवम् अदालतबाट जारी भएको वारेण्टबमोजिम मान्छे पक्राउ गर्न प्रहरीको सहयोग आवश्यक पदर्छ। प्रमाणको वैज्ञानिक परीक्षणका लागि पनि प्रहरी तथा राष्ट्रिय विधिविज्ञान प्रयोगशालाको सहयोग अपेक्षित रहन्छ साथै फैसलाको कार्यान्वयनका लागि पनि प्रहरीको सहयोग महत्त्वपूर्ण हुन्छ।

अदालतले गरेका कतिपय फैसलाहरू महत्त्वपूर्ण सिद्धान्त या नजिरको रूपमा स्थापित हुन्छन्। त्यस्ता न्यायाधीश निर्मित कानून (Judge made law or case law or precedent) का बारेमा कानूनका प्राध्यापक र विश्वविद्याय स्तरमा विद्यार्थी एवम् अनुसन्धानकर्ताका बीचमा अध्ययन, अध्यापन र विश्लेषणको विषय बन्दछ। अतः कानूनका क्याम्पसमा अदालतका फैसलाहरूको बारेमा समग्र अध्ययन र अध्यापन गराइने गरिन्छ। त्यत्ति मात्र होइन, अदालतबाट भएका फैसलाहरूको यथेष्ट रूपमा प्राज्ञिक छलफल गरिन्छ। ठीक र बेठीक छुट्याइन्छ।

अदालत र बार एसोसिएसनलाई सामान्यतया न्यायरुपी रथको दुइ पाङ्ग्रा मान्ने गरिन्छ। त्यसैले एउटा मात्र पाङ्ग्राले न्यायरुपी रथलाई सही दिशामा लैजान सक्दैन जबसम्म दुवै पाङग्राले उचित तवरबाट काम गर्दैन। बेञ्च र बारले खेल्ने भूमिकाको पृथक मूल्याङ्क गर्न सकिंदैन,  मिल्दैन। न्यायपालिकाको आस्था जगेर्ना गर्ने कार्यमा बारको पनि उत्तिकै उत्तदायित्व रहनुपर्दछ। सामाजिक अभियन्ता कानून व्यवसायीहरूको संस्था नेपाल बार एसोसिएसन सदैव अग्रभागमा रही न्यायालयको सच्चा पहरेदार बन्न सक्नुपर्दछ, यसैबाट बार र बेञ्चको सम्बन्ध र भविष्य निर्धारण हुने हो। अदालतको अधिकृत (Officer of the court) हरूले प्रत्यक्ष रूपमा न्यायाधीशहरूलाई न्याय सम्पादनमा सघाइरहेका हुन्छन्। त्यत्तिमात्रै होइन “अदालत आँखा र कान अनि बार मुख र दिमाग” हो। अदालतले हेर्छ सुन्छ, बारले बोल्छ, विचार दिन्छ। अत: जसरी आँखा एवम् मुख र दिमागको

सम्बन्धले बिचार निर्माण गर्छ त्यसैगरी बार र बेञ्चको सम्बन्धले विचार अर्थात् धारणा सिर्जना गर्दछ।

बार र बेञ्चको सम्बन्ध हरपल अत्यन्तै नजिक एवम् सामिप्यमा रहिरहने प्रकृतिको हुन्छ, हुनुपर्छ। बार र बेञ्चको सम्बन्धले आम जनतालाई जोड्ने काम गर्दछ। न्यायालयको जनआस्थालाई धुमिल हुन नदिन अझै बारको भूमिका अपेक्षित रहन्छ। बार र बेञ्चको समान अभिष्ट अभिप्राय न्याय इन्साफ नै हो, जसको प्रतिबिम्ब कानूनी राज हो। बारको खबरदारीले मात्र न्यायपालिकाका विकृति र विसङ्गतिलाई घटाउन सक्दछ।

न्यायपालिका, बार र बेञ्चका दुई पाङग्राले बनेको रथको रूपमा लिइन्छ। बेञ्च अन्तरगत न्यायाधीशलगायत न्याय सम्पादनको कार्यमा कुनै न कुनै रूपमा संलग्न अदालतका अन्य कर्मचारीहरूसमेत पर्दछन्। बार अन्तरगत कानून व्यवसायीलगायत कानून व्यवसायीको फर्ममा कार्यरत कर्मचारीहरू (Para legal person) समेतलाई मान्नुपर्ने हुन्छ। सह अस्तित्वमा रहेका बार र बेञ्च दुवैको न्यायपालिकाको जनआस्थासँग प्रत्यक्ष वा परोक्ष सरोकार रहन्छ। न्यायपालिकाप्रतिको जनआस्था घटाउने वा बढाउने कार्यका लागि दुवै पक्ष जिम्मेवार हुने गर्दछन्।[७०] न्यायपालिकासँग कानून व्यवसायीको सम्बन्ध नेपाल वार एसोसिएसनमार्फत नै हुने हो। जनआस्था वृद्धिका लागि पहरेदारको भूमिका निभाउने काम पनि नेपाल बार एसोसिएसनकै हो। सस्तो लोकप्रियताको पछाडि दगुर्दा दुर्घटनाको सम्भावना हुन्छ। तसर्थ आवधिक छलफलद्वारा न्यायपालिकालाई सुमार्गमा हिडाउँन नेपाल बार एसोसिएसन क्रियाशील हुनुपर्दछ। यसका लागि समूचित अध्ययन र समय दिने काम नेपाल बार एसोसिएसनबाट हुनुपर्दछ।

अदालतका नियमावली अन्तर्गतका विभिन्न समितिलगायत समय समयमा गठन हुने उच्चस्तरीय समितिहरूमा हुँदै आएको संलग्नता अदालत र बारबीचको अन्तरक्रियामा थप जोड दिइएको छ। न्यायको गुणस्तरीयता धेरै हदसम्म कानून व्यवसायीहरूको गुणस्तर, तिनीहरूको तार्किक क्षमता र व्यावसायिक आचरणमा निर्भर गर्दछ। यसका लागि कानूनी शिक्षा र कानून व्यवसायीमा प्रवेशका लागि कानून व्यवसायी परिषद्द्वारा निर्धारण गरिने आधार धेरै महत्त्वपूर्ण हुन्छ। कानून व्यवसायीबाट आचार संहिताको परिपालनलाई कठोर रूपमा अवलम्बन गरिएन भने कानून व्यवसायीहरूका बीच नै अव्यावसायिक आचरणले बढावा पाउन सक्दछ। कानून व्यवसायीहरूको अमर्यादित र अनैतिक आचरण नियन्त्रण गर्न एवम् अयोग्य कानून व्यवसायीहरूलाई पेशामा प्रवेश गर्नबाट रोक्न कानून व्यवसायी परिषद्को भूमिका पनि उत्तिकै महत्त्वपूर्ण मानिन्छ। कानून व्यवसायीको सेवा शुल्क पारदर्शी नभएको तथा कतिपय कानून व्यवसायीले विवादको बारेमा पक्षलाई यथार्थ कानूनी परामर्श नदिई मुद्दा जिताइदिने वा जित्न सक्ने आश्वासन दिने र आफू अनुकूलको परिणम नआए न्यायिक

[७०] सर्वोच्च अदालत वार एसोसिएसनद्वारा गठित न्यायपालिकाप्रति जनआस्था अभिवृद्धि, अध्यन समितिको प्रतिवेदन, २०६४, पृष्ठ १९६

सदाचारमा प्रश्न उठाउने गरेको अवस्था पनि पाइन्छ। केही कानून व्यवसायीहरूले मुद्दा जिताउन यति खर्च लाग्छ भन्दै पक्षसँग रकम लिने, जिते सो रकम आफैं राख्ने, हारे फिर्ता दिने गरी न्यायाधीशलाई बदनाम गराउने कार्यमा सरिक भएको भन्ने गुनासो रहेको पाइन्छ।

न्याय क्षेत्रका विभिन्न सरोकारवालाहरूमध्ये सञ्चार क्षेत्र पनि एक हो। वास्तवमा सञ्चार क्षेत्रबाट गरिने नियमित अनुगमनले अदालतको काम कारबाहीमा पारदर्शिता र जवाफदेहितामा वृद्धि हुन सहयोग पुग्दछ। धेरैजसो समाचारहरू सम्बन्धित व्यक्तिलाई आफ्नो कुरा राख्ने अवसर नै नदिई प्रसारित हुन्छन्। कतिपय अवस्थामा प्रकाशित समाचारका बारेमा अदालतबाट पठाइएको खण्डन र स्पष्टीकरण सही रूपमा छापिँदैनन्। जब कि यस्ता खण्डनहरू पहिले समाचार छापिएकै पृष्ठ र कोलममा छाप्नु पत्रपत्रिकाको मूलभूत कर्तव्य अन्तर्गत पर्दछ। जब समाचारपत्रहरूमा आधारहीन समाचारहरू छापिन्छन् यसले सर्वसाधारणको दृष्टिमा न्यायपालिकाको प्रतिष्ठालाई घटाउँछ र अदालत एवम् सम्पूर्ण न्याय प्रणालीप्रतिको जनआस्थामा आँच पुऱ्याउंछ।

न्याय सम्पादनको कार्यमा अदालत मात्रको भूमिका हुँदैन। न्याय सम्पादनको प्रमुख जिम्मेवारीमा रहेकोले सबै सरोकारवालाको जस अपजसको जिम्मेवारी अदालतले वहन गर्नु परेको देखिन्छ। न्यायपालिकासँग सम्बद्ध कुनै पनि सरोकारवालाहरूको आचरण विपरित तथा सदाचार प्रतिकूल क्रियाकलापले परिणामतः न्यायपालिकाको प्रतिष्ठामा आँच ल्याउँदछ। यसैगरी मुद्दाका अनुसन्धान तथा अभियोजनकर्ता एवम् कानून व्यवासयीबाट हुने गल्ती वा कमी कमजोरीलाई पनि अदालतको गल्तीको रूपमा लिने गरिएको पाइन्छ।

## ४.३.२ न्यायपालिकाप्रतिको सोंच दृष्टिकोण र स्थानीय परिवेश

न्यायपालिकाको मुख्य जिम्मेवारी संविधान कानून तथा न्यायका मान्य सिद्धान्तका आधारमा स्वच्छ, सक्षम र निष्पक्ष न्याय सम्पादन गर्नु हो। प्रचलित संविधान कानून र न्यायका मान्य सिद्धान्तका आधारमा छिटो, छरितो, प्रभावकारी, गुणस्तरीय र सबैको पहुँचयुक्त न्याय सम्पादन हुन नसकेमा न्यायपालिकाप्रतिको आस्था र विश्वास कमजोर हुन जान्छ। यसबाट न्यायपालिकाप्रति नकारात्मक धारणा विकास हुन पुग्दछ। न्यायपालिका सुधारका सम्बन्धमा विगतमा भएका धेरै जसो अध्ययन प्रतिवेदन तथा न्यायिक सुधारका योजना र कार्यक्रमहरूले न्यायपालिकाको आस्था र विश्वास अभिवृद्धि गर्ने सम्बन्धमा जोड दिएको पाइन्छ। अदालतहरूबाट स्वच्छ, सक्षम, निष्पक्ष तथा गुणस्तरीय न्याय सम्पादन हुन सकेन भने न्यायपूर्ण समाजको निर्माण, सामाजिक न्याय, कानूनको शासन एवम् राष्ट्रको समग्र आर्थिक, सामाजिक तथा राजनीतिक विकासमा समेत गम्भीर असर पर्दछ।

न्यायपालिकामा आर्थिक उपार्जनका लागि गरिएका विकृति र विसङ्गतिजन्य गतिविधिको प्रमुख कारणमा उच्च स्तरको सदाचारको अभाव मानिन्छ। सदाचार, निष्ठा र इमान्दारितामा कमी आए अदालतहरूमा घुस वा भ्रष्टाचारजन्य गतिविधि सञ्चालन गर्न बिचौलियाको भूमिका सिर्जना हुन

सक्दछ। विकृति विसङ्गति वा भ्रष्टाचार सतहमा देखिने परिणाम हो भने यसको कारण एवम् साधनको रूपमा अन्य विभिन्न पक्षहरू रहेको पाइन्छ। भ्रष्टाचारजन्य कार्य व्यक्तिले आफूलाई वा अरू कसैलाई फाइदा पुऱ्याउनका लागि गोप्य रूपमा गरिने आर्थिक तथा सामाजिक अपराध हो। यसलाई रोक्नका लागि व्यक्तिगत सदाचारका अतिरिक्त संस्थागत स्वच्छता र निष्ठा कायम गर्नुपर्दछ। भ्रष्टाचारलाई व्यक्तिगत आचरण र संस्थागत पद्धति, प्रणाली, प्रक्रिया वा मापदण्डमा रहेको कमजोरीको फाइदा उठाई बिचौलिया वा विचलनजन्य आचरण भएका व्यक्तिहरूबाट हुने गतिविधि मानिन्छ। यसका कारणहरूको रूपमा न्यायाधीश तथा न्यायिक जनशक्तिको नियुक्ति, पदस्थापन, सरुवा, बढुवा, कमजोर नियमनकारी पद्धति प्रणाली तथा बिचौलियाहरू नियन्त्रण संयन्त्रको अभावलाई लिन सकिन्छ।

न्यायाधीश तथा कर्मचारीहरू नियुक्ति वा सरुवा पाउन शक्तिकेन्द्र धाउने जाने वा दबाब सिर्जना गर्ने अवस्थाको अन्त्य गर्नुपर्दछ। कानून व्यवसायीको व्यक्तित्व र राजनीतिक सम्बन्धको प्रभाव न्याय सम्पादनमा पर्नु हुँदैन। न्यायाधीश नियुक्तिमा राजनीतिज्ञको भूमिका र प्रभावका कारणले सम्बद्ध कानून व्यवसायी र न्यायाधीशबीचको सम्बन्धले न्याय सम्पादनमा पर्न थालेको प्रभाव गम्भीर चिन्ताको विषय बनेको भन्ने उल्लेख गरेको पाइन्छ। साथै कानून व्यवसायीको राजनीतिक हैसियत, पार्टी भोज भतेरमा न्यायाधीशलाई आमन्त्रण गर्ने, घुमाउन वा तीर्थ गर्न लैजाने, स्वास्थ्योपचार गर्न लैजाने र सन्तानको पठन पाठनको व्यवस्था मिलाउने जस्ता प्रवृत्ति रहेको भन्ने धारणा पूर्व अध्ययन प्रतिवेदनले व्यक्त गरेको पाइन्छ।[७१]

बिचौलियाको भूमिकालाई धरासायी बनाउने भूमिका सक्षम तथा निष्ठावान् न्यायाधीशहरूले खेल्नुपर्ने देखिन्छ। यसका लागि न्यायाधीशको नियुक्ति प्रक्रियामा बढी ध्यान दिनुपर्दछ। घुस खाने प्रवृत्तिको नियन्त्रण र नियमनको कार्य ज्यादै जटिल मानिन्छ। यो प्रायः दुवै पक्षलाई अवैध फाइदाका लागि गरिने आर्थिक सामाजिक अपराध हो। यसको नियन्त्रणका लागि नेतृत्व, पद्धति, प्रणाली, प्रकिया, नैतिकता, इमान्दारिता र सदाचारको बढाव एवम् सेवा प्रवाहमा छिटोछरितो एवम् सेवाग्राहीमैत्री व्यवहारको आवश्यकता पर्दछ। साथै जवाफदेहिता, पारदर्शिता, सहभागिता जस्ता न्यायिक सदाचारका आधार स्तम्भहरू सबल बनाउनुपर्दछ।

कुनै पनि संगठनको आन्तरिक जीवन पद्धतिमा नेतृत्वको महत्त्वपूर्ण प्रभाव रहेको हुन्छ। अन्तर निकायगत संरचना रहेको नेपालको न्यायपालिकामा नेतृत्वको भूमिका कतिपय सन्दर्भमा निर्णायकसमेत रहने गर्दछ। त्यसैगरी न्यायिक स्वच्छता कायम गर्नमा कार्यरत जनशक्ति, कानून व्यवसायीलगायत प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरोकार राख्ने सबै पक्ष उत्तिकै जिम्मेवार हुनुपर्दछ। न्याय सम्पादनको काम छिटो छरितो र प्रभावकारी हुँदासम्म विकृति र विसङ्गतिजन्य क्रियाकलापहरूले बढावा पाउन

---

[७१] न्यायपालिकामा जनआस्था अभिवृद्धि समिति, २०६४ सर्वोच्च अदालत वार एसोसिएसन पृष्ठ १६५-१६८

सक्दैनन्। जब आन्तरिक कार्यपद्धतिले प्रभावकारी रूपमा कार्यसम्पादन गर्न सक्दैन तब विकृति, विसङ्गति तथा मोलाहिजा लगायतका अस्वस्थ गतिविधिले भूमिका सिर्जना गर्न थाल्दछन्। तसर्थ नेतृत्वको प्रतिबद्धताका साथ साथै चुस्तदुरुस्त संगठनात्मक संरचना, पद्धति, प्रणाली तथा सो अनुकूलको उत्प्रेरित जनशक्ति भएको अवस्थामा कार्यबोझ, विकृति र विसङ्गतिहरू न्यून हुने वातावरण सिर्जना हुन सक्दछ।

### ४.३.३ न्यायपालिकाप्रतिको आस्था र विश्वास

संविधान, कानून, न्यायका मान्य सिद्धान्तका आधारमा छिटोछरितो प्रभावकारी र सबैको पहुँचयुक्त न्याय सम्पादन हुन सकेमा न्यायपालिकाप्रतिको आस्था र विश्वाश अभिवृद्धि हुन्छ। नेपालको सन्दर्भमा अन्य सार्वजनिक निकायको तुलनामा न्यायपालिकाप्रति आस्था र विश्वास उच्च रहेको मानिन्छ। न्यायपालिकाभित्र कार्यरत उच्च सदाचारयुक्त जीवनशैली भएका र आफ्नो पदीय जिम्मेवारीप्रति जिम्मेवार, जवाफदेही तथा पूर्ण प्रतिबद्ध न्यायाधीश तथा कर्मचारीहरूको कारण यसप्रतिको विश्वास कायमै रहेको पाइन्छ। यति हुँदा हुँदै पनि अनुभव र अनुभूति गर्न सकिने स्तरको विकृति र विसङ्गतिहरू बढ्दै गएको भन्ने धारणाहरू रहेको पाइन्छ। स्थापित न्यायिक मूल्य मान्यता र सो अनुकूलको आचरण गर्नुको विपरित निर्धारित मापदण्ड र आधारभूत मूल्य मान्यताको प्रतिकूल आचरण प्रदर्शन गर्नुलाई विकृति र विसङ्गतिको रूपमा लिने गरिन्छ।

न्यायपालिका सुधारको सम्बन्धमा भएका प्रायः अध्ययन प्रतिवेदन तथा न्यायपालिका सुधारका सबैजसो योजना तथा कार्यक्रमले स्वच्छ, सक्षम, निष्पक्ष र गुणस्तरीय न्याय सम्पादन गरी न्यायपालिकाको आस्था र विश्वास अभिवृद्धि गर्ने पक्षमा विशेष जोड दिएको पाइन्छ। तथापि विभिन्न कारणहरूले गर्दा न्यायपालिकाप्रति नकारात्मक धारणाहरू व्यक्त हुने गरेको पाइन्छ। अदालतप्रति लाग्ने भ्रष्टाचारको आरोप वा सेवाप्रवाहसम्बन्धी जनगुनासोलाई अत्यन्तै संवेदनशील भएर हेर्नु पर्ने हुन्छ। अरू क्षेत्रमा हुने भ्रष्टाचारले भन्दा अदालतमा हुने भ्रष्टाचारको सामाजिक प्रभाव ज्यादै संवेदनशील र नकारात्मक मानिन्छ। अदालतमा भ्रष्टाचार हुन्छ भन्ने धारणा सम्मले पनि न्यायिक प्रक्रियाको प्रभावकारिता र अदालतप्रतिको आस्थामा गम्भीर रूपमा असर गर्दछ। अदालतको जनआस्था बढाउन अदालती कार्य पद्धति, संगठनको ढाँचा, क्षेत्राधिकार, न्यायाधीश तथा कर्मचारीको सेवा शर्त र सुविधा, कर्मचारीहरूको दरबन्दी, न्यायिक काम कारबाहीमा स्वतन्त्रता, प्राप्त स्रोत साधनको परिचालनमा स्वायत्तता, आन्तरिक कार्यसम्पादनमा स्वतन्त्रता तथा कानूनहरूमा समसामयिक सुधार हुनुपर्दछ। साथै देशका सचेत नागरिकको हैसियत र दैनिक रूपमा अदालतबाट हुने न्याय प्रशासनको कामसँग सम्बद्ध कानून व्यवसायीहरूले अदालतप्रति जनआस्था वृद्धि गर्नमा महत्त्वपूर्ण भूमिका खेल्न सक्दछन्।साथै न्यायिक काम कारबाहीमा सदाचार कायम गर्न न्यायाधीश नियुक्तिमा सबभन्दा बढी ध्यान दिनुपर्ने र नेतृत्व बढी जवाफदेही हुनुपर्ने विषय विभिन्न पूर्व अध्ययन प्रतिवेदनहरूले उठाएको पाइन्छ। भ्रष्टाचारप्रति

पटक्कै चासो नराख्ने, सदाचारयुक्त एवम् योग्य र सक्षम न्यायाधीशको नियुक्ति नै बिचौलियालगायतलाई समाप्त गर्ने प्रमुख र प्रभावकारी उपाय हुन सक्दछ।[७२]

अदालतबाट स्वच्छ तथा निष्पक्ष न्याय सम्पादन हुन सकेन भने न्यायपूर्ण समाजको निर्माण, सामाजिक न्याय तथा राष्ट्रको समग्र आर्थिक, सामाजिक एवम् राजनीतिक विकासमा समेत गम्भीर असर पर्दछ। अदालतबाट सम्पादित कामकारबाही नै अदालतप्रतिको आस्था अभिवृद्धि गर्ने मुख्य आधार मानिन्छ। न्यायपालिकाप्रतिको जनआस्था, अदालत, न्यायकर्मी, कानूनविद्को मात्र सरोकारको विषय नभई यो समाज, व्यक्ति वा राज्यको सर्वोपरी चासो र सरोकारको समेत विषय हो। अदालतको बारेमा विकृति र विसङ्गतिको सम्बन्धमा हुने चर्चा वा आरोपहरू अत्यन्तै संवेदनशील हुनुपर्ने हुन्छ। भ्रष्टाचारजन्य कार्यहरू नहोस् भन्ने चाहना वा कामना मात्र पर्याप्त मानिदैन। यसका लागि समुचित कानून, कानूनको कार्यान्वयन तथा अनुगमन र सुपरिवेक्षण समेत प्रभावकारी हुन आवश्यक मानिन्छ।

न्यायपालिकाको जनआस्थामा आँच ल्याउने प्रमुख कारण सदाचार, निष्ठा र इमान्दारितामा हुने क्षयीकरणलाई लिन सकिन्छ। राजनीतिक लगायत विभिन्न शक्ति केन्द्रहरूको प्रयोग गर्ने सदाचार उल्लङ्घनकर्ताहरूको पहिचान गरी उचित सम्बोधन गर्नुपर्ने हुन्छ। समस्याहरूको राग गाएर मात्र न्यायपालिकाप्रतिको जनआस्था बढ्दैन। यसमा सबै पक्षको उत्ति नै भूमिका र जिम्मेवारी हुन आउदछ। दण्डहिनताको अन्त्य र आचरण तथा अनुशासन उल्लङ्घनको कार्यलाई नियन्त्रण गरी न्याय सेवाको गुणस्तरीयता, नागरिक अधिकारको रक्षा एवम् सेवाग्राहीमैत्री व्यवहार गर्नसके मात्र वास्तविक रूपमा न्यायिक स्वतन्त्रता, अधिकारको रक्षा र कानूनको शासनको प्रत्याभूति हुन गई न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि हुन सक्दछ।

[७२] पूर्वपाद पृष्ठ १६९-१७१

## परिच्छेद - पाँच
## न्यायपालिकामा विकृति, विसङ्गति, अनियमितता तथा भ्रष्टाचार एवम् बिचौलियाको अवस्था विश्लेषण

### ५.१ विकृति, विसङ्गति, अनियमितता तथा भ्रष्टाचार एवम् विचलनका क्षेत्रहरू

सर्वोच्च अदालतबाट विगतमा गरिएका विकृतिविहीन न्यायपालिकाको विकाससम्बन्धी अध्ययन प्रतिवेदन, २०६६ र न्यायपालिकामा विकृति विसङ्गति अध्ययन समितिको प्रतिवेदन, २०७२ तथा सर्वोच्च अदालत बार एसोसिएसनद्वारा न्यायपालिकाप्रति जनआस्था अभिवृद्धि गर्न गठित अध्ययन समितिको प्रतिवेदन, २०६४ का सुझावहरू र हालको अध्ययन समितिबाट संघ तथा सातवटै प्रदेशहरूबाट सङ्कलन गरिएका सुझावहरू र विभिन्न सञ्चार माध्यममा प्रकाशित सामग्रीहरूका आधारमा न्यायपालिकामा देखिएका तथा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता एवम् विचलनको क्षेत्रहरू पहिचान गरिएको छ। न्यायपालिकामा देखिएका तथा हुनसक्ने विकृति विसङ्गति एवम् अनियमितताको विषयलाई स्वतन्त्र न्यायपालिकासम्बन्धी अवधारणा तथा आचरणका नियमहरू[७३] को पालना सम्बन्धी मानकका आधारमा विश्लेषण गरिएको छ। न्यायपालिकामा हुने विकृति विसङ्गति एवम् भ्रष्टाचारजन्य कार्यका पछाडि विभिन्न कारणहरू हुने भनी विभिन्न अध्ययनहरूमा औंल्याएको देखिन्छ। जस्तै न्याय प्रणाली सर्वसाधारणको पहुँचभन्दा बाहिर भएमा, स्वविवेकीय अधिकारको अत्यधिक दुरूपयोग भएमा, महाभियोग एवम् कारबाही गर्ने पद्धति कठिन भएमा, मुद्दाको अत्यधिक चाप (backlog) भएमा, अवहेलनासम्बन्धी कानूनको दुरूपयोग भएमा, काम कारबाहीमा पारदर्शिता र जवाफदेहीता बहन गर्ने पद्धति नभएमा, बार र बेञ्चबीचमा कमजोर सम्बन्ध भएमा, सरकार एवम् सरकारी संयन्त्र कमजोर भएमा, विनयशीलता एवम् नैतिक मूल्य मान्यतामा ह्रास आएमा र अधिकांश जनताहरू अशिक्षित भएको अवस्थामा न्यायपालिकामा विकृति विसङ्गति एवम् भ्रष्टाचार मौलाउन सक्ने देखिन्छ।[७४]

न्यायाधीशहरूको नियुक्ति, सरुवा तथा काज, पेसी व्यवस्थापन, बिचौलियाको प्रभाव, आचार संहिताको उल्लङ्घन एवम् कारबाहीमा असमानताका विषय विकृति विसङ्गतिका प्रमुख कारण भएको देखिन्छ। यी सबै कुराहरूको नियन्त्रण गर्ने एवम् न्यायपालिकाको स्वतन्त्रता र स्वच्छताको प्रवर्द्धन गर्ने तथा न्यायाधीशहरूका कामकारबाहीमा हुने हस्तक्षेप रोक्नसमेत मद्दत पुगोस् भन्ने उद्देश्यले विभिन्न कानूनहरू तथा आचार संहिता जारी गरिएको देखिन्छ।[७५]

---

[७३] न्यायाधीशहरूको आचार संहितामा उल्लेख भएका आचरणका नियमहरू जस्तैः स्वतन्त्रतासम्बन्धी आचरणहरू, निष्पक्षतासम्बन्धी आचरणहरू, निष्ठासम्बन्धी आचरणहरू, सदाचारसम्बन्धी आचरणहरू, समानतासम्बन्धी आचरणहरू, सक्षमता र लगनशीलतासम्बन्धी आचरणहरू।

[७४] Yashveer Singh, Corruption in Indian Judiciary, World wide journal of multidisciplinary research and development, available at: *http://wwjmrd.com/upload/corruption-in-indian-judiciary_1511777721.pdf*, [accessed 4 April, 2021]

[७५] डा आनन्दमोहन भट्टराई, श्रेया संजेल, न्यायिक आचार र न्यायाधीशको आचार संहिता एक अध्ययन, राष्ट्रिय न्यायिक प्रतिष्ठान नेपाल, २०७७ पृ ९. THE FIVE CANONS OF ABA MODEL CODE DIRECTED JUDGES TO: 1) Uphold the integrity and independence of the judiciary 2) Avoid impropriety and

न्याय परिषद्को वार्षिक प्रतिवेदन २०७६/०७७ मा संलग्न आचार संहिता उल्लङ्घनसम्बन्धी उजूरी विवरण हेर्दा अघिल्लो आ.व. बाट जिम्मेवारी सरेका र नयाँ दर्ता भएका गरी कूल १७७ थान उजूरी दर्ता भएकोमा १०९ थान फछ्र्यौट भई ६८ थान उजूरी बाँकी रहेको देखिन्छ।[७६] न्याय परिषद्मा परेका उजूरीको प्रकृति हेर्दा ३१.०७% कार्यक्षमताको अभाव, ६२.१४% खराब आचरण/आचार संहिताको गम्भीर उल्लङ्घन तथा बाँकी ६.७७% इमान्दारीपूर्वक कर्तव्य पालना नगरेको/बदनीयतपूर्वक कामकारबाही गरेको देखिन्छ।[७७] नेपाल कानून व्यवसायी परिषद्ले कानून व्यवसायीहरूको पनि छुट्टै आचार संहिता बनाई लागू गरेको[७८] र उक्त आचार संहिताको उल्लङ्घन गरेको विषयमा हालसम्म ५४ जना कानून व्यवसायीहरूलाई कारबाही गरेको देखिन्छ।[७९] आर्थिक वर्ष २०७६/०७७ मा १०३ थान उजूरीको लगत रहेको मध्ये २२ थान उजूरीमा निर्णय भएको छ भने हाल ८१ थान उजूरीहरू कारबाहीयुक्त अवस्थामा रहेको देखिन्छ।[८०] नेपाल कानून व्यवसायी परिषद्मा परेका उजूरीहरूको प्रकृति हेर्दा कानून व्यवसायीले तारिख गुजारी मुद्दा डिसमिस हुन गएको, वारेसनामा कीर्ते गरेको, पक्षले दिएको लिफामा तमसुक बनाई सम्पत्ति हडप्ने प्रयास गरेको, संघ/संस्थाको रकम हिनामिना गरी मासे खाएको, पक्ष विपक्षी दुबैको तर्फबाट मस्यौदा गरी कानून व्यवसाय गरेको, भ्रष्टाचार मुद्दामा सजाय पाएको व्यक्तिले व्यहोरा लुकाई कानून व्यवसायी प्रमाणपत्र लिएको, अभिवक्ताले अधिवक्ता लेखी कानून व्यवसाय गरेको, न्यायाधीशलाई घुस खान सहयोग पुर्‍याएको, पक्षको लिफा विपक्षीलाई दिई आफ्नो पक्षको अहित गरेको, पक्षलाई झुक्याएर एउटा मुद्दा भनी अन्य कागजातमा सही गराई आफ्नो पक्षको अहित गरेको, मुद्दा चल्दैको अवस्थामा आफ्नो परिवारको नाममा विवादित जग्गा नामसारी गरी लिएको, एउटै मुद्दामा दोहोरो दावी लेखेको लगायत जालसाजी, कीर्ते, ठगी जस्ता क्रियाकलापमा समेत संलग्न रहेको भनी उजूरी पर्ने गरेको देखिन्छ।[८१]

मुद्दाको कारबाही अनुमानयोग्य नहुँदा यसले अनिश्चितता, विकृति एवम् विसङ्गति बढाएको देखिन्छ। मुद्दा व्यवस्थापनको कार्यमा जति पारदर्शिता ल्याउन सकियो उति विकृति विसङ्गतिमा कमी आउँदछ। सर्वोच्च अदालतमा पुराना मुद्दाको उल्लेख्य सङ्ख्याको कारण मुद्दा व्यवस्थापनमा चुनौती थपिनुको साथै विकृति विसङ्गतिको कारण बन्न पुगेको देखिन्छ।

---

appearance of impropriety in all of the judge's activities. 3) Perform the duties of judicial office impartially and diligently 4) So conduct the judge's extra judicial activities as to minimize the risk of conflict with judicial obligation, and 5) refrain from inappropriate political activity

[७६] न्याय परिषद र न्याय सेवा आयोगको वार्षिक प्रतिवेदन २०७६/०७७ को पृ ३७

[७७] न्याय परिषद् सचिवालयको च.नं.४८६, मिति २०७८।३।१० को पत्रद्वारा प्राप्त विवरण

[७८] कानून व्यवसायीको आचार संहिता, २०५१ मा पेशागत आचरणका बारेमा बिस्तृत व्यवस्था गरिएको।

[७९] नेपाल कानून व्यवसायी परिषद् बुलेटिन, वर्ष २३, पूर्णाङ्क २२, साउन २०७७ पृ. १७७

[८०] नेपाल कानून व्यवसायी परिषद् बुलेटिन, वर्ष २३ पूर्णाङ्क २२ पृ. १३९-१४०

[८१] नेपाल कानून व्यवसायी परिषद्को च.नं.४४३, मिति २०७८।३।७ को पत्रद्वारा प्राप्त विवरण

एउटा मुद्दामा एक पक्षबाट धेरै कानून व्यवसायीहरूले लामो समयसम्म बहस पैरवी गर्ने कार्यले अदालतको समयको असन्तुलित रूपमा उपयोग हुन गई सम्पन्न र प्रभावशाली व्यक्तिको मुद्दामा अदालतले धेरै समय खर्चिनु परेको तथा विपन्नको मुद्दामा अदालतले खासै ध्यान दिन नसकेको गुनासो रहेको पाइन्छ।

अनुसन्धानकै क्रममा पक्राउ परेको व्यक्तिलाई दोषी देखाई सञ्चार माध्यममार्फत सार्वजनिक गर्ने तथा अदालतमा विचाराधिन मुद्दाहरूमा राष्ट्रिय स्तरका पत्रिकाको मुख्य समाचार बनाई यसो हुनुपर्छ वा यस्तो हुदैछ भन्ने जस्ता media trial को अभ्यासले न्यायसम्पादनमा असर पारेको देखिन्छ। राजनीतिक विवाद र राजनीतिक दलका नेता कार्यकर्ता संलग्न मुद्दाको विषयलाई लिएर आउने अभिव्यक्ति र क्रियाकलाप, दबाब समूहका गतिविधिहरूले न्यायपालिकाप्रति नकारात्मक धारणा अभिवृद्धि गर्नमा मद्दत पुऱ्याएको देखिन्छ। न्यायपालिका जनताको विश्वास एवम् आस्थामा आधारित संस्था भएकोले यस संस्थाप्रति जनताको विश्वासमा आँच पुग्न सक्ने गतिविधि कतैबाट पनि गरिनु वाञ्छनीय देखिंदैन।

सरकारवादी फौजदारी मुद्दाको अनुसन्धानमा रहेको कमजोरी, अभियोजनको कमजोरी, प्रतिरक्षी कानून व्यवसायीका कमजोरीका कारण न्याय सम्पादनमा पर्ने असरबाट पनि न्यायपालिकाप्रति गुनासो बढेको पाइन्छ। कतिपय अवस्थामा पीडित एवम् अन्य सरकारी साक्षीहरू विभिन्न प्रलोभन, डर धाक धम्कीको प्रभावमा परी अनुसन्धानको क्रममा व्यक्त कथनभन्दा अदालतमा फरक कथन व्यक्त गर्ने कार्यले न्याय सम्पादनमा असर परी न्यायपालिकाप्रतिको विश्वासमा आँच पुगेको देखिन्छ।

एकपटक समाधान भइसकेको विषयमा पनि पटक पटक निवेदन दर्ता गर्नु तथा एउटा विवादित विषयमा एउटा निवेदन दर्ता भइसकेपछि सोही प्रकृतिका धेरै निवेदन दर्ता गर्ने कार्यले अदालतको कार्यबोझ बढ्न गएको देखिन्छ। सार्वजनिक सरोकारको विवादको विषयमा दायर भएको निवेदनमा अत्यधिक संख्यामा कानून व्यवसायीहरू बहस पैरवीको लागि उपस्थित हुने कार्यले नियमित मुद्दाहरूमा अनावश्यक बिलम्ब हुन पुगेको छ। कतिपय अवस्थामा सार्वजनिक सरोकारको निवेदन केवल सस्तो लोकप्रियता (cheap popularity) हासिल गर्ने माध्यमको रूपमा दुरूपयोग गर्ने प्रवृत्ति बढ्दै गएको पाइन्छ।

अदालतबाट प्रतिपादित सिद्धान्तको सरकार एवम् सम्बद्ध निकायबाट पालना हुन नसकेको कारणले अदालतप्रतिको जनआस्थामा प्रतिकूल असर पर्नुका साथै पटकपटक उस्तै प्रकारका मुद्दाको सुनुवाइ गर्नुपर्ने बाध्यताले अदालतमा मुद्दाको चाप बढेको पाइन्छ।

संवैधानिक परिषद् जस्ता निकायमा न्यायिक नेतृत्वको उपस्थितिले राजनीतिज्ञसितको सामिप्यता बढाउन सक्ने तथा सो परिषद्बाट सिफारिस भएका व्यक्तिहरूको नियुक्तिसम्बन्धी प्रश्न

संवैधानिक इजलासबाट निरूपण गर्नुपर्ने हुँदा आफ्नो उपस्थितिमा भएका सिफारिसहरूको वैधता आफैं सम्मिलित इजलासबाट परिक्षण गर्नुपर्ने संवैधानिक व्यवस्थाका कारण प्रधान न्यायाधीशको पदलाई स्वार्थको द्वन्द्वमा ल्याउन सक्ने अवस्थाहरू पनि सिर्जना हुनपुग्ने हुन्छ जुन कार्य न्यायपालिकाको स्वतन्त्रता एवम् न्यायिक स्वच्छताका लागि कतिपय अवस्थामा बाधक बन्न पुग्ने देखिन्छ।

अदालतका काम कारबाहीमा हुने अनियमितता, विकृति, विसङ्गति एवम् कमजोरी न्यायपालिकाको विश्वासमा कमी आउने प्रमुख कारण रहेको पाइन्छ। न्याय निरूपणमा लाग्ने समय, निर्धारित समयमा निर्धारित काम हुने अवस्था नहुनु, सेवाग्राहीको काम सेवा भावका साथ गर्नुपर्दछ भन्ने भावनामा रहेको कमी, कार्यविधिगत एकरूपताको अभाव, स्वविवेकीय अधिकारको प्रयोग न्यायिक मूल्य र मान्यतामा आधारित हुन नसक्नु, केही न्यायाधीशहरूको भ्रष्ट आचरण र भ्रष्ट्राचारजन्य कार्य न्यायपालिकाको समस्याको रूपमा देखा परेका छन्।

न्याय परिषद्ले न्यायाधीशहरूको नियुक्तिको सिफारिस गर्दा कानूनले निर्धारित गरेका योग्यता र मापदण्डलाई पारदर्शी रूपमा वस्तुगत तवरबाट गर्न नसकी अयोग्य र न्यायाधीशमा हुनुपर्ने गुण नभएका व्यक्तिहरू समेत नियुक्ति हुने गरेका तथा भ्रष्टाचारमा संलग्न भई अकुत र अस्वाभाविक सम्पत्ति आर्जन गर्ने न्यायाधीशहरू कानूनी कारबाहीको दायरामा आउन नसक्नुका दोष समग्र न्यायपालिकामाथि नै पर्ने गरेको पाइन्छ।

भ्रष्टाचार र विकृतिजन्य कार्य हुनुमा न्यून तलब एवम् सुविधालाई नै प्रमुख कारण मान्न नसकिए पनि यो पनि एउटा कारण हो भनेर मान्ने गरिन्छ। हाल राज्यबाट प्राप्त तलब एवम् सुविधाले आधारभूत आवश्यकतासमेत पूर्ति हुन नसक्ने देखिंदा यसले पनि भ्रष्टाचार जन्य कार्य गर्न मद्दत गरेको देखिन्छ।

सर्वोच्च अदालत नियमावली, २०७४ अनुसार हाल सर्वोच्च अदालतमा ११ वटा विषयगत समितिहरू रहेका छन्।[८२] नियमावलीले व्यवस्था गरेका यी समितिहरूमा सर्वोच्च अदालतका प्रधान न्यायाधीश वा न्यायाधीश अध्यक्ष र सदस्य रहने व्यवस्था रहेको छ। यी समितिका अलावा न्यायमा पहुँच आयोग, मेलमिलाप परिषद्, केन्द्रीय बाल न्याय समिति, केन्द्रीय कानून पुस्तकालय समितिलगायतका अन्य समितिहरूमा समेत सर्वोच्च अदालतका न्यायाधीशहरू रहनुपर्ने व्यवस्था गरेको पाइन्छ। समितिको कार्यसम्पादन र निर्वाह गर्नुपर्ने भूमिकाको कारण न्याय सम्पादनको महत्त्वपूर्ण समयलाई असर गर्ने देखिन्छ।

---

[८२] सर्वोच्च अदालत नियमावली, २०७४ को परिच्छेद १३ मा पूर्ण बैठक, स्थायी समिति, वरिष्ठ अधिवक्ताको उपाधि सिफारिस समिति, अदालत व्यवस्थापन समिति, सम्पादन तथा प्रकाशन समिति, मुद्दा व्यवस्थापन समिति, मेलमिलाप समिति, सूचना प्रविधि समिति, पुस्तकालय समिति, केन्द्रीय न्याय क्षेत्र समन्वय समिति, अनुसन्धान तथा योजना समिति, मानव संशाधन विकास समितिको व्यवस्था गरेको छ। सो का अलावा अन्य समिति वा कार्यदल समेत गठन गर्न सक्ने व्यवस्था गरेको देखिन्छ।

पूर्व अध्ययन समितिहरूबाट औंल्याइएका समस्या तथा सुझावहरू र वर्तमान अध्ययन समितिबाट गरिएका अन्तरक्रिया कार्यक्रमबाट प्राप्त सुझावहरू, सञ्चार माध्यममा प्रकाशित समाचार तथा अन्य सामग्रीहरू, सामाजिक सञ्जालमा व्यक्त भावनासमेतका आधारमा न्यायपालिकामा देखिएका विकृति, विसङ्गति, अनियमितता, बिचौलियाबाट हुनसक्ने क्रियाकलाप एवम् भ्रष्टाचारजन्य कार्यका मुख्य मुख्य स्रोत एवम् क्षेत्रहरू निम्नानुसार पहिचान गरिएको छः-

### ५.१.१ न्यायाधीश नियुक्तिः

न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता वा भ्रष्टाचार एवम् बिचौलियाबाट हुनसक्ने क्रियाकलापको प्रमुख कारकतत्त्व न्यायाधीशको नियुक्ति बन्दै आएको छ। न्यायाधीशको नियुक्तिको सिफारिस गर्ने कर्तव्य न्याय परिषद्मा रहेको र न्याय परिषद्ले न्यायाधीशको पदमा नियुक्तिको सिफारिस गर्दा कानूनले तोकेको मापदण्डको आधारमा भन्दा पनि मनोगत आधारमा सिफारिस गर्ने गरेको कारण न्यायाधीशको नियुक्ति प्रायसः विवादित बन्ने गरेको देखिन्छ। नेपाल अधिराज्यको संविधान, २०४७, नेपालको अन्तरिम संविधान, २०६३ र नेपालको वर्तमान संविधानले सबै तहका न्यायाधीश नियुक्तिको लागि आवश्यक न्यूनतम योग्यता निर्धारण गरेको देखिन्छ। उपर्युक्त संवैधानिक व्यवस्थाहरूका अतिरिक्त न्याय परिषद ऐन, २०४७[८३] तथा न्याय परिषद् ऐन, २०७३[८४] ले न्यायाधीशको पदमा सिफारिसको आधार तोकेको देखिन्छ। जसअनुसार न्यायाधीश नियुक्तिको लागि संविधान र सोही ऐन बमोजिमको योग्यता पुगेको हुनुपर्ने कुरा उल्लेख छ। उक्त कानूनी व्यवस्थाले वरिष्ठता, अनुभव, विषयवस्तुको ज्ञान, कार्यकुशलता, इमान्दारिता, निष्पक्षता, पेशागत तथा नैतिक आचरण, सार्वजनिक जीवनमा आर्जन गरेको ख्याति, न्याय र कानूनको क्षेत्रमा गरेको योगदान समेतका दृष्टिकोणबाट न्यायाधीश पदमा नियुक्त गर्न उपयुक्त देखिएमा मात्र नियुक्त गर्नुपर्ने व्यवस्था गरेको छ। कतिपय अवस्थामा नातावाद, कृपावाद, संरक्षणवाद, भागबण्डाका आधारमा नियुक्तिको सिफारिस गर्ने परिपाटीका कारण वरिष्ठता, अनुभव, विषयवस्तुको ज्ञान, कार्यकुशलता, इमान्दारिता, निष्पक्षता, पेशागत तथा नैतिक आचरण, सार्वजनिक जीवनमा आर्जन गरेको ख्याति, न्याय र कानूनको क्षेत्रमा गरेको योगदान समेत उपेक्षित बनेका छन् जसको कारण यदाकदा न्यूनतम् योग्यता नपुगेका र अनुभव शून्य व्यक्ति पनि न्यायाधीश नियुक्तिको सिफारिसमा पर्ने गरेका, राजनीतिक हस्तक्षेपका आधारमा सिफारिस हुने गरेका र आर्थिक

---

[८३] दफा ४ मा न्याय परिषद्ले न्यायाधीशको पदमा नियुक्तिको सिफारिस गर्दा सिफारिस गर्नुपर्ने कारण र आधार समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने व्यवस्था गरेको। साथै उक्त दफामा संविधान र अन्य कानूनबमोजिम न्यायाधीशको पदमा नियुक्ति हुन योग्यता पुगेको, वरिष्ठता, अनुभव, विषयवस्तुको ज्ञान, कार्यकुशलता, ईमान्दारीता, निश्पक्षता र नैतिक आचरण इत्यादि कुराहरूको दृष्टिकोणबाट न्यायाधीशको पदमा नियुक्त गर्न उपयुक्त भएको कुरा हेर्नुपर्ने।

[८४] दफा ५ मा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सिफारिस गर्नुपर्ने। संविधान र ऐनले तोकेको योग्यता पुगेको तथा वरिष्ठता, अनुभव, विषयवस्तुको ज्ञान, कार्यकुशलता, ईमान्दारी, निष्पक्षता, पेशागत तथा नैतिक आचरण, सार्वजनिक जीवनमा आर्जन गरेको ख्याती, न्याय र कानूनको क्षेत्रमा गरेको योगदान समेतका दृष्टिकोणबाट न्यायाधीश पदमा नियुक्त गर्न उपयुक्त भएको र न्यायाधिशको नियुक्तिको लागि तयार गरिएको अभिलेखमा नाम समावेश भएको हुनुपर्ने।

चलखेलले समेत प्रश्रय पाउने गरेको भन्ने विषयले स्थान पाएको देखिन आएको छ। यसको कारणबाट समुच्च नियुक्ति नै विवादमा पर्ने गरेको पाइयो।

### ५.१.२ न्यायाधीशहरूको सरुवा तथा काजः

न्याय परिषद्बाट गरिने न्यायाधीशको सरुवामा स्पष्ट र न्यायपूर्ण मापदण्ड अवलम्बन नगरी नातावाद, कृपावाद, संरक्षणवाद, भागबण्डा र बाह्य प्रभावका आधारमा सरुवा हुने कारणले न्यायाधीशहरूमा काम गर्ने उत्साह र उत्प्रेरणामा कमी आई नैराश्यता (Frustration) उत्पन्न भएको पाइएको छ। कानूनमा स्पष्टतः सुगम र दुर्गम सबै ठाउँमा सबै न्यायाधीशहरूले कार्य गर्ने अवसर प्राप्त गर्नुपर्ने व्यवस्था रहे तापनि कसैले सुगमै सुगम, कसैले दुर्गमै दुर्गम जानुपर्ने नियति भोग्नुपर्ने गुनासो रहेको पाइयो। त्यसैगरी काज सरुवाको समेत व्यापक दुरूपयोग भएबाट न्यायाधीशहरूले मनोबल खस्केको अनुभूति गरेको पाइयो। काज सरुवा निहित स्वार्थको रूपमा प्रयोग हुन थालेको भन्ने पनि व्यापक चर्चामा आएको छ। यतिसम्म कि कसैकसैले सरुवा भएको ठाउँमा जाँदै नगई अनुकूलको ठाउँमा काजमा रही परिणामतः सरुवाको स्थान ग्रहण गरी कार्यरत रहने गरेको गुनासो रहेको पाइयो।

### ५.१.३ न्यायाधीशहरूउपरको कारबाहीमा असमानताः

न्याय परिषद ऐन, २०७३ मा न्यायाधीशहरूका काम कारबाहीहरूको जाँचबुझ गर्ने तथा त्रुटी देखिएमा कारबाही गर्ने प्रष्ट आधारहरू उल्लेख भएको पाइन्छ। तथापि, न्यायाधीश उपर कार्यक्षमताको अभाव[८५], खराब आचरण वा आचार संहिताको गम्भीर उल्लङ्घन[८६],

---

[८५] न्याय परिषद ऐन,२०७३ को दफा १० मा कार्यक्षमताको अभावको व्यवस्था गरिएको छ। जसअनुसारः

(क) उचित कारण बिना कानूनद्वारा निर्धारित अवधिभित्र मुद्दाको कारबाही र किनारा नगरेमा,

(ख) मुद्दामा एकैपटक गर्न सकिने आदेश वा निर्णय एकैपटक नगरी वा कानून बमोजिम मुलतबी राख्नु नपर्ने मुद्दा मुलतबी राखी वा मुलतबी रहेको मुद्दा नजगाई असान्दर्भिक वा कानून प्रतिकूल कारबाही वा आदेश गरी मुद्दालाई अनावश्यक रूपमा लम्ब्याएमा,

(ग) मुद्दाको कारबाही र किनारा गर्दा स्वभाविक रूपमा भन्दा कम मात्रामा कार्यसम्पादन गरेमा,

(घ) मुद्दाको कारबाही र किनारा गर्दा असान्दर्भिक कानूनको प्रयोग गरी वा कानूनको स्पष्ट र असंदिग्ध व्याख्या वा अर्थलाई उपेक्षा गरी अर्कै व्याख्या वा अर्थ गरी कारबाही र किनारा गरेमा,

(ङ) एकै किसिमको कानूनी प्रश्न रहेको भिन्न भिन्न मुद्दामा भिन्न भिन्न राय कायम गरी कारबाही वा निर्णय गरेमा,
तर कुनै मुद्दामा पहिले व्यक्त गरेको राय त्रुटिपूर्ण रहेको ठानी आधार र कारण खुलाई रायमा परिवर्तन गरेकोमा यो खण्ड लागू हुने छैन।

(च) मुद्दाका पक्षलाई उपस्थित गराएको वा तारिखका दिन मनासिब कारण बिना गर्नु पर्ने काम नगरी पन्छाएकोमा,

(छ) प्रमाण बुझ्ने आदेश गर्दा पक्षहरूको मुख मिलेको र नमिलेको तथ्य वा प्रश्न स्पष्ट नगरी प्रमाण बुझ्ने मात्र आदेश गरेमा, वा

(ज) सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तको प्रतिकूल निर्णय गरेमा, वा

(झ) पदीय दायित्व निर्वाह गर्नका लागि अपेक्षित स्तरको कार्यक्षमता नरहेको पुष्टि हुने अन्य कुनै काम गरेमा।

[८६] न्याय परिषद ऐन, २०७३ को दफा ११ मा खराब आचरण वा आचार संहिताको गम्भीर उल्लंघनको व्यवस्था गरेको छ। जसअनुसारः

क) भ्रष्ट्राचार, जवरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धिकरण, राहदानी दुरूपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूर गरेमा,

ख) लागू औषधको सेवन गरेमा,

ग) अदालतको समयमा मादक पदार्थ सेवन गरेमा,

घ) सार्वजनिक स्थल वा समारोहमा अशिष्ट वा उच्छृङ्खल व्यवहार गरेमा,

ङ) राजनीतिमा भआग लिएमा

इमान्दारीपूर्वक कर्तव्य पालन नगरेको[८७] जस्ता आधारमा न्याय परिषद्बाट हुने कारबाही सम्बन्धी विषयहरू पनि यदाकदा विवादास्पद रहेको देखिन्छ। शक्ति केन्द्र र जिम्मेवार पदाधिकारीसँग नजिक रहेका न्यायाधीशहरू कारबाहीको दायरामा नआउने तर असल, इमान्दार, चरित्रवान न्यायाधीशहरूले न्याय सम्पादनको कार्य गर्दा कारबाहीको भय र त्रासमा रहनुपर्ने अवस्था रहेको भन्ने व्यापक रूपमा गुनासो आएको पाइन्छ। कारबाही हुँदाको अवस्थामा पनि उही र उस्तै प्रकारका गल्ती गर्ने न्यायाधीशउपर समान स्तरको कारबाही नगरी फरकफरक कारबाही गरेको कारण न्यायाधीशहरूले आफूले स्वतन्त्रतापूर्वक न्याय सम्पादन गर्नसक्ने अवस्था नरहेको महसुस गरेको पाइयो।

शक्तिको आडमा र जिम्मेवार पदाधिकारीको संरक्षणमा भ्रष्टाचारजन्य कार्यबाट अकूत सम्पत्ति आर्जन गरी अस्वाभाविक जीवनशैली देखाएका सम्पत्ति आर्जन गर्ने न्यायाधीशहरूको सम्पत्ति अपारदर्शी भएको र त्यस्ता न्यायाधीशहरूलाई कारबाहीको दायरामा ल्याउन नसकेको कारण विकृति, विसङ्गति र भ्रष्टाचार मौलाएको छ भन्ने आम सरोकारवालाहरूको गुनासो रहेको पाइन्छ।

### ५.१.४ भ्रष्टाचार र बिचौलियाको भूमिकाः

पूर्व अध्ययन प्रतिवेदनहरू, हाल अध्ययनको क्रममा प्राप्त सुझावहरू र सञ्चार माध्यममा प्रकाशित सामग्रीहरूले कतिपय न्यायाधीशहरू भ्रष्टाचारमा संलग्न रहेका छन् भन्ने तथ्य उजागर भएको छ। भ्रष्टाचारमा संलग्न न्यायाधीशहरूले भ्रष्टाचारका विभिन्न माध्यमहरू अपनाएका छन्।[८८]

पूर्व अध्ययन प्रतिवेदनहरूले पहिचान गरेका बिचौलियाका विभिन्न स्वरूपहरूको अलावा पूर्णकालीन पेशेवर बिचौलियाहरूको पनि न्यायालयमा व्यापक प्रभाव रहेको देखिन्छ। बिचौलियाहरूले न्यायाधीश र मुद्दाका पक्षहरू बीच भ्रष्टाचारका निमित्त सम्पर्क सुत्रको रूपमा

---

तर कानून बमोजिम मताधिकारको प्रयोग गरेको विषयलाई राजनीतिमा भाग लिएको मानिने छैन।

च) अनुचित प्रभावमा परी वा कानून विपरित मुद्दामा कारबाही र किनारा गरेमा,

छ) सरकारी वा सार्वजनिक सम्पत्ति वा आफूलाई प्राप्त कुनै सुविधाको दुरूपयोग गरेमा ,वा

ज) इजलासमा रहँदा अदालतको मर्यादा भङ्ग हुने वा पदीय अनुशासन वा मर्यादाको प्रतिकूल हुने कुनै आचरण गरेमा।

२) न्यायाधीशले यस ऐन बमोजिम बनाएको आचार संहिताको गम्भीर उल्लंघन हुने कार्य गरेमा वा त्यस्तो आचार संहिताको पटक पटक उल्लंघन गरेमा आचार संहिताको गम्भीर उल्लंघन गरेको मानिनेछ।

[८७] न्याय परिषद ऐन, २०७३ को दफा १२ मा इमान्दारीपूर्वक कर्तव्य पालना नगरेको कुराको उल्लेख गरिएको छ। जसअनुसारः

क) मुद्दालाई पन्छाउने ,लम्ब्याउने वा अनुचित रूपमा प्रभाव पार्ने मनसायले कुनै काम गरेमा

ख) मनासिव कारण बिना निर्धारित समयमा इजलासमा नबस्ने वा मुद्दाको सुनुवाइ नगरेमा,

ग) मनासिव कारण बिना निर्धारित समयभित्र फैसला वा आदेश नलेखेमा,

घ) बिना स्वीकृत नगराई पटक पटल अदालतमा अनुपस्थित हुने गरेमा वा

ङ) माथिल्लो अदालतले दिएको आदेश वा प्रशासकीय विषयमा प्रधान न्यायाधीश ,उच्च अदालतको मुख्य न्यायाधीश वा निरीक्षण गर्ने न्यायाधीशले दिएको निर्देशनको मनासिब अवधिभित्र पालन नगरेमा।

[८८] विकृतिविहीन न्यायपालिकाको विकास अध्ययन प्रतिवेदन, २०६६ को पृष्ठ ७१, न्यायपालिकामा विकृति विसंगती अध्ययन समितिको प्रतिवेदन, २०७२ को पृष्ठ ८५

काम गरेको देखिन्छ। बिचौलियाको कारण मुद्दा नै किनबेच हुने अपसंस्कृतिको विकास भएको भन्ने भनाई पनि व्याप्त देखिन्छ। गैरकानूनी काम गराउने बिचौलियाहरूको प्रमुख उद्देश्य रहेको पाइन्छ। बिचौलियाहरूले असल न्यायाधीशलाई खराबउन्मुख हुन उक्साउने गर्दछन्। बिचौलियाका कारण न्याय सम्पादनमा अविश्वासको वातावरण पैदा भएको धेरैको भनाई रहेको देखिन्छ। यस्ता बिचौलियाहरूको कारण न्यायिक कामकारबाहीमा नकारात्मक प्रभाव परी कतिपय अवस्थामा न्यायमा नै विचलन आएको देखियो। शक्ति सम्पन्न प्रभावशाली व्यक्तिहरूको संरक्षणमा बिचौलियाहरूले आफ्नो अवाञ्छित गतिविधि सञ्चालन गर्दासमेत यस्ता बिचौलियाहरूलाई कानूनको दायरामा ल्याएको देखिंदैन। कतिपय न्यायाधीशको सामाजिक कार्यहरूमा बिचौलियाहरूले सहयोग गरी न्याय सम्पादन प्रक्रियामा प्रभाव पार्ने गरेको भन्ने बुझाई रहेको पाइन्छ।

मुद्दाका पक्षले आफ्नो कानून व्यवसायीलाई पेसी सूची प्रकाशित हुनुपूर्व नै आफ्नो मुद्दा फलानो इजलासमा पर्छ र सो मुद्दामा छोटो बहस गरिदिनुहोला वा मुद्दा नहटाइदिनु होला भनी आग्रह गर्ने गरेको एवम् उक्त मुद्दा सोही इजलासमा पर्ने र पूर्व कथन अनुसार नै मुद्दाको परिणाम आउने गरेको भन्ने कानून व्यवसायीहरूबाट गुनासो रहेको देखिन्छ। त्यसैगरी जिम्मेवार पदाधिकारीको परिवर्तनको साथसाथै बिचौलियाहरूको पनि परिवर्तन हुने गरेको कानून व्यवसायीहरू र सरोकारवालाहरूको धारणा रहेको पाइयो।

जिल्ला अदालतहरूमा शुरुदेखि अन्त्यसम्म एउटै न्यायाधीशले मुद्दा हेर्ने प्रणालीको कारणबाट भ्रष्टाचारजन्य कार्यमा संलग्न न्यायाधीशहरूले आफूलाई मुद्दा तोकिनासाथ सेवाग्राहीकोमा बिचौलिया पठाई भ्रष्टाचार गर्न सहज वातावरण सिर्जना भएको सरोकारवालाहरूको बुझाई रहेको पाइयो।

### ५.१.५ न्यायिक काम कारबाहीमा हुने ढिलाइः

न्यायपालिकाको सबैभन्दा महत्त्वपूर्ण काम भनेको न्याय सम्पादन गर्नु नै हो। हाल देशभरीका अदालतहरूमा २ वर्ष पुराना मुद्दाहरूको सङ्ख्या २३ हजारभन्दा बढी रहेको छ।[८९] जसमध्ये ९ हजार पाँचसयभन्दा बढी मुद्दा विभिन्न जिल्ला अदालतहरूमा, करिब एकहजार थान मुद्दा उच्च अदालतहरूमा छन् भने बाँकी १३ हजार थान मुद्दा सर्वोच्च अदालतमा रहेका छन्। सर्वोच्च अदालतमा मात्र पाँच वर्ष नाघेका पुराना मुद्दाको सङ्ख्या ३ हजार थानभन्दा बढी रहेको देखिन्छ। जतिबढी न्यायिक काम कारबाहीमा ढिलाइ हुन्छ त्यति बढी विकृति एवम् विचलनको सम्भावना हुने हुन्छ। न्याय सम्पादनको कार्यबाट जनताको विश्वास आर्जन गर्नुपर्ने न्यायपालिकाको लागि पुराना मुद्दाको अत्यधिक चाप चुनौतीको विषय बनेको छ।

[८९] सर्वोच्च अदालत,अनुसन्धान तथा योजना महाशाखामा २०७७ फागुन मसान्तसम्म प्राप्त मासिक तथ्याङ्कको आधारमा उल्लेख गरिएको।

मुद्दा ढिलाइ हुनमा मुद्दाका पक्ष स्वयम्‌को भूमिका, कानून व्यवसायीले बारम्बार पेसी स्थगित गर्नु, कर्मचारीको भूमिका, इजलास समयमा नबस्ने, पर्याप्त जनशक्ति र भएका जनशक्तिको उचित व्यवस्थापनको अभाव, म्याद तामेली समयमा नहुने, सरोकारवालाहरूको असहयोग, मुद्दाका पक्षका अवस्थालाई हेरेर मुद्दा छिन्न न्यायाधीशहरूमा रहेको त्रास, आदि कारणहरू रहेको पाइन्छ।

### ५.१.६ न्यायिक प्रक्रियामा हुने अनियमितताः

न्यायिक प्रक्रियामा हुने अनियमितताको सम्बन्धमा निम्नबमोजिम समस्याहरू रहेको पाइयोः

- कानूनबमोजिम प्राथमिकतामा पर्ने कतिपय मुद्दाहरूका पक्षले लामो समयसम्म पेसीको समय नपाउने तर कतिपय मुद्दाहरू जो प्राथमिकतामा पनि पर्दैनन् त्यस्ता मुद्दाका पक्षहरूले एकदमै छिटोछिटो पेसीको समय पाउने गरेका;
- मुद्दाको दर्ताक्रम र प्राथमिकता अनुसार मुद्दाको पालो पाउने गरी पेसीमा चढ्ने नगरेको;
- केही मुद्दामा पक्षहरूका प्रभावमा परी अन्तरिम आदेश पाएका पक्षको मुद्दा पेसीमा चढ्नै नदिने गरेको;
- मुद्दामा पेसी तारिख दिने क्रममा पहिला आउने पक्षलाई अगाडिको मितिको पेसी दिनुपर्नेमा सो नगरी पेसी तारिख दिने कार्यमा चलखेल गरी पछाडि आउने पक्षलाई पनि अगाडिको पेसी दिने साथै पेसीको बेहोरा एकैपटक सफ्टवेयरमा प्रविष्ट नगरी कागजमा पेसी जनाई विकृति, विसङ्गति गर्ने गरेको;
- साप्ताहिक पेसी सूचीमा र दैनिक पेसी सूचीमा चढेका पुराना मुद्दाहरू कुनै हप्ता एकदम अघिल्लो क्रममा र कुनै हप्ता एकदम पछिल्लो क्रममा पर्ने गरेको;
- अदालतमा कानूनबमोजिम लाग्ने दस्तुरमा बढी लिने, दस्तुरै नलाग्नेमा पनि दस्तुर असुल्ने जस्ता फाँटका कामकारबाहीलाई नियन्त्रण गर्नका लागि बैंकिङ प्रणाली लागू भए तापनि सो प्रवृत्तिमा कमी आउन नसकेको;
- फाँटमा हुनसक्ने अनियमित क्रियाकलापलाई रोक्नका लागि जडान गरिएका सि.सि.टि.भि. लगायतका विद्युतीय उपकरणहरूबाट पनि अनियमिततामा कमी आउन नसकेको सरोकारवालाहरूको गुनासो रहेको;
- नागरिक बडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वयनमा सम्बन्धित अधिकारीले चासो नदेखाएको कारण ती सेवाहरू बडापत्रमा मात्रै सीमित हुन पुगेको;

- मुद्दाका पक्षहरूलाई अदालतमा उपस्थित हुने समय बिहान १०:०० बजे किटान गरी पठाउने तर समयमा आउने पक्षले सजाय भोगेजसो गरी अर्को पक्ष नआउन्जेल तारिख नदिई कुरेर बस्नुपर्ने;

### ५.१.७ सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजनमा हुने कमजोरीः

सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजनमा निम्नबमोजिमका कमजोरीहरू रहेको पाइन्छः

- कतिपय मुद्दाको अनुसन्धान दबाब, प्रभाव, प्रलोभन, मोलाहिजा, हस्तक्षेप र असक्षमताको कारणले फितलो हुने गरेको;
- भौतिक र वैज्ञानिक प्रमाणमुखी अनुसन्धानको सट्टा मौखिक प्रमाणलाई आधार बनाई अनुसन्धान गर्ने गरिएको;
- अनुसन्धानकर्ता र अभियोजनकर्ताको बीचमा कानूनबमोजिम हुनुपर्ने समन्वय र सहकार्यको अभावमा अनुसन्धान हुने गरेको;
- व्यावसायिक एवम् विशेषज्ञ अनुसन्धानकर्ताको छुट्टै इकाइ स्थापना गर्न नसकिएको;
- आधुनिक प्रविधिको प्रयोग गरी आर्थिक, बहुउद्देश्यीय र बहुर्राष्ट्रिय प्रकृतिका संगठित अपराधको अनुसन्धान गर्नका लागि विशेष प्रकृतिको जनशक्ति, स्रोत साधन, सीप र क्षमता विकास हुन नसकेको;
- जाहेरी दरखास्त पर्नासाथ निष्पक्षतापूर्वक छानबिन नगरी जाहेरीमा उल्लिखित व्यक्ति अपराधी नै हो भन्ने परम्परागत सोचबाट अनुसन्धान हुने गरेको;
- प्रमाणलाई मजबुत बनाउनका लागि र अनुसन्धानलाई कम खर्चिलो र परिणाममुखी बनाउनका लागि गरिएको Plea bargaining को पद्धतिलाई अँगाल्न नचाहेको;
- अपराध पीडितलाई राहत तथा क्षतिपूर्ति दिनुपर्ने मुद्दामा अभियुक्तको आर्थिक हैसियत र सोको प्रमाण एवम् मुद्दाको प्रकृति र पीडितलाई पुगेको क्षतिको विवेचना गरी अनुसन्धान र अभियोजन गर्ने नगरेको;
- अनुसन्धान अधिकारीलाई अभियोजनकर्ताबाट दिइने निर्देशनसम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी रूपमा पालना हुन नसकेको;
- अनुसन्धानको क्रममा वैज्ञानिक परीक्षण हुनुपर्ने चिजवस्तुको समयमै परीक्षण भई प्रतिवेदन प्राप्त हुने नगरेको;

- अपराधको प्रकृति, पीडितको अवस्था र अभियुक्तको प्रवृत्ति समेतलाई दृष्टिगत गरी आवश्यकता र उपयुक्तताको आधारमा अनुसन्धानको क्रममा अभियुक्तलाई तत्काल पक्राउ नगरी कसूरमा संलग्न रहेको देखिने निश्चित प्रमाण सङ्कलन भएपछि मात्र पक्राउ गरी बयान गराउने, धरौट जमानत राखी अनुसन्धान गर्ने जस्ता मुलुकी फौजदारी कार्यविधि संहिताले गरेको कानूनी व्यवस्था कार्यान्वयनमा आउन नसकेको;
- जरुरी पक्राउपुर्जी सम्बन्धी कानूनी व्यवस्थाको सही प्रयोग नभएको;
- अभियुक्तले आफूले रोजेको कानून व्यवसायीसँग कानूनी परामर्श गर्न पाउने मौलिक हकको प्रभावकारी कार्यान्वयन हुन नसकेको;
- अनुसन्धान तथा अभियोजनमा संलग्न जिम्मेवार पदाधिकारीले आफैंले चाहेको कानून व्यवसायीहरू नियुक्ति गर्न बाध्य गराउने प्रवृत्तिले गर्दा मुद्दामा अनुचित चलखेल गर्ने जटिल समस्या रहेको;
- जाहेरीमा उल्लिखित सबै व्यक्तिहरूलाई प्रतिव्यक्ति प्रमाणहरूको अभावमा एकमुष्ठ अभियोग लगाई गोश्वारा रूपमा अभियोजन गर्ने गरेको;
- कतिपय अवस्थामा मुख्य अभियुक्त उपर मुद्दा नै नचलाई उन्मुक्ति दिने तर अन्य अभियुक्तलाई निजले गरेको भन्दा बढी सजाँयको मागदाबी लिने गरेको;

**५.१.८ न्याय सम्पादन प्रक्रियामा देखिएका समस्याहरूः**

न्याय सम्पादन प्रक्रियाका क्रममा देखिएका समस्याहरू निम्नबमोजिम छन्:

- पद, पैसा, पहुँच र शक्तिसम्पन्न व्यक्ति संलग्न मुद्दाहरूमा अधिक सङ्ख्यामा कानून व्यवसायी राखी अदालतको समय अत्यधिक खर्चनुपर्ने अवस्था उत्पन्न भई सामान्य हैसियतका सेवाग्राहीहरूको मुद्दाले पालो नपाउने स्थिति रहेको;
- न्यायाधीशहरूको कार्यगत स्वतन्त्रता न्यायपालिकाको स्वतन्त्रताको महत्त्वपूर्ण अवयव मानिन्छ। न्यायाधीशलाई नियामक निकायका पदाधिकारी र माथिल्लो तहका अदालतका न्यायाधीशबाट कार्यगत स्वतन्त्रतामा हस्तक्षेप गर्ने कार्यले अदालतमा विचाराधीन मुद्दाको निर्णयमा यदाकदा प्रभाव पार्ने गरेको;
- एउटा इजलासले दैनिक रूपमा सुनुवाइ गर्न सम्भव हुने मुद्दाको तुलनामा अत्यधिक सङ्ख्यामा मुद्दाहरूको पेसी सूची प्रकाशन हुने गरेको;
- नियमावलीले निर्धारण गरेको समयमा इजलास नबस्ने गरेको;
- नजिरको पालनामा वेवास्ता गरी नजिर पालना नगर्ने प्रवृत्ति बढदै गएको;

- स्वविवेकीय अधिकारको प्रयोगमा अवलम्बन गर्नुपर्ने न्यायिक मूल्य र मान्यताको कमी देखिएको कारण न्यायमा प्रभाव परेको;
- न्यायिक कार्यसम्पादनका क्रममा अवलम्बन गर्नुपर्ने कार्यविधि कानूनको प्रयोगमा एकरूपता हुन नसकेको;
- अदालतको महत्त्वपूर्ण समयलाई अत्यधिक उपयोग गरी सबै मुद्दाका पक्षहरूलाई समान समय उपलब्ध गराउनेतर्फ इजलासको सक्रिय भूमिका रहन नसकेको;
- बहस व्यवस्थापनमा इजलास र कानून व्यवसायीको समन्वयात्मक भूमिकाको अभाव रहेको;
- सार्वजनिक सरोकारका नाममा संविधान र कानूनसँग असम्बन्धित रहेका जस्तासुकै विवादका विषयहरूलाई पनि अदालतमा प्रवेश गराउने परिपाटीका कारण अदालतको महत्त्वपूर्ण समय अनावश्यक रूपमा खेर गएको;
- अदालतमा विचाराधीन मुद्दालाई प्रभावित गर्ने गरी विभिन्न सञ्चार माध्यममा सामग्री प्रकाशन हुने गरेको कारण न्याय सम्पादनमा असर पर्ने गरेको;
- राजनीतिक विवाद समावेश भएका मुद्दा र राजनीतिक नेता तथा कार्यकर्ता संलग्न मुद्दामा राजनीतिक दल तथा नेता कार्यकर्ताबाट विचाराधीन मुद्दालाई प्रभावित गर्ने अभिव्यक्ति र क्रियाकलापले न्याय सम्पादनमा प्रतिकूल असर पारेको;
- राजश्व न्यायाधीकरण, ऋण असूली पुनरावेदन न्यायाधीकरणको संरचनाका कारण न्याय सम्पादनमा कतिपय अवस्थामा समस्या सिर्जना भएको;
- न्यायाधीशहरूले आफ्नो प्रचारका लागि आफूले गरेका फैसला वा आदेशहरू सामाजिक सञ्जाल वा समाचार माध्यममा प्रकाशित गर्ने गराउने र प्रतिरक्षा गर्ने प्रवृत्ति बढ्दै गएको;
- न्याय सम्पादनका लागि अतिआवश्यक समितिहरूबाहेकका समितिहरूमा समेत न्यायाधीशहरूको संलग्नता हुने गरेको कारण इजलासको समय प्रभावित हुने गरेको;
- मुद्दाको टिपोट प्रणाली कार्यान्वयनमा नआएको र तारिख गुजारे नगुजारेको, रीतपूर्वक म्याद तामेल भए नभएको, लिखित जवाफ परे नपरेको, पुनरावेदन परे नपरेको विषयमा समेत इजलासले नै हेर्नुपरेको कारण न्याय सम्पादनमा विलम्ब हुने गरेको;

- बयान बकपत्रलगायतका न्यायाधीश संलग्न भई गराउनुपर्ने कार्यमा न्यायाधीशहरूको सार्थक सहभागिता नरहेको कारण प्रमाण सङ्कलन प्रक्रिया र नतीजामासमेत असर पर्ने गरेको;
- फौजदारी मुद्दामा महत्त्वपूर्ण प्रमाणको स्थान ग्रहण गर्ने साक्षी परीक्षणलाई सरकारी पक्ष र प्रतिरक्षी कानून व्यसायीहरूले समेत उचित महत्त्व नदिएका कारण प्रमाण सङ्कलनमा प्रतिकूल असर परेको;
- न्यायालयमा निर्माण भएका तथा हुने भौतिक संरचनाहरू एवम् प्रयोग हुने भाषा लैङ्गिक मैत्री नहुँदा काम गर्ने उत्प्रेरणामा कमी आएको तथा फरक क्षमताका व्यक्तिहरूप्रति अपनाइनुपर्ने संवेदनशीलतामा उचित ध्यान पुऱ्याउन नसकिएको कारण त्यस्ता व्यक्तिको न्यायमा सहज पहुँच बढाउन नसकिएको;
- कतिपय अवस्थामा सरकारी मुद्दामा सरकारी साक्षी अदालतमा बकपत्रका लागि उपस्थित नै नहुने, उपस्थित भए पनि प्रतिकूल (hostile) बकपत्र गर्ने गरेको;
- पीडित र साक्षीको सुरक्षाको प्रत्याभूतिसम्बन्धी कानूनी व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको;
- मुद्दाको सारसंक्षेप प्रस्तुत गर्ने प्रणाली औपचारिकतामा सीमित रहेको;
- केही फौजदारी कानूनमा भएको अस्पष्ट, द्विविधाजनक र त्रुटिपूर्ण कानूनी व्यवस्थाको कारणबाट न्याय सम्पादनको कार्यमा कठिनाई उत्पन्न हुने गरेको। जस्तैः मुलुकी अपराध संहिता, २०७४ ले तीन जना वा तीन जना भन्दा बढीको जमात भई चोरी गरेमा डाँका चोरी हुने व्यवस्था गरेको छ। संगठित अपराध निवारण ऐन, २०७० मा संगठित वा असंगठित तीन वा तीन भन्दा बढी व्यक्तिहरुको समूहले तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूर गरेमा सो ऐन अनुसारको कसूर हुन सक्ने व्यवस्था भएकोले तीनजना वा सोभन्दा बढी व्यक्ति संलग्न भई गरेका त्यस किसिमका सबै अपराध संगठित अपराध हुने हुन् कि भन्ने बुझाइ पनि रहेको पाइन्छ। यसको प्रयोगमा एकरूपता छैन। अपराधको प्रकृति र तौर तरिकाभन्दा संलग्न व्यक्तिको संख्याको आधारमा अपराधको गाम्भीर्यता बढाउने अर्थ गर्न मिल्ने गरी भएका त्रुटिपूर्ण र द्विविधाजनक कानूनहरूले अप्ठेरो पार्ने गरेको। यसैगरी, बालबालिकाको उमेर १६ वर्षबाट बढाइ १८ वर्ष कायम गरेका कारण पारिवारिक मञ्जुरीका आधारमा र केटा र केटीको मञ्जुरीका आधारमा गरिएका वैवाहिक क्रियाकलापलाई समेत कतिपय अवस्थामा जवरजस्ती करणीको अभियोग दायर गर्ने गरेका कारण समस्या उत्पन्न भएको;

- त्यसैगरी, एउटै अपराधजन्य कार्यका सम्बन्धमा फरफ फरक कानूनले कसूर मान्ने र फरक फरक सजाय हुनसक्ने प्रावधान भएकोले पनि न्याय सम्पादनको काममा असर पारेको छ। जस्तैः जातीयताको आधारमा छुवाछुत तथा भेदभाव गर्ने कार्यलाई मुलुकी अपराध संहिता, २०७४ ले पनि अपराधिक कार्य मानी सजायको व्यवस्था गरेको छ भने त्यस्तो कार्यलाई जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ ले पनि कसूर मानी फरक सजायको व्यवस्था गरेको पाइन्छ। त्यसैगरी, नाप्ने वा तौलने साधनलाई घटीबढी वा नक्कली बनाउने कसूरका सम्बन्धमा मुलुकी अपराध संहिता र स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ मा फरक फरक व्यवस्था भएको पाइन्छ। चेक अनादर कसूरका सम्बन्धमा बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ र विनिमेय अधिकार पत्र ऐन, २०३४ मा दोहोरो व्यवस्था छ भने यस्ता कसूरका सम्बन्धमा ठगी, लेनदेन व्यवहार, करार अन्तर्गत मुद्दा दायर हुने प्रचलन पनि देखिन्छ;
- व्यक्तिगत तथा निहित स्वार्थपूर्तिका लागि अनावश्यक मुद्दा सिर्जना गर्ने र आफू अनुकूलको परिणाम प्राप्त गर्न दबाब दिन खोज्ने व्यक्ति वा समूहको प्रभावका कारणबाट त्रासको वातावरण सिर्जना भई अनुसन्धान, अभियोजन तथा निश्पक्ष न्याय सम्पादन गर्न कठिनाइ भएको;
- राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था (NGO/INGO) हरूको गतिविधिबाट यदाकदा अनुसन्धान, अभियोजन तथा न्याय सम्पादन प्रभावित हुने गरेको;
- कतिपय मुद्दाहरूमा फैसला तथा अन्तिम आदेशको पूर्णपाठ समयमै तयार हुन नसकेको;
- निर्णय सुनाउन तोकिएको तारिख पटकपटक सर्न गई निर्णय नसुनाई अस्वाभाविक रूपमा लम्बिन गएको कारण आशंकाको स्थिति सिर्जना हुने गरेको;
- अन्तरिम आदेश जारी भएका मुद्दामा लामो समयसम्म टुङ्गो नलाग्दा विकास निर्माणलगायत अन्य काम कारबाहीमा अन्यौलता देखिएको;

### ५.१.९ फैसला कार्यान्वयनसम्बन्धी समस्याहरूः

फैसला कार्यान्वयनका सम्बन्धमा देखिएका समस्याहरू निम्नबमोजिम छन्ः

- फैसलाबमोजिम कैद तथा जरिवाना लागेका व्यक्तिहरूको पहिचान खुल्ने व्यक्तिगत विवरणसहित वतन यकीन नभएको तथा लगत अद्यावधिक हुन नसकेको कारण फैसला कार्यान्वयनमा कठिनाइ उत्पन्न भएको;

- फैसला कार्यान्वयनका लागि सहयोगी भूमिकामा रहेका निकायहरूको सहयोग गर्ने भावनामा कमी रहेको;
- फैसला कार्यान्वयनका लागि सहयोगी भूमिकामा रहेका निकायहरूसँग आवश्यक र उचित समन्वयको अभाव रहेको;
- फैसला कार्यान्वयन गरेबापत डोरमा खटिने कर्मचारी र तहसिलदारले पाउने प्रोत्साहन भत्ता वितरणमा देखिएको व्यवहारिक समस्याको कारण फैसला कार्यान्वयन प्रभावित भएको;
- मुद्दामा पराजित हुने पक्षले फैसला कार्यान्वयन हुन नदिन फैसला कार्यान्वयन गर्ने निकायमा कार्यरत कर्मचारीहरूलाई प्रभावित गर्ने गरेको पाइएको;
- तेस्रो व्यक्तिको अचल सम्पत्ति जेथा जमानतबापत स्वीकार गर्ने व्यवस्थाका कारण जग्गाको वास्तविक मूल्यभन्दा बढी मूल्याङ्कन गरी गराई जेथा जमानी राख्ने प्रवृत्तिमा बढोत्तरी भएको;
- फैसलाबमोजिम ठहर भएको कैद र जरिवाना असूल हुन नसक्दा अदालतको जनआस्थामा प्रतिकूल प्रभाव पर्नुका साथै दण्डहीनताले प्रश्रय पाएको;
- देवानी मुद्दामा भएका फैसला कार्यान्वयनका लागि देवानी संहिताले गरेको व्यवस्थाबमोजिम फैसला कार्यान्वयनको जिम्मेवारीमा रहेका कर्मचारीहरूले तदारुकता नदेखाएका कारण फैसला कार्यान्वयनमा कठिनाइ भएको;
- सर्वोच्च अदालतलगायत मातहत अदालतहरूबाट रिटमा जारी भएका आदेशहरूको कार्यान्वयनमा नेपाल सरकार र मातहत निकायहरूको अपेक्षित सक्रियता नदेखिएको।
- फैसला कार्यान्वयनको सन्दर्भमा भएका कामकारबाही उपर साधारण अधिकारक्षेत्र प्रयोग गरी अन्तिम भएपछि रिट क्षेत्राधिकारको माध्यमबाट निवेदन दर्ता गरी फैसला कार्यान्वयन कार्यलाई ढिलाइ गरेको;

### ५.१.१० कानून व्यवसायीको सम्बन्धमाः

कानून व्यवसायीसँग सम्बन्धित विषयमा निम्नानुसारका समस्या रहेका छन्:

- आफूले लिएको पक्षको मुद्दा जित्नै पर्छ भन्ने मानसिकता र आफूले गरेको कामको लोकप्रियताका लागि प्रचार प्रसार गर्ने प्रवृत्तिका कारण अदालतको जनआस्थामा समस्या उत्पन्न हुने गरेको;
- कानून व्यवसायीले पक्षसँग लिने पारिश्रमिक (Fees) पारदर्शी हुन नसकेको;

- केही कानून व्यवसायीहरूले बिचौलियाको भूमिका निर्वाह गरेका;
- कानून व्यवसायीमा व्यावसायिकताको ह्रास हुँदै गएको;
- कानून व्यवसायीको खर्च हार्ने पक्षबाट जित्ने पक्षलाई भराउने कानूनी व्यवस्थाको कार्यान्वयन हुन नसकेको;
- इजलास समक्ष सुनुवाइ हुँदाको अवस्थामा कतिपय कानून व्यसायीहरू यथोचित मर्यादा र गरिमासाथ प्रस्तुत हुन नसकेको;
- आचार संहिताको परिपालनासम्बन्धी अनुगमन र अनुशासनात्मक कारबाही प्रभावकारी नभएको;

### ५.१.११ कर्मचारी व्यवस्थापन सम्बन्धमाः

कर्मचारी व्यवस्थानका सम्बन्धमा देखिएका समस्याहरू देहायबमोजिम छन्:

- कर्मचारीहरूको पदस्थापन, सरुवा तथा काज गर्दा वस्तुनिष्ठ आधार र मापदण्डका आधारमा नगरी नातावाद, कृपावाद र संरक्षणवादबाट प्रभावित हुने गरेको;
- दरबन्दी अनुसारका कर्मचारीहरूको समयमा पदपूर्ति हुन नसकेको र करारमा कर्मचारी नियुक्ति गर्ने परिपाटीले सक्षमतालाई भन्दा नातावाद, कृपावाद र संरक्षणवादले प्रश्रय पाई कार्यसम्पादनमा असर परेको;
- दण्ड र पुरस्कारको उचित व्यवस्थापनको अभावले दण्डहीनता बढ्न गएको र काम गर्ने उत्प्रेरणामा कमी आएको;
- कतिपय कर्मचारीहरूमा सेवाग्राहीहरूसँग गर्ने व्यवहारमा पुरानै हाकिमी संस्कार हावी रहेको;
- कर्मचारीहरूको वृत्ति विकास र क्षमता विकासमा समान अवसर प्राप्त हुन नसकेको;
- कामको चाप अनुसार कर्मचारी व्यवस्थापन हुन नसकेको;
- कर्मचारी संघ संगठनको कतिपय गतिविधिका कारण कर्मचारी प्रशासन र आचरण पालनामा समस्या उत्पन्न भएको;
- कतिपय कर्मचारीका भ्रष्टाचारजन्य गतिविधि र आचरणका कारण अदालतको जनआस्थामा गम्भीर असर परेको;
- कामको चाप, कार्य प्रकृति, कामको संवेदनशीलताका आधारमा सेवा सुविधामा न्यूनता रहेको कारण कामप्रतिको लगनशीलतामा कमी रहेको;

- अन्य सेवाको तुलनामा न्याय सेवामा कार्यरत कर्मचारीहरूको सुविधा र अवसर न्यून रहेको;
- कर्मचारीउपर परेका उजूरी र कर्मचारीहरूका गुनासा समयमै सम्बोधन हुन नसकेको;

## ५.२ न्यायपालिकामा विकृति, विसङ्गति, अनियमितता तथा भ्रष्टाचार एवम् विचलनको अवस्था र कारणहरूः

माथिको पहिलो परिच्छेदमा न्यायपालिकामा पहिचान गरिएका विकृति, विसङ्गति, अनियमितताको प्रतिनिधिमूलक क्षेत्रहरू पहिचान गरिएको छ। उपर्युक्त क्षेत्रहरूभन्दा बाँकी अन्य क्षेत्रहरूमा समेत विकृति विसङ्गति नहोलान् भन्न सकिदैन तथापि माथि उल्लेख गरिएका क्षेत्रहरूले हाल विद्यमान प्रायः धेरै विकृति विसङ्गतिलाई समेटेको देखिन्छ। न्यायिक काम कारबाहीमा शत प्रतिशत शुद्धता हुनुपर्ने कुरामा कुनै पनि विवाद छैन, सोको सुनिश्चितताको लागि नीतिगत, कानूनी, संरचनागत व्यवस्थाहरू गरिनुपर्ने हुन्छ। नेपालको सन्दर्भमा हेर्दा नीतिगत एवम् कानूनी व्यवस्थाहरू उत्कृष्ट रहेका भए पनि कार्यान्वयन एवम् परिपालनामा कमजोरी रहेको छ। उदाहरणको लागि न्यायाधीश नियुक्तिमा सबैभन्दा धेरै गुनासो रहेको देखिएको भए पनि सो सम्बन्धी नीतिगत एवम् कानूनी व्यवस्थाहरूमा कमी देखिंदैन। संविधानले तोकेको न्यूनतम योग्यता मात्र पुगेको आधारमा नियुक्ति हुन नसकोस् र योग्यमध्यको योग्यतम् व्यक्तिको छनौट होस् भन्नाको लागि न्याय परिषद् ऐन तथा नियमावलीमा विभिन्न मापदण्डहरू एवम् प्रक्रियाहरूको व्यवस्था गरिएको देखिन्छ। उपर्युक्त कानूनी व्यवस्थाको परिपालना र आत्मनिष्ठ आधारमा भन्दा पनि वस्तुनिष्ठ आधारमा न्यायाधीश नियुक्ति गरिएमा त्यसप्रति गुनासो पनि कम हुने र धेरै विकृति एवम् विसङ्गति रोक्न सकिनेमा सो हुन सकेको नदेखिंदा समस्या झन पछि झन् फैलिंदै गएको छ।

संविधान र सम्बद्ध कानूनले तोकेको योग्यता पुगेका मध्येबाट उत्कृष्ट व्यक्तिहरूको छनौट गर्नुपर्नेमा न्यूनतम् योग्यता पुगेकै आधारमा मात्र पनि कुनै व्यक्ति न्यायाधीशको पदमा नियुक्ति भएमा त्यस्तो नियुक्तिको कारण विकृति एवम् विसङ्गतिको तत्कालीन र दीर्घकालीन असरहरू देखिन्छन्। तत्कालीन असरहरूमा राम्रा र इमान्दार व्यक्तिहरू न्यायाधीश नियुक्ति हुने अवसरबाट वञ्चित हुनु, नियुक्त भएका न्यायाधीशको कार्यसम्पादनको स्तर कम हुनु लगायतका छन भने दीर्घकालिन रूपमा न्याय सम्पादनको कार्यमा आर्थिक एवम् अन्य प्रभाव पर्न गई न्याय नै तल माथि पर्न सक्ने देखिन्छ। हाल नेपालको न्यायपालिका भित्रका विकृति विसङ्गतिको मात्रा सुधार गर्नै नसकिने अवस्थाको छैन। न्यायिक नेतृत्वको दृढ इच्छाशक्ति, अन्य सहकर्मी न्यायाधीशहरूको साथ, न्याय परिषद्को सक्रियता, बार एसोसिएसन र सरकारी वकीलको निगरानी एवम् अदालत व्यवस्थापनको प्रतिबद्धता भएमा न्यायपालिकाभित्रका विकृति विसङ्गतिहरू रोक्न सक्ने देखिन्छ। न्यायपालिका एवम् सम्बद्ध निकायहरूबाट सम्पादित कामको एक विवेकशील पर्यवेक्षकको

आँखाबाट हेर्दा उपयुक्त एवम् स्वीकारयोग्य स्तरको हुन्छ वा हुँदैन भन्ने आधारमा न्यायिक कामकारबाहीको लेखाजोखा गरिनुपर्दछ।

न्यायपालिकामा विद्यमान विकृति विसङ्गतिका केही कारणहरू देहायबमोजिम छन्ः

क) कानूनी व्यवस्थाको कमजोर पालना एवम् कार्यान्वयन।

ख) नातावाद, कृपावाद, संरक्षणवाद, भागवण्डा तथा राजनीतिक प्रभाव हावी हुनु।

ग) कामको आधारमा पुरस्कृत र दण्डित नगरिनु।

घ) कर्मचारीलाई उसको कामको आधारमा मूल्याङ्कन नगरिनु।

ङ) कानून व्यावसायीहरू व्यावसायिक हुन नसक्नु र जसरी पनि मुद्दा जित्नुपर्छ भन्ने भावना विकास हुँदै जानु।

च) कर्मचारीहरूमा अत्यधिक राजनीतिकरण हुनु।

छ) नैतिक शिक्षाको अभाव तथा आचरणका नियमहरूको पालना नगरिनु तथा आचार संहिता उल्लङ्घनकर्तालाई कारबाही नगरिनु।

ज) सदाचार एवम् निष्ठामा कमी हुनु।

झ) भ्रष्टाचारजन्य कार्य गर्न उक्साउने खालको सामाजिक बनोट हुनु।

ञ) न्यायाधीश एवम् कर्मचारीहरूलाई प्रोत्साहनको कमी।

ट) इमान्दारिता, योग्यता, निष्ठा, अनुभव र वरिष्ठताको परीक्षण वस्तुगत आधारमा गरी न्यायाधीशको नियुक्ति नहुनु।

## ५.३ न्यायपालिकामा विकृति, विसङ्गति, अनियमितता तथा भ्रष्टाचार एवम् विचलनको रोकथाम र नियन्त्रणका लागि विद्यमान समस्या र चुनौतीहरू

न्यायपालिकामा हुने वा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता तथा भ्रष्टाचार एवम् विचलनजन्य कार्यको रोकथामका सन्दर्भमा देखिएका समस्या एवम् चुनौतीहरू धेरै भए तापनि प्रस्तुतिको सहजताको लागि विभिन्न ४ वटा वर्गमा विभाजित गरी प्रस्तुत गरिएको छ। जुन देहायबमोजिम छन्ः

### ५.३.१ नीतिगत र कानूनी समस्याः

न्यायपालिकामा हुने विकृति, विसङ्गति, अनियमितता तथा भ्रष्टाचार एवम् विचलनको रोकथामको लागि नीतिगत र कानूनी समस्या एवम् चुनौतीको बारेमा चर्चा गर्दा नेपालको न्यायपालिकालाई कार्यपालिका तथा व्यवस्थापिकाबाट पर्नसक्ने अनुचित प्रभावबाट बचाउनको लागि संविधानले स्वतन्त्र न्यायपालिकाको प्रत्याभूति गरेको छ। सर्वोच्च अदालतका न्यायाधीश एवम् न्याय परिषद्का सदस्यहरूलाई संविधान एवम् कानूनको गम्भीर उल्लङ्घन गरेको, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय

कर्तव्यको पालना नगरेको वा आचार संहिताको गम्भीर उल्लङ्घन गरेको भएमा महाभियोग लगाउन सक्ने[९०] अन्यथा पदबाट हटाउन नसक्ने संवैधानिक व्यवस्था रहेको छ। यसका साथै उच्च र जिल्ला अदालतका न्यायाधीशले भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेमा न्याय परिषद्ले अनुसन्धान गरी कानूनबमोजिम मुद्दा चलाउन सक्ने[९१] व्यवस्था गरी न्यायाधीशको हकमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले उजूरी हेर्न एवम् अनुसन्धान गर्न नमिल्ने[९२] व्यवस्था गरेको देखिन्छ। न्यायपालिकाको स्वतन्त्रतालाई अङ्गीकार गरी न्यायपालिकामा हुने भ्रष्टाचारमा न्याय परिषद्ले प्रभावकारी भूमिका खेल्नुपर्छ भन्ने उद्देश्य राखेको सहजै बुझ्न सकिन्छ तर सोअनुरूप कार्यान्वयन भने प्रभावकारी हुन सकेको पाइँदैन।

न्याय परिषद्लाई संविधानले सुम्पिएको जिम्मेवारी पूरा गर्न सक्ने दक्ष एवम् विशेषज्ञ जनशक्ति आवश्यक पर्नेमा सो हुन सकेको पाइँदैन। अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सट्टामा न्याय परिषद्लाई न्यायपालिकामा हुने भ्रष्टाचारजन्य कार्यको रोकथामको जिम्मेवारी दिइएको भए पनि जिम्मेवारीको हिसाबमा साधन स्रोत सम्पन्न बनाउन सकेको पाइँदैन।

न्यायिक भ्रष्टाचार एवम् विचलन अन्य किसिमको भ्रष्टाचार एवम् अनुचित कार्यभन्दा गम्भीर भएकोले यसको रोकथामको लागि पनि नीतिगत एवम् कानूनी रूपमा नै सम्बोधन हुन जरुरी देखिन्छ। न्यायपालिका एवम् सम्बद्ध निकायको कारणले न्यायिक काम कारबाहीमा परेको असर एवम् विचलनलाई रोक्न भैरहेका नियमनकारी निकायको सक्रियताको आवश्यकता महसुस गरिएको छ। राज्यका विभिन्न निकायहरूका बीचमा समन्वयात्मक ढङ्गबाट काम कारबाही सम्पन्न गर्न सकिएमा यसको प्रभावकारिता अभिवृद्धि हुनसक्ने मान्यता भए पनि न्यायिक काम कारबाही एवम् न्याय सम्पादनको कार्य समन्वयमा भन्दा पनि न्यायाधीशको विवेकमा बढी भरपर्ने र यस किसिमको कार्यसम्पादन गर्दा स्वतन्त्र न्यायपालिकासम्बन्धी मूल्य मान्यता, प्राकृतिक न्यायसम्बन्धी अवधारणालगायत न्याय र कानूनका क्षेत्रमा विकसित सिद्धान्तहरूको आधारमा सम्पन्न गर्नुपर्ने हुन्छ।

न्यायाधीश एवम् कर्मचारीहरूको सम्पत्ति विवरण वर्षेनी पेस गर्नुपर्ने तर सोको विश्लेषण गरी कुनै न्यायाधीश एवम् कर्मचारीहरूउपर छानबिन एवम् कारबाही भएको नपाइँदा सम्पत्ति जोड्ने तीव्र प्रतिस्पर्धामा जाने जोखिम बढाएको देखिन्छ। यसरी अस्वाभाविक रूपमा सम्पत्ति जोडेर रवाफ देखाउने न्यायाधीश र पदाधिकारीहरू कारबाहीको दायरामा आउन नसकेको मात्र होइन संस्थाले प्रदान गर्ने अवसरहरूमा समेत त्यस्ता पदाधिकारीहरूको बढी पहुँच रहने

[९०] विस्तृत हेर्नुहोस्: नेपालको संविधानको धारा १०१
[९१] विस्तृत हेर्नुहोस्: नेपालको संविधानको धारा १५३(६)
[९२] विस्तृत हेर्नुहोस्: नेपालको संविधानको धारा २३९

गरेको हुँदा अन्य इमान्दार, चरित्रवान्, निष्ठावान् न्यायाधीश र पदाधिकारीहरूमा नैराश्यता छाइरहेको भन्ने बुझाइ रहेको पाइन्छ। कतिपय अवस्थामा समाजको नजरमा भ्रष्टाचार गर्ने पदाधिकारीहरूले कानूनी छिद्रको आधारमा उन्मुक्ति पाएको देख्दा अन्य व्यक्ति एवम् पदाधिकारीहरू पनि त्यस्तै कार्य गर्न प्रोत्साहित हुनसक्ने जोखिम बढ्दै गएको छ। यस्तो अवस्था सिर्जना हुनुको कारण मौलाउँदो दण्डहीनता भएको हुँदा यस किसिमको समस्याको निराकरण गर्नको लागि उपयुक्त एवम् प्रभावकारी नीतिगत एवम् कानूनी सुधार जरुरी देखिन्छ।

### ५.३.२ संचरनागत समस्याः

न्यायपालिकामा हुने विकृति, विसङ्गति, अनियमितता तथा भ्रष्टाचार एवम् विचलनको रोकथामको लागि प्रभावकारी संयन्त्रको आवश्यकता पर्ने कुरामा कुनै विवाद देखिंदैन। संयन्त्र स्थापना हुनु आफैमा समाधान होइन। संयन्त्रको प्रभावकारिता, विश्वसनीयता एवम् यसलाई संवैधानिक एवम् कानूनी अधिकार के, कति, कसरी प्रदान गरिएको छ भन्ने विषयहरू प्रमुख मानिन्छन्। संविधानको धारा १३६ अनुसार समग्र न्याय प्रशासनलाई प्रभावकारी बनाउने जिम्मेवारी प्रधान न्यायाधीशमा रहेको र प्रधान न्यायाधीशलाई व्यक्तिभन्दा पनि संस्थाको रूपमा स्थापित गरिएको हुँदा प्रधान न्यायाधीशले नै पहल कदमी लिनुपर्ने हुन्छ। सर्वोच्च अदालतको पूर्ण बैठकबाट निर्णय गराएर वा प्रधान न्यायाधीशको सचिवालय वा सर्वोच्च अदालत व्यवस्थापनमार्फत पनि प्रधान न्यायाधीशले समग्र न्याय प्रशासनको प्रभावकारिता अभिवृद्धि गर्न आवश्यक र उपयुक्त कदम चाल्न सक्ने नै देखिन्छ।

यसका साथै संविधानको धारा १५३ बमोजिम न्यायाधीशको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारबाही, बर्खासी र न्याय प्रशासनसम्बन्धी अन्य विषयको सिफारिस गर्न वा परामर्श दिनको लागि गठित न्याय परिषद्को प्रभावकारिता अभिवृद्धि गर्न सकिएमा पनि न्यायपालिकामा हुने वा हुनसक्ने विकृति विसङ्गतिमा कमी आउन सक्ने देखिन्छ। संविधानले न्याय परिषद्लाई दिएको जिम्मेवारी निर्वाह गर्नमा न्याय परिषद् प्रभावकारी देखिन सकेको पाइँदैन। नियुक्ति वा सरुवा वा कारबाहीको विषय होस् जुनसुकै विषयको कार्यसम्पादन गर्दा पनि न्याय परिषद्का निर्णयहरू प्रायसः विवादित बनेको देखिन्छ। एउटा सुसंस्कृत संस्थाको स्वच्छ आलोचना हुनु स्वाभाविक हुन्छ तर धेरै निर्णयहरू विवादमा आउनु भनेको त्यहाँ केही न केही कमी कमजोरी रहेका कारण यसो हुन गएको हो भनी बुझ्नुपर्ने हुन्छ। नियुक्ति, सरुवा, अनुशासनात्मक कारबाही सम्बन्धमा विधि र पद्धति बसेको भए यस किसिमका गुनासा र असन्तुष्टि कम सुनिन्थ्यो र असन्तुष्टि जनाउनेले पनि आफूलाई चित्तबुझ्दो जवाफ सोही विधि र पद्धतिबाट प्राप्त गरिसक्ने स्थिति हुन्थ्यो। तर, हामीकहाँ विधि र

पद्धतिले भन्दा पनि धेरै कुरा व्यक्ति वा पदाधिकारीको इच्छानुसार हुने भएकाले समस्या सिर्जना भएको देखिन्छ।

यसका साथै न्यायपालिका वा न्याय प्रणालीमा हुने गरेको विकृति केवल न्यायाधीशहरू, कर्मचारीहरूका कारणले मात्र होइन यसका सरोकारवालाहरू सरकारी वकील, निजी कानून व्यवसायीहरू, अनुसन्धानकर्ताहरू, सञ्चार माध्यम, विभिन्न दबाब समूहहरू, राजनीतिक दलहरूको कारण पनि सिर्जना भएको हुनसक्ने तर्फ पनि उत्तिकै ध्यान पुऱ्याउनुपर्ने देखिन्छ। न्याय सम्पादनको कार्य बहुआयामिक विषय भएकोले सुधारको कार्यसमेत बहुआयामिक ढङ्गबाट थालनी गरिनुपर्दछ। न्यायालयको मात्र एक्लो प्रयासले मात्र पद्धतिमा रहेको खराबीलाई सम्बोधन गर्न सकिने हुँदैन। न्यायाधीशहरूको लागि प्रधान न्यायाधीश र न्याय परिषद्, सरकारी वकील एवम् कर्मचारीको लागि न्याय सेवा आयोग, कानून व्यवसायीको लागि  कानून व्यवसायी परिषद् र बार एसोसिएसन, प्रहरीको लागि प्रहरी प्रधान कार्यालय तथा पत्रकारहरूको लागि प्रेस काउन्सिललगायतका निकाय वा संस्थाहरूले आफूहरूलाई संविधान, ऐन कानूनले दिएको जिम्मेवारी इमान्दारीसाथ पूर्ण रूपमा कार्यान्वयन गरिदिएमा मात्र धेरैहदसम्म विकृति विसङ्गति नियन्त्रण हुनसक्ने देखिन्छ। यस किसिमको जिम्मेवारी निर्वाह गर्नुपर्ने निकायहरूको स्वच्छता, विश्वसनियता एवम् क्षमता सोही गुणस्तरको हुनुपर्दछ अन्यथा अर्काको कमजोरी औंल्याउने निकायले आफ्नो कमजोरी छर्लंगै देखिने स्थिति सिर्जना हुनसक्नेतर्फ चनाखो हुनुपर्दछ।

### ५.३.३ कार्यगत समस्याः

न्यायपालिकाको काम कारबाहीहरू पारदर्शी हुन नसकेमा विकृति विसङ्गतिको सम्भावना बढी हुन्छ। अनुमानयोग्य न्यायप्रणाली बनाउने प्रयासस्वरूप न्यायपालिकाले पञ्चवर्षीय रणनीतिक योजनालगायत सुधारका अन्य माध्यमबाट प्रयासहरू गर्दै आएको भए पनि हाम्रो न्यायिक प्रक्रिया पूर्णरूपमा अनुमानयोग्य भइसकेको पाइँदैन। कार्यविधिगत जटिलता, सूचना प्रविधि मैत्री जनशक्तिको कमी, न्यायिक सुधारका कार्यमा सरोकारवाला निकायहरूबाट अपेक्षित सहयोग प्राप्त नहुनु लगायतका कारण सेवाग्राहीले महसुस गर्न सक्ने गरी सुधारको कार्य अगाडि बढाउन सकिएको छैन।

न्यायिक प्रक्रियालाई अनुमानयोग्य बनाउन जिल्ला र उच्च अदालत तहमा फरक मुद्दा व्यवस्थापन पद्धति लागू गरी मुद्दा दर्ताको क्रममा नै मुद्दाको कार्यतालिका निर्माण गरी कुन मितिमा के के काम गर्ने तथा कहिले फैसला गर्ने भन्ने दिन निश्चित गर्ने गरिएको छ। तर, उक्त व्यवस्थाको अवधारणा एवम् अभ्यासमा रहेको बुझाइको कमीले गर्दा न्यायाधीश,

अदालतका कर्मचारीहरू, कानून व्यवसायी तथा मुद्दाको पक्षहरू समेतबाट सहयोग प्राप्त गरी प्रभावकारी कार्यान्वयन हुन सकेको देखिंदैन।

न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता एवम् भ्रष्टाचार न्यूनीकरणको लागि जिम्मेवार निकाय एवम् संस्थाहरू जस्तै सर्वोच्च अदालत, कानून तथा न्याय मन्त्रालय, न्याय परिषद्, न्याय सेवा आयोग, महान्यायाधिवक्ताको कार्यालय, प्रहरी प्रधान कार्यालय, कानून व्यवसायी परिषद्, प्रेस काउन्सिल लगायतबबाट समेत समन्वयात्मक रूपमा कार्यसम्पादन हुन नसक्नु र एउटा निकायमा भएको सूचना तथा तथ्याङ्क अर्को निकायले प्राप्त गर्न नसक्दा आपसी सञ्चार र समन्वयमा समस्या रहेको देखिन्छ। आफ्ना आफ्ना निकायहरूको प्राथमिकता फरक फरक भए पनि न्याय सम्पादन एवम् न्यायिक स्वच्छता कायम गर्ने कार्यमा सबैको सामूहिक प्रतिबद्धता एवम् जिम्मेवारीपन देखिनु आवश्यक हुन्छ।

न्याय प्रणालीको प्रभावकारीताबाट राष्ट्रको कानूनी शासन प्रतिको प्रतिबद्धताको मापन हुन सक्ने[९३] भएकाले यस दिशामा सबै अङ्ग एवम् निकायहरूको सामूहिकताको आवश्यकता महसुस गरिएको छ।

### ५.३.४ वातावरणीय समस्याः

न्यायपालिकाको स्वतन्त्रता न्याय सम्पादनको आधारस्तम्भ नै मानिन्छ। शक्ति पृथकीकरणको सिद्धान्त अनुसार न्यायपालिकालाई व्यवस्थापिका र कार्यपालिकाबाट स्वतन्त्र निकायको रूपमा संवैधानिक व्यवस्था गर्नुको प्रमुख कारण पनि यही नै हो। नेपालको संविधानले पनि स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको अवधारणालाई आत्मसात गरेको छ। कतिपय अवस्थामा व्यवस्थापिका र कार्यपालिकाका जिम्मेवार पदाधिकारी तथा राजनीतिक दलका नेताहरूको राजनीतिक वा व्यक्तिगत स्वार्थपूर्तिका लागि अदालतलाई आफ्नो प्रभावमा राख्ने प्रवृत्तिका कारण न्यायपालिकाको स्वतन्त्रतामा आँच पुगेको पाइन्छ। न्यायपालिकाको स्वतन्त्रता खलबलिन पुगेमा संविधानमा उल्लिखित लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, पूर्ण प्रेस स्वतन्त्रताको संवर्द्धन गरी कानूनी राज्यको अवधारणालाई साकार पार्ने संविधानको उद्देश्य पराजित हुन पुग्दछ भन्ने संवेदनशीलताप्रति गम्भीर हुन सकेको पाइँदैन।

न्याय सम्पादनको कार्यमा न्यायाधीश तथा कर्मचारीहरू, सरकारी वकील, निजी कानून व्यवसायी, साक्षी, विशेषज्ञ एवम् अन्य सरोकारवाला निकायहरू सबैको आ-आफ्नो भूमिका

---

[९३] विस्तृत हेर्नुहोस्: *https://worldjusticeproject.org/rule-of-law-index/country/2020/Nepal/*, [accessed 9 April, 2021]

रहने हुन्छ। यी सबै निकायहरूको कार्यसम्पादनको उत्कृष्टतामा नै समग्र न्याय प्रणालीको सफलता अडेको हुन्छ। यी निकायहरूको कार्यसम्पादन जति बढी पारदर्शी र विश्वसनीय हुन सक्यो त्यति नै न्याय प्रणालीमा रहेका वा हुनसक्ने विकृति विसङ्गति कम हुने सम्भावना रहन्छ। न्यायपालिकाले जतिसुकै राम्रो गर्न खोजे पनि वा राम्रो गरेपनि मुद्दामा हार्ने पक्षले त्यो कुरा स्वीकार गरेर सहज रूपमा चित्त बुझाउने अवस्था अधिकांश मुद्दामा देखिंदैन। तसर्थ, भनिन्छ फैसला लेख्दा नै जित्ने पक्षको भन्दा पनि हार्ने पक्षको चित्त बुझ्ने गरी लेखिनुपर्दछ। हार्ने पक्षबाट न्यायालयप्रति गरिने टिकाटिप्पणीको कारण पनि न्यायपालिका प्रति जनमानसमा एककिसिमको नकारात्मक स्थिति सिर्जना हुन पुगेको देखिन्छ।

छोटो समयमा नै तीव्र गतिमा धनी एवम् सम्पन्न बन्न चाहने कारण न्यायिक कार्यमा संलग्न जनशक्तिहरू एवम् कानून व्यवसायीहरू जस्तोसुकै विकृति विसङ्गतिमा पनि संलग्न हुन खोजेको देखिन्छ। कुनै व्यक्तिले कसरी धनसम्पत्ति कमायो भन्दा पनि कति धनसम्पत्ति जोडेको छ सो आधारमा उसको सामाजिक मान सम्मान र प्रतिष्ठा बढ्ने हाम्रो समाजको बनोटका कारण पनि विकृत्ति एवम् विसङ्गतिमा संलग्न हुन मानिसलाई उत्प्रेरित गरेको देखिन्छ। यसका साथै गैर कानूनी क्रियाकलापमा संलग्न हुने जनशक्ति एवम् सोको नियन्त्रणमा प्रभावकारी भूमिका निर्वाह गर्न नसकेका नियामक निकायहरूको कारण पनि विकृति विसङ्गति मौलाएको देखिन्छ।

सञ्चार माध्यमको काम कारबाहीबाट सर्वसाधारण जनताको नजरमा कुनै संस्थाप्रतिको सकारात्मक वा नकारात्मक धारणा बन्ने भएकाले सञ्चार माध्यममा प्रकाशित हुने सामग्रीहरू स्वतन्त्र, निष्पक्ष र तथ्यपरक हुनुपर्ने कुरामा विमति हुन सक्दैन। व्यावसायिक निष्ठा र मर्यादामा नरही निजी स्वार्थ वा राजनीतिक वा अन्य प्रभावमा परी सञ्चार माध्यमलाई दुरूपयोग गरी विचाराधीन मुद्दालाई प्रभावित गर्ने वा आफू अनुकूलको परिणाम प्राप्त नभएमा समग्र न्यायपालिकाप्रतिको आस्था एवम् विश्वास घटाउने सामग्री प्रकाशन गर्ने कार्यबाट न्यायपालिका अनावश्यक रूपमा विवादमा पर्ने गरेको देखिन्छ।

फौजदारी संहिता कार्यान्वयनमा आएको लामो समयसम्म पनि उक्त संहिताहरूको उद्देश्य अनुरूप बनेको फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले अङ्गीकार गरेका Probation, Parole, खुल्ला कारागार, रात्रिकालिन कारावास, सप्ताहन्त कारावास, कैदवापत शारीरिक श्रममा लगाउन सकिने लगायतका सुधारात्मक व्यवस्थाहरूको कार्यान्वयनमा सरकारले उचित ध्यान नदिएका कारण उक्त कानूनी व्यवस्थाको उद्देश्य अपेक्षितरूपमा हासिल हुन नसकेको।

कानूनको विवादमा परेका बालबालिकाहरूलाई बाल सुधार गृहमा राख्ने कानूनी व्यवस्था भए पनि पर्याप्त मात्रामा बाल सुधार गृहहरू स्थापन हुन नसकेको र भएका बाल सुधार गृहहरू पनि गुणस्तरीय हुन नसकेको।

### ५.३.५ न्यायपालिकामा विकृति, विसङ्गति, अनियमितता तथा भ्रष्टाचार एवम् विचलनको रोकथाम र नियन्त्रणसम्बन्धी प्रमुख सवालहरूः

माथि विभिन्न परिच्छेदहरूमा गरिएको विश्लेषणको आधारमा न्यायपालिकामा हुने वा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता तथा भ्रष्टाचार एवम् विचलनजन्य कार्यको रोकथामको लागि सम्बोधन गर्नुपर्ने महत्त्वपूर्ण सवालहरू देहायबमोजिम पहिचान गरिएको छः

- न्यायाधीश नियुक्तिको विषय सबैभन्दा बढी विवादित र दुरगामी असर राख्ने खालको भएकाले यसको लागि स्पष्ट मापदण्ड, विधि र पद्धति विकास गर्नुपर्ने विषय।
- संवैधानिक इजलासको प्रभावकारिता अभिवृद्धि गर्ने सम्बन्धी विषय।
- न्याय परिषद्को विद्यमान संरचना, कार्यशैली र अभ्यासको विषय।
- कुनै पनि जिम्मेवार पदमा रहेको व्यक्तिको व्यावसायिक निष्ठा, पेशाप्रतिको सम्मान एवम् असल आचरण सदैव अपेक्षित रहने सन्दर्भमा न्यायाधीश एवम् कर्मचारीहरूको आचार संहिता पालना एवम् सोको प्रभावकारी अनुगमन र खराब आचरणको छानबिन गर्नेउपर विषय।
- बिचौलियाको भूमिका पूर्णकालीन हुँदै गएको र यसले नियुक्ति, सरुवा, काज र न्याय सम्पादनमा प्रतिकूल असर पारेको विषय।
- पेसी तोक्ने र इजलास गठन गर्ने विषय।
- समग्र न्यायप्रणालीको सुधारको एउटा आधारस्तम्भ नेपाल बार र यससँग आबद्ध कानून व्यवसायीहरू भएको सन्दर्भमा बार एवम् कानून व्यवसायीको व्यावसायिकता अभिवृद्धि एवम् आचार संहिताको पालनाको विषय।
- कानून व्यवसायीले आफ्नो आम्दानीको लेखा राख्ने तथा शुल्क पारदर्शी हुने नगरेको विषय।
- फौजदारी मुद्दाको आधार स्तम्भको रूपमा रहेको अनुसन्धान पद्धति व्यावसायिक एवम् गुणस्तरीय नहुँदा यसले समग्रतामा पारेको नकरात्मक असरलाई न्यूनीकरण गर्नुपर्ने विषय।
- पर्याप्त प्रमाण र विश्वसनीय आधार बिना पनि सरकारी मुद्दाको अभियोजन हुने तथा सरकारी वकील व्यावसायिक कानून व्यवसायी भन्दा पनि जागिरे सरकारी अधिकृतको रूपमा आफूलाई उभ्याउने विषय।

- न्यायिक प्रक्रियालाई अनुमानयोग्य बनाउन चालिएका कदमहरूको कार्यान्वयनको लागि मुद्दाको पेसी व्यवस्थापन पद्धतिमा सुधार गर्नुपर्ने विषय।
- न्याय प्रणालीको गुणस्तरीयता यसमा आपूर्ति हुने जनशक्तिको क्षमता एवम् विद्वताबाट हुने भएकाले गुणस्तरीय कानूनी शिक्षाको सुनिश्चिततताको लागि चाल्नुपर्ने कदमको विषय।
- अदालतमा विचाराधीन मुद्दामा आधिकारिक निकायबाट विश्वसनीयता पुष्टि नगरी समाचार तथा अन्य सामग्री प्रकाशन गर्ने गरेका कारण न्यायपालिका प्रतिको जनविश्वास एवम् आस्थामा कमी आउने विषय।
- न्याय प्रणालीले पीडितको घाउमा मल्हम लगाउन सक्नुपर्दछ भने पीडक वा अभियुक्तलाई स्वच्छताको प्रत्याभूति गर्न सक्नुपर्नेमा पीडितलाई संवैधानिक प्रत्याभूति भएको क्षतिपूर्तिसहितको न्याय र पुनःस्थापनाको विषय प्रभावकारी कार्यान्वयन हुन नसकी पीडित बढी उपेक्षित भएको तथा अभियुक्तले स्वच्छ सुनुवाइको माध्यमबाटै न्याय पाउँछु भन्नुभन्दा पनि अन्य गैरकानूनी मार्ग अवलम्बन गरेर भए पनि उन्मुक्ति प्राप्त गर्न खोज्ने विषय।
- कार्यान्वयन बिनाको फैसलाको अर्थ नहुने भएकाले फैसला कार्यान्वयनको विषयलाई सरकार वा न्यायपालिका जस्ले भए पनि प्रभावकारी रूपमा अगाडि बढाएर दण्डहीनता एवम् विकृति विसङ्गति घटाई न्यायपालिकाप्रतिको आस्था अभिवृद्धि गर्ने विषय।
- आफूसहितको वृहत् इजलासबाट प्रतिपादन भएको कानूनी सिद्धान्त आफूसहितको संयुक्त इजलासबाट पालना नहुने विषय।
- सर्वोच्च अदालतले प्रतिपादन गरेको कानूनी सिद्धान्त एवम् नजिरको पालनाको विषय।
- सामान्यतया मुद्दामा हार्ने पक्ष अदालतको फैसलाप्रति सन्तुष्ट नहुने र त्यस्ता व्यक्तिहरूले फैलाएको अफवाह वा भ्रमबाट न्यायपालिकाप्रतिको आस्था र विश्वास जोगाईराख्ने विषय।
- सर्वोच्च अदालतमा मुद्दाको सङ्ख्यामा वृद्धि हुनुका साथै पुराना मुद्दाहरू समेत उल्लेख्य सङ्ख्यामा बाँकी रहन गएकोले कुनै पनि मुद्दा समयमै पेसी चढाउन पनि नसकिएको तथा पेसी चढेपनि पेसीको सूची अत्यधिक भई सबै मुद्दा सुनुवाइ गर्न नसकिएको कारण सर्वसाधारणमा पर्न गएको नकारात्मक छाप एवम् प्रभावलाई न्यूनीकरण गर्ने विषय।
- हरेक साना साना मुद्दाहरू पनि सर्वोच्च अदालत तहसम्म पुग्ने गरेका र सार्वजनिक सरोकारको विवाद भनी विभिन्न रिटहरू सर्वोच्च अदालतमा दर्ता हुने क्रमले गर्दा कार्यबोझ बढ्न गई मुद्दा व्यवस्थापनमा चुनौती थपिएको तथा यसैका आधारमा विचलन र विकृति मौलाउने सम्भावना बढेको विषय।

- न्यायपालिकाले रणनीतिक योजनाको कार्यान्वयनमार्फत चालेका सुधारका मार्गचित्रहरूमा सरोकारवाला निकायहरू महान्यायाधिवक्ताको कार्यालय तथा देशभरका सरकारी वकीलहरू एवम् नेपाल बार एशोशिएसन तथा यससँग आबद्ध निजी कानून व्यवसायीहरूको रचनात्मक सहयोग प्राप्त गर्नको लागि चाल्नुपर्ने कदमसम्बन्धी विषय।

## परिच्छेद - छ

## न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता, भ्रष्टाचार एवम् बिचौलियाको रोकथाम तथा नियन्त्रणका उपायसम्बन्धी सुझावहरू

न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता, भ्रष्टाचार एवम् बिचौलियाको प्रभाव रोकथामका उपायहरूका सम्बन्धमा सुझाव सङ्कलन गर्ने क्रममा विकृति, विसङ्गति, अनियमितता र भ्रष्टाचार नियन्त्रण मात्र नभएर समग्र न्याय प्रणाली एवम् न्यायपालिकाका विविध पक्षहरूमा आमूल परिवर्तनदेखि संरचना सुधारसम्मका सुझावहरू प्राप्त भएका छन्। तथापि, प्रस्तुत अध्ययन समितिको कार्यादेशलाई मध्यनजर गर्दै पूर्व प्रतिवेदनहरूमा औंल्याइएका समस्या र पेस भएका सुझावहरू, लिखित रूपमा समितिलाई प्राप्त सुझावहरू, संघ तथा प्रदेशस्तरमा भएका छलफल एवम् अन्तरक्रियाबाट सङ्कलन गरिएका सुझाव तथा पृष्ठपोषणहरूको विश्लेषणका आधारमा पहिचान गरिएका महत्त्वपूर्ण समस्याहरूको समाधान एवम् नियन्त्रणका लागि चाल्नुपर्ने कदमहरूलाई नीतिगत र कानूनी सुधार, संरचनागत सुधार, कार्यगत सुधार तथा वातावरणीय पक्षको सुधारका रूपमा पहिचान गरिएको छ। यसका साथै कतिपय विषयमा समस्याहरू छन् भनी पहिचान गरिएको भए पनि ती समस्याहरू समाधानको लागि के कस्तो कदम चाल्नुपर्ने हो सो सम्बन्धमा प्रस्तुत अध्ययनको कार्यदिश एवम् समितिलाई प्राप्त समय सीमा, साधन स्रोतसमेतका आधारमा सुझाव पेस गर्न सक्ने अवस्था नरहेकोले सोको लागि थप अध्ययन अनुसन्धान गर्नुपर्ने गरी औंल्याइएको छ। सर्वोच्च अदालतले गठन गरेका समितिहरूले पेस गरेका पूर्व अध्ययन प्रतिवेदनहरूले सुझाएका सुझावहरू कार्यान्वयन गर्ने क्रममा धेरै सुझावहरू कार्यान्वयन हुन सकेको देखिंदैन। न्याय प्रशासन सम्बन्धी विषयमा दिइएका सुझावहरू केही मात्रामा कार्यान्वयन भई सुधारसमेत भए तापनि न्याय सम्पादनको सम्बन्धमा हुनुपर्ने सुधारमा खासै प्रगति भएको नदेखिंदा यस अध्ययन प्रतिवेदनले औंल्याएको सुझावहरूको कार्यान्वयनमा सरोकारवालाहरूले उठाएको आशंकाप्रति यस अध्ययन समितिको ध्यानाकर्षण भएको छ। अतः यस अध्ययन समितिबाट न्यायपालिकाको शुद्धीकरण र सुदृढीकरणको सम्बन्धमा दिइएका सुझावहरू कार्यान्यवन हुने विश्वासका साथ निम्नबमोजिमका सुझावहरू प्रस्तुत गरिएको छः

### ६.१ सर्वोच्च अदालतः

#### ६.१.१ नीतिगत र कानूनी सुधार

→ **अधिकारक्षेत्र पुनरावलोकन गर्नेः** अधिकारक्षेत्रसम्बन्धी वर्तमान कानूनी व्यवस्थाले सर्वोच्च अदालतको कार्यबोझ अत्यधिक वृद्धि भई न्याय सम्पादनमा विलम्ब हुन गएकोले सबै तहका अदालत, न्यायाधीकरण तथा विशिष्टीकृत अदालतहरूको अधिकारक्षेत्रसम्बन्धी कानूनी व्यवस्था पुनरावलोकन गरी अपवादात्मक अवस्थामा बाहेक सबै किसिमका शुरू मुद्दा हेर्ने अधिकारक्षेत्र जिल्ला अदालतलाई प्रदान गर्ने गरी कानूनमा संशोधन गर्ने तथा

उच्च अदालतलाई पुनरावेदकीय क्षेत्राधिकार अन्तर्गत अन्तिम फैसला (Finality of Judgment) गर्ने अधिकार प्रदान गर्ने।

→ **संवैधानिक परिषद् सम्बन्धमाः** संवैधानिक परिषद्मा रहने प्रधान न्यायाधीश बाहेकका पदाधिकारीहरू सबै राजनीतिक पदाधिकारीहरू हुने र उक्त निकायबाट सिफारिस गरिने नियुक्तिमा राजनीतिक प्रभाव पर्ने भएको तथा संवैधानिक परिषद्का निर्णयहरू समेत अक्सर विवादित बनी न्यायिक पुनरावलोकनका लागि अदालतमा आउने परिपाटी विकसित भएकोले परिषद्मा न्यायिक नेतृत्वको उपस्थितिका कारण स्वतन्त्र न्यायपालिका सम्बन्धी मूल्य मान्यतामा अनुचित प्रभाव पर्नसक्ने भन्ने प्रश्न उठेको सन्दर्भमा संवैधानिक परिषद्मा न्यायिक नेतृत्वको उपस्थिति आवश्यक छ वा छैन भन्ने सम्बन्धमा विस्तृत अध्ययन गरी प्राप्त प्रतिवेदनका आधारमा निष्कर्षमा पुग्न उपयुक्त हुने देखिन्छ।

→ **प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशउपरको उजूरी सम्बन्धमाः** प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशउपर परेका उजूरीहरूको सुनुवाइ तथा आवश्यक अनुसन्धान एवम् कारबाहीका लागि विदेशी अदालतहरूको असल अभ्यास समेतको अध्ययन गरी निष्पक्ष र स्वतन्त्र संयन्त्र निर्माणतर्फ आवश्यक कानूनी व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ।

→ **अनलाइनमार्फत मुद्दा दर्ता गर्नेः** सूचना प्रविधिको प्रयोगबाट न्याय सम्पादनका प्रत्येक कार्य गर्न सकेमा न्याय छिटो, छरितो, प्रभावकारी, सहज, पहुँचयोग्य हुनका साथै काम कारबाहीमा निष्पक्षता, तटस्थता कायम हुन गई न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धि हुन जान्छ। अनलाइनमार्फत मुद्दा दर्ता हुन नसक्दा अनावश्यक रूपमा पक्षले दुःख हैरानी बेहोर्नु परिरहेको देखिंदा अदालतमा यथासम्भव छिटो अनलाइन पद्धतिमार्फत मुद्दा तथा रिट निवेदन दर्ता गर्ने, मुद्दाका पक्ष एवम् कानून व्यवसायीलाई अनलाइन पद्धतिबाटै म्याद तारिख, सूचना, जनाउ प्रदान गर्नेलगायतका मुद्दाको कारबाहीमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरी सेवाग्राहीहरू सकेसम्म थोरै पटक अदालत आउने वातावरण सिर्जना गर्नुपर्ने।

→ **सर्वोच्च अदालतको पेसी व्यवस्थापन**: सर्वोच्च अदालतमा हाल विद्यमान मुद्दाको कार्यबोझ बढेकाले दैनिक रूपमा पेसी चढ्ने मुद्दाको सङ्ख्या अत्यधिक हुने तर ती मुद्दाहरू तथा अन्तरिम आदेशसम्बन्धी छलफलका लागि पेस भएका निवेदन एवम् अन्य प्राथमिकता प्राप्त मुद्दासमेत सुनुवाइ हुन नसकेको कारण अदालतप्रतिको जनआस्थामा कमी आउन गएको देखिंदा दैनिक रूपमा सुनुवाइ गर्न सम्भव हुने मुद्दा मात्र पेसीमा चढाई त्यस्ता मुद्दाको अनिवार्य रूपमा सुनुवाइ हुने पद्धतिको विकास गर्ने।

→ **इजलास गठन गर्ने र पेसी तोक्ने सम्बन्धमाः** न्यायपालिकाका हरेक काम कारबाही पारदर्शी र विश्वसनीय हुनुपर्दछ। सूचना प्रविधिमा आधारित वैज्ञानिक पद्धति अवलम्बन गरी

इजलास गठन तथा पेसी तोक्ने लगायतका पेसी व्यवस्थापनको काम गर्न सकेमा पेसी तोक्ने प्रणालीलाई वैज्ञानिक, व्यवस्थित र विश्वसनीय बनाउन सकिन्छ भन्ने Istanbul Declaration on Transparency in the Judicial Process को मान्यता रहेको छ।[९४] इजलास गठन र मुद्दाको पेसी तोक्ने विद्यमान पद्धतिका कारण न्यायपालिकामा विकृति, विसङ्गति, अनियमितता र भ्रष्टाचार बढेको भन्ने व्यापक रूपमा गुनासो आएकाले सोको सम्बोधन गर्नका लागि जिल्ला अदालतमा एउटै न्यायाधीशलाई शुरूदेखि अन्तसम्म मुद्दा तोक्ने प्रणाली र सर्वोच्च तथा उच्च अदालतमा इजलास गठन गर्ने र पेसी तोक्ने सम्बन्धमा भइरहेको कानूनी व्यवस्थामा संशोधन गरी स्वचालित पेसी सूची प्रणाली (Automated Cause List System) लागू गर्नुपर्ने र स्वचालित पेसी सूची प्रणाली लागू नहुँदासम्म पारदर्शी र विश्वसनीय ढङ्गले गोलाप्रथा (राफल प्रणाली)द्वारा पेसी सूची प्रकाशन गर्नुपर्ने।

→ **औचित्य समाप्त भएका रिट निवेदनको व्यवस्थापन**: सर्वोच्च अदालतमा दर्ता भई विचाराधीन रहेका रिट निवेदनहरूमध्ये औचित्य समाप्त भइसकेका निवेदनहरू पहिचान गरी एकीकृत रूपमा पेसी सूची प्रकाशन गरी फछ्र्यौट गर्ने प्रणालीको विकास गर्ने।

→ **अन्तरप्रभावी मुद्दाको शीघ्र फछ्र्यौटः** संवैधानिक इजलास तथा पूर्ण इजलासमा विचाराधीन मुद्दाका कारण सर्वोच्च अदालत र मातहत अदालतहरूमा विचाराधीन मुद्दाहरूमा परेको असर पहिचान गरी अविलम्ब फछ्र्यौट गर्ने।

→ **संवैधानिक इजलाससम्बन्धी व्यवस्थाः** संवैधानिक इजलाससम्बन्धी व्यवस्थाको हालसम्मको अभ्यासको परिप्रेक्ष्यमा सर्वोच्च अदालत स्वयम्ले संवैधानिक अदालतको रूपमा काम गर्ने वा संवैधानिक अदालतको छुट्टै व्यवस्था गर्ने वा संवैधानिक इजलासलाई यथावत् कायम गर्ने भन्नेलगायतका विषयमा विस्तृत रूपमा अध्ययन गरी निष्कर्षमा पुग्न उपयुक्त हुने।

→ **म्याद तामेलीः** म्याद तामेली समयमा नहुँदा, रीतपूर्वक तामेल नहुँदा, बेरीतपूर्वक तामेल भएको म्याद समयमा बदर भई अर्को म्याद जारी नहुँदा, घरद्वार देखाउँदा देखाउँदै म्याद फिर्ता गर्ने गर्दा वा बेरितपूर्वक तामेल गर्ने गर्दा तथा म्याद तामेलीको कार्यमा स्थानीय प्रतिनिधि/भद्रभलाद्मीका असहयोगका कारण न्याय सम्पादनको कार्यमा विलम्ब हुन गई न्यायमा विकृति विसङ्गति बढेकाले म्याद तामेली प्रक्रिया सूचना प्रविधिको माध्यमबाट समेत गरी वैज्ञानिक बनाउने, तोकिएको समयमा तोकिएको विधि  र प्रक्रियाबाट म्याद तामेल नगर्ने कर्मचारीलाई कानूनबमोजिम जिम्मेवार बनाउने तथा म्याद तामेली प्रक्रियाको महत्त्वका बारेमा स्थानीय प्रतिनिधिहरूलाई सुसूचित गराउने।

---

[९४] विस्तृत हेर्नुहोस्: *https://www.icj.org/wp-content/uploads/2015/03/I--stanbul-Declaration.pdf, accessed on 20 April, 2021*

→ **मिसिल प्रमाण झिकाउने**: मुद्दा सुनुवाइको सिलसिलामा इजलासले पटक पटक आदेश गरी मिसिल प्रमाण कागजात झिकाउने विद्यमान पद्धतिले कार्यविधिगत जटिलता बढ्न गई न्यायमा विलम्ब हुन गएको देखिंदा रजिस्ट्रार वा स्रेस्तेदारकै तहबाट सम्बन्धित कानून व्यवसायीसँग छलफल गरी मिसिल प्रमाण कागजात झिकाउन सक्ने गरी कानूनी व्यवस्था गर्ने।

→ **टिपोट प्रणाली लागू गर्ने**: इजलासको समय व्यवस्थापन हुन नसकेको तथा कानूनले निर्धारण गरेको समयमा फैसला उपलब्ध गराउन नसकेको कारण सेवाग्राहीमा असन्तुष्टि रहेको देखिंदा इजलासको समय व्यवस्थापन गर्न र समयमै फैसला तयार गर्न सहजताका लागि मुद्दाको सुनुवाइ हुनु अगाडि नै मुद्दाको टिपोट अनिवार्य रूपमा तयार गरी सम्बन्धित अधिकारीद्वारा प्रमाणित गराई मिसिल साथै संलग्न गर्नुपर्ने;

→ **फैसला कार्यान्वयनमा जोड दिनुपर्ने**: अदालतबाट भएका फैसलाहरू समयमै कार्यान्वयन नहुँदा न्याय पाएको महसुस गर्न सकिएन भन्ने गुनासो रहेको देखिंदा अदालतबाट भएका फैसलाहरू कार्यान्वयनको जिम्मेवारी लिएका निकाय वा पदाधिकारीहरूले यस विषयलाई गम्भीरताका साथ लिएर फैसला कार्यान्वयन गरी कानूनको शासनको प्रवर्द्धनमा जोड दिनुपर्ने। फैसला कार्यान्वयनमा जिम्मेवार निकाय वा पदाधिकारीहरूको तदारुकता रहे नरहेको विषयमा निरन्तर अनुगमन गरिनुपर्ने।

→ **न्यायाधीशहरूको सामूहिक आवास सम्बन्धमा**: न्यायाधीशहरूको सुरक्षा, स्वतन्त्रताको प्रत्याभूतिको लागि र कतिपय अवस्थाको अशोभनीय गतिविधिलाई नियन्त्रण गर्न सबै तहका न्यायाधीशहरूको सामूहिक आवासको व्यवस्थापन अविलम्ब गर्नुपर्ने।

→ **सञ्चार माध्यम तथा सामाजिक सञ्जाल व्यवस्थापन**:

➢ **सञ्चार माध्यममा प्रकाशित समाचार तथा सामग्रीहरूले जनमानसमा अत्यन्तै ठूलो छाप र प्रभाव पार्ने भएको हुँदा न्यायालयसँग सम्बन्धित समाचार तथा सामग्री प्रकाशन गर्दा निम्नानुसार गर्नु उपयुक्त हुने**:

- अदालतमा विचाराधीन मुद्दाका सन्दर्भमा सामग्रीहरू प्रकाशन गर्दा अपनाउनुपर्ने संवेदनशीलता, त्यसले पार्ने प्रभावसमेतको मूल्याङ्कन गरी प्रकाशन गर्नुपर्नेमा कतिपय अवस्थामा त्यसतर्फ उचित ध्यान पुऱ्याउने गरेको नपाइएको र आधिकारिकता पुष्टि नगरी झुठ्ठा लाञ्छना लगाई न्यायाधीश तथा अदालतमा कार्यरत जनशक्तिको विषयमा सामग्री प्रकाशित गर्ने कार्यले अदालतको जनआस्थामा प्रतिकूल असर पर्न जाने हुँदा सम्बन्धित पत्रकार तथा नियामक निकायहरूले सो रोकथामका लागि सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने।

- न्यायिक पत्रकारितामा संलग्न जनशक्तिलाई न्यायालय र न्यायसम्पादनमा संलग्न जनशक्तिको संवेदनशीलताको विषयमा निश्चित समयको तालिम सम्पन्न गरेर मात्र उक्त कार्यमा लगाउने परिपाटी अविलम्ब विकास गर्नुपर्ने।
- पत्रकारलगायत सबै सरोकारवालाहरूसँग अन्तरक्रिया गरी सर्वोच्च अदालतबाट जारी गरिएको सूचना तथा सञ्चार नीति कार्यान्वयन गर्नेतर्फ सकारात्मक पहल गर्नुपर्ने।

→ **बिचौलियाको नियन्त्रण गर्नेः बिचौलिया नियन्त्रण गर्नको लागि निम्नबमोजिमको काम गर्नुपर्नेः**

- जिम्मेवार पदाधिकारीहरूसँगको सम्बन्धको दुरूपयोग गरी निजहरूको संरक्षणमा समेत बिचौलियाले गैरकानूनी कार्य सञ्चालन गर्नसक्ने हुँदा जिम्मेवार पदाधिकारीहरूको सजगता नै बिचौलिया नियन्त्रणको प्रथम कडीको रूपमा मानी तद्अनुरूपको व्यवहार गर्नुपर्ने।
- बिचौलियाको गतिविधिलाई नियन्त्रण गर्नका लागि मुद्दासँग असम्बन्धित व्यक्तिहरूको अदालतमा प्रवेश निषेधका लागि प्रभावकारी कदम चाल्नुपर्ने।
- बिचौलिया भनी विभिन्न माध्यममा प्रचारित भएका व्यक्तिहरूका गतिविधिको सूक्ष्म निगरानी गर्नुपर्ने।
- बिचौलियाबाट प्रभावित भई न्याय सम्पादनमा नै विचलन ल्याउने न्यायाधीशहरू पहिचान गरी त्यस्ता न्यायाधीशलाई कानूनबमोजिम कारबाहीको दायरामा ल्याउनु पर्ने।
- विद्यमान कानूनले थप कारबाही गर्नसक्ने दायरामा रहेका सेवारत व्यक्ति, कार्यरत पदाधिकारीहरू र अन्य व्यक्तिहरू बिचौलियाको भूमिकामा संलग्न देखिएमा प्रभावकारी रूपमा कानूनी कारबाही अगाडि बढाउनुपर्ने।
- बिचौलिया नियन्त्रणका लागि अनुसन्धानसम्बन्धी विज्ञको संलग्नतामा छुट्टै संयन्त्र गठन गरी सूक्ष्म निगरानी गर्नुपर्ने र दोषीउपर कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।
- बिचौलियाको क्रियाकलापले भ्रष्टाचार बढाएको भन्ने प्रश्न गम्भीर रूपमा उठेको सन्दर्भमा सोको नियन्त्रणका लागि विद्यमान कानून मात्र पर्याप्त नहुने देखिंदा ठोस कार्ययोजना निर्माण गरी बिचौलिया नियन्त्रणलाई ध्यानमा राखी छुट्टै कानून निर्माण गर्नुपर्ने।

→ **समितिहरूमा न्यायाधीशको संलग्नता सम्बन्धमाः** नियमावलीले व्यवस्था गरेअनुसार अदालतमा रहने विभिन्न समितिहरूमा न्यायाधीशहरूको संलग्नता रहँदा न्याय सम्पादनको

कार्यमा खर्चिनुपर्ने महत्त्वपूर्ण समयमा संकुचन आउन पुगेको भन्ने गुनासो रहेको देखिंदा न्याय सम्पादनसँग सम्बन्धित समितिहरू बाहेक अन्य समितिहरूमा न्यायाधीशहरू संलग्न नहुने व्यवस्थाका लागि नियमावलीमा आवश्यक परिमार्जन गरिनुपर्ने।

- **न्याय सेवा तथा सरकारी वकील सम्बन्धी छुट्टै ऐनको व्यवस्था गर्नुपर्नेः** नेपालको संविधानको धारा १५५ तथा १६१ अनुसार न्याय सेवाका कर्मचारीहरू र सरकारी वकील एवम् अन्य कर्मचारीहरूको पारिश्रमिक, सुविधा तथा सेवाका शर्तसम्बन्धी छुट्टै ऐन तर्जुमा गर्नुपर्ने।

- **सरकारी साक्षीको भत्ता सम्बन्धमाः** सरकारवादी फौजदारी मुद्दामा बकपत्रका लागि उपस्थित साक्षीलाई दिइने दैनिक भत्ता प्रहरी कार्यालयबाट सहजरूपमा प्राप्त नभएको देखिंदा सरकारी वकील कार्यालय वा अदालतबाट बकपत्र सम्पन्न हुनासाथ उपलब्ध हुने कानूनी व्यवस्था गरिनुपर्ने।

- **कर्मचारीको व्यवस्थापन सम्बन्धमाः** एउटै अदालतमा कार्यरत कर्मचारीलाई सोही अदालतमा नै लामो समयसम्म राख्दा एवम् घरपायक स्थानमा धेरै लामो अवधि राख्दा उक्त कर्मचारी र सेवाग्राही एवम् कानून व्यवसायीहरूबीच अनावश्यक रूपमा घनिष्ठता बढ्न जाने कारणले न्यायिक प्रक्रियामा विचलन आएको देखिंदा कर्मचारीलाई कुनै पनि स्थानमा एकपटकमा सामान्यतया २ वर्षभन्दा बढी नरहने गरी सरुवालाई नियमित, पारदर्शी र मापदण्डमा आधारित बनाउनुपर्ने।

- **उजूरी एवम् गुनासो व्यवस्थापनः** अदालतका काम कारबाहीका सम्बन्धमा सेवाग्राहीले गरेको गुनासो एवम् उजूरीको यथोचित सुनुवाइ नगरिएको कारण अदालतमा विकृति विसङ्गति गर्नेका विरूद्ध दण्डहीनता मौल्याएको देखिएकाले अदालतमा विभिन्न माध्यमबाट आएका गुनासा एवम् उजूरीहरूको प्रभावकारी ढङ्गबाट सम्बोधन गरी गुनासो एवम् उजूरीका सम्बन्धमा भएका निर्णयको जानकारी गुनासोकर्तालाई दिने संयन्त्र विकास गरिनुपर्ने। उजूरी पेटिकामा एवम् अन्य माध्यमबाट परेका उजूरीहरूलाई अभिलेखीकृत गरी राख्नुपर्ने। उजूरी पेटिका सबैको पहुँचमा र सबैले देख्ने ठाउँमा राख्नुपर्ने साथै उजूरी पेटिकालाई नियमितरूपमा खोल्ने प्रबन्धसमेत गर्नुपर्ने। अनलाइनमार्फत गुनासो प्राप्ति र सम्बोधनको व्यवस्था हुनुपर्ने।

- **करारको नियुक्तिलाई व्यवस्थित गर्नेः** सहायकस्तरका विभिन्न पदमा करारमा कर्मचारी भर्ना गर्दा ठूला तहमा कार्यरत पदाधिकारीका आफन्त वा चिनजानका तर कम क्षमतावान् व्यक्तिलाई नियुक्ति गरी स्वार्थसिद्ध गर्ने परिपाटीले विकृति विसङ्गति निम्ताएको र लोकसेवा आयोगबाट पूर्ति नहुन्जेलसम्म अत्यावश्यक देखिएको पदमा मात्र प्रतिस्पर्धाका आधारमा करार नियुक्ति गरी काममा लगाउनुपर्ने। लोकसेवा आयोगमा माग आकृति

फाराम नपठाई लामो समयसम्म करारमा नियुक्ति गरेको पाइएमा त्यस्तो नियुक्तिकर्ता पदाधिकारीलाई जिम्मेवार बनाउने पद्धति विकास गर्नुपर्ने।

### ६.१.२ संरचनागत सुधार

→ **न्यायाधीकरणहरूको संरचना सुधार गर्नेः** नेपालको संविधानबमोजिम आवश्यकतानुसार विषयगत न्यायाधीकरण स्थापना गर्नसकिने व्यवस्था भएबमोजिम गठन भएका न्यायाधीकरण एवम् विशिष्टीकृत अदालतहरू प्रभावकारी नदेखिएको हुँदा संरचनागत सुधार गरी व्यावसायिक निकायको रूपमा समयसापेक्ष विकास गर्ने।

→ **अनलाइन एवम् बैकिङ्ग प्रणालीमार्फत कारोबारः** अदालतमा मुद्दा दर्तादेखि फैसला कार्यान्वयनको क्रममा लाग्ने दस्तुर एवम् शुल्क नगद नै बुझाउने कारणले पनि कतिपय विकृति विसङ्गति मौलाएको देखिंदा सबै अदालतहरूमा अनलाइन एवम् बैकिङ्ग प्रणालीमार्फत शुल्क दस्तुर तिर्न बुझाउन मिल्ने गरी आवश्यक प्रबन्ध गरिनुपर्ने।

### ६.१.३ कार्यगत सुधार

→ कार्यगत सुधारका लागि निम्नबमोजिमका उपायहरू अवलम्बन गर्नुपर्ने देखिन्छः

- पूर्व अध्ययन प्रतिवेदनहरूमा न्यायिक नेतृत्वको इमान्दारिताबाट न्यायपालिकामा देखिएका ५०% समस्या स्वतः समाधान हुन्छन् भन्ने उल्लेख छ भने हाल प्राप्त सुझावमा ८०% समस्या समाधान हुन्छ भन्ने समेतका दृष्टिकोण आएका छन्। उक्त प्रतिवेदनहरूको निष्कर्ष र नेपालको संविधानको धारा १३६ ले प्रधान न्यायाधीशलाई समग्र न्याय प्रशासनको अन्तिम जिम्मेवारी सुम्पेको परिप्रेक्ष्यमा न्यायपालिकामा हुने विकृति, विसङ्गति, अनियमितता र भ्रष्टाचार नियन्त्रणमा न्यायिक नेतृत्वको प्रतिबद्धता र सोअनुरूपको इमान्दार प्रयास र व्यवहारले अहम् भूमिका निर्वाह गर्दछ भन्ने यस अध्ययन समितिको समेत निष्कर्ष रहेको छ।

- न्याय सम्पादनको कार्यमा न्यायाधीशहरूको बीचमा स्वस्थ र सुमधुर सम्बन्ध विकास गरी काम गर्ने उत्साहप्रद वातावरण सिर्जना गरी कार्यसम्पादनको गुणस्तरीयता र परिमाणसमेतमा सकारात्मक परिणाम ल्याउने हुँदा प्रधान न्यायाधीशलगायत प्रमुख भई कार्य गर्ने सबै तहका अदालतहरूका न्यायाधीशहरूले अरू न्यायाधीशहरूसँग समानमध्येको पहिलो (First among the equals) अवधारणा अनुसार कार्य गरी संस्थागत सुधार र सुदृढीकरणमा सकारात्मक भूमिका खेल्नुपर्ने।

- ➢ न्यायाधीशहरूलाई उपलब्ध गराइने भौतिक सेवा सुविधामा हुने विविधताले पनि कार्य वातावरणमा नकारात्मक असर पर्न गएको देखिंदा सोतर्फ आवश्यक र उपयुक्त कदम चाल्नुपर्ने।
- ➢ न्यायाधीश एवम् कर्मचारी र कर्मचारीहरूका बीचको सौहार्दपूर्ण सम्बन्धले नै संस्थाको उद्देश्य हासिल हुन सक्ने देखिंदा सोतर्फ समेत ध्यान पुऱ्याउनुपर्ने।
- ➢ न्यायपालिकाप्रति औँल्याइएका समस्याहरू यस क्षेत्रका सबैका साझा समस्या भएका कारण यसको रोकथाम एवम् नियन्त्रणका लागि सामूहिक पहल गर्नुपर्ने।
- ➢ सबै तहका अदालतहरूमा संस्थागत सुधार र प्रभावकारी कार्यसम्पादनका लागि नियमित रूपमा अन्तरक्रिया एवम् छलफल गरी सामूहिकताका आधारमा काम गर्ने परिपाटीलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने।

→ **स्वविवेकीय अधिकारको प्रयोग सम्बन्धमाः** न्याय सम्पादनमा स्वविवेकीय अधिकारको प्रयोग औचित्यपूर्ण र विवेकसम्मत हुन नसकेको भन्ने गुनासोको सम्बोधनका लागि न्याय सम्पादनका क्रममा स्वविवेकीय अधिकारको प्रयोग गर्दा संविधान, प्रचलित कानून, न्यायका मान्य सिद्धान्त, मूल्य मान्यता र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतका आधारमा गर्नुपर्ने।

→ **समयमा इजलास बस्नुपर्ने**: अविलम्ब निरूपण गर्नुपर्ने प्रकृतिका गम्भीर संवैधानिक प्रश्न सन्निहित रहेका मुद्दा तथा रिटहरू संवैधानिक इजलासमा विचाराधीन भए तापनि नियमित रूपमा संवैधानिक इजलास बस्न नसकेको र अन्य इजलासहरू पनि निर्धारित समयमा नबसेको कारणबाट सेवाग्राहीहरूमा नकारात्मक असर पर्न गएको देखिंदा नियमित रूपमा संवैधानिक इजलास तथा अन्य इजलास निर्धारित समयमा बस्ने कानूनी व्यवस्थालाई पालना गर्नुपर्ने।

→ **जरुरी पक्राउपुर्जी र म्याद थप सम्बन्धमाः** जरुरी पक्राउपुर्जी सम्बन्धी कानूनी व्यवस्थाको मर्म र भावना अनुरूप कार्यान्वयन गर्नुपर्ने र मुद्दाको अनुसन्धानका क्रममा पक्राउपुर्जीको अनुमति दिँदा, अभियुक्तलाई पक्राउ गरी हिरासतमा राख्दा तथा म्याद थप गर्दा अनुसन्धानको कार्यमा प्रगति भए नभएको वस्तुनिष्ठ आधारमा मात्र म्याद थप हुनसक्ने कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिनुपर्ने।

→ **सार्वजनिक सरोकारको निवेदन सम्बन्धमाः** सार्वजनिक सरोकारको विषयको दुरूपयोग हुन गई वास्तविकरूपमा सार्वजनिक सरोकारका विषयहरू नभएका र पहिले नै निरूपण भइसकेका विषयहरू, एउटै विषयमा पहिल्यै रिट दर्ता भइसकेपश्चात् सोही विषयमा समेत पुनः रिट निवेदन दर्ता गर्ने क्रम बढेकोले अदालतमा यस किसिमका रिटको कारण अन्य

नियमित मुद्दा सुनुवाइको लागि पर्याप्त समय उपलब्ध नहुने तथा अन्तरिम आदेश छलफलको चाप अत्यधिक पर्न गई समग्र मुद्दा सुनुवाइमा बिलम्ब हुन गएको हुदाँ कुनै एउटा विषयमा एउटा रिट परिसकेपछि सारभूतरूपमा तात्विक अन्तर देखिने गरी ल्याएको अवस्थामा बाहेक अर्को रिट दर्ता नगर्ने तथा सार्वजनिक सरोकारको निवेदन दर्ता गर्नुअघि नियमावलीले गरेको व्यवस्थाको अक्षरशः पालना गरिनुपर्ने। अनावश्यक रूपमा सस्तो लोकप्रियता एवम् चर्चाका लागि मात्र रिट दर्ता गरिएको देखिएमा त्यस्ता निवेदकको हकमा अदालतले स्ट्रिकचर पनि जारी गर्नुपर्ने।

→ **तारिख व्यवस्थापन सम्बन्धमा**: तारिख तोक्दा पक्षहरूलाई अदालतमा १० बजेको समय तोकिने गरिएकोमा कुनै पक्ष अनुपस्थित भएको कारणले मात्र समयमा उपस्थित हुने पक्ष अनावश्यक रूपमा दिनभर तारिख लिनका लागि पर्खिनुपर्ने भई हैरानी बेहोर्नुपरेको गुनासोलाई सम्बोधन गर्नका लागि तारिख तोक्दा खाजा समयअगाडि र खाजा समयपछाडिको समय तोक्ने र तोकिएको समयको १ घण्टासम्म पनि कुनै पक्ष उपस्थित नभएमा उपस्थित भएको पक्षलाई तारिख तोक्ने व्यवस्था गर्नुपर्ने।

→ **बहस व्यवस्थापन**: कानून व्यवसायीबाट गरिने बहस पैरवीको समय निर्धारण एवम् पालना नहुँदा सुनुवाइमा विलम्ब हुन गएको देखिंदा समय निर्धारण एवम् समय सङ्केतसम्बन्धी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु गराउनुपर्ने। यसका साथै मुद्दाका दुबै पक्षलाई उपलब्ध गराएको निश्चित समयभित्र बहस सक्नुपर्ने गरी दुबै पक्षले Lead lawyer सम्बन्धी अवधारणालाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने।

→ **बहसनोट पेस गर्नेः** नियमावलीले निर्धारण गरेअनुरूप पेसी स्थगन गर्न नपाउने अवस्थामा उक्त पेसीको दिनभन्दा अगावै वा पेसीको दिन कानून व्यवसायीले बहसनोटको माध्यमबाट उपस्थिति जनाउने र पेस गरेको बहसनोटलाई अङ्गीकार गर्ने पद्धति विकास गर्नुपर्ने।

→ **बकपत्र समयमा र न्यायाधीशले नै गर्नुपर्नेः** बयान एवम् बकपत्रको कार्यलाई न्यायाधीशले खासै गम्भीरतापूर्वक नलिने तथा कतिपय अवस्थामा उक्त कार्यमा न्यायाधीशको प्रत्यक्ष संलग्नता समेत नहुने कारण फाटवाला एवम् पक्षका कानून व्यवसायीहरूबाट उक्त कार्यमा विचलन निम्त्याउने गरेको हुदा सोको निराकरणको लागि सबै अदालतमा बयान एवम् बकपत्र न्यायाधीशको प्रत्यक्ष संलग्नता एवम् निर्देशनमा गरिनुपर्ने कानूनी व्यवस्थाको प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने।

→ **पेसी स्थगन सम्बन्धमाः** अदालतका नियमावलीले तोकेको भन्दा धेरैपटक मुद्दाहरू स्थगित गर्ने गरेका कारण न्यायिक काम कारबाही अनुमानयोग्य बन्न नसकेको तथा धेरै किसिमका विकृति एवम् विसङ्गति जन्मिएको देखिंदा पेसी चढेका मुद्दाको स्थगनको विषयलाई

अपवादको रूपमा लिइने पद्धति विकास गर्नुपर्ने। उच्च र जिल्ला अदालतमा फरक मुद्दा व्यवस्थापन पद्धति (Differentiated Case Management System) लागू भएको सन्दर्भमा मार्गसमूह (Tracks) अनुसार फैसला गर्नुपर्ने निर्धारित अवधिलाई असर नपर्ने गरी पेसी स्थगन प्रणाली लागू गर्ने। सर्वोच्च अदालतको हकमा अग्राधिकारप्राप्त मुद्दा, अन्तरिम आदेश जारी भएका मुद्दा, पूराना मुद्दाहरूको पेसी स्थगन नगर्ने लगायतका नियमावलीमा भएका व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने।

→ **अदालतमा विद्युतीय माध्यमको प्रयोगः** अदालतमा सम्पादन गरिने कार्यहरू प्रविधिमैत्री बनाउँदै लैजानुपर्ने समयको मागलाई मध्यनजर राखी अदालतमा कानून व्यवसायी उपस्थित भई बहस गर्ने परम्परामा समेत क्रमशः परिवर्तन गर्दै विद्युतीय माध्यमको प्रयोगलाई प्रोत्साहित गर्ने र म्याद थपलगायतका काम कारबाहीहरूमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरी भिडियो कन्फरेन्स वा कोर्टरुम टेक्नोलोजीको उपयोग गरी अदालतका कामकारबाहीलाई अगाडि बढाउन संस्थागत पहल गर्नुपर्ने।

→ **अदालतप्रवेश व्यवस्थापन सम्बन्धमाः** सेवाग्राही र कानून व्यवसायीको रूप धारण गरी बिचौलियाहरू अदालतमा प्रवेश गर्ने गरेको र उनीहरूको गतिविधिले न्यायमा विचलन ल्याउन मद्दत पुगेको देखिंदा अदालत प्रवेशलाई व्यवस्थित बनाउन सबै अदालतले नियमित प्रयोगकर्ताको पहिचान एवम् प्रवेश पासको व्यवस्था गर्ने तथा सेवाग्राहीको परिचय खुल्ने कागजातका आधारमा मात्र अदालत प्रवेशको अनुमति दिनुपर्ने।

→ **सि.सि.टी.भि.बाट कामकारबाहीको निगरानीः** अदालतका परिसरहरूमा अनावश्यक रूपमा भिडभाड बढी भई विकृति विसङ्गति हुनसक्ने सम्भावना बढेकोले अदालतका सबै काम कारबाही एवम् परिसरहरूको सि.सि.टि.भि.द्वारा निरन्तर निगरानी गर्ने कार्यलाई अझ विस्तार गरी देशैभरिका सबै अदालतहरूलाई यसै पद्धतिमार्फत केन्द्रबाट र सम्बन्धित उच्च अदालतबाट निरन्तर निगरानी एवम् अनुगमन गर्नुपर्ने, निगरानीको क्रममा आचरण बिपरीतका कामकारबाही भएको पाइएमा सम्बन्धित पदाधिकारीले तुरून्त विभागीय कारबाही गर्ने वा अन्य आवश्यक कारबाहीको लागि अख्तियारवालासमक्ष लेखी पठाउनुपर्ने।

→ **इजलासमा मोबाइल स्वीच अफ सम्बन्धमाः** मुद्दाको पेसी सूची प्रकाशन गरी सुनुवाइको तयारीमा रहेको अवस्थामा बिचौलिया एवम् आफूभन्दा माथिल्ला पदाधिकारी, राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूले न्यायाधीशलाई फोन गरी मुद्दामा प्रभाव पार्ने गरेको चर्चाले स्थान पाएको देखिंदा कजलिष्ट प्रकाशन भएदेखि इजलास सञ्चालनको अवधि भरी सबै न्यायाधीशको मोबाइलको स्वीच अफ गर्ने गराउने गर्नुपर्दछ। यसका साथै सूचना

प्रविधिको उपयोग गरी इजलास सञ्चालन भएको बेलामा मोबाइलमा सम्पर्क गर्न नमिल्ने गरी अदालतहरूमा जामरको व्यवस्थासमेत गर्ने प्रबन्ध मिलाउने।

- **टोकन प्रणालीमार्फत सेवा प्रवाह गर्ने**: अदालतबाट प्रवाह हुने सेवा र काम कारबाहीमा समय व्यवस्थापन हुन नसक्दा सानातिना कामको लागि पनि लामो समयसम्म अदालतमा पर्खिनुपर्ने अवस्थाले सेवाग्राहीहरूको समय, श्रम र रकम अनावश्यक खर्च हुने समस्या समाधानका लागि अदालतबाट सम्पादन हुने प्रत्येक कामको लागि समय सीमा निर्धारण गरी टोकन प्रणालीमार्फत कार्यसम्पादन गर्ने।
- **सूचना तथा सहायता कक्षको प्रभावकारिता बढाउने**: सूचना तथा सहायता कक्षमा खटिने कर्मचारी सेवाग्राहीप्रति संवेदनशील हुन नसकेका कारण सेवाग्राही असन्तुष्ट भई अदालतप्रतिको जनआस्थामा नकारात्मक असर पर्न सक्ने देखिंदा सूचना तथा सहायता कक्षमा खटिने कर्मचारी तालिम प्राप्त, दक्ष, नैतिकवान्, अनुशासित, संवेदनशील हुनुपर्ने र सहायता कक्ष साधन स्रोत सम्पन्न बनाउनुपर्ने। अदालतमा इन्टर्न गर्न आउने कानूनका विद्यार्थीहरूलाई सहायता कक्षमा खटिने कर्मचारीको साथमा राखी उल्लिखित कार्यमा समेत परिचालन गराउनुपर्ने।
- **कैद दण्ड जरिवाना लागेका व्यक्तिको एकीकृत एवम् अध्यावधिक लगत राख्नुपर्नेः** फैसलाले कैद दण्ड जरिवाना लागेका व्यक्तिलाई पक्राउ गरी कैद दण्ड जरिवाना असूल गर्न नसकेको कारण समाजमा दण्डहीनता मौलाएको भन्ने गुनासो रहेको सन्दर्भमा अदालतबाट कैद दण्ड जरिवाना लागेका व्यक्तिहरूको अद्यावधिक विवरणसहितको लगत सफ्टवेयरमा प्रविष्टि गरी उक्त लगतमा सरकारका अन्य सेवा प्रदायक निकायहरूको समेत पहुँच विस्तार गरी त्यस्ता व्यक्तिहरूले अन्य सरकारी सेवा उपयोग गर्न आउँदासमेत कैद दण्ड जरिवाना असूली गर्नपर्ने कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने।
- **नजिर सम्बन्धमाः**

  क. सर्वोच्च अदालतबाट प्रतिपादित नजिरको खण्डन पनि नगर्ने र पालना पनि नगर्ने परिपाटिले समेत विकृति एवम् स्वेच्छाचारिता निम्त्याएको भन्ने गुनासो रहेकाले संविधानको धारा १२६ तथा धारा १२८ बमोजिम सर्वोच्च अदालतले मुद्दा मामिलाको रोहमा गरेको व्याख्या एवम् प्रतिपादन गरेको कानूनी सिद्धान्तलाई अनिवार्य रूपमा पालना गर्ने पद्धति विकास गर्नुपर्ने। इजलाससमक्ष कानून व्यवसायीले पेस गरेको नजिर आकर्षित नहुने हो भने आकार्षित नहुने कारण फैसलामा उल्लेख गर्नुपर्ने।

ख. समानस्तरको इजलासबाट प्रतिपादित सिद्धान्तसँग असहमत हुने इजलासले असहमत हुने कारणसहित सोभन्दा बढी न्यायाधीश संलग्न रहेको इजलासमा पेस गर्ने कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने।

ग. सर्वोच्च अदालतबाट पहिले कायम भएको नजिरलाई अमान्य गर्ने इजलासले Overruled भनी प्रष्ट भाषामा फैसलामा नै उल्लेख गरिदिनुपर्ने। Overruled गरिएका नजिरहरूलाई सफ्टवेयरमा रहेको नेपाल कानून पत्रिकामा पनि सङ्केतद्वारा जनाई दिनुपर्ने।

→ **अदालतको अभिलेख व्यवस्थापनः** अदालतमा रहेका अभिलेख मिसिलहरूमा महत्त्वपूर्ण लिखत कागजातहरूसमेत रहने भएकाले तिनीहरूको संरक्षण प्रभावकारीरूपमा हुनुपर्नेमा हुन नसकेको भन्ने गुनासो सम्बोधनका लागि देशैभरिका अदालतमा रहेका सम्पूर्ण मुद्दाका[१५] अभिलेख मिसिलको स्क्यान गरी सफ्टवेयरमा प्रविष्टि गरी वैज्ञानिक ढङ्गबाट व्यवस्थापन गर्ने पद्धतिलाई प्रभावकारी रूपमा अगाडि बढाउनुपर्ने।

→ **निःशुल्क कानूनी सहायतासम्बन्धी व्यवस्थाको प्रभावकारिता सम्बन्धमाः** अदालत तथा बार एसोसिएसनबाट प्रदान गर्ने गरिएको निःशुल्क कानूनी सहायतासम्बन्धी व्यवस्थाका सम्बन्धमा लक्षित वर्गले पर्याप्त जानकारी प्राप्त गर्न नसकेको, गुणस्तरीय सेवा प्राप्त गर्न नसकेको देखिंदा अदालतबाट प्रदान गरिने बैतनिक कानून व्यवसायीको सेवा र बार एसोसिएसन तथा अन्य संस्थाबाट प्रदान गर्ने गरिएको निःशुल्क कानूनी सहायता, *प्रोबोनो* सेवाहरूका बारेमा लक्षित वर्गका सेवाग्राहीहरूलाई पर्याप्त मात्रामा जानकारी पुर्‍याउनुपर्ने। यसका साथै सेवाको गुणस्तरीयता अभिवृद्धि गर्नको लागि बैतनिक कानून व्यवसायी नियुक्तिमा पेशागत दक्षतालाई ध्यानमा राखी प्रतिस्पर्धाको आधारमा पूर्णकालीन रूपमा नियुक्ति गर्ने नियमावलीको व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ।

→ **अदालत निरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्ने सम्बन्धमाः** पुनरावेदन सुन्ने अदालतबाट मातहतका अदालतहरूको निरीक्षण गर्ने कार्य औपचारिकतामा सीमित भएको, अत्यन्त बोझिलो भएको तथा निरीक्षणले अपेक्षित प्रतिफल दिन नसकेको देखिंदा निरीक्षण केवल निरीक्षणको लागि मात्र नगरी यसले अदालतको समग्र काम कारबाहीको स्थलगत रूपमा नै मूल्याङ्कन हुने परिपाटीको विकास गरिनुपर्दछ। प्रचलित कानून एवम् निरीक्षणसम्बन्धी निर्देशिकाबमोजिम सामान्यतया सर्वोच्च अदालतबाट उच्च अदालतको र उच्च अदालतबाट जिल्ला अदालतको निरीक्षण गर्नुपर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरी अत्यावश्यक अवस्थामा मात्र सर्वोच्च अदालतबाट जिल्ला अदालतको समेत निरीक्षण गर्नुपर्ने।

---

[१५] हाल देशभरका अदालतहरूमा करिब ३७ लाख अभिलेख मिसिल रहेको देखिन्छ।

निरीक्षणको कार्य पनि सकेसम्म छोटो र छिटो छरितो बनाउनुपर्ने। निरीक्षणपश्चात् पेस भएको प्रतिवेदनमा समेटिएको सुझाव वा सिफारिसलाई कार्यान्वयन गरिनुपर्ने।

→ **फैसला लेख्न समय छुट्ट्याउनेः** हप्ताको ६ दिन नै इजलासमा बसी मुद्दाको सुनुवाइ गर्नुपरेको कारण पर्याप्त समयाभावले समयमै फैसलाको पूर्णपाठ तयार हुन नसकेको देखिंदा न्यायाधीशहरूलाई आवश्यकतानुसार हप्ताको एकदिन फैसलाको पूर्णपाठ तयारी गर्न समय उपलब्ध गराउने पद्धति अवलम्बन गर्न उपयुक्त हुने।

→ **धरौटी तथा जेथा सम्बन्धमाः** अदालतले थुनछेक आदेशपश्चात् वा पुनरावेदन गर्ने प्रयोजनको लागि जेथा जमानत दिँदा कमसल जग्गाहरूलाई बढी मूल्याङ्कन गरी गराई विकृति, विसङ्गति निम्त्याएको देखिंदा सकेसम्म जेथा जमानत स्वीकार गर्नुको सट्टा बैंक जमानी लिने पद्धति विकास गर्ने। बैंक जमानी लिन सम्भव नदेखिएमा सामान्यतया आफ्नो वा परिवारको सदस्यको नाममा दर्ता स्रेस्ता कायम रहेको जग्गाको स्थलगत अवलोकन गरी गराई त्यस्तो जग्गामात्र जेथा लिने गर्नुपर्ने।

→ **आर्थिक तथा प्रशासनिक कार्यसम्पादनः** सबै तहका अदालतमा कार्यरत न्यायाधीशहरूलाई आर्थिक तथा कर्मचारी प्रशासनबाट अलग राख्नुपर्ने।

→ **बजेट र स्रोत साधनको व्यवस्थापनः** अदालतलाई प्राप्त बजेट र उपलब्ध स्रोत साधनको समुचित ढङ्गबाट व्यस्थापन गरी खर्च गर्ने प्रणाली पारदर्शी बनाउनुपर्ने।

→ **गैरसरकारी संस्थासँगको सम्बन्धः** संयुक्त राष्ट्रसंघीय निकाय वा सो सरहका अन्य निकाय तथा कुनै राष्ट्रबाट प्राप्त हुने सहयोग बाहेक अन्य कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट न्यायालय, महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गतका कार्यालयहरू, अनुसन्धानसम्बन्धी कार्यमा संलग्न कार्यालयहरूले कुनै प्रकारको सहयोग स्वीकार गर्न नहुने।

→ **सामाजिक सञ्जालमा फैसला वा आदेश प्रकाशन सम्बन्धमाः** मुद्दा मामिलाको सम्बन्धमा कुनै न्यायाधीशले आफूले गरेको आदेश वा फैसला सामाजिक सञ्जालमा राख्न वा सोसम्बन्धी विषय सेयर गर्न नहुने।

### ६.१.४ वातावरणीय सुधार

→ **न्यायिक बाह्य संवाद (Judicial Outreach) कार्यक्रम र स्थानीय तहको न्यायिक समितिको निरीक्षण सम्बन्धमाः** आफूले पुनरावेदन सुन्नुपर्ने निकायको वर्षको कम्तीमा एकपटक निरीक्षण गर्नुपर्ने कानूनी व्यवस्था भएबमोजिम स्थानीय तहको न्यायिक समितिको निरीक्षणमा जिल्ला न्यायाधीशहरू जाँदा सँगै बसी खिचिने फोटोहरूलाई केही जनप्रतिनिधि तथा कर्मचारीहरूले दुरूपयोग गरी सर्वसाधारण सेवाग्राहीहरूलाई अनुचित प्रभाव पारेको

भन्ने बुझिन आएको हुँदा सो कार्यमा अत्यन्त संवेदनशील हुनुपर्ने देखिन्छ। स्थानीय तहको निरीक्षणमा जाँदा सँगसँगै न्यायिक बाह्य संवाद कार्यक्रम (Judicial Outreach Program) पनि सञ्चालन गरेमा न्यायपालिकालाई लाग्न सक्ने यस किसिमका आक्षेप एवम् दोषबाट मुक्त हुन सकिने देखिन्छ।

- **सरोकारवाला निकायसँगको सम्बन्ध र सहकार्य व्यवस्थापनः**
  न्याय सम्पादनको कार्य न्यायपालिकाको एक्लो प्रयासले मात्र सम्भव हुँदैन। सरोकारवाला निकायको सकारात्मक सहयोगले समयमै न्याय सम्पादन गर्न सहज हुने देखिन्छ। अन्य निकायको असहयोगका कारण समयमै न्याय सम्पादन हुन नसकेमा पनि सो कुराको सम्पूर्ण दोषको भारी न्यायपालिका एक्लैले बोक्नुपर्ने भएकाले सरोकारवाला निकायहरूसँग सहयोग र समन्वय अपेक्षित देखिन्छ। अन्तरनिकायगत समन्वय अभिवृद्धि गरी न्याय सम्पादनका क्रममा रहेका बाधाहरूलाई हटाई न्यायमा पहुँच विस्तार गर्नुपर्ने हुन्छ। त्यसर्थ सम्बन्धित बार एसोसिएसन, पत्रकार, नागरिक समाज, स्थानीय निकायका पदाधिकारी एवम् अन्य सरकारी र गैरसरकारी निकायसँग नियमित अन्तरक्रिया गर्नुपर्ने।

- **सेवाग्राहीमैत्री व्यवहारका लागि तालिम उपलब्ध गराउनुपर्नेः** न्यायपालिकामा कार्यरत केही कर्मचारीको अनपेक्षित व्यवहारका कारण न्यायको अपेक्षा गरी न्यायपालिकाको ढोका ढकढकाउन आएका सेवाग्राहीहरूमा असन्तुष्टि रहेको देखिंदा कार्यरत जनशक्तिलाई सेवाग्राहीमैत्री व्यवहार एवम् सोका आधारभूत पक्षहरूका सम्बन्धमा समय समयमा प्रशिक्षण प्रदान गरी सेवाग्राहीमैत्री व्यवहार गर्न उत्प्रेरित गर्नुपर्ने।

- **अव्यावहारिक एवम् अस्पष्ट कानूनी व्यवस्थामा सुधारः** न्याय सम्पादनको कार्य कानूनबमोजिम गर्नुपर्ने हुँदा अव्यावहारिक एवम् अस्पष्ट कानूनी व्यवस्था रहेछ भने पनि सोही कानूनअनुसार नै न्याय सम्पादन गर्नुपर्ने अवस्था उत्पन्न हुन्छ। अस्पष्ट, अव्यावहारिक र द्विविधाजनक कानूनका आधारमा न्याय सम्पादन गर्दा न्यायालयप्रतिको जनआस्थामा प्रतिकूल असर पर्नसक्ने हुँदा सोको संशोधन एवम् परिमार्जनका लागि आवश्यक अध्ययन गरी सुधारका लागि पहल गर्नुपर्ने। साथै, कानूनमा रहेका कतिपय सुधारात्मक व्यवस्थाहरूको कार्यान्वयन नहुँदा सुधारात्मक दण्ड प्रणालीले बोकेको उद्देश्य पराजित हुने देखिंदा त्यस्ता कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गरिनुपर्ने।

- **दबाब समूहको भूमिकाः** न्यायपालिकाको स्वतन्त्रताको विषय संरचनागत स्वतन्त्रताको साथ साथै कार्यगत स्वतन्त्रतासँग पनि जोडिएको हुन्छ। आफूले चाहेबमोजिमको परिणाम प्राप्त हुनै पर्छ भन्ने मान्यताका साथ दबाब सिर्जना गर्ने कार्यमा बढोत्तरी हुँदै गएको पाइन्छ। यसले अनुसन्धानदेखि अभियोजन र न्याय सम्पादनमा समेत गम्भीर असर पुग्ने देखिन्छ। सो दबाबको प्रभावमा नपर्ने निकायको विरूद्धमा अतिरन्जित समाचार प्रकाशन गराउने

एवम् अन्य किसिमका दबाब सिर्जना गर्ने परिपाटीले गर्दा न्यायालयको स्वतन्त्रतामा समेत आँच पुगेको देखिन्छ। त्यसर्थ राजनैतिक दल, सरकारी तथा गैरसरकारी संस्थाका पदाधिकारी एवम् पत्रकार, नागरिक समाजलगायतले आत्मसंयमता अपनाउनुपर्ने, नियामक निकायले आवश्यक कारबाही गर्नुपर्ने र न्यायिक कामको प्रकृति, न्यायालयको स्वच्छता एवम् स्वतन्त्रता सम्बन्धमा समय समयमा अन्तरक्रिया एवम् छलफल गरी सो कार्यलाई निरुत्साहित गर्नुपर्ने।

→ **न्यायपालिकालाई राजनीतिक विवादबाट मुक्त राख्नुपर्नेः** राजनीतिक विवाद मिश्रित संवैधानिक प्रश्नको निरूपण अदालतबाटै हुने तथ्यलाई अन्यथा भन्ने अवस्था रहँदैन। विशुद्ध राजनीतिक प्रश्नमा मात्र सीमित रहेको विवाद पनि अदालतबाटै समाधान गराउन प्रयास गर्ने प्रवृत्ति पनि बढ्दै गएको पाइन्छ। अदालतले विशुद्ध राजनीतिक प्रश्नमा सीमित भएको विवाद हो या संवैधानिक, कानूनी प्रश्न पनि सामेल छ भन्ने विषयमा अत्यन्तै गम्भीर, संयम र संवेदनशील भएर हेर्नुपर्ने हुन्छ। यसका अलावा राजनीतिक नेता तथा कार्यकर्ता र समर्थकसमेत संलग्न भएका मुद्दामा आफ्नो राजनीतिक स्वार्थ एवम् व्यक्तिगत अभिष्ट पूरा गराउने उद्देश्यबाट प्रेरित भई आउने अभिव्यक्ति र क्रियाकलापहरूले न्यायपालिकाको स्वतन्त्रतामा गम्भीर आँच आउनेतर्फ राजनीतिक दलसम्बद्ध नेता तथा कार्यकर्ताहरूले संयमता अपनाउनु पनि उत्तिकै अनिवार्य देखिन्छ भने न्यायिक नेतृत्वले कुनै पनि किसिमको राजनीतिक हस्तक्षेपबाट न्यायपालिकाको स्वतन्त्रतामा आँच आउने किसिमको कार्य हुन नदिनका लागि सशक्त र प्रभावकारी भूमिका खेल्नु पनि उत्तिकै अपरिहार्य देखिन्छ।

→ **अन्य निकायले कार्यान्वयन गर्नुपर्ने सुझावहरू कार्यान्वयनको पहल गर्नुपर्नेः** यस अध्ययन प्रतिवेदनले सर्वोच्च अदालतबाहेक न्याय परिषद्, न्याय सेवा आयोग, महान्यायाधिवक्ताको कार्यालय, अनुसन्धान गर्ने निकायहरू, नेपाल बार एसोसिएसन, कानून व्यवसायी परिषद लगायत नेपाल सरकार एवम् अन्य निकायहरूले कार्यान्वय गर्नुपर्ने भनी औंल्याएका सुझावहरूको कार्यान्वयनको लागि सर्वोच्च अदालतले निरन्तर प्रयास गर्नुपर्ने।

## ६.२ न्याय परिषद्

### ६.२.१ नीतिगत र कानूनी सुधार

→ **संसदीय सुनुवाइसम्बन्धी व्यवस्थाः** सर्वोच्च अदालतका न्यायाधीश नियुक्तिमा हुने संसदीय सुनुवाइसम्बन्धी व्यवस्थाले गर्दा अदालतमा राजनीतिक प्रभाव पर्न गएको भन्ने गम्भीर प्रश्न उठेको देखिंदा सो सम्बन्धमा विस्तृत रूपमा छुट्टै अध्ययन गरी निष्कर्षमा पुग्न उपयुक्त हुने।

→ **न्यायाधीशहरूको नियुक्तिका लागि योग्यताः** न्यायाधीशहरूको नियुक्तिको लागि निर्धारित गरिएको योग्यता र प्रणालीको सम्बन्धमा पुनरावलोकन गर्नका लागि विस्तृत अध्ययन गरी निष्कर्षमा पुग्न उपयुक्त हुने।

→ **न्यायाधीशहरूको कार्यविवरण देखिने सफ्टवेयर विकास गर्ने**: नेपाल भरीका अदालतमा कार्यरत न्यायाधीशहरूले गरेका आदेश, फैसला लगायत अन्य कामकारबाहीका सन्दर्भमा आवश्यकता अनुसार सम्बन्धित निकायले अध्ययन गर्नमिल्ने गरी अत्याधुनिक सफ्ट्वेयरको विकास गरी सञ्चालनमा ल्याउने।

→ **सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्नेः** न्याय परिषद्का पदेन सदस्यबाहेकका सदस्यहरूले र न्यायाधीशले वार्षिकरूपमा सम्पत्ति विवरण नियमनकारी निकायमा पेस गरी अद्यावधिक गर्ने र सो गोप्य रहने व्यवस्था भएको हुँदा सो सार्वजनिक गर्ने वा नगर्ने भन्ने सम्बन्धमा अन्य देशको अभ्यास समेतका आधारमा विस्तृत अध्ययन गरी निष्कर्षमा पुग्न उपयुक्त हुने।

→ **पदस्थापन, सरूवा तथा काज सम्बन्धमाः**

- न्यायाधीशहरूको पदस्थापना कार्यबोझ र अनुभवका आधारमा अनुपातिक रूपमा मिलाई गरिनुपर्ने।
